हाम्रो गौरव, राष्ट्रको पत्रिका

# गोरखापत्र

१२५ वर्षमा

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः । gorkhapatraonline.com








राष्ट्रिय संस्करण | अर्थबजार | मर्यादित र सुरक्षित श्रमप्रति नेपाल प्रतिबद्ध : श्रममन्त्री | एकदिवसीयमा नेपालको सर्वाधिक रन १८



वर्ष १२५ | अङ्क ३५ | २०८२ साल जेठ २७ गते मङ्गलबार | ज्येष्ठ शुक्ल चतुर्दशी | नेपाल संवत् ११४५ तछलाथ्व १४ | 2025 June 10 Tuesday | पृष्ठ : १२+४+२ | मूल्य : दस रुपियाँ


## ‘ठाउँ अनुसार योजना बनाउनु पर्छ’



नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा

**गोरखापत्र समाचारदाता**
*ललितपुर, जेठ २६ गते*

पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले वैश्विक उष्णता (ग्लोबल वार्मिङ) ले नेपालमा ठुलो खतरा निम्त्याउन सक्ने बताउनुभएको छ।

कांग्रेसको आर्थिक नीति तथा योजना विभागले ‘बजेटमा समेटिएका आर्थिक नीति तथा योजनाको समीक्षा’ कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले अर्थतन्त्रमा सुधार गरी जलवायु परिवर्तनको सङ्कटसँग जुध्नुपर्ने पनि बताउनुभयो।

उहाँले जलवायु परिवर्तनले गर्दा समुद्री सतह बढेको, हिमाल नाङ्गिएको र हिमताल फुटेका उदाहरण प्रस्तुत गर्दै आगामी दिनमा त्यसले धेरै ठुलो असर पार्न सक्ने बताउनुभयो। उहाँले जलवायु परिवर्तनको असरको मारबाट जोगिनुपर्ने बताउनुभयो।

उहाँले भन्नुभयो, “ग्लोबल वार्मिङबाट नेपालमा सबैभन्दा ठुलो खतरा छ। नेपाल पीडित हुँदै छ। नेपालमा जङ्गल जोगाएकै छौँ। अब हिमाल जोगाउन लाग्नु पर्छ। विश्वव्यापी रूपमा नेपालले आवाज उठाउनु पर्छ।”


सभापति देउवाले नेपालको आर्थिक नीति र अवधारणा के हुने भन्ने कुरामा छलफल आवश्यक रहेको बताउनुभयो। उहाँले तराई/मधेश, पहाड, हिमालको भौगोलिक अवस्थिति अलग रहेकाले प्राथमिकता तोकेर विकासका काम अघि बढाउनुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, “भौगोलिक अवस्थालाई दृष्टिगत गरी ठाउँ अनुसार छुट्टै योजना बनाउनु पर्छ। बिपी कोइरालाले पनि गाउँकै कुरा गर्नुभएको थियो। गाउँकै समुन्नति र विकासले मात्रै देश समृद्ध हुन्छ भन्नुहुन्थ्यो। अहिले गाउँ रित्तिसके। गाउँ बस्न कोही तयार छैनन्। सहर र तराई/मधेश सरिसके। अब गाउँको विकासमा ध्यान दिनु पर्छ।”

पहाडमा हावापानी राम्रो छ, उत्पादनको हिसाबले पनि राम्रो छ। सुविधा पुर्‍याएर यहाँको सदुपयोग गर्नुपर्नेमा उहाँले जोड दिनुभयो। उहाँले भन्नुभयो, “गाउँका उत्पादित सामग्रीले बजार पाउनु पर्छ। सबै कुरालाई ध्यानमा राखेर योजना बनाउनु पर्छ।”


» बाँकी पृष्ठ २ मा


### काठमाडौँ-तराई/मधेश द्रुतमार्ग

# खोकना विवादमा प्रमको चासो



तस्बिर : प्रधानमन्त्रीको सचिवालय

प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष सोमबार काठमाडौँ-तराई/मधेश द्रुतमार्गको सुरुविन्दु विवाद र समाधानका उपायबारे सुझावपत्र बुझाउँदै खोकना र बुङमतीका प्रतिनिधि।

**भउचप्रसाद यादव**
*काठमाडौँ, जेठ २६ गते*

प्रधानमन्त्री केपी शर्मा ओलीले काठमाडौँ-तराई/मधेश द्रुतमार्गको प्रस्थानविन्दु विवाद र समाधानको उपायबारे ललितपुरको खोकना (प्रस्थान विन्दु) र बुङमतीका स्थानीयवासीसँग छलफल गर्नुभएको छ।

छलफलमा प्रधानमन्त्री ओलीले स्थानीय जनतालाई मर्का पर्ने गरी विकास गर्ने सरकारको ध्येय नभएको स्पष्ट गर्दै द्रुतमार्गको प्रस्थान विन्दुमा उठेका विवाद र यसको समाधानका लागि निर्णयमा पुग्नुपूर्व आफू एक पटक स्थलगत अवलोकनमा जाने जानकारी गराउनुभएको छ। सो अवसरमा रक्षा मन्त्रालयका सचिव रामेश्वर दङ्गाल, प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयका अधिकारी र नेपाली सेनाका प्रतिनिधिसमेत सहभागी हुनुहुन्थ्यो।

द्रुतमार्ग निर्माण भई सञ्चालनमा आएपछि खोकनाको जातीय तथा सांस्कृतिक सम्पदा नष्ट हुने, खोकना गाउँ नै विस्थापित हुने भन्दै खोकनावासीले सो क्षेत्र भएर द्रुतमार्ग निर्माणको विरोध गर्दै आएका छन् तर खोकना क्षेत्रमा ‘एलाइन्मेन्ट’ नै परिवर्तन गरिएकाले द्रुतमार्ग निर्माणले खोकनाको सिकाली मन्दिरलगायतका सम्पदामा कुनै असर नगर्ने द्रुतमार्ग आयोजनाले जनाएको छ। द्रुतमार्गको कुल लम्बाइ ललितपुरको खोकना (प्रस्थान विन्दु) देखि बाराको निजगढसम्म ७० दशमलव ९७७ किलोमिटर छ।

### डुकुछाप कायम गर्न सुझाव

स्थानीयवासीले खोकनामा द्रुतमार्गको सुरुविन्दु कायम गर्दा परम्परागत सभ्यता र संस्कृति मासिने भएकाले सो स्थलभन्दा साढे पाँच किलोमिटर तल डुकुछापमा प्रस्थानविन्दु कायम गर्न प्रधानमन्त्री ओलीलाई सुझाव दिएका छन्।

छलफलमा प्रधानमन्त्री ओलीलाई तत्कालीन खोकना गाविसका पूर्वअध्यक्ष मदनकृष्ण डङ्गोल, नेकपा (एमाले) ललितपुर महानगर कमिटीका अध्यक्ष ज्ञानेन्द्र शाक्य, स्थानीय जनसरोकार समितिका संयोजक नेपाल डङ्गोल, एमाले ललितपुर महानगर, वडा नम्बर २१ कमिटीका अध्यक्ष ज्ञानभक्त महर्जनसहितले द्रुतमार्गको प्रस्थानविन्दु विवाद र समाधानका लागि विभिन्न विकल्पसहितको सुझाव दिनुभएको छ।

### दुई वर्षमा पनि भएन समाधान

काठमाडौँ-तराई/मधेश द्रुतमार्ग आयोजनाको प्रस्थानविन्दु खोकना क्षेत्रको जग्गा प्राप्तिसम्बन्धी समस्या समाधानका लागि समिति गठन भएको दुई वर्ष बितिसक्दा पनि समस्या जस्ताको तस्तै रहेका छन्। खोकना क्षेत्रको जग्गा प्राप्तिसम्बन्धी समस्या समाधानको सम्बन्धमा विसं २०८० वैशाख ५ गते बसेको मन्त्रीपरिषद् बैठकले रक्षामन्त्रीको संयोजकत्वमा १५ सदस्यीय समिति गठन गर्ने निर्णय गरेको थियो। मन्त्रीपरिषद्को निर्णयपछि तत्कालीन उपप्रधानमन्त्री तथा रक्षामन्त्री

> द्रुतमार्गको प्रस्थानविन्दुमा उठेका विवाद र यसको समाधानका लागि निर्णयमा पुग्नुपूर्व प्रधानमन्त्रीले एक पटक स्थलगत अवलोकन गर्नुहुने।

पूर्णबहादुर खड्काको अध्यक्षतामा २०८० वैशाख १७ गते समितिको पहिलो बैठक बसी काम सुरु गरिएको थियो। समिति गठनपछि दुई जना रक्षामन्त्री फेरिनुभयो तर अहिलेसम्म समस्या समाधान हुन सकेको छैन। खोकनाको विवाद अझै टुङ्गिएको छैन। हाल तेस्रो रक्षामन्त्री कार्यरत हुनुहुन्छ।

खोकनाको जग्गा प्राप्ति विवाद समाधानका लागि त्रिभुवन विश्वविद्यालय, पुल्चोक इन्जिनियरिङ क्याम्पसले गरेको अध्ययन प्रतिवेदनले द्रुतमार्गको सुरुविन्दु खोकना नै उपयुक्त हुने सुझाव दिएको छ। नौ महिना लगाएर गरिएको अध्ययन प्रतिवेदन २०८० चैतमा रक्षा मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा बुझाइएको थियो। उक्त प्रतिवेदन बुझेपछि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले समेत सो क्षेत्रको अध्ययन गरेको थियो। मन्त्रालयले गरेको अध्ययन प्रतिवेदनले समेत आयोजनाको सुरुबिन्दु खोकना नै उपयुक्त हुने औँल्याएको थियो।

खोकनाको विवाद टुङ्गो नलाग्दा यस द्रुतमार्गको कुल लम्बाइ ७० दशमलव ९७७ किलोमिटरमध्ये ६.५ किलोमिटर खण्डमा अझै ठेक्का व्यवस्थापन हुन सकेको छैन। द्रुतमार्गको खोकना खण्डलाई आयोजनाको ‘प्याकेज नम्बर’ ११ मा राखिएको छ। समस्या समाधान हुन नसक्दा ठेक्कापट्टाको काम सुरु हुन सकेको छैन। सोसम्बन्धी केही काम अगाडि बढ्न सकेको छैन। पूरा ‘प्याकेज’ को काम नै सुरु हुन बाँकी छ। समस्या समाधान नभएसम्म काम सुरु गर्न नमिल्ने द्रुतमार्ग निर्माण व्यवस्थापनको जिम्मा पाएका नेपाली सेनाको भनाइ छ।

रक्षा मन्त्रालयका सहसचिव एवं प्रवक्ता मनोजकुमार आचार्यले समस्या समाधानका लागि गठित समितिले स्थानीयवासीसँग निरन्तर छलफल र संवाद गरी त्यहाँको समस्या समाधानका लागि काम गरिरहेको जानकारी दिनुभयो। उहाँका अनुसार खोकना खण्डमा कतिपय गुठीका जग्गा छन्, कति त भोगचलन गर्नेको नाममा जग्गा छैन। स्थानीय सरोकारका विषयलाई न्यायोचित रूपमा कसरी सम्बोधन गर्न सकिन्छ भनेर छलफल भइरहेको छ।

भारत र चीन जोड्ने त्रिदेशीय पारवहन मार्गका रूपमा विकसित हुने यस द्रुतमार्ग निर्माणपछि बाराको निजगढबाट एक घण्टा दुई मिनेटमा सङ्घीय राजधानी काठमाडौँ आइपुग्न सकिन्छ।


» बाँकी पृष्ठ २ मा


### अग्रलेख



## नीति-बहसको औचित्य

नीति एकातिर कार्यान्वयन गर्ने निकाय अर्कैतिर छन् भने लाभग्राही त कता हो कता। नीति कति सान्दर्भिक छन् भनेर नियमित रूपमा न पुनरवलोकन हुन सकेको छ, न कार्यान्वयन गर्ने निकायले नीति पल्टाएर हेर्छ न त नीतिबारे लाभग्राही नै सुसूचित छन्।

• डा. झमकुमार विश्वकर्मा


» विचार पृष्ठ ४


## ‘प्रतिक्रियावादीलाई परास्त गर्नु पर्छ’




माओवादी केन्द्र अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २६ गते*

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले परिवर्तन उल्ट्याउन खोज्ने प्रतिक्रियावादीलाई परास्त गर्नुपर्ने बताउनुभएको छ।

योङ कम्युनिस्ट लिग (वाइसिएल) नेपालको निर्वाचित कमिटीलाई सोमबार बधाई तथा शुभकामना दिने क्रममा अध्यक्ष प्रचण्डले सो कुरा बताउनुभएको हो। अध्यक्ष प्रचण्डले माओवादी, जनयुद्ध र वाइसिएललाई नकारात्मक रूपमा परिभाषित गर्न प्रतिक्रियावादी लागेकाले डटेर सामना गर्न निर्देशन दिनुभयो।

“देशको राजीतिक परिस्थिति सबैले बुझ्नुभएकै छ। विभिन्न कार्यक्रम र सभाहरूमा भनेकै छु। प्रतिक्रियावादी, प्रतिगमनकारीले जनयुद्ध र जनआन्दोलनबाट प्राप्त उपलब्धिलाई उल्ट्याउन सकिन्छ कि भनेर लाग्या छन्,” उहाँले भन्नुभयो, “वाइसिएलको निर्वाचित यो टिमले पार्टीको नेतृत्वमा सबै खाले प्रतिक्रियावाद, प्रतिगमनविरुद्ध आफूलाई खरो र दरो साबित गर्नुहुने छ भन्ने विश्वास छ।” महाधिवेशनबाट वाइसिएलको ७५ सदस्यीय पदाधिकारीसहित ३५१ सदस्यीय केन्द्रीय कमिटी घोषणा गरिएको छ।

# संवैधानिक परिषद्मा दुई जनाबाटै निर्णय हुन सक्ने प्रस्ताव

**इश्वरचन्द्र झा**
*काठमाडौँ, जेठ २६ गते*

राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९ मा अध्यक्ष र एक जना सदस्यसहित कम्तीमा दुई जनाको मतबाट समेत निर्णय गर्न सक्ने गरी प्रतिवेदन पारित गरेको छ। प्रतिनिधि सभाले गत चैत १८ गते पारित गरेको सो विधेयक राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले संशोधनसहित प्रतिवेदन तयार गरेको छ। समितिले राष्ट्रिय सभाको सोमबारको बैठकमा विधेयकको प्रतिवेदन प्रस्तुत गरेको छ।

समितिले अध्यक्ष र तत्काल बहाल रहेका कम्तीमा ५० प्रतिशत सदस्यको ‘मतबाट’ निर्णय गरिने सहमति गर्दै उदाहरण खण्डमा अध्यक्ष र दुई जना सदस्य बहाल रहेको अवस्थामा अध्यक्ष र कम्तीमा एक जना सदस्यसहित कम्तीमा दुई जनाको मतबाट निर्णय गरिने गरी संवैधानिक परिषद्को काम, कर्तव्य, अधिकार र कार्यविधिसम्बन्धी विधेयकको प्रतिवेदन पारित गरेको हो।

विधायन व्यवस्थापन समितिको बैठकमा रक्षामन्त्री मानवीर राईले अध्यक्ष र दुई जना सदस्य बहाल रहेको परिस्थिति आउन सक्ने बताउनुहुँदै त्यस्तो परिस्थितिलाई विचार गरी निर्णय गर्न आग्रह गर्नुभयो। समितिका सदस्यले सो प्रस्तावलाई स्वीकार गरेको छ, जस अनुसार परिषद्को बैठकमा कुनै विषयमा सर्वसम्मतिबाट निर्णय हुन नसकेमा अध्यक्ष र तत्काल बहाल रहेका कम्तीमा पचास प्रतिशत सदस्यको बहुमतबाट निर्णय गरिने

> संवैधानिक परिषद्को बैठकमा कुनै विषयमा सर्वसम्मतिबाट निर्णय हुन नसकेमा अध्यक्ष र दुई जना सदस्य बहाल रहेको अवस्थामा अध्यक्ष र कम्तीमा एक जना सदस्यसहित कम्तीमा दुई जनाको मतबाट निर्णय गरिने व्यवस्था राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले गरेको छ।

मूल विधेयकको व्यवस्थामा ‘बहुमत’ लाई हटाएर ‘मत’ राखेर उदाहरणसहित प्रस्ट्याइएको छ।

संविधानको धारा २८४ ले संवैधानिक परिषद्सम्बन्धी व्यवस्था गरेको छ। सो व्यवस्थाबमोजिम प्रधानमन्त्री परिषद्को अध्यक्ष रहने छन्। परिषद्मा प्रधान न्यायाधीश, प्रतिनिधि सभाको सभामुख, राष्ट्रिय सभाको अध्यक्ष, प्रतिनिधि सभाको विपक्षी दलको नेता र प्रतिनिधि सभाको उपसभामुख सदस्य रहने व्यवस्था छ। राष्ट्रिय सभाले गरेको सहमतिबमोजिम छ जनाको संवैधानिक परिषद्को बैठकमा विशेष परिस्थितिमा तीन जना मात्रै उपस्थित रहेमा अध्यक्ष र बहाल रहेको अर्को एक सदस्यको मत मिलेमा निर्णय लिन पाउने ढोका खुला गरेको छ।

समितिका सभापति तुलसाकुमारी दाहालले सभाको बैठकमा प्रतिवेदन प्रस्तुत गर्दै राष्ट्रिय सभाका १४ जना सदस्यले तीन वटा बुँदामा संशोधन दर्ता गराएकोमा सोमाथि गहन छलफल गरेर प्रतिवेदन तयार गरिएको बताउनुभयो।


» बाँकी पृष्ठ २ मा


### अमेरिकाबाट फिर्ता गरिएकाहरू

# फेरि तनावमा पर्न चाहँदैनन्

**चाँदनी हमाल**
*काठमाडौँ, जेठ २६ गते*

अवैध रूपमा अमेरिकामा बसोबास गर्ने र त्यहाँको कानुन उल्लङ्घन गरेपछि निष्कासित भई नेपाल फर्कने नेपालीको आँकडा बढ्दै छ। अमेरिकाबाट आइतबार राति ३७ जना निष्कासित भएर फर्केसँगै यो सङ्ख्या थप बढोत्तरी भएको हो। जति पटक फिर्ता गरिन्छन्, त्यति नै पटक उनीहरूलाई अध्यागमन विभागले मानव बेचबिखन ब्युरोको जिम्मा लगाउने गरेको अध्यागमन विभागका प्रवक्ता टीकाराम ढकालले जानकारी दिनुभयो। आइतबार राति फर्काइएका ३७ जनालाई पनि त्यसै गरी ब्युरोको जिम्मा लगाइएको छ।

सन् २०२५ लागेसँगै यसरी निष्कासित भएर स्वदेश फर्काएइको सङ्ख्या १७७ जना पुगेको त्रिभुवन विमानस्थलस्थित अध्यागमन कार्यालयका प्रवक्ता अञ्जन न्यौपानेले जानकारी दिनुभयो। अमेरिका सरकारले चार्टर विमानमार्फत आइतबार फिर्ता पठाएकामा ३२ जना पुरुष र पाँच जना महिला छन्। प्रवक्ता न्यौपानेले भन्नुभयो, “त्यसरी फिर्ता भएकाको सङ्ख्यामध्ये आइतबारको सङ्ख्या हालसम्मकै उच्च हो, नत्र एक वा दुई जना विभिन्न समयमा फिर्ता पठाइएका थिए।” चार्टर विमानमार्फत नै नेपाली फर्काएको यो दोस्रो पटक हो। यसअघि फागुन २१ गते एकै दिन नौ जना नेपालीलाई फिर्ता पठाइएको थियो।

सन् २०२५ सुरु भएसँगै जनवरी २० देखि गत मे महिनाभित्र यसरी फर्काइएका १४० जना थिए। यसरी फर्काइएकामा जनवरी महिनामा छ जना, फेब्रुअरीमा २० जना, मार्चमा ३० जना, अप्रिलमा २६ जना र मे महिनामा ५८ जना रहेका



छन्। त्यसअघि पनि कानुन उल्लङ्घन गरेकाहरू निष्कासनमा पर्दै आएका थिए। अध्यागमनको पुरानो तथ्यले पनि त्यो बताउँछ, जस अनुसार सन् २०२१ मा ३५ जना, सन् २०२२ मा २२ जना, सन् २०२३ मा २४ जना र २०२४ मा ५२ जना नेपाली अमेरिकाबाट निष्कासनमा परेका थिए।

अमेरिकाको अध्यागमन तथा राष्ट्रियता कानुनले अवैध रूपमा बस्नेहरू कानुन उल्लङ्घनकर्ता हुने प्रस्ट्याएको छ। त्यहाँको कानुन अनुसार पहिले आफ्नो अवस्था आफैँ मूल्याङ्कन गरेर आफैँ अमेरिका छाड्ने अवसर दिइन्छ, त्यसलाई ‘सेल्फ डिपोर्ट’ (आफैँ फर्कने) भनिएको छ।

### फर्काइएका धेरै, मुद्दा न्यून

अमेरिकी सरकारले यसरी नेपाल फिर्ता पठाएकाहरू अधिकांश अवैध रूपमा त्यहाँ पुगेको पाइएको मानव बेचबिखन अनुसन्धान ब्युरोले जनाएको छ। ब्युरोका प्रवक्ता नरेन्द्र कुँवरले सबैलाई ब्युरोमा ल्याएर सोधपुछ गरिएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, “अधिकांश चिनजानका मानिसबाट अवैध बाटो हुँदै अमेरिका पुगेका छन्, जसमा कतिपयको घरखेत नै बन्धकी राखेर पनि गएको भेटिएका छन्।” त्यसरी जानु अवैध मात्र होइन। मानव बेचबिखनसँग जोडिएको मुद्दा पनि हो तर अहिलेसम्म फर्केर आएकाहरूले उनीहरूलाई

> आफूखुसी जानाजान अवैध बाटो भएर अमेरिका पुगेको अधिकांशले स्वीकार गर्छन् तर उनीहरू कुनै मुद्दा दर्ता गराउन मान्दैनन्। कसरी गएको भन्ने सवालको जवाफ दिने गरे पनि लैजानेविरुद्ध मुद्दा गरेर फेरि तनावमा पर्न चाहँदैनन् उनीहरू।

लैजानेविरुद्ध मुद्दा दर्ता गराउन मानेका छैनन्।

कुँवरले थप्नुभयो, “आफूखुसी जानाजान अवैध बाटो भएर अमेरिका पुगेको अधिकांशले स्वीकार गर्छन्। त्यसैले उनीहरू कुनै मुद्दा दर्ता गराउन चाहनुहुन्न।” कसरी गएको भन्ने सवालको जवाफ दिने गरे पनि लैजानेविरुद्ध मुद्दा गरेर फेरि तनावमा पर्न नचाहने जवाफ उनीहरूले ब्युरोलाई दिने गरेका छन्। अहिलेसम्म कुनै मुद्दा नै नपरेको भने होइन। एकाधले उजुरी दर्ता गराएकाले अदालतमा मुद्दा पनि चलेका छन् तर अवैध रूपमा अमेरिका लैजानेहरू अहिलेसम्म पक्राउ पर्न नसकेको ब्युरोले जनाएको छ।

ब्युरोका अनुसार अवैध रूपमा कुनै पनि देश जानु भनेको मानव बेचबिखनमा पर्नु हो। त्यसैले कसैले पनि त्यस्तो यात्रा नगर्न जनचेतनामूलक कार्यक्रम गर्दै आएको छ। समुदायलाई सचेत बनाउन सामुदायिक अन्तर्क्रिया, अवैध रूपमा जाँदा हुने हानिनोक्सानीबारे जानकारी दिने, सूचनामूलक पोस्टर पम्प्लेट त्रिभुवन विमानस्थलका विभिन्न स्थानमा राखेर सजग गराउने, बाहिर जान लागेकालाई अध्यागमनमा राखेर सम्झाउनेलगायतका कार्य ब्युरोले गर्दै आएको प्रवक्ता नरेन्द्र कुँवर बताउनुहुन्छ।

# गोरखापत्र र सार्वजनिक सेवा प्रसारणबिच सहकार्य गर्ने सम्झौता



तस्बिर : गोरखापत्र

**गोरखापत्र संस्थानका कार्यकारी अध्यक्ष विष्णुप्रसाद सुवेदी र सार्वजनिक सेवा प्रसारण नेपालका अध्यक्ष महेन्द्र विष्ट सम्झौतापत्रमा हस्ताक्षर गर्नुहुँदै ।**

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २६ गते*

गोरखापत्र संस्थान र सार्वजनिक सेवा प्रसारण नेपालबिच प्रकाशन र प्रसारणमा सहकार्य गर्ने सम्झौता भएको छ। संस्थानले आफ्नो प्रकाशन सार्वजनिक सेवा प्रसारण नेपालका पदाधिकारी तथा कर्मचारीलाई उपलब्ध गराउने तथा प्रसारण नेपालले गोरखापत्र संस्थानको प्रवर्धनात्मक विज्ञापन एवं आवश्यक अन्य सूचना, विज्ञापन टेलिभिजनबाट प्रचार प्रसार गर्ने सम्झौता भएको हो।

संस्थानमा सोमबार आयोजित एक कार्यक्रमबिच संस्थानका कार्यकारी अध्यक्ष विष्णुप्रसाद सुवेदी र सार्वजनिक सेवा प्रसारण नेपालका अध्यक्ष महेन्द्र विष्टले सम्झौतापत्रमा हस्ताक्षर गर्नुभयो। दुवै पक्षले स्वीकृत दरबमोजिम बिलिङ गर्ने र आवधिक रूपमा हिसाब समायोजन गरी मिलान गर्ने छ। उक्त सम्झौता २०८४ असारसम्म लागु हुने छ। २०८२ साउन १ गतेबाट रेडियो नेपालका कर्मचारीलाई समेत संस्थानको प्रकाशन उपलब्ध गराउने व्यवस्था मिलाइने सम्झौतामा उल्लेख छ।

सम्झौतापत्रमा हस्ताक्षर गर्नुअघि संस्थानका कार्यकारी अध्यक्ष सुवेदीले संस्थान र टेलिभिजनबिच परम्परागत रूपमा एक अर्कासँग सहकार्य गर्ने अभ्यास रहेको र सहकार्यका अन्य सम्भावनाको अध्ययन गरी सम्बन्धलाई थप फराकिलो बनाइने बताउनुभयो।

सार्वजनिक सेवा प्रसारण नेपालका अध्यक्ष विष्टले दुवै संस्थाले परम्परागत विरासतलाई जोगाएको र परिवर्तनलाई आत्मसात् गर्नु चुनौतीपूर्ण हुँदाहुँदै युगसापेक्ष हिँडेको बताउनुभयो। सो अवसरमा सार्वजनिक सेवा प्रसारण नेपालका कामु प्रमुख प्रशासकीय अधिकृत विष्णुराम न्यौपाने, निमित्त महाप्रबन्धक राजकुमार थापालगायतको उपस्थिति थियो।

# संसद् अवरोधको गाँठो फुकेन

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २६ गते*

भिजिट भिसा प्रकरण छानबिनका लागि संसदीय समिति गठन वा सरकारको तहबाट संयन्त्र निर्माण भन्ने विषयमा सहमति नहुँदा प्रतिनिधि सभा झन्डै दुई सातादेखि बन्धक बनेको छ। उक्त प्रकरणमा गृहमन्त्री रमेश लेखकको राजीनामा र छानबिन समिति गठनको मागसहित प्रमुख प्रतिपक्ष दलसहितले सदन अवरोध जारी राखेका छन्। प्रमुख विपक्षी दल नेकपा (माओवादी केन्द्र), विपक्षी दलहरू राष्ट्रिय स्वतन्त्र पार्टी, नेकपा (एकीकृत समाजवादी) लगायतले प्रतिनिधि सभामा निरन्तर अवरोध गरिरहेका छन्।

गृहमन्त्रीको राजीनामाबाट विपक्षी दलहरू पछि हटे पनि संसदीय छानबिन समितिलाई भने रास्वपाले बटमलाइन बनाएको छ। माओवादी केन्द्र र एकीकृत समाजवादी भने सरकारबाट प्रस्तावित संयन्त्र निर्माणका पक्षमा पनि सकारात्मक छन्।

सत्तापक्षले भिजिट भिसा प्रकरणमा अख्तियारले गरेको छानबिनलाई सरकारले पूर्ण सहयोग गर्ने र उक्त प्रकरण अध्ययनका लागि संयन्त्र गठनको प्रतिबद्धता जनाएको छ। दुईबुँदे प्रस्तावकै वरिपरि सत्तापक्ष र प्रतिपक्ष दलबिच छलफल भइरहेको छ। तर उक्त प्रस्तावलाई सदन अवरोध गरिरहेको दलमध्ये रास्वपाले अस्वीकार गरेको छ। तर रास्वपा भने सरकारले गठन गर्ने संयन्त्रको पक्षमा छैन। रास्वपाले न्यायिक जाँचबुझ वा संसदीय छानबिन समितिलाई मुख्य बटमलाइन बनाएको छ।

सत्तापक्षबाट प्रस्तावित मसौदालाई रास्वपाले अस्वीकार गरेको छ। सत्तापक्षको माग अनुसार रास्वपाले नेपाली कांग्रेसका नेतालाई लिखित अवधारणा सोमबार उपलब्ध गराएको छ।

नेपाली कांग्रेसका प्रमुख सचेतक श्यामकुमार घिमिरेले सहमतिका लागि मसौदा आदानप्रदान भइरहेको बताउनुभयो। घिमिरेले भन्नुभयो, "औपचारिक अनौपचारिक रूपमा हामी संवादमा छौँ। हामीले भइरहेको छानबिनलाई पूर्ण सहयोग गर्ने र समग्र प्रकरणमा एक उच्चस्तरीय संयन्त्रमार्फत सुझाव दिने गरी प्रस्ताव गरेका छौँ। एक/दुई दिनमा सकारात्मक रूपमा विषय टुङ्गोमा पुग्ने अपेक्षा छ।"

सत्तापक्षको दुईबुँदे प्रस्तावमा असहमति जनाएको रास्वपाले सहमतिका लागि भन्दै पाँचबुँदे लिखित प्रस्ताव पठाएको सांसद मनीष झाले बताउनुभयो। रास्वपाको पाँचबुँदे लिखित प्रस्तावमा सांसदहरू सम्मिलित उच्चस्तरीय समितिको माग गरिएको छ। प्रधानमन्त्रीबाट समेत प्राप्त प्रतिबद्धता अनुगमन गर्नेसमेतको जिम्मेवारी उक्त समितिलाई दिने गरी प्रस्ताव गरिएको छ। पाँच दिनभित्र समिति गठनको प्रस्ताव गरिएको छ।

## पानीजहाज विधेयक पारित

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २६ गते*

राष्ट्रिय सभाले पानीजहाज सञ्चालन तथा व्यवस्थापनसम्बन्धी कानुन संशोधन र एकीकरण गर्न बनेको विधेयक–२०८१ पारित गरेको छ। सो विधेयक अब प्रतिनिधि सभामा पठाइने छ।

सभाको सोमबारको बैठकमा भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले पानीजहाज (सञ्चालन तथा व्यवस्थापन) विधेयक–२०८१ पारित गरियोस् प्रस्ताव प्रस्तुत गर्नुभएकोमा सभाले सो प्रस्ताव सर्वसम्मतले पारित गर्‍यो। प्रस्तावमाथिको छलफलमा उठेका प्रश्नको जवाफ दिनुहुँदै यातायातमन्त्री दाहालले विधेयक दुवै सदनबाट पारित भई कानुनको रूप लिएपछि आन्तरिक जलमार्गमा जलयान सञ्चालनका लागि बाटो प्रशस्त हुने बताउनुभयो।

नेपालबाहिर र समुद्रमा समेत पानीजहाज सञ्चालनका लागि सरकारले आवश्यक पहल र अग्रसरता लिने बताउनुहुँदै उहाँले नारायणी नदीबाट भारतसम्मको पहुँच र समुद्रसम्मको पहुँचका लागि भारत सरकारबाट अध्ययन भइरहेको जानकारी गराउनुभयो। उहाँले भन्नुभयो, "भारत सरकारको जल यातायात हेर्ने मन्त्रालयले नेपालको नदीमा जलयान सञ्चालनबारे डिपिआर बनाएर राखेको छ। थप अध्ययन आवश्यक हुने छ।"

छलफलमा भाग लिँदै सभाका सदस्य सुरेश आलेमगर, रुक्मिणी कोइराला र तारामान स्वाँरले जल यातायातलाई वैकल्पिक मार्गका रूपमा प्रभावकारी कार्यान्वयन गर्न सरकारको इमानदार प्रयास आवश्यक रहेको बताउनुभयो। सभाका सदस्य स्वाँरले सरकारले तत्परता र इमानदारी देखाए जल यातायात पर्यटन, व्यापार र यातायातको एउटा उपयुक्त र प्रभावकारी माध्यम हुने जिकिर गर्नुभयो।

सभाका सदस्य डा. वेदुराम भुसालले समुद्रसँगको पहुँच हाम्रो अधिकारको विषय रहेको र कानुन बनेपछि समुद्रमा पानीजहाज सञ्चालन गर्न पाउने ढोका खुला हुने बताउनुभयो। सभाका सदस्य विष्णुबहादुर विश्वकर्माले नेपालबाट हजारौँ श्रमिक पानीजहाजमा कार्यरत रहेको बताउँदै नाभिक परिचयपत्र आफू नागरिक रहेको देशले जारी गर्नुपर्ने कानुनी व्यवस्थाले विदेशमा पानीजहाजमा कार्यरत कामदार परिचयपत्रविहीन हुनुपरेको र विधेयकले सो विषय सम्बोधन गरेकाले हजारौँ श्रमिकले राहत पाउने विश्वास व्यक्त गर्नुभयो।

## अराजकताविरुद्ध सङ्घर्ष गर्नुपर्ने

**गोरखापत्र समाचारदाता**
*ललितपुर, जेठ २६ गते*

नेपाल कम्युनिस्ट पार्टी (एमाले) का महासचिव शङ्कर पोखरेलले अराजकता र अवसरवादविरुद्ध दृढ सङ्घर्ष गर्नुपर्ने बताउनुभएको छ।

राष्ट्रिय जनसांस्कृतिक महासङ्घ नेपाल र मातहतका केन्द्रीय निकाय, घटक सङ्घ तथा प्रदेशका नवनिर्वाचित पदाधिकारी एवं सदस्यलाई पार्टी केन्द्रीय कार्यालयमा सोमबार आयोजित बधाई तथा शुभकामना कार्यक्रमलाई सम्बोधन गर्दै महासचिव पोखरेलले पार्टीभित्र साङ्गठनिक अराजकता र व्यक्तिवादी अवसरवाद मौलाएको उल्लेख गर्नुभयो।

"हाम्रो भित्रै हुर्किरहेको अराजकता र अवसरवादलाई जित्नु नै आजको प्रमुख चुनौती हो," उहाँले भन्नुभयो। पोखरेलले हाल नेपाली समाज निर्वाहमूलक अर्थतन्त्रमा रहेको भन्दै नेपाली अहिले पूर्ण पुँजीवादको अवस्थामा समेत नपुगेको बताउनुभयो।

एमालेमाथि राजावादी, आफूलाई कम्युनिस्ट भनेर कम्युनिस्ट आन्दोलनलाई कमजोर बनाउने, अराजकतावादी र विदेशी शक्तिले आक्रमण गरिरहेको उल्लेख गर्नुभयो। उनीहरूले आक्रमण गर्नु स्वाभाविक भएको बताउँदै पोखरेलले त्यसबाट डराउनु नपर्ने बताउनुभयो। लोकतन्त्रको उपलब्धिलाई स्वीकार गर्न नसक्नेले देशमा केही भएको छैन भन्ने भ्रामक प्रचार गरिरहेका बताउँदै अहिलेका सबै योगदान लोकतन्त्रको उपलब्धि भएको दाबी गर्नुभयो।

# ऋण मिलाइदिएबापत चौहत्तर लाख घुस

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २६ गते*

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नेपाल बैङ्क लिमिटेडका सञ्चालक समितिका तत्कालीन अध्यक्ष डा. चन्द्रबहादुर अधिकारीविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ।

बैङ्कबाट प्रवाह हुने ऋण प्रक्रियामा सहजीकरण दिने भनी घुस लिएको आरोपमा आयोगले अधिकारीलाई तीन वटा भ्रष्टाचार मुद्दा दायर गरेको हो। आयोगका अनुसार अधिकारीले तीन वटा फरक फरक व्यापारिक समूहलाई बैङ्कबाट ऋण प्रवाहमा सहजीकरण गरिदिएबापत घुस लिएका थिए।

अध्यक्ष अधिकारीसमेतको संलग्नतामा रुपन्देही सिद्धार्थनगर–१, बेलहियामा भुसाल हस्पिटालिटी अन्तर्गतको र्‍याडिसन प्रोजेक्टलाई एक अर्ब ७७ करोड २९ लाख ८६ हजार ७६७ रुपियाँ ऋण प्रवाहमा सहजीकरण गरिदिएबापत १९ लाख रुपियाँ घुस लिएको आरोप छ। आयोगले २०८१ माघ २३ गते घुसबापत लिएर सटही गरेको चेकको विवरण, ट्रान्सफर गरिएको रकमको विवरणसमेतका कागजात अधिकारीको घरबाट बरामद गरेको थियो।

त्यस्तै तनहुँको आँबुखैरेनीमा रहेको अकलादेवी ट्रेडर्सलाई २५ करोड रुपियाँ ऋण दिलाइदिएबापत ५० लाख रुपियाँ घुस लिएको आरोपमा दोस्रो मुद्दा दायर भएको छ। त्यस्तै काठमाडौँ महानगरपालिका–३२ मा रहेको हिमाल–तराई कन्स्ट्रक्सनलाई पनि ऋण प्रवाह गरिदिन्छु भन्दै पाँच लाख रुपियाँ घुस लिएको आरोपमा तेस्रो मुद्दा दायर भएको छ। आयोगले अधिकारीसहित यस कार्यमा संलग्न विभिन्न व्यक्तिलाई घुस लिएबापतको रकमबराबर बिगो तथा भ्रष्टाचार निवारण ऐन अनुसार कारबाही माग गरेको छ।

### इन्जिनियरले गरे चार करोड भ्रष्टाचार !

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले काठमाडौँ महानगरपालिकाका तत्कालीन इन्जिनियर रामबाबु महतो कोइरीविरुद्ध गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको आरोपमा भ्रष्टाचार मुद्दा दायर गरेको छ।

आयोगले कोइरीलाई पदीय दुरुपयोग गरी चार करोड ५८ लाख ९७ हजार रुपियाँ भ्रष्टाचार गरेको आरोप लगाएको छ। आयोगले कोइरी महानगरपालिकामा सार्वजनिक पद धारण सुरु गरेको मिति २०४६ वैशाखदेखि २०७९ फागुनसम्मको आम्दानी र अन्यत्र भएको लगानी तथा खर्चको विवरण तुलना गरेको थियो।

अध्ययनक्रममा कोइरीले चार करोड ५८ लाख ९७ हजार रुपियाँ बढी रकम आम्दानी भएको देखिएकाले सोही रकमबराबर बिगो तथा भ्रष्टाचार निवारण ऐन अनुसार कारबाही माग गरिएको आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलले जानकारी दिनुभयो।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले रौतहटको फतुवा विजयपुर नगरपालिका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत शम्भुकुमार यादवसहित पाँच जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ।

किसानलाई वितरण गरिने स्प्रे ट्याङ्की खरिदमा अनियमितता गरेको आरोपमा उहाँहरूविरुद्ध मुद्दा दायर गरिएको हो। उक्त ट्याङ्की खरिदका लागि बोलपत्र आह्वानसम्बन्धी सूचना पत्रिकामा प्रकाशन नगरी प्रकाशन गरिएको भन्ने झुटो व्यहोराको कागजपत्र तयार गरेर रकम निकासा गरेको आयोगले जनाएको छ।

यस अनियमिततामा संलग्न भएको आरोपमा आयोगले नगरपालिकाका तत्कालीन सहलेखापाल नवीनकुमार यादव, तराई पोस्टका सम्पादक ओमप्रकाश यादव, सोही पत्रिकाका प्रकाशक रुपेन्द्र पटेल, जनसवाल प्रालि तथा त्यसका सम्पादक रामजी बगालेविरुद्ध पनि मुद्दा दायर गरेको छ।

प्रतिवादीलाई फरक फरक बिगो तथा भ्रष्टाचार निवारण ऐन अनुसार कारबाही माग गरिएको आयोगले जनाएको छ।

यसैबिच पर्सा जिल्लाको रामदेनी आधारभूत विद्यालयमा कार्यरत निम्नमाध्यमिक तह द्वितीय श्रेणीमा कार्यरत शिक्षक चन्देशकुमार चौहानविरुद्ध पनि आयोगले भ्रष्टाचार मुद्दा दायर गरेको छ। नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरेर रोजगारीमा लागेको आरोपमा चौहानविरुद्ध मुद्दा दायर गरिएको हो। चौहानलाई भ्रष्टाचार निवारण ऐन अनुसार कारबाही माग गरिएको छ।

# कूटनीति सिकाउँदै 'मोडल युएन'



**सूर्यप्रसाद पाण्डे**
*काठमाडौँ, जेठ २६ गते*

संयुक्त राष्ट्रसङ्घ (युएन) को महासभा कसरी सञ्चालन हुन्छ होला ? सभा सञ्चालनक्रममा के कस्ता गतिविधि होलान् ? त्यहाँको गतिविधिलाई नियाल्न पाउनु विश्वमा प्रतिष्ठित र आनन्ददायी क्षणमध्येमा पर्छ। धेरै युवाको सपना यसैमा अडेको पनि छ।

राष्ट्रसङ्घको मुख्यालयमा नगए पनि त्यहाँभित्रको कार्यसंरचना र पदाधिकारी तथा कर्मचारीको झल्को दिने गरी युवालाई प्रशिक्षित गरिरहेको छ, नमुना संयुक्त राष्ट्रसङ्घ (मोडेल युएन) अभ्यास कार्यक्रमले। युएनको साङ्गठनिक संरचना, ती संरचनाको कार्यप्रकृति आदिबारे मोडेल युएन कार्यक्रमले युवालाई प्रत्यक्ष रूपमा संयुक्त राष्ट्रसङ्घको महासभामै सहभागिता जनाएको अनुभव दिलाइरहेको छ।

साथै युवामा नेतृत्व क्षमताको विकास, कुनै पनि समस्याबारे कूटनीतिक तरिकाबाट समाधान गर्ने तथा समस्या समाधानका लागि अग्रसर बन्ने क्षमता विकास आदिबारे यस कार्यक्रमले तालिम प्रदान गर्दै आएको छ। अन्तर्राष्ट्रिय कूटनीति तथा प्रतिस्पर्धी क्षमता विस्तार गर्ने काम पनि मोडेल युएनले गर्दै आएको छ। पछिल्लो समय राष्ट्रिय युवा परिषद्को संयोजनमा विभिन्न सामाजिक संस्थाको सहकार्यमा मोडेल युएन कार्यक्रम सञ्चालन हुँदै आएको छ। नेपालमा सन् २०२५ सम्ममा युएन मोडल कार्यक्रमको २५ औँ शृङ्खला समापन भइसकेको छ।

राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष सुरेन्द्र बस्नेतले कार्यक्रममार्फत युवामा राष्ट्रसङ्घीय अभ्यासबारे जानकारी प्रदान गर्ने गरिएको बताउनुभयो। साथै मोडल युएन कार्यक्रममार्फत दिगो विकास लक्ष्य, कूटनीतिक आयाम, साझा अन्तर्राष्ट्रिय सवाल, जलवायु परिवर्तन, मानव अधिकार, सुरक्षा परिषद्लगायतका विषयमा पनि युवालाई प्रशिक्षित गराउने गरिएको बस्नेतले बताउनुभयो।

पछिल्लो समय यस्ता कार्यक्रमलाई संयुक्त राष्ट्रसङ्घले समेत मान्यता प्रदान गरेको छ। नेपालस्थित संयुक्त राष्ट्रसङ्घका स्थायी प्रतिनिधिको समेत कार्यक्रममा उपस्थिति हुने गरेको बस्नेतले बताउनुभयो।

हरेक वर्ष हुने यस्ता कार्यक्रममा युएनकै मोडलमा एक जना महासचिव तथा एक जना महानिर्देशक चयन गरिन्छ। साथै युएनका विभिन्न स्थायी समितिको झल्को दिने गरी युएनमा जसरी नै प्रतिनिधि चयन यही कार्यक्रममा गरिन्छ। हरेक सम्मेलनमा तिनै महासचिव र महानिर्देशकद्वारा सभा सञ्चालन गरिन्छ। सभामा विभिन्न मुलुकबाट सहभागी भए जसरी विद्यार्थीबाट त्यतिबेला जल्दोबल्दो भएको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मुद्दामा छलफल तथा बहस गरिन्छ। र अन्त्यमा घोषणापत्र सार्वजनिक गरेर सभा समापन गरिन्छ।

काठमाडौँ विश्वविद्यालयका अध्यापक तथा संयुक्त राष्ट्रसङ्घको युवा तथा विद्यार्थी सङ्घका अध्यक्ष मदन राईले यस्ता अभ्यास कार्यक्रमले सहभागीलाई कूटनीतिक लेनादेना तथा संयुक्त राष्ट्रसङ्घको महासभा सञ्चालन पद्धतिबारे भरपूर जानकारी दिने बताउनुभयो। उहाँले भन्नुभयो, "युवालाई कूटनीतिक साक्षरता प्रदान गर्ने र भविष्यमा असल कूटनीतिज्ञ बन्न यस्ता अभ्यास फलदायी रहेको छ।"

सन् २०२५ को राष्ट्रिय युवा परिषद् नमुना राष्ट्रसङ्घको महासभामा दिवससिंह खड्का महासचिव तथा अनुराधा थापा महानिर्देशक चुनिनुभएको थियो। सम्मेलनमा महानिर्देशकको भूमिका निर्वाह गर्नुभएकी थापाले यस्ता कार्यक्रम अन्तर्राष्ट्रिय सम्बन्ध, कूटनीति, नेतृत्व विकास र समस्या समाधानको विषयमा युवाले प्रशस्त ज्ञान हासिल गर्ने उपयुक्त थलो भएको बताउनुभयो।

मोडल युएनको अभ्यास संयुक्त राष्ट्रसङ्घ स्थापना भएसँग सुरु भएको मानिन्छ। सन् १९४७ मा बेलायतको एक विश्वविद्यालयमा मोडल युएन अभ्यासको आयोजना गरिएको थियो। यद्यपि युएन स्थापना हुनुभन्दा अघि अस्तित्वमा रहेको लिग अफ नेसनको सङ्गठन संरचना रहेको बेलामा सन् १९२१ मा बेलायतको अक्सफोर्ड विश्वविद्यालयमा पनि अहिलेकै शैलीमा नमुना अभ्यास हुने गरेको थियो।

# अब ब्लुबुक बोक्न नपर्ने

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २६ गते*

बागमती प्रदेशमा दर्ता भएको सवारीसाधनको विद्युतीय अभिलेखीकरण (डिजिटाइजेसन) राख्ने काम एक वर्षमा सम्पन्न गरिने भएको छ। श्रम, रोजगार तथा यातायात मन्त्रालय बागमतीमा दर्ता भएकामध्ये ५८ हजार सवारीसाधनको विद्युतीय अभिलेखीकरण भएको छ।

यातायात व्यवस्था कार्यालय साना ठुला सवारी एकान्तकुनाले हालसम्म झन्डै आठ हजार चारपाङ्ग्रे सवारी विद्युतीय अभिलेखीकरण गरेको छ। कार्यालयले ३० जना ज्यालादारी कर्मचारी राखेर दैनिक काम गरिरहेको कार्यालय प्रमुख पवित्र कुँवरले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "यो महिनादेखि छुट्टै कर्मचारी राखेर कामलाई गति दिएका छौँ। अहिलेसम्म दुई सय वटा चारपाङ्ग्रे सवारी अनलाइन अभिलेख भएका छन्। एक वर्षमा सबै सक्ने योजनासहित काम गरिएको छ।"

एकान्तकुना कार्यालयमा तीन लाख सवारीका फाइल रहेका छन्। कार्यालयले फागुनदेखि यो काम सुरु गरेको हो। दुईपाङ्ग्रे सवारीको विद्युतीय अभिलेख राख्ने काम पनि तीव्र बनाइएको यातायात व्यवस्था कार्यालय मोटरसाइकल, गुर्जुधाराले जनाएको छ। गुर्जुधारा कार्यालयले ५० जना ज्यालादारी कर्मचारी राखेर अभिलेख गरिरहेको छ। हालसम्म गुर्जुधारामा दुईपाङ्ग्रे सवारीमा मात्र अभिलेख राख्ने काम भएको छ।

बागमतीमा चितवन, हेटौँडा, एकान्तकुना र गुर्जुधारा कार्यालयबाट विद्युतीय अभिलेख राख्ने काम हुँदै आएको छ। अभिलेख नागरिक एपबाट पनि हेर्न सकिने श्रम, रोजगार तथा यातायात मन्त्रालय बागमतीका सूचना अधिकारी खगेन्द्र पौडेलले बताउनुभयो। विद्युतीय अभिलेख भएपछि कर चुक्तालगायतका जानकारी अनलाइनमै उपलब्ध हुने छ। कागजात बोकिरहन पर्दैन। पौडेलले भन्नुभयो, "एकीकृत अनलाइन डाटा उपलब्ध हुन्छ। नियन्त्रण र नियमन अनलाइनबाट हुन्छ।"

लगत कट्टालगायत २० वर्ष पुराना सवारीलाई पत्रु बनाउनु पनि अनलाइन अभिलेखबाट सहयोग हुने मन्त्रालयले जनाएको छ। चारपाङ्ग्रे सवारीको फाइल सम्बन्धित कार्यालयमा रहेकाले हाल उक्त फाइलै अभिलेख गर्ने काम भएको छ।

श्रम, रोजगार तथा यातायात मन्त्रालय बागमतीले सवारीका ब्लुबुक (नीलो किताब) लाई अनलाइन प्रणालीमार्फत क्युआर कोड राख्ने काम सुरु गरेको छ। नीलो किताबमा हुने सवारीसम्बन्धी सबै विवरण क्युआरबाट हेर्न मिल्ने भएपछि नीलो किताब साथमै लिएर हिँड्न नपर्ने भएको छ।

यातायात व्यवस्था कार्यालय साना ठुला सवारी एकान्तकुनाले हालसम्म दुई सय वटा चारपाङ्ग्रे सवारीको नीलो किताबलाई क्युआर कोडमा राखेको छ। कार्यालय प्रमुख कुँवरले भन्नुभयो, "ब्लुबुकको सबै विवरण क्युआर कोडमा राखिने भएकाले हार्डकपी लिइरहनु पर्दैन। अनलाइनबाटै यसको चेकजाँच हुन्छ।" नीलो किताबको क्युआर प्रणाली दुईपाङ्गे सवारीको सन्दर्भमा बढी उपयोगी हुने उहाँको भनाइ छ।

मोटरसाइकलको ब्लुबुक हराउने, छुट्ने वा पानीमा भिज्ने समस्या भएकाले क्युआर भएपछि उक्त समस्यामुक्त भइने कार्यालयको दाबी छ। ट्राफिक चेकजाँचमा मोबाइलबाट रिड गरिने छ। क्युआरका लागि अनलाइनबाट आफैँले आवेदन भर्न सकिने व्यवस्था छ। यसका लागि अनलाइन भिआरएस डट बागमती डट जिओभी डट एनपीमा लगइन गरी दिइएको निर्देशन अनुसार भर्न सकिने छ।

## भदौ ३ गते राष्ट्रिय सूचना दिवस मनाइने

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २६ गते*

राष्ट्रिय सूचना आयोगको संयोजनमा आगामी भदौ ३ गते राष्ट्रिय सूचना दिवस मनाइने भएको छ।

यसका लागि आयोगका प्रमुख आयुक्त सुरेशप्रसाद आचार्यको अध्यक्षतामा १० सदस्यीय मूल समारोह समिति गठन गरिएको छ। आयोगले सोमबार आयोजना गरेको नियमित पत्रकार सम्मेलनमा दिइएको जानकारी अनुसार मूल समारोह समितिमा आयोगका आयुक्त गगन विष्ट र दुर्गा भण्डारी पौडेल, प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, गृह मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव सदस्य रहनुभएको छ।

त्यस्तै नेपाल नगरपालिका संघ, गाउँपालिका राष्ट्रिय महासंघ, प्रदेश अनुगमन इकाईका संयोजक पनि सदस्य रहनुभएको छ। आयोगका सचिव दीर्घराज मेनाली समितिका सदस्यसचिव रहनुभएको छ। यसअघि पनि उक्त दिनलाई राष्ट्रिय सूचना दिवस मनाउने गरिएको थियो।

## खोकना...

एसियाली सडक मापदण्ड अनुरूप निर्माण भइरहेको द्रुतमार्गको सञ्चालनले मुलुकको आर्थिक विकास र समृद्धिमा ठुलो योगदान पुग्ने विश्वास गरिएको छ। २०७४ जेठ १४ मा दोस्रो पटक शिलान्यास भएसँगै यस आयोजनाको काम सुरु भएको हो।

यो सडक आयोजनाको दुई खर्ब ११ अर्ब ९३ करोड रुपियाँ लागतको छ। आयोजनाको संशोधित अवधि २०८३ चैतमा सम्पन्न गर्ने लक्ष्य छ। नेपाली सेनाको व्यवस्थापनमा काम सुरु भएको यस आयोजनाको अहिलेसम्मको भौतिक प्रगति करिब ४० प्रतिशत छ।

## संवैधानिक...

विधेयकले अध्यादेश खारेज भएपछिको कानुनी रिक्तताको अवस्था पूर्ति गर्ने छ। विधेयकमा संवैधानिक परिषद्को बैठकको गणपूरक सङ्ख्या र निर्णय गर्ने प्रक्रियाको कार्यविधिगत व्यवस्था गरिएको छ।

समितिले विधेयकको दफा ६ मा छ वटा संशोधन गरेको छ। संवैधानिक परिषद्को बैठकमा गणपूरक सङ्ख्या र परिषद्ले गर्ने निर्णयमा आवश्यक सङ्ख्यालाई थप व्याख्या गरेको छ।

अध्यक्ष र पाँच जना सदस्य बहाल रहेको अवस्थामा अध्यक्ष र कम्तीमा तीन जना सदस्यसहित कम्तीमा चार जना, अध्यक्ष र चार जना सदस्य बहाल रहेको अवस्थामा अध्यक्ष र कम्तीमा दुई जना सदस्यसहित कम्तीमा तीन जनाको मतबाट निर्णय गरिने व्यवस्था गरिएको समितिका सचिव मनोजकुमार गिरीले बताउनुभयो।

त्यसै गरी समितिले मूल विधेयकमा ' परिषद्को बैठकमा गणपूरक सङ्ख्याका लागि अध्यक्ष र तत्काल बहाल रहेका कम्तीमा पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिने' रहेकोमा सदस्यहरूलाई 'सदस्य' मात्रै राख्ने सहमति गरेको हो। सो खण्डलाई विधायन व्यवस्थापन समितिले उदाहरणसहित थप व्याख्या गरेको छ।

परिषद्मा अध्यक्ष र पाँच जना सदस्य बहाल रहेको अवस्थामा अध्यक्ष र कम्तीमा तीन जना सदस्यसहित कम्तीमा चार जना, अध्यक्ष र चार जना सदस्य बहाल रहेको अवस्थामा अध्यक्ष र कम्तीमा दुई जना सदस्यसहित कम्तीमा तीन जनाले निर्णय गरे गणपूरक सङ्ख्या पुग्ने उदाहरण खण्डमा प्रस्ट्याइएको छ।

सो विधेयक प्रतिनिधि सभामा २०७९ फागुन १२ गते दर्ता भएको थियो। राज्य व्यवस्था तथा सुशासन समितिले २०८१ जेठ १७ गते प्रतिवेदन पेस गरेको करिब नौ महिनापछि मात्रै प्रतिनिधि सभाले विधेयक पारित गर्‍यो।

## 'ठाउँ...

कांग्रेस नेता विमलेन्द्र निधिले अर्थ नीति देशको मौलिक पक्षसँग गाँसिएको हुनुपर्ने, बजेट निर्माण गर्ने र कार्यान्वयन गर्ने विषयमा ध्यान दिनुपर्ने बताउनुभयो। सहमहामन्त्री महालक्ष्मी उपाध्याय ' डिना' ले सार्वजनिक, निजी साझेदारीमार्फत बन्द रहेका उद्योग सञ्चालन गर्नुपर्ने र निजीकरण गर्दा पनि देशको हितलाई केन्द्रमा राख्नुपर्ने बताउनुभयो।

### बजेटमा विज्ञको विश्लेषण

बजेटका सन्दर्भमा वरिष्ठ अर्थशास्त्री तथा राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा. पृथ्वीराज लिगल, राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष तथा वरिष्ठ योजनाविद् डा. जगदीशचन्द्र पोखरेल, वरिष्ठ अर्थशास्त्री प्राडा विश्वम्भर प्याकुरेल, वरिष्ठ अर्थशास्त्री प्राडा ओम शर्मा, वरिष्ठ अर्थशास्त्री प्राडा कुशुम शाक्यले टिप्पणी गर्नुभयो।

त्यसै गरी वरिष्ठ अर्थशास्त्रीहरू प्राडा रामप्रसाद ज्ञवाली, प्राडा सञ्जय आचार्य, प्राडा विनयकुमार कुसियत, राष्ट्रिय योजना आयोगका पूर्वसदस्य पोषराज पाण्डे र उद्यमशील कांग्रेसका अध्यक्ष अश्मिन सिटौलाले अर्थनीति र बजेटबारे विमर्श गर्नुभयो। विज्ञहरूले बजेट अर्थतन्त्र सुधार गर्ने पक्षमा आए पनि सशक्त बनाउने सन्दर्भमा कमजोर रहेको टिप्पणी गर्नुभयो। उहाँहरूले साधारण खर्च कटौती गरेर पुँजीगत खर्च वृद्धि गर्नुपर्ने बताउनुभयो।

# व्यावसायिक र प्राविधिक शिक्षा प्राथमिकतामा




बागमती प्रदेश विश्वविद्यालयको कार्यक्रममा मुख्यमन्त्री बहादुरसिंह लामा तामाङलगायतका सहभागी ।

**मकवानपुर समाचारदाता**
*मकवानपुर, जेठ २६ गते*

बागमती प्रदेश विश्वविद्यालयले आफ्नो प्रथम वार्षिक दिवसमा प्रदेशको शैक्षिक उन्नयनमा जोड दिइएको छ। विश्वविद्यालयको प्रथम वार्षिक दिवसका अवसरमा आइतबार हेटौँडामा आयोजित कार्यक्रममा विश्वविद्यालयको आगामी कार्यदिशा र कार्ययोजनाबारे छलफल गरेको हो।

कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामा तामाङले विश्वविद्यालयले व्यावसायिक र प्राविधिक शिक्षामा जोड दिँदै अगाडि बढाइने बताउनुभयो। उहाँले विश्वविद्यालय प्रदेश गौरवको आयोजनाका रूपमा रहेकाले सरकारले विश्वविद्यालयलाई आवश्यक बजेट व्यवस्था गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

उहाँले विश्वविद्यालयको आगामी कार्ययोजनामा सहयोग गर्ने र आङ्गिक क्याम्पस बनाउनेबारेमा छिट्टै निर्णय लिइने बताउनुभयो। प्रदेशका सामाजिक विकासमन्त्री हरिप्रभा खड्गी श्रेष्ठले उच्च शिक्षा प्रदेशको एकल अधिकार क्षेत्रमा रहेको भन्दै प्रदेश विश्वविद्यालयको आवश्यकता र औचित्यबारे चर्चा गर्नुभएको थियो। विश्वविद्यालय संरक्षण समितिका अध्यक्ष प्राडा चन्द्रमणि पौडेलले विश्वविद्यालयमा धेरै चुनौती रहेको बताउनुभयो।

कार्यक्रममा प्रदेश सभा सदस्य एकलाल श्रेष्ठ, प्रदेशका प्रमुख सचिव भूपाल बराल र प्रदेश नीति तथा योजना आयोगका सदस्य गुणराज मुक्तानले विश्वविद्यालयले अनुसन्धानमा जोड दिने बताउनुभयो। विद्यार्थी बाहिर जानुपर्ने अवस्थामा कम गर्ने गरी योजना बढाउनुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा हेटौँडा उपमहानगरपालिका प्रमुख मीनाकुमारी लामाले विश्वविद्यालयलाई जग्गा उपलब्ध गराउनेलगायतका आवश्यक सहयोग गर्न नगरपालिका प्रतिबद्ध रहेको बताउनुभयो। प्रदेश विश्वविद्यालयका डिन डा. गङ्गाराम विश्वकर्माले विश्वविद्यालय स्थापनाबारे जानकारी गराउनुभएको थियो। कार्यक्रममा विश्वविद्यालयका उपाध्यक्ष डा. कुसुमराज सुवेदीले वार्षिक कार्यप्रगति प्रस्तुत गर्नुभएको थियो।

# हटाइए ज्यालादारीका कर्मचारी

**चितवन समाचारदाता**
*चितवन, जेठ २६ गते*

आर्थिक स्रोतको अभाव भएको जनाउँदै चितवनको राप्ती नगरपालिकाले दैनिक ज्यालादारीमा कार्यरत ७४ जना कर्मचारीलाई एकै पटक सेवाबाट हटाएको छ। नगरपालिकाले आन्तरिक स्रोतको अभाव र अख्तियारको चासोको कारण देखाउँदै सोमबारदेखि लागु हुने गरी कर्मचारीलाई आकस्मिक सूचना जारी गरेर बिदा दिएको हो।

नगरपालिकाका सूचना अधिकारी सुरेश न्यौपानेले स्रोत नभएपछि समस्या आउन सक्ने भएकाले हटाइएको जानकारी दिनुभयो। नगरपालिकाले हटाइएको कर्मचारीमा भण्डारा अस्पतालका तीन जना चिकित्सकसहित दुई दर्जनभन्दा बढी स्वास्थ्यकर्मी, ल्याब टेक्निसियन, वडा कार्यालयका सहयोगी, चालक र मालीलगायत छन्। नगरपालिकाले सूचना जारी गर्दै जेठ २६ गते सोमबारदेखि लागु हुने गरी सबै ज्यालादारी कर्मचारीलाई कार्यालय नआउन र हाजिरी नगराउन निर्देशन दिएको छ। नगरपालिकाका पशुपन्छी विकास शाखाका प्रमुख शैलेन्द्र भण्डारीले जारी गर्नुभएको सूचनामा आन्तरिक आम्दानी सुनिश्चित नभएको र अख्तियार दुरुपयोग अनुसन्धान आयोगले समेत प्रश्न उठाएकाले बाध्य भएर कर्मचारी हटाउनु परेको उल्लेख गर्नुभएको छ। ज्यालादारी कर्मचारी हटाउने निर्णय नगरपालिकाको १४ औँ नगर सभाबाट गठित सहजीकरण समितिले गरेको जनाइएको छ।

## नेपाल विद्युत प्राधिकरण
### प्रधान कार्यालय

गोरखापत्रमा सूचना प्रकाशित मिति २०८२/०२/२७

**लिखित परीक्षाको नतिजा प्रकाशन र अन्तर्वार्ता परीक्षा कार्यक्रम सम्बन्धी सूचना**

नेपाल विद्युत प्राधिकरणबाट २०८०।०७।२४ मा प्रकाशित निम्नलिखित विज्ञापन नम्बर अनुसार सहायकस्तरका पदहरुमा खुला प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्न लोक सेवा आयोगबाट लिइएको लिखित परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरुको अन्तर्वार्ता परीक्षा कार्यक्रम मिति २०८२।०३।१७ गते मंगलवारदेखि सञ्चालन हुने भएकोले सो परीक्षा कार्यक्रमको बिस्तृत विवरण प्राधिकरणको सूचना पाटी तथा वेभसाइट www.nea.org.np मा प्रकाशित गरिएको छ। अन्तर्वार्ता परीक्षाका लागि प्रवेश पत्र र सक्कल प्रमाणपत्रका साथ पासपोर्ट साइजको फोटो एक प्रति, आवेदन गर्दा पेश गरेका प्रमाणपत्रहरुको प्रतिलिपि एक/एक प्रति उम्मेदवार स्वयंले प्रमाणित गरी तोकिएको दरखास्त फाराम भरी अन्तर्वार्ता परीक्षाको दिन आधा घण्टा अगाडि पदपूर्ति विभागमा उपस्थित भई रूजु गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | तह | पद | सेवा | समूह / उपसमूह | किसिम |
|---|---|---|---|---|---|---|
| १. | २०८०/८१, प्रा.४/११०, (कोशी प्रदेश) | ४ | फोरमेन | प्राविधिक | इलेक्ट्रिकल/इलेक्ट्रिकल | खुला तथा समावेशी |
| २. | २०८०/८१, प्रा.४/१११, (कोशी प्रदेश) | ४ | फोरमेन | प्राविधिक | मेकानिकल | |
| ३. | २०८०/८१, प्रा.४/२१०, (मधेस प्रदेश) | ४ | फोरमेन | प्राविधिक | इलेक्ट्रिकल/इलेक्ट्रिकल | |
| ४. | २०८०/८१, प्रा.४/५१०, (गण्डकी प्रदेश) | ४ | फोरमेन | प्राविधिक | इलेक्ट्रिकल/इलेक्ट्रिकल | |
| ५. | २०८०/८१, प्रा.४/५११, (गण्डकी प्रदेश) | ४ | फोरमेन | प्राविधिक | मेकानिकल | |
| ६. | २०८०/८१, प्रा.४/५१२, (गण्डकी प्रदेश) | ४ | फोरमेन | प्राविधिक | सिभिल/सिभिल | |
| ७. | २०८०/८१, प्रा.४/८१० (सूदुरपश्चिम प्रदेश) | ४ | फोरमेन | प्राविधिक | इलेक्ट्रिकल/इलेक्ट्रिकल | |
| ८. | २०८०/८१, प्रा.४/८११ (सूदुरपश्चिम प्रदेश) | ४ | फोरमेन | प्राविधिक | मेकानिकल | |
| ९. | २०८०/८१, प्रा.४/९१० (कर्णाली प्रदेश) | ४ | फोरमेन | प्राविधिक | इलेक्ट्रिकल/इलेक्ट्रिकल | |

सदस्य सचिव
पदपूर्ति समिति

# लार्चामा बेलिबिज्र तयार

**सिन्धुपाल्चोक समाचारदाता**
*सिन्धुपाल्चोक, जेठ २६ गते*

गत असोज ११ र १२ गतेको अविरल वर्षाले भोटेकोशी गाउँपालिकाको लार्चास्थित भोटेकोशी नदीको बेलिबिज्र बगाएपछि सकसपूर्ण बनेको आवागमन नयाँ बेलिबिज्र जडानपछि सहज बनेको छ। नेपाल–चीनबिचको मुख्य नाका तातोपानीलाई जोड्ने लार्चामा बेलिबिज्र बगाएपछि नदीमा ह्युमपाइप राखेर मालवाहक कन्टेनरसहितका अन्य सवारीसाधन सञ्चालनमा ल्याइएको थियो। २६ किलोमिटर दुरीको बाह्रबिसे–कोदारी लोकमार्ग अन्तर्गत लार्चाको बेलिबिज्र र लिपिङखोलाको पक्की पुल बाढीले बगाएको थियो।



भोटेकोशी गाउँपालिकास्थित भोटेकोशी नदीले बगाएको लार्चा पुलमा जडान गरिएको बेलिबिज्र ।

सडक डिभिजन कार्यालय चरीकोटका सूचना अधिकारी इन्जिनियर सुरज महर्जनका अनुसार एक करोड ७० लाख रुपियाँमा ४५ मिटर लामो बेलिब्रिज जडान गरिएको हो। सोवर्ण निर्माण सेवा र क्रियटिभ कन्स्ट्रक्सन एन्ड सप्लायर्स निर्माण कम्पनीले ठेक्का लागेको करिब डेढ महिनामा लार्चामा बेलिब्रिज जडान गरेका हुन्।

यही महिनाको अन्तिमसम्ममा नयाँ बेलिब्रिजबाट मालवाहक कन्टेनरसहितका सवारीसाधन सञ्चालन हुने इन्जिनियर महर्जनले बताउनुभयो। यस्तै लिपिङखोलामा बाढीले बगाएको पक्की पुलमा पनि ४५.७२ मिटर लामो बेलिब्रिज जडान गरी सोही पुलबाट मालवाहक आवागमन सञ्चालन भइरहेको सडक डिभिजन कार्यालयले जनाएको छ।

बाढीले बेलिब्रिज र पक्की पुल बगाएपछि करिब एक महिना बाह्रबिसे–कोदारी लोकमार्ग पूर्ण रूपमा बन्द भएको थियो। महिना दिनभन्दा बढी सडक अवरुद्ध भएपछि तातोपानी सुक्खा बन्दरगाहको भन्सार कार्यालयमा राजस्व सङ्कलन रोकिएको थियो। सडक डिभिजन कार्यालय, स्थानीय सरकार, नाका आबद्ध व्यापारिक सङ्घ संस्थालगायतको सहयोगबाट लिपिङ र लार्चामा बेलिब्रिज निर्माणका लागि पहल भएको थियो। तातोपानी नाका जोड्ने दुई पुलको निर्माणले सीमापार व्यापारलाई सहज भएको नेपाल हिमालय सीमापार वाणिज्य सङ्घका अध्यक्ष रामहरि कार्कीले बताउनुभयो।

## नेपाल सरकार
### भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

**नेपाल इन्जिनियरिङ परिषद्को रजिष्ट्रार नियुक्तिका लागि दरखास्त आह्वानसम्बन्धी सूचना**

**सूचना प्रकाशित मिति : २०८२।०२।२७ गते**

नेपाल इन्जिनियरिङ परिषद् ऐन, २०५५ को दफा २७ को उपदफा (१) बमोजिम नेपाल इन्जिनियरिङ परिषद्को रजिष्ट्रार नियुक्तिका लागि देहायअनुपको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको पूर्वाधार निर्माण तथा यातायात महाशाखा, सिंहदरबारमा आइपुग्ने गरी रीतपूर्वकको दरखास्त आह्वान गरिन्छ। उम्मेदवारले दरखास्त साथ दरखास्त दस्तुरबापत रु. ५,०००।–( रुपैयाँ पाँच हजार) राष्ट्रिय वाणिज्य बैंक लि. सिंहदरबार, काठमाडौंमा रहेको राजस्व खाता नं. १०००१००२०००१००००, राजस्व संकेत नं. १४२२९ (अन्य प्रशासनिक सेवा शुल्क) कार्यालय कोड ३३७००३५०१ (भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय) मा जम्मा गरेको सक्कल भौचर पेश गरेको हुनुपर्ने छ। उम्मेदवारले पेश गर्नुपर्ने दरखास्त फाराम भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको पूर्वाधार निर्माण तथा यातायात महाशाखा, सिंहदरबारबाट कार्यालय समयमा निःशुल्क प्राप्त गर्न सकिने छ।

**उम्मेदवारका लागि निर्धारित योग्यता तथा शर्तहरू**

नेपाल इन्जिनियरिङ परिषद् ऐन, २०५५ र नेपाल इन्जिनियरिङ परिषद् नियमावली, २०५७ मा उल्लिखित परिषद्को रजिष्ट्रार पदमा नियुक्तिका लागि दरखास्त दिने उम्मेदवारको देहायको योग्यता पुगेको हुनुपर्नेछ :

(क) नेपाली नागरिक,
(ख) इन्जिनियरिङ विषयमा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोपाधि प्राप्त गरेको,
(ग) सरकारी तथा गैरसरकारी निकायमा इन्जिनियरिङ विषयमा न्यूनतम दश वर्षको कार्य अनुभव प्राप्त गरेको,
(घ) पैंतीस वर्ष उमेर पूरा भई साठी वर्ष उमेर ननाघेको,
(ङ) भ्रष्ट्राचार, जबरजस्ती करणी, सम्पत्ति शुद्धिकरण, मानव बेचविखन तथा ओसारपसार, लागू औषध कारोबार, सङ्गठित अपराध, राहदानी दुरुपयोग, अपहरण, पुरातात्विक वस्तु वा संरक्षित वन्यजन्तुसम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा सजाय नपाएको,
(च) प्रचलित कानुनबमोजिम कालोसूचीमा नपरेको,
(छ) विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त नगरेको,
(ज) कुनै पनि गैरसरकारी संस्थाको कार्यकारी पदमा कार्यरत नरहेको,

**उम्मेदवारले दरखास्तसाथ अनिवार्य रूपमा पेश गर्नुपर्ने कागजातहरू**

(क) शैक्षिक योग्यता, कार्य अनुभव, सम्पर्क ठेगाना (इमेल, टेलिफोन/मोबाइल नम्बर, घर वा कार्यालयको ठेगाना) सहितको विस्तृत वैयक्तिक विवरण (Bio–Data) को प्रत्येक पानाको अन्त्यमा उम्मेदवारले दस्तखत गरी पेश गर्नु पर्नेछ।
(ख) नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र र पेशागत अनुभव पुष्ट्याई गर्ने कागजातको प्रतिलिपी आवेदक स्वयंले प्रमाणित गरी पेश गर्नु पर्नेछ।
(ग) उम्मेदवारले पाँच हजार शब्दमा नबढ्ने गरी व्यावसायिक कार्ययोजना (Business Action Plan) छुट्टै खाममा सिलबन्दी गरी पेश गर्नु पर्नेछ।

**पुनश्च**

१. दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट कार्यालय समयभित्र बुझाउनु पर्नेछ।
२. स्वीकृत भएका दरखास्तहरूसम्बन्धी सूचना र त्यस पछिका प्रक्रियागत कार्यक्रम भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको वेबसाइट (http://www.mopit.gov.np) मा प्रकाशित गरिनेछ।
३. संक्षिप्त सूचीमा छानिएका उम्मेदवारहरूले आफ्नो कार्ययोजनाको प्रस्तुतिकरण गर्नुपर्नेछ।
४. प्रस्तुति तथा अन्तरवार्ताका लागि छनौट गरिएका उम्मेदवारहरूले दरखास्त साथ पेश गरेका प्रमाणपत्र तथा कागजातहरूको सक्कल अन्तर्वार्तापूर्व पेश गर्नु पर्नेछ।
५. यस सूचनाका सम्बन्धमा कुनै थप जानकारी आवश्यक परेमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको, पूर्वाधार निर्माण तथा यातायात महाशाखा, सिंहदरबारबाट प्राप्त गर्न सकिनेछ।
६. कुनै उम्मेदवारले झुट्टा कागजात पेश गरेको फेला परेमा सिफारिश समितिले कुनै पनि चरणमा उम्मेदवारको दरखास्त रद्द गर्न सक्नेछ।

## परवानीपुर गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
लिपनीमाल, बारा
मधेस प्रदेश, नेपाल

**आ.व. २०८२/०८३ को लागि जडीबुटी, कबाडी तथा जीवजन्तु कर संकलन ठेक्का बन्दोबस्तसम्बन्धी बोलपत्र आह्वानको सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०८२।०२।२७ गते मङ्गलबार)**

यस परवानीपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय लिपनीमाल बाराको आ.व.२०८२/०८३ को लागि मुख्य राजमार्ग समेत पालिकाको क्षेत्र भित्रका उद्योग कलकारखानाबाट निस्कने कबाडी माल, जडीबुटी र प्रचलित कानुनबमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुहरूको हाड, सिङ, प्वाँख, छाला वा यस्तै प्रकृतिको व्यावसायिक उपयोग गरे बापत बिक्री वितरण तथा उपयोगमा लाग्ने कर संकलनको लागि स्थानीय सरकार सञ्चालन ऐन–२०७४ को दफा ६१ बमोजिम देहायको आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले यस पालिकाले तोकेको शर्तहरूको अधीनमा रही इच्छुक व्यवसायी, फर्म, कम्पनी तथा व्यक्तिहरूबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी कर शुल्क संकलन गर्नका लागि यस पालिकाबाट जारी गरिएको तपसिल बमोजिमको बोलपत्र फाराम खरिद गरी तोकिएको म्याद भित्र बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. | किसिम | कर तथा मर्मत शुल्क संकलन क्षेत्र | न्यूनतम ठेक्का मूल्य रु. (भ्याट बाहेक) | बोलपत्र खरिद दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | PRM/001 /2082/083 | जडीबुटी, कबाडी र जीवजन्तु बिक्री वितरण तथा उपयोगमा लाग्ने कर संकलन | मुख्य राजमार्ग समेत पालिकाको क्षेत्र भित्रका उद्योग तथा कलकारखानाहरू | ३०,०१,०००।– | रु. ३,०००।– (तीन हजार) | |

**शर्तहरू**

१) ठेक्का अवधि सम्झौता भएको मिति देखि २०८३ असार मसान्तसम्म हुने छ।
२) बोलपत्र फाराम र शर्तहरूको सूची यस कार्यालयको राजस्व शाखाबाट तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिनेछ।
३) यस पालिका क्षेत्र भित्र स्थायी ठेगाना भएका बोलपत्रदाताहरूले अनिवार्य रूपमा पालिकामा व्यवसाय दर्ताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।
४) बोलपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औं दिन सम्म कार्यालय समय भित्र र उक्त दिन बिदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र यस कार्यालयको राजस्व शाखाबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ।
५) शिलबन्दी बोलपत्र फाराम ३१ औं दिनको १२:०० बजे भित्र तथा उक्त दिन बिदा परेमा सोको भोलिपल्ट दिनको १२:०० बजेभित्र यस कार्यालयमा शिलबन्दी बोलपत्र दर्ता गर्न सकिनेछ। दर्ता भएकै दिनको ०१:०० बजेपछि बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहवरमा खोलिनेछ।
६) नेपाली नागरिक भए ५% र गैरनेपाली नागरिक भए १०% आफूले कबुल गरेको रकमको धरौटीको रूपमा यस गाउँपालिकाको नबिल बैंक लिमिटेड शाखा कार्यालय परवानीपुरको धरौटी खाता नम्बर २१९०१०१७५०००२६ मा जम्मा गरेको सक्कल भौचर वा १२० दिन सम्म म्याद भएको मान्यता प्राप्त बैंक जमानत (बैंक ग्यारेन्टी) फाराम सँग संलग्न हुनु पर्नेछ।
७) बोलपत्रदाता वा निजहरूको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
८) कार्यालयबाट बिक्री नभएको, बोलपत्रदाताको दस्तखत नभएको र शर्त राखी पेश भएको बोलपत्र मान्य हुने छैन।
९) रीत नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारबाही हुने छैन।
१०) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।
११) व्यक्तिको हकमा बोलपत्र स्वीकृत भए पछि सम्झौता गर्न आउँदा मूल्य अभिवृद्धि करमा दर्ता गरेको प्रमाण पेश गर्नुपर्नेछ।
१२) बोलपत्र फाराम भर्दा आफूले कबुल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी उल्लेख भएको हुनु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।
१३) बोलपत्र खरिद गर्न इच्छुक व्यवसायी, फर्म तथा कम्पनीहरूले मु.अ.कर दर्ता प्रमाण–पत्रको प्रतिलिपि, आ.व. २०८१/०८२ सम्मको फर्म नवीकरण, आ.व. २०८०/०८१ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि तथा व्यक्तिको हकमा नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि र PAN CARD पेश गर्नुपर्नेछ।
१४) बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ (सात) दिन भित्र मू.अ.कर दर्ता प्रमाण पत्र समेत लिई कबुल अकको ४०% ले हुन आउने रकम अनिवार्य बुझाई चलन पुर्जी लिन आउनुपर्नेछ र ६०% ले हुने रकम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त क वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा २०८३ साल श्रावण मसान्तसम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी समेत अनिवार्य पेश गर्नुपर्नेछ। यदि कबोल रकम एकमुष्ठ रूपमा रकम जम्मा गर्दा न्यूनतम कबोल अंकबाट नघट्ने गरी भ्याट बाहेकको कबोल अंकमा १० % छुट दिइनेछ।
१५) बोलपत्र स्वीकृत भएपछि सूचना पाएको वा घरदैलोमा टाँस भएको मितिले ७ (सात) दिन भित्र नियमानुसार सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ। सो अवधि भित्र सम्झौता गरी पट्टा नउठाएमा धरौटी रकम जफत गरी दोश्रो बोलपत्र दाताको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुनः बोलपत्र आह्वान गर्ने अधिकार गाउँपालिकाको कार्यालयमा सुरक्षित रहनेछ।
१६) बन्द, हडताल लगायत जस्ता कुनै पनि कारणबाट ठेकेदारलाई क्षति पुग्न गएमा ठेकेदार स्वयम्ले जिम्मेवार हुनुपर्ने र त्यसबापत यस कार्यालयबाट कुनै क्षतिपूर्ति तथा मिनाहा दिइने छैन।
१७) यस परवानीपुर गाउँपालिकाको आर्थिक ऐन, २०८२/८३ मा निर्धारित कबाडी माल, जडीबुटी तथा जीवजन्तु बिक्री वितरण तथा उपयोगमा लाग्ने कर संकलनसम्बन्धी राजश्वका क्षेत्र तथा दररेट अनुसार ठेकेदारले कर असुल गर्नुपर्नेछ। तोकिएको क्षेत्र तथा दररेट भन्दा बढी कर असुल गरेको प्रमाण फेला परेमा ठेक्का रद्द गरिनेछ।
१८) कर/शुल्क संकलनको दररेट बोलपत्र फाराममा संलग्न गरिएको छ।
१९) पालिका क्षेत्रभरिको कुनै पनि बाटोमा ढाँट लगाउन पाइने छैन।
२०) यस सूचनामा उल्लेख नभएका अन्य कुराहरूको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ लगायत अन्य प्रचलित ऐन, नियम बमोजिम हुनेछ।
२१) ठेक्का सकार गर्ने ठेकेदारले प्रथम किस्ता बाहेक बाँकी रहेका किस्ता बराबरको रकम बापतको नेपाल सरकारद्वारा मान्यता प्राप्त क वर्गको बैंकबाट बैंक जमानत पेस गर्नुपर्ने छ।
२२) यस सम्बन्धमा अन्य थप केही कुरा बुझ्नु परेमा यस कार्यालयको राजस्व शाखामा सम्पर्क गर्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

'तपाईं सही बाटोमा हिँडिरहनुभएको छ र हिँडिरहन इच्छुक हुनुहुन्छ भने अन्तत : तपाईंले प्रगति गर्नु हुने छ ।'
-बाराक ओबामा



## सम्पादकीय

# पशुधनको सुरक्षा


नेपाल कृषिप्रधान देश भएको भाष्य लामो समय चल्यो । सामान्यतः समग्र अर्थतन्त्रलाई कृषि, उद्योग र सेवा क्षेत्रमा विभाजन गरिन्छ । परम्परागत रूपमा नेपालको अर्थतन्त्रमा उद्योग र सेवा क्षेत्रको ठुलो विस्तार थिएन । मुलुकमा ९० प्रतिशतभन्दा बढी जनसङ्ख्या कृषि क्षेत्रमै आबद्ध थियो । कुल गार्हस्थ उत्पादन (जिडिपी) मा कृषि क्षेत्रको योगदान कुनै बेला ५० प्रतिशतभन्दा बढी थियो । समय क्रममा अहिले जिडिपीमा कृषि क्षेत्रको योगदान घट्दो छ । अर्थतन्त्रमा ठुलो योगदान रहेको कृषि क्षेत्र एक पञ्चमांश हाराहारीमा खुम्चिएको छ भने यसमा आबद्ध हुने जनसङ्ख्या पनि ह्वात्तै घटेको छ । पछिल्लो दशकमा बसाइँसराइ, वैदेशिक रोजगारीको आकर्षण तथा बाध्यताले कृषि क्षेत्र खुम्चिँदै छ । यो क्षेत्र खुम्चिएसँगै मुलुक अहिले आयातमा निर्भर हुँदै छ । अहिलेको अवस्थामा कृषि क्षेत्र अनेक समस्याले पनि पीडित हुँदै छ । कृषिका निम्ति पशुधन ठुलो सहारा हो । नेपालको घरेलु अर्थतन्त्रमा गाईभैँसीको योगदान महत्त्वपूर्ण छ । दुध र दुग्ध उत्पादनसँगै जैविक कृषि प्रणालीका निम्ति गोठे मल नेपाली खेती प्रणालीकै मूल आधार हो । कृषिबाट नयाँ पुस्ता विस्थापित भएसँगै पशुपालन व्यवसाय नै ओरालो लागेको छ । पशुधनबिना परम्परागत कृषि परिकल्पना पनि गर्न सकिन्न । यति मात्र होइन, पशुपालन विस्थापित हुँदै जाँदा रासायनिक मलप्रतिको निर्भरताले स्वस्थ आहारमै प्रतिकूल प्रभाव पर्छ । केही वर्षदेखि पशुमा 'लम्पी स्किन' रोगले प्रतिकूल प्रभाव पारिरहेको छ ।

एक पटक नियन्त्रणमा आइसकेको 'लम्पी स्किन' फेरि देखिन थालेको छ । नेपालमा २०७७ साल असारमा मोरङको सुन्दरहरैँचामा पहिलो पटक 'लम्पी स्किन' देखिएको थियो । यो रोगको व्यापक विस्तार भयो । दुई वर्षअघि अर्थात् २०८० सालसम्म आइपुग्दा मुलुकका ७७ वटै जिल्लाका १५ लाख १९ हजार ७७९ पशुमा 'लम्पी स्किन' देखियो । यो रोगको सङ्क्रमणका कारण नेपाली किसानले ७४ अर्ब ६७ करोड रुपियाँ बराबरको आर्थिक क्षति बेहोरेको अभिलेख छ । पशु चिकित्सा परिषद्को अध्ययन अनुसार एउटा स्वस्थ पशुमा सङ्क्रमण भएमा ४९ हजार १३५ रुपियाँको आर्थिक क्षति हुन्छ । नेपालमा ३१ लाख हाराहारीमा गाई र ४७ लाख भैँसीमध्ये ठुलो सङ्ख्याका पशुधनमा यो रोगले भेट्यो । 'लम्पी स्किन' का कारण मर्नेमा प्रायः अत्यधिक श्रममा खटिने गोरु रहे । भर्खरै जन्मेका बाच्छाबाच्छी, पाडापाडी, गर्भवती र हालै ब्याएका गाईभैँसी पनि रोगबाट आक्रान्त हुने गर्छन् । रोग लागेपछि दुधालु गाईभैँसीको दुध दिने क्षमतामा ह्रास हुन्छ । नियमित रूपमा दैनिक १० लिटर दुध दिने पशुले मुस्किलले दुई लिटर दिने अवस्था आउने पशु चिकित्सकको भनाइ छ ।

'लम्पी स्किन' फेरि देखिन थालेपछि गम्भीर हुनु जरुरी छ । पशुसेवा विभागले सूचना सम्प्रेषणसँगै नियन्त्रणका उपाय पनि अवलम्बन गर्न थालेको पाइएको छ । विभागका अनुसार रोगको दुष्प्रभाव नियन्त्रणमा लिन सरकारले विशेष योजना अगाडि बढाउने भएको छ । यो रोगविरुद्धको खोप विभागले सातै प्रदेशमा पठाउन थालेको जनाएको छ । पशुसेवा विभागका महानिर्देशक डा. रामनन्दन तिवारीले खरिद भएको १४ लाख ६० हजारमध्ये १० लाख डोज खोप सातै प्रदेशमा पठाएको जानकारी दिनुभएको छ । यसले रोग नियन्त्रणमा सहयोग पुग्ने विश्वास भने बढेको छ । बाँकी चार लाख डोज खोप भने केन्द्रमा नै जगेडाका रूपमा राखिएको छ । खोप प्रदेशमा पुगेर मात्र हुँदैन, स्थानीय तहमा पुगेर किसानका गाईवस्तुसम्म पुग्नु पर्छ । त्यसका निम्ति प्रदेश सरकारको सम्बद्ध निकाय त क्रियाशील हुनै पर्छ, साथसाथै स्थानीय तह पनि क्रियाशील हुनुपर्ने देखिएको छ । समयमै खोप लगाएर पशुधनमा हुने जोखिम कम गर्न सकिने छ । लामखुट्टे, झिँगा र किर्नाको टोकाइबाट पशुमा 'लम्पी स्किन' सर्ने भएकाले सरसफाइमा विशेष ध्यान दिनुपर्ने हुन्छ । त्यसका निम्ति किसानलाई प्रशिक्षणको पनि आवश्यक पर्छ । रोग लागेपछि पशु एकाएक थलिन्छ । अघिल्लो दिनसम्म सामान्य रहेका गाईभैँसीको छालामा एकदेखि पाँच सेन्टिमिटरको साह्रो र गोलो गाँठा आउने गर्छ । मुख र नाकमा घाउ हुन्छ । आँखा र नाकबाट अत्यधिक मात्रामा तरल पदार्थ निस्किन्छ । पशु प्राविधिकको सहयोगबिना किसानले यो रोगको उपचार गर्न सक्ने अवस्था नरहने हुँदा सम्बद्ध निकायको ठुलो सहयोग आवश्यक देखिन्छ ।

## १०० वर्षअघिको गोर्खापत्र

सम्बत १९७० साल आषाढ १७ गते सोमबार



### बालनाच.

येहि गयाका ज्येष्ठ २३ गते बृहस्पति बारकादिन रातो शिमला पहाडका लाठ-भवनमा बालनाचको उत्सव ठूलो समारोह पूर्बक सम्पन्न भयो. धौलपुर, शिरमौर र रतलामका महाराज, जावराका नवाव, पटियालाका कुंवर साहेब, कपूरथलाका टीका साहेब आदि कैएक देशी राजन्यवर्ग पनि खूब सजधजका साथ बालनाचका उदघद्धाठनमा सम्मिलित भयेका थिये.

## चिन्तन

प्रकृते क्रियमाणानि गुणैः
कर्माणि सर्वशः ।
अहङ्कारविमूढात्मा
कर्ताहमिति मन्यते ।।

वास्तवमा सबै कर्म प्रकृतिकै गुणद्वारा गरिन्छन्, तैपनि जसको अन्तःकरण अहङ्कारले मोहित हुन्छ, यस्तो अज्ञानी 'म नै कर्ता हुँ' भन्ने ठान्छ ।

– श्रीमद्भगवद्गीता

**लेख प्रतिक्रियाका लागि**
gopafeature@gmail.com
gopashanibar@gmail.com (शनिबारका लागि)

# नीति-बहसको औचित्य



डा. झमकुमार विश्वकर्मा




सार्वजनिक नीतिले मूलतः सार्वजनिक हित तथा स्वार्थ, भलाइ, वस्तु तथा सेवा प्रवाह, नियमन, नियन्त्रण, संरक्षण, सहजीकरण, समन्वयलगायतका बहुविधा र क्षेत्रसँग सरोकार राख्छ । आमनागरिकको चाहना, माग, आवश्यकता तथा राज्यको दायित्व, कर्तव्य र जिम्मेवारीबोधले सार्वजनिक नीतिको विषय र क्षेत्र निर्धारण गर्छ । नीति पनि सिर्जना गर्छ । मूलतः राज्यले गर्ने वा नगर्ने भनेर जुन विषयको निर्धारण गर्छ वा घोषणा गर्छ त्यो नै सार्वजनिक नीति हो । सार्वजनिक नीति सरकार, संसद्, नीति निर्माता र अभ्यासकर्ता, आमनागरिक, जनप्रतिनिधि, सञ्चार क्षेत्र, कानुन व्यवसायी, विभिन्न पेसाकर्मी, कृषक, विद्यार्थीलगायत सबैको समान सरोकार, चासो तथा खोजीनीतिको विषय हो र हुनु पर्छ ।

विकासनिर्माण, सार्वजनिक सेवा प्रवाह, सुशासन, भ्रष्टाचार नियन्त्रणलगायत आमनागरिकको जीवन र जीविकासँग प्रत्यक्ष सरोकार राख्ने विषयमा राज्यको नीति के हो, कस्तो हुनु पर्छ, नीति निर्माण प्रक्रिया कस्तो हुनु पर्छ, नीतिका प्रभाव के कस्ता हुन सक्छन् भन्ने विषयमा नीति निर्माण गर्नुअघि र नीति कार्यान्वियनको चरणमा पनि निरन्तर रूपमा बहस, छलफल तथा पुनरवलोकन भइरहनु पर्छ । यही मान्यताले नीति-बहसको आवश्यकता र औचित्यको सिर्जना गरेको छ ।

रम्भा-शुक संवादका क्रममा शुकदेवले भन्नुभएको थियो, "वादे वादे जायते तत्त्वबोधो ।" अर्थात्, संवाद वा बहसका माध्यमबाट नै सत्यको बोध हुन्छ, यथार्थको उत्खनन हुन्छ । यो सत्य हो कि संवाद, बहस, छलफल र विचार मन्थनका माध्यमबाट नै विषयवस्तुको गहिराइ र यथार्थमा पुग्न सकिन्छ । यही मूल मन्त्रमा आधारित भएर सार्वजनिक नीतिका विषयमा व्यापक र निरन्तर बहस गर्न आवश्यक छ । सार्वजनिक नीतिलाई मूलतः तीन चरणमा राखेर हेर्न सकिन्छ, नीति निर्माण, कार्यान्वयन र पुनरवलोकन वा समीक्षा । यी तिनै चरणमा नीति निर्माता र कार्यान्वयनकर्तालगायत नीतिको विषयमा सरोकार राख्ने व्यक्ति, समूह वा निकायका बिचमा अर्थपूर्ण बहस हुन आवश्यक हुन्छ । बहसले नवीन विचार जन्माउँछ, विचारको मन्थनले विषयवस्तुको दायरा फराकिलो बनाउँछ । सरोकारवाला व्यक्ति वा समुदायलाई सुसूचित बनाउँछ । यो प्रक्रियाले अन्ततः नीतिको उद्देश्य, नीतिका सकारात्मक तथा नकारात्मक पक्षलगायत परिणाम र प्रभावको समेत प्रक्षेपण गर्न मद्दत गर्छ । नीति प्रक्रियामा यसलाई निरन्तर रूप चलाइरहनु पर्छ ।

प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयको वेबसाइटमा 'नेपाल सरकारबाट जारी भएका राष्ट्रिय नीतिहरू' शीर्षक अन्तर्गत ११३ वटा नीति राखिएका छन् । उक्त सूचीमा २००८ सालमा जारी भएको 'राष्ट्रिय पोषण नीति तथा रणनीति' देखि २०८० सालमा जारी भएको 'साइबर सुरक्षा नीति' सम्म समावेश गरिएका छन् । साथै नीति परीक्षण प्रतिवेदन भनेर पाँच वटा नीति समावेश गरिएको छ भने हालसम्म एउटा नीति मात्रै संशोधन भएको देखिन्छ, 'कृषि जैविक विविधता नीति (प्रथम संशोधन २०७९)', जुन २०६३ मा जारी भएको थियो । यो विवरणले के सिद्ध गर्छ भने नेपालमा नीतिमाथि बहस, छलफल र संवाद हुने गरेको छैन, सरोकारवाला व्यक्ति, समूह तथा निकायको यसमा ध्यान जानै सकेको छैन । उदाहरणका लागि, 'राष्ट्रिय पोषण नीति तथा रणनीति' जारी गरेको सात दशक भइसकेको छ । उक्त नीतिमा समावेश विषयवस्तु अहिलेको परिवर्तित सन्दर्भमा कति सान्दर्भिक होलान् र कार्यान्वयनयोग्य होलान् त ? यो नीति निर्माता, कार्यान्वयनकर्तालगायत आमसरोकारवालाका लागि गम्भीर प्रश्न हो ।

नीतिको आवश्यकता र सिर्जना कुनै एक निश्चित अवस्थामा हुन्छ । समय परिवर्तनशील छ र गतिशील पनि छ । कुनै एक परिवेशमा बनेको नीति अर्को परिवेशमा पुग्दा त्यसको औचित्य सकिएको हुन सक्छ वा त्यसलाई परिमार्जन गरेर समयसापेक्ष बनाउनुपर्ने हुन्छ । यसैका लागि पनि नीतिमा बहस आवश्यक हुन्छ । नीति निर्माण गर्नुअघिको बहसले नीतिलाई कार्यान्वयनयोग्य बनाउँछ, सुसूचित नीति बनाउन मद्दत गर्छ, नीतिप्रतिको अपनत्व स्वतः स्थापित हुन्छ भने नीति निर्माणपश्चात् निरन्तर हुने बहसले नीति कार्यान्वयनका लागि सकारात्मक वातावरण सिर्जना गर्छ । त्यति मात्रै होइन नीति-बहसले मौजुदा नीतिको प्रभावकारिताको अवस्था र नीति पुनरवलोकन तथा संशोधनको आवश्यकता छ वा छैन भन्ने पक्षको बोध गराउँछ । यसले नीति कार्यान्वयन तथा सुधार गर्न मद्दत पुर्‍याउँछ ।

> हाम्रो समस्या भनेको नीति एकातिर कार्यान्वयन गर्ने निकाय अर्कैतिर छन् भने लाभग्राही त कता हो कता । न नीति कति सान्दर्भिक छन् भनेर नियमित रूपमा पुनरवलोकन हुन सकेको छ, न कार्यान्वयन गर्ने निकायले नीति पल्टाएर हेर्छ न त नीतिबारे लाभग्राही नै सुसूचित छन् ।

नेपालमा नीति निर्माण र कार्यान्वयनका सन्दर्भमा एउटा गलत भाष्य निर्माण भएको छ, नीति असाध्यै राम्रा बन्छन् तर कार्यान्वयन हुँदैनन् । वास्तवमा नीति राम्रा बन्न नसकेर नै कार्यान्वयन नभएका हुन् । विषय क्षेत्रगत नीतिमा कर्णप्रिय शब्द सङ्ग्रह गर्दैमा वा क्षमताभन्दा परको सपना पस्किँदैमा नीति राम्रा हुँदैनन् । नीति राम्रा वा कार्यान्वयनयोग्य हुनका लागि नीतिका विषयमा अनुसन्धान हुनु पर्छ, नीति तथ्य र प्रमाणमा आधारित भएर बनाउनु पर्छ । सरोकारवालाबिच पर्याप्त बहस, छलफल तथा परामर्श हुनु पर्छ । यसले नीतिप्रति लाभग्राहीले स्वामित्व र अपनत्व महसुस गर्ने वातावरण सिर्जना गर्छ, जसले नीति कार्यान्वयनका लागि उपयुक्त वातावरण निर्माण गर्न मद्दत पुर्‍याउँछ ।

नीति-बहस नीति सुधार गर्ने एउटा महत्त्वपूर्ण आयाम हो । नीति-बहसमार्फत सार्वजनिक नीतिका विषयवस्तुको विश्लेषण गर्ने, चिरफार गर्ने, नीति सुधारका मुद्दा पहिचान गर्ने, नीति कार्यान्वयन गर्ने निकायलाई महत्त्वपूर्ण सुझाव उपलब्ध गराउने हो । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्धका समसामयिक विषयमा राज्यले तत्काल अपनाउनुपर्ने नीतिका सन्दर्भमा बहस तथा विचार मन्थनमार्फत नीतिगत सुझाव उपलब्ध गराउने हो । नीतिका विषयवस्तु तथा नीतिले प्रदान गरेका सेवा सुविधासम्बन्धी जानकारी लाभग्राहीसम्म पुर्‍याउनेलगायतका सन्दर्भमा नेपाल सरकारको 'थिङ्क ट्याङ्क' नीति अनुसन्धान प्रतिष्ठानले अग्रणी र नेतृत्वदायी भूमिका खेल्न सक्छ र खेल्नु पर्छ । नीति अनुसन्धान प्रतिष्ठान नेपाल सरकारको 'थिङ्क ट्याङ्क' मात्रै होइन, यो सार्वजनिक नीतिबारे अध्ययन अनुसन्धान गर्ने, बोल्ने तथा सरकारलाई सुझाव उपलब्ध आधिकारिक संस्था हो ।

नीति अनुसन्धान प्रतिष्ठानले सार्वजनिक नीतिका विविध क्षेत्र तथा विषयमा थुप्रै अध्ययन अनुसन्धान गरेर नेपाल सरकारसमक्ष प्रतिवेदन पेस गरेको छ । दर्जनौँ प्रतिवेदन प्रतिष्ठानको पुस्तकालयमा छन् । यस्ता प्रतिवेदन सार्वजनिक चासोका विषय हुन्, हुनु पर्छ । प्रतिष्ठानले सार्वजनिक नीतिका विषयमा गरेका अध्ययन प्रतिवेदन (गोप्यबाहेक) ले नीति सुधारका सन्दर्भमा पहिचान गरेका मुद्दा, उठान गरिएका विषयवस्तु, अध्ययनबाट प्राप्त निष्कर्ष आमसरोकारवालासम्म पुर्‍याउन पनि निरन्तर रूपमा नीति-बहसको जरुरत पर्छ । यस प्रकारको नीति-बहसमा प्रतिष्ठान मात्रै होइन अन्य 'थिङ्क ट्याङ्क', प्राज्ञिक संस्था, नीति निर्माता, स्वयम् जनप्रतिनिधिलगायत सार्वजनिक नीतिको विषयमा सरोकार राख्ने व्यक्ति हुनु पर्छ । यसले नीति सुधारका महत्त्वपूर्ण विषयवस्तुको पहिचान गर्नुका साथै नीति कार्यान्वयनका लागि सकारात्मक दबाब पनि सिर्जना गर्छ । रम्भा-शुकदेव संवादमा शुकदेवले भनेको "वादे वादे जायते तत्त्वबोधो" भनेको यही हो । यस प्रकारको बहसलाई सरोकारवालासम्म पुर्‍याउने सन्दर्भमा सञ्चार माध्यमको भूमिका महत्त्वपूर्ण हुन्छ ।

हामीसँग दर्जनौँ मौजुदा विषय क्षेत्रगत नीति छन् भने दर्जनौँ नीति निर्माणकै चरणमा छन् । यद्यपि अधिकांश नीति लाभग्राही वा अन्य सरोकारवालालाई कतिपय मौजुदा नीति वा बन्दै गरेका नीतिमा के छ भन्ने जानकारीसम्म पनि नहुने अवस्था छ । मौजुदा नीतिको प्रति वा बन्दै गरेको नीतिको खेस्रा सम्बन्धित मन्त्रालय वा निकायको वेबसाइटमा राख्ने कार्य प्रविधिसँग सम्बन्धित प्राविधिक विषय भएको हुँदा त्यो सबैलाई जानकारी हुँदैन । उदाहरणका लागि वैदेशिक रोजगार नीतिलाई लिन सकिन्छ । कामका लागि विदेश जाने नागरिकको सुरक्षा, सुविधालगायत भएका नीतिगत व्यवस्थाबारे वैदेशिक रोजगारीमा जाने अधिकांशलाई जानकारी नै छैन । जानकारीको अभावमा राज्यले प्रदान गरिरहेको सुविधा लिनबाट लाभग्राही वञ्चित भइरहेको अवस्था पनि छ । यस प्रकारको अवस्था अन्त्यका लागि व्यापक नीति-बहसको आवश्यकता छ ।

नीति-बहसमार्फत नीतिमा सुधार गर्न, नीति कार्यान्वयनका लागि उपयुक्त वातावरण निर्माण गर्न तथा नीतिप्रति सचेतना अभिवृद्धि गर्न 'थिङ्क ट्याङ्क', प्राज्ञिक संस्थालगायत नीतिप्रति सरोकार राख्ने व्यक्ति तथा समुदाय लघुताभासबाट मुक्त हुन आवश्यक छ । 'जति भने पनि सुधार हुन्न' वा 'हामी देखिने होइन' वा 'यसमा कलम चलाइहाल्नु हुन्न' भन्ने कमजोर मानसिकताबाट 'थिङ्क ट्याङ्क', प्राज्ञिक संस्थालगायत नीतिप्रति सरोकार राख्ने व्यक्ति तथा समुदाय माथि उठ्न आवश्यक छ । 'वादे वादे जायते तत्त्वबोधो' भने जस्तै नीतिको विषयमा निरन्तर रूपमा गरिने बहस तथा संवादबाट नवीन विचारको सिर्जना हुन्छ, विचारहरू परिपक्व हुँदै जान्छन् र विषयवस्तुको गहिराइसम्म पुग्न सकिन्छ ।

राज्यले आमनागरिकलाई सेवा सुविधा प्रदान गर्न वा नियन्त्रण, नियमन, संरक्षण, प्रवर्धन गर्न सयौँ विषय क्षेत्रगत नीति बनाएर सार्वजनिक गरेको छ । परिवर्तित सन्दर्भमा नयाँ नीति बनाउने क्रम पनि चलिराखेको छ । नीति निर्माणको प्रक्रियाकै सन्दर्भमा छुट्टै बहस गर्न सकिन्छ । अहिलेको समस्या के हो भने बनेका नीति एकातिर छन्, कार्यान्वयन गर्ने निकाय अर्कैतिर छन् भने लाभग्राही त कता हो कता । न नीति कति सान्दर्भिक छन् भनेर नियमित रूपमा पुनरवलोकन हुन सकेको छ, न कार्यान्वयन गर्ने निकायले नीति पल्टाएर हेर्छ न त नीतिबारे लाभग्राही नै सुसूचित छन् । सबैले आआफ्नै पारामा डम्फु बजाइराखेको अवस्था छ । त्यस कारण कम्तीमा पनि समयसापेक्ष नीति सुधारका लागि तथा मौजुदा नीति कार्यान्वयनका लागि उपयुक्त वातावरण निर्माण गर्न र लाभग्राहीलाई नीतिको विषयमा सुसूचित गराउन निरन्तर रूपमा नीतिको विषयमा व्यापक बहस गर्न आवश्यक छ । साथै सार्वजनिक नीतिको विषयमा सरोकारवालालाई सुसूचित गराउने तथा नीति कार्यान्वयनका लागि उपयुक्त वातावरण सिर्जना गर्ने कार्यले नै नीति-बहसको औचित्यलाई पनि स्थापित गर्ने छ ।

# विपत् व्यवस्थापनमा तदारुकता



खगेन्द्र फुयाँल

बर्खायाम सुरु नहुँदै परेको पानीले नसोचेको क्षति पुर्‍यायो । वैशाख २१ गतेको वर्षाले देशका राजमार्गमा अवरोध गर्‍यो । वर्षाले नारायणगढ-बुटवल सडकखण्ड, सूर्यविनायक-धुलिखेल सडकखण्ड र पृथ्वी राजमार्ग अन्तर्गत तनहुँको म्याग्देलगायतका सडकखण्ड अवरुद्ध भएका थिए । त्यो दिनको वर्षाले कान्ति लोकपथसमेत केही समय रोकिएको थियो । त्यसै गरी वैशाख २९ गतेको वर्षाले काभ्रेको पनौतीमा एक जना महिलालाई बगाएर बेपत्ता बनायो । मौसम पूर्वानुमान महाशाखाका अनुसार वैशाख २९ गते काभ्रेपलाञ्चोक, गुल्मी, स्याङ्जालगायतका केही क्षेत्रमा भारी वर्षा भएको थियो । गुल्मीमा ५६.४ मिलिमिटर, स्याङ्जामा ५३ मिलिमिटर र काभ्रेमा छ घण्टामै ३९.६ मिलिमिटर वर्षा भएको थियो ।

एक्कासि भएको ठुलो वर्षाले काभ्रेमा जनधनको क्षति हुन पुग्यो । गत वर्ष रोसी खोलामा आएको बाढीले बगाएको बिपी राजमार्गको डाइभर्सन बगाउँदा १८ घण्टाभन्दा धेरै समय सडक अवरुद्ध हुन पुग्यो । सडक अवरुद्ध हुँदा गन्तव्यमा हिँडेका हजारौँ यात्री मारमा परे । वर्षा सुरु नहुँदै सडकको दुरवस्थाले यस वर्ष पनि दसैँमा घर जानेबेला के हुने हो भन्नेतर्फ राजमार्ग प्रयोग गर्नेहरूमा चिन्ता बढ्न थालेको छ । प्री मनसुनका बेला भएको मानवीय तथा भौतिक क्षति आजको समयमा अपत्यारिलो र लाजमर्दो विषय हो । प्राकृतिक प्रकोप रोक्न त सकिँदैन तर यसबाट हुन सक्ने क्षति न्यूनीकरण गर्न भने पक्कै सकिन्छ । सम्भावित क्षति रोक्न ऋतु अनुसारको तयारी र व्यवस्थापन चुस्त दुरुस्त राख्नु पर्छ । सडक तथा अन्य भौतिक पूर्वाधार निर्माणमा हुने ढिलासुस्ती र लापर्बाही नियन्त्रण गर्नु पर्छ ।

नेपालमा जुन महिनाको १० देखि १५ को आसपास बङ्गालको खाडीमा विकास हुने मनसुन पूर्वी क्षेत्र हुँदै नेपाल प्रवेश गर्ने बताइन्छ । जुनदेखि सेप्टेम्बरसम्म चार महिना रहने मनसुनमा नेपालमा वार्षिक वर्षाको ८० प्रतिशत वर्षा यसै अवधिमा हुने मौसमविद्को भनाइ छ । जलवायु परिवर्तनको असर मनसुनमा पनि देखिएको छ । अधिक वर्षा र खण्डवृष्टि यसका उदाहरण हुन् । पृथ्वीको तापक्रम बढ्दै जानु, विभिन्न प्रजातिका जीवजन्तु तथा वृक्ष लोप हुँदै जानु, विभिन्न रोगका प्रकोप फैलनु पनि जलवायु परिवर्तनको परिणाम हो, भनिएको छ ।

मनसुनले मानव, जीवजन्तु, कृषि, वातावरणलगायत समग्र पर्यावरणमा महत्त्वपूर्ण भूमिका खेल्छ । नेपालमा भौगोलिक अवस्थाले गर्दा मनसुनसँगै आउने बाढीपहिरो जस्ता प्राकृतिक विपत्तिको उच्च जोखिम रहेको छ । जसका कारण हरेक वर्ष नेपालमा मनसुनको समयमा ठुलो जनधनको क्षति हुने गर्छ ।

गत वर्षको मनसुनमा देशभरि ठुलो मात्रामा मानवीय तथा भौतिक क्षति भयो । असोज दोस्रो साता परेको अविरल वर्षाले देशको राजमार्गमा ठुलै क्षति पुर्‍यायो । काठमाडौँ उपत्यकाका नदी किनार आसपासका बस्ती डुबानमा परे । जापान सरकारको सहयोगमा बनेको बिपी राजमार्गको करिब १२ किलोमिटर सडक बगाउँदा देशलाई ठुलो क्षति भयो । खुर्कोटमा सिन्धुली-रामेछाप जोड्ने सुनकोशी नदीको पक्की पुल बगाउँदा दुई जिल्लाबिचको आवतजावत केही हप्ता अवरुद्ध भयो । दसैँको मुखमा राजमार्गमा समस्या हुँदा हजारौँ यात्रु वैकल्पिक मार्गमार्फत कष्टपूर्ण यात्रा गर्न बाध्य भए । यता मकवानपुरको कुलेखानी जलविद्युत् आयोजनाको भरिएको ड्याम खोल्दा कुलेखानी खोलामा आएको बाढीले सिस्नेरी बजारमा ठुलो क्षति पुर्‍यायो । बाढीले कुलेखानी सिस्नेरी सडकखण्डको केही भाग बगाउनुका साथै उक्त क्षेत्रमा प्रशिक्षणमा रहेका केही होनाहार युवा खेलाडीसमेत गुमाउनु पर्‍यो ।

### विपत् व्यवस्थापन

नेपाल प्राकृतिक तथा भूबनोटका हिसाबले विभिन्न प्रकारका विपत्को उच्च जोखिममा रहेको देश हो । यहाँ भूकम्प, बाढीपहिरो, आगलागी, खडेरी, महामारी जस्ता प्राकृतिक विपत् आइपर्ने गरेका छन् । यस्ता विपत्मा जनधनको ठुलो क्षति हुनुका साथै सामाजिक, आर्थिक र वातावरणीय क्षेत्रमा समेत नकारात्मक असर पर्ने गरेको छ । विपत् व्यवस्थापन भन्नाले कुनै पनि विपत् आउनुअघि त्यसबाट हुने सम्भावित क्षति कम गर्न गरिने तयारी, विपत् आइसकेपछि गरिने उद्धार तथा राहत र पुनर्निर्माणसम्मको कार्यलाई बुझिन्छ । यसमा विपत्को जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य र पुनर्स्थापना जस्ता कुरा पर्छन् । विपत्बाट हुने सम्भावित जोखिमलाई कम गर्न विभिन्न उपाय अवलम्बन गरिन्छ । जोखिम पहिचान गर्ने, जनचेतना अभिवृद्धि गर्ने, भूउपयोग योजना बनाउने, पूर्वाधार विकासमा ध्यान दिनु पर्छ । जलवायु परिवर्तन अनुकूलन कार्यका लागि प्रोत्साहन गर्न सकिन्छ । कमजोर भूबनोट भएका क्षेत्रमा बस्ती विकासलाई निरुत्साहित गर्ने, भूकम्पप्रतिरोधी संरचना निर्माणलाई जनचेतना अभिवृद्धि गर्न सकिन्छ । बाढीको जोखिम भएका क्षेत्रमा तटबन्ध निर्माण गरी जोखिम न्यूनीकरण गर्न सकिन्छ ।

### पूर्वतयारी

विपत्अघि त्यसको सामना गर्न गरिने तयारी नै विपत्को पूर्वतयारी हो । विभिन्न विपत्सम्बन्धी पूर्वसूचना प्रणालीको विकास गर्न सकिन्छ । उद्धार तथा राहत सामग्रीको व्यवस्थापन, स्वयंसेवकको तालिम, सुरक्षित स्थानको पहिचान र विपत् व्यवस्थापन योजना निर्माण जस्ता कार्य पर्छन् । प्रभावकारी पूर्वतयारीले विपत्को समयमा हुने क्षतिलाई धेरै हदसम्म कम गर्न मद्दत गर्छ । प्राकृतिक विपत्को क्षेत्रमा क्रियाशील सरकारी निकाय तथा गैरसरकारी संस्थालाई थप सशक्त बनाउँदै जनताप्रति उत्तरदायी बनाउनु पर्छ । विपत्पछि तत्कालै गरिने उद्धार, राहत र प्राथमिक उपचारका कार्य प्रतिकार्य अन्तर्गत पर्छन् । यस समयमा खोज तथा उद्धार टोलीको परिचालन, घाइतेको उपचार, खाद्यान्न, पानी, औषधी, आश्रयको व्यवस्थापन जस्ता कार्य प्राथमिकतामा पर्छन् । यस चरणमा छिटो एवं प्रभावकारी ढङ्गले मानवीय क्षति कम गर्न र थप क्षति हुनबाट जोगाउन मद्दत गर्छ ।

### पुनर्निर्माण तथा पुनर्स्थापना

विपत्पश्चात् प्रभावित भौतिक संरचना तथा समुदायलाई पुरानै अवस्थामा फर्काउने कार्य पुनर्निर्माण तथा पुनर्स्थापना हो । क्षतिग्रस्त भौतिक संरचनाको पुनर्निर्माण, जीविकोपार्जनका अवसरको सिर्जना, सामाजिक तथा मनोवैज्ञानिक सहयोग प्रदान गर्ने जस्ता कार्य यस अन्तर्गत पर्छन् । जसले समुदायलाई आत्मनिर्भर बनाउन महत्त्वपूर्ण भूमिका खेल्छ ।

नेपालमा प्राकृतिक विपत् व्यवस्थापनका लागि धेरै प्रयास भए पनि थुप्रै चुनौती विद्यमान छन् । भौगोलिक विकटता, कमजोर पूर्वाधार, आर्थिक समस्या, समन्वयको अभावलगायत पर्याप्त स्रोतसाधनको कमी जस्ता कारणले विपत् व्यवस्थापनलाई थप जटिल बनाएको छ । यस्ता चुनौतीको सामना गर्न र विपत् व्यवस्थापनलाई अझ प्रभावकारी बनाउन सरकार, गैरसरकारी संस्था, समुदाय र सरोकारवाला सबै पक्ष एक भई सहकार्य गर्नुको विकल्प छैन । विपत् जोखिम न्यूनीकरणका लागि दीर्घकालीन योजना बनाउनुपर्ने आवश्यकता देखिन्छ । विपत् पूर्वतयारीलाई थप सुदृढ बनाउनु आवश्यक छ ।

# सगरमाथा संवाद कूटनीति





एकराज पाठक

नेपालले आयोजना गरेको सगरमाथा संवादको पहिलो संस्करण (जेठ २–४) कै सेरोफेरोमा विश्व मौसम सङ्गठनले आउँदो सन् २०२९ सम्मको पाँच वर्षलाई अहिलेभन्दा ताता वर्ष रहने प्रक्षेपण गरिरहेको थियो । त्यसो त गएका पाँच वर्षयता नै विश्वले ताता वर्षको अनुभव गरिरहेकै छ । पछिल्लो प्रक्षेपणले आउँदा पाँच वर्ष विगतका भन्दा झन् ताता बन्ने छन् भनेको छ । जबकि गएको वर्ष सन् २०२४ अहिलेसम्मकै तातो वर्ष भनिएको थियो । गएको सात दशकयताको विश्वको तातोपनमा गरिएका तुलनात्मक अध्ययनमा गत वर्ष बढी तातो पाइएको अध्ययनबाट थाहा भएको थियो ।

यसरी बर्सेनि रेकर्ड तोड्दै जाने हो भने आउने विश्व कति तातो बन्ने हो भन्ने अनुमान अहिल्यै लगाउन सकिँदैन । अनि तापमानको मापनले आउने वर्षमा कति डिग्री सेल्सियसको पारो हान्ने हो भन्ने अनुमान पनि अहिले नै लगाउन गाह्रो छ । यद्यपि जलवायु एवं मौसम सङ्गठनले आगामी समयका खण्ड खण्डका तापमानका उच्चतम परिधि समेटिएका प्रक्षेपण त गर्ने नै छन् । अनुसन्धानदाता भन्छन्, “सम्भवतः आउँदो पाँच वर्ष अहिलेको तापक्रमको बढोत्तरी दुई डिग्री सेल्सियसको आसपासमा हुने छ । त्यसपछिका वर्ष अर्थात् सन् २०३० पछि तापक्रमले दुई डिग्रीलाई पार गरेर तीनतिर उक्लिने प्रक्षेपण पनि अहिले नै आएका छन् । अरूतिरको तातोले हिमाली भेग पनि थप तताउने नै छ । सके त्योभन्दा बढी, नत्र यही अवस्थामा हाम्रो हिमाली क्षेत्रमा तापक्रम बढ्ने छ । औसत तापक्रमभन्दा हिमाली भेगको वृद्धि माथि उक्लने हो भने यसको प्रभावले त्यही गतिमा मानव र चराचर जगत्लाई थप समस्याले पिरोल्ने छ ।

> हाम्रा छिमेकी देश र विश्वका कैयौँ देश तथा अन्तर्राष्ट्रिय सङ्घ सङ्गठनका प्रतिनिधिले नेपालले अगाडि सारेका एजेन्डामा भोलिका दिनमा साथ दिने र सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । यो सन्देश नेपालका लागि भोलिका दिनमा अझ बढी आवश्यक र महत्वपूर्ण हुन जाने छ ।

यता हिन्दकुश हिमालय पर्वत शृङ्खला दिनप्रतिदिन सङ्कटमा परिरहेको नेताको विश्व मञ्चमा दिने भाषणको मुख्य विषयवस्तु बन्ने गरेको छ । यो भूगोल बितेका दशकदेखि नै आफ्नो अस्तित्व जोगाइराख्ने सङ्घर्षमा छ । यस क्षेत्रका नेपालसहितका हिमालको सेताम्मे पहिचान गुम्दै जाने खतरा बढेको छ । पछिल्ला वर्षको यो ह्रासोन्मुख स्वरूपले सङ्कटको सङ्केत स्पष्ट रूपमा गरेको छ । हिजोआजको बढ्दो तापमानले पनि हिमाललाई नै सबैभन्दा बढी लक्ष्य बनाएको देखिने गरेको छ । यसबाट नेपाल र नेपाल जस्तै पर्वतीय देश प्राकृतिक प्रकोपको सिकार बन्दै गएका छन् । हाम्रा हिमालको पहिचान नै परिवर्तन भएका तस्बिरहरू आउन थालिसकेका छन् । सेता चम्किला हिमचुली कालापत्थरमा परिणत भइरहेका दृश्य हाम्रै अगाडि विभिन्न माध्यमबाट आएकै छन् । अनुसन्धानबिना नै तथा हाम्रा नाङ्गा आँखाले देख्ने गरी जलवायु परिवर्तनले हामीलाई क्षति पुर्‍याइरहेको आभास दिलाएकै छन् ।

अहिलेकै अनुपातमा हिउँ पग्लँदै जाने हो भने हिमालयन हिन्दकुश क्षेत्रका हिमनदीले यो शताब्दीको अन्त्यसम्ममा ८० प्रतिशतसम्म हिउँ गुमाउन सक्ने अनुसन्धानहरू आउन थालेका छन् । यसले उच्च पहाडी क्षेत्रमा बाढीपहिरोसहितको विपत् कति निम्त्याउला ? अहिले नै भन्न सकिने अवस्था छैन । सगरमाथा संवादमा आएका विदेशी पाहुनाका लागि आयोजना गरिएको ‘ माउन्टेन फ्लाइट’ मा पुगेका पाहुनाको अनुभव पनि त्यस्तै थियो । उहाँहरूमध्ये कतिपय त हिमालको अहिलेको स्वरूप देखेर छक्क परेको बताउनुभएको थियो । यसअघि पनि यसै गरी माउन्टेन फ्लाइटमा गएर हिमाल हेर्ने गरेका उहाँहरूले सो धारणा राख्नुभएको थियो । पहिले आफूहरूले देखेको तुलनामा अहिले हिमालमा हिउँ घटेको अनुभव उहाँहरूले सुनाउनुभएको थियो । यस कारण पनि सगरमाथा संवादमा अघि सारिएको माउन्टेन संरक्षण नेपालको एजेन्डा जायज र अहिलेको अवस्थामा आवश्यक रहेको धारणा उहाँहरूको थियो ।

नेपालले जलवायु परिवर्तनको घातक परिणाम बेहोर्न सुरु गरिसकेको छ । गत असोजमा आएको बेमौसमी वर्षाबाट भएको अकल्पनीय क्षति यसको एउटा उदाहरण हो । त्यसले निम्त्याएको बाढीपहिरोमा परेर २५० भन्दा बढी मानिसको ज्यान गएको थियो भने अर्बौं रुपियाँ बराबरको भौतिक संरचनामा क्षति पुगेको थियो । जलवायुजन्य विपत्का कारण बाढीपहिरो र यसबाट पिउने पानी, सडक, ऊर्जा, सिँचाइ तथा कृषिसम्बन्धी पूर्वाधार भत्किएका थिए । खाद्य, स्वास्थ्य, आवास, सरसफाइ, पिउने पानी जस्ता मानिसका आधारभूत आवश्यकतामा सो बाढीले धावा बोलेको थियो । अब हामी र हामी जस्ता देशले जलवायु न्यायका कूटनीतिक पहललाई सुनिने र बोलिने स्वरूपमा अघि सार्नु पर्छ । विश्वमा कूटनीतिका विविध आयामको विकास हुँदै जाँदा अबका दिनमा जलवायु कूटनीतिलाई नेपालले थप बलियो बनाउनुपर्ने अवस्था आइसकेको छ । हामीले स्थान पाउने क्षेत्रीय, अन्तर्राष्ट्रिय वा विश्व मञ्चमा जलवायु परिवर्तनका कारण हामीमाथि परेको असरका कुरालाई नै राख्नु पर्छ ।

नेपालले यसै विषयमा अन्तर्राष्ट्रिय अदालत (आइसिजे) मा आफ्नो उपस्थिति दर्साएको छ । जलवायु परिवर्तनले नेपाललाई परेको असर र पाउनुपर्ने क्षतिपूर्तिबारे गत डिसेम्बरमा अदालतमै उपस्थित भएर नेपालका तर्फबाट परराष्ट्रमन्त्री डा. आरजु राणाले न्याय माग्नुभएको हो । नेपालले यसरी अन्तर्राष्ट्रिय अदालतमा उपस्थित भएर जलवायु न्यायका लागि आफ्नो दाबी पेस गरेको यो पहिलो पटक हो । जलवायु परिवर्तनको वर्तमान अवस्था र यसका कारण नेपालमा परेको असर दर्साउँदै मन्त्री डा. राणाले नेपालले पाउनुपर्ने क्षतिपूर्तिका आधार प्रस्तुत गर्दै न्यायका लागि दाबी पेस गर्नुभएको हो । सो अदालतमा मन्त्री डा. राणाले नेपाललाई नखाएको विष कसरी लागेको छ भन्ने विषयको फेहरिस्त प्रस्तुत गर्दा त्यो तर्कमा विश्व समुदाय राम्रैसँग ‘कन्भिन्स’ भएको थियो । विश्वका धनी तथा विकसित मुलुकले कार्बन उत्सर्जन गर्दा नेपाल जस्ता मुलुक समस्यामा परेका तथा हामीले उत्सर्जन गर्ने कार्बनको मात्रा अति नगण्य हुँदाहुँदै पनि हामी नै अस्वाभाविक असरको मारमा रहेको तर्क मन्त्री डा. राणाको थियो ।

यसरी दोहोरो मारमा परेको नेपालले आफ्नो अवस्था र व्यवस्थालाई स्पष्ट मात्रामा विश्व समुदायसम्म पुर्‍याई थप उजागर गर्न नेपालले सगरमाथा संवादको आयोजना गरेको हो । जे विषय र कारणले हामी पीडित छौँ, त्यसका लागि हाम्रो आवाज कूटनीतिक रूपमा बुलन्द होस्, पीडितका पक्षमा परिस्थितिको वकालत गर्ने वातावरण सिर्जना होस् र सामयिक रूपमा जलवायु कूटनीतिको आवश्यकतालाई थप प्रवर्धन र विस्तार गर्न सकियोस् भनेर नै सगरमाथा संवादको आयोजना गरिएको हो । हाम्रा यी उद्देश्यलाई यस संवादले राम्रैसँग सघाएको महसुस गरिएको पनि छ ।

सगरमाथा संवादको यस वर्षको नारा ‘जलवायु परिवर्तन, हिमाल र मानव जातिको भविष्य’ रहेको थियो । यही नारामार्फत सगरमाथा संवादले हिमाल संरक्षणको आवाजलाई विश्वमाझ पुर्‍याएको छ । विश्वव्यापी तापक्रम वृद्धि हुने गरी कार्बन उत्सर्जन गर्ने मुलुक विकसित एवं ठुला अर्थतन्त्र नै हुन् । दुई वर्षअघिको एक अध्ययनले कार्बन उत्सर्जन गर्ने मुलुकको सूचीमा नेपाल ९५ औँ स्थानमा रहेको देखाएको छ । उता नेपालले सन् २०४५ भित्र शून्य कार्बन उत्सर्जनको लक्ष्य तय गरिसकेको छ । विश्वका प्रमुख १० कार्बन उत्सर्जनकर्ता मुलुकको अग्रपङ्क्तिमै छन् हाम्रा छिमेकी भारत र चीन । यी छिमेकको बिचमा अवस्थित नेपालले उनीहरूका उच्च राजनीतिक तहलाई उपस्थित गराएर नेपालले अगाडि सारेको हिमाल संरक्षणको एजेन्डामा साथ दिन आग्रह गर्नु पनि कूटनीतिक सफलता नै हो । छिमेकी देशका तर्फबाट सहभागी उच्च राजनीतिक प्रतिनिधिले जलवायु परिवर्तन जस्तो साझा र संवेदनशील एजेन्डामा आफूहरू नेपालको साथमा रहेको सन्देश दिनुलाई महत्त्वपूर्ण कूटनीतिक उपलब्धि मान्नु पर्छ ।

नेपालका मानिसहरूको चासो छिमेकबाट आउने उच्च राजनीतिक प्रतिनिधिमा नै देखिएको थियो । यत्तिमै संवादको पहिलो संस्करणको सफलतालाई मापन गर्नु हुँदैन । नेपालले लिएको एजेन्डा, यसको उपादेयता र छिमेकबाट भएको सम्बद्ध क्षेत्र या विषयकै राजनीतिक उच्च प्रतिनिधित्वलाई पनि हेर्नु पर्छ । विभिन्न देश र मञ्चमा सहभागिताका लागि विश्वका विभिन्न देशमा पुगेका बखत परराष्ट्रमन्त्री डा. राणाले नेपालले सगरमाथा संवाद आयोजना गरेको जानकारी दिँदै त्यसमा सहभागी हुनका लागि गर्नुभएको आमन्त्रणले पनि कूटनीतिक फोरमका रूपमा सफल बनाउन सहयोग पुर्‍याएको छ ।

सगरमाथा संवादको यो पहिलो संस्करणले सगरमाथा नै चढेको होइन । पहिलो प्रयासमै यसरी हिमाल आरोहणको सफलता बिरलै भेटिएला तर पनि सगरमाथाको आधार शिविरसम्म पुगेको यो कार्यक्रमले कूटनीतिक रूपमा सही सन्देश दिन भने पछाडि परेको छैन । यहाँ हिमाल संरक्षण जस्तो हाम्रो संवेदनशील र महत्त्वपूर्ण विषयमा व्यापक मात्रामा छलफल भएको छ । हाम्रा छिमेकी देश र विश्वका कैयौँ देश तथा अन्तर्राष्ट्रिय सङ्घ सङ्गठनका प्रतिनिधिले नेपालले अगाडि सारेका एजेन्डामा भोलिका दिनमा साथ दिने र सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । यो सन्देश नेपालका लागि भोलिका दिनमा अझ बढी आवश्यक र महत्त्वपूर्ण हुन जाने छ ।

# मन जित्ने मान्छे



जयदेव भट्टराई

धेरैको मन जित्नुभएको रहेछ, पशुपति आर्यघाटमा उहाँलाई अन्तिम श्रद्धाञ्जली दिन लामबद्ध लामले त्यसै भन्थ्यो । साहित्य, संस्कृति क्षेत्रका मात्र होइन राजनीति, प्रशासन, समाजसेवा र व्यापार व्यवसाय, गायन र सङ्गीत, आफन्त र शुभेच्छुकको भिडले गणेश रसिकको व्यक्तित्वको विविध पाटा झल्किन्छ । धेरैको मन जित्न सक्ने मान्छे रोगलाई चाहिँ जित्नै नसकी २०८२ जेठ १८ गते यो धराबाट बिदा हुनुभयो –

*कति दिन बाँच्नु यो हुस्सुले छोपेको सहरमा*
*यो हुस्सु फाट्दा सायद म मरिसकेको हुन्छु*
*यहाँ घाम लाग्दा सायद म ढलिसकेको हुन्छु*
*मेरा आफन्तले मलाई न्यानो दिन खोज्दा*
*सायद म हिउँ भई जमिसकेको हुन्छु ।*

उहाँको यो गीतले भने जस्तै क्यान्सर जस्तो कडा रोगबाट पीडित बनेर यो सहरमा ७८ वर्षको उमेरसम्म मात्र बाँच्नुभयो । आफू बाँचेको उमेरमै पीडाका अनेकौँ कहालिलाग्दो दृश्य देखेर, भोगेर, पीडाका आँसु पिएर पनि सिर्जना र साधनामा समय दिन सक्ने मान्छे । आँखैअगाडि आत्महत्या, दुर्घटना र हत्याका कारण तीन/तीन जना भाइ–भतिजालाई गुमाउनुपर्दाको पीडा, कलिलो उमेरमै संसार छाड्ने छोराको अभाव, जीवनको सहारा र सर्वस्व सुम्पिएकी श्रीमती (नीरा रसिक) सबका सबलाई गुमाउँदै गुमाउँदै बल्ल अलि समालिएको मनलाई चार वर्षदेखि देखिएको क्यान्सर जस्तो रोगले सताएपछि उहाँलाई भन्न पनि मन लाग्दो हो, के भएको हो जीवनमा दुःख जति खेप्ने ठेक्का चाहिँ मैले नै पाएको रहेछु –

*हटी होइन डटी लड्ने नेपालीको बानी हुन्छ*

उहाँकै गीत जस्तै रोग र जीवन बाँच्ने क्रममा आइपरेका अनेकौँ समस्यासँग डटेर लड्दै जीवनको ७८ वर्षको उमेरसम्म आइपुगेपछि हरिसिद्धिस्थित क्यान्सर अस्पतालमा जीवनको अन्तिम सास फेर्दा पनि उहाँकै गीत स्मरण गर्न पुगियो–

*घरबेटी नानी आँगनमा देउन मलाई बास .....*

उहाँको पार्थिव शरीरलाई हेरेर देखेर धेरैले बैकुण्ठबास होस् भनेर कामना गरेको पनि सुनियो । भोजपुरमा जन्मिएर जीवनको उर्वर समय त्यतै बिताएर बाबुबाजेले राखिदिएको नाम गणेश राईलाई एकातिर राखेर आफैँलाई चिनाएको नाम गणेश रसिक बनेर इलाम, काठमाडौँ गर्दै बितेको जीवनबाट थकाइ मार्नसम्म नपाएको जीवन बाँच्न र पीडा खेप्दैमा बित्यो । पछिल्ला केही वर्ष त उहाँको जीवन क्यान्सर अस्पताल हरिसिद्धि र बालकोटस्थित आफ्नै घर आउ जाउमै बितेसरह बन्न पुग्यो । अस्पतालको शय्यामा बसेर आफ्नै अतीत सम्झेर कति पटक आफ्नै गीत पनि गुनगुनाउन पुग्नुभयो होला–

*मेरो अतीतलाई कहाँ भेटूँ कहाँ.......*

गणेश रसिकको यो सम्झना, उहाँप्रति देखाइएको श्रद्धाभाव र लामबद्ध श्रद्धालुहरू उहाँको योगदान र स्वभावलाई सम्झिनेहरू प्रायः थिए । आठ दशकको उमेर पनि टेक्न नपाएको उमेर बाँचेर पनि विविध क्षेत्रमा छरिएर सक्रिय जीवन बाँचेकाले मात्र होइन एक से एक गीत, कविता, निबन्ध, संस्मरण, उपन्यास, कथा लेखेर साहित्य जगत्मा चिनिएको, गायन र सङ्गीतमा ठडिएको उहाँ धेरैका प्रिय हुनुहुन्थ्यो ।

कालो पाइन्ट, कालै सर्ट अनि कालै टोपीमा चटक्क परेर राष्ट्रिय नाचघरको महाप्रबन्धक हुँदादेखि देखेको, चिनेको भेटेको हो, उहाँलाई २०४४ सालमै । त्यतिबेलै डम्म परेको ज्यान, जिएम साब भएर, लेखेर ज्ञान भएको मान्छेको फ्यान भएको हुँ, म । उहाँले गाएका ‘रातो भाले क्वायँ क्वायँ’, ‘लहरा पहरा छहराको देश’, ‘घरबेटी नानी आँगनमा देउन मलाई बास’ जस्ता गीत ठुलो ठुलो स्वरमा गाउँदै पनि हिँडियो । पछि यही व्यक्तित्वलाई दौरासुरुवालमा कोट टल्काएर चिटिक्क परेर साझा प्रकाशनको अध्यक्ष, महाप्रबन्धक भएको बखत पनि देखेको हुँ, सङ्गीत एकेडेमीमा सदस्यसचिव बनेर सक्रिय भएको पनि त देखेकै हो, रत्न रेकर्डिङ संस्थानमा महाप्रबन्धक भएको बखत पनि भेटेकै हुँ, कृषक बनेर इलाममा आफ्नै खेतबारीमा श्रमको पसिना पुछ्दै गर्दाको बखत पनि भेटेकै हुँ, रेडियोकर्मी बनेर इलाममा चिनिँदा पनि चिनेको हुँ, राजनीतिमा लाग्ने शोख पालेर हिँड्ने मान्छे भनेर पनि चिनेकै हो उहाँलाई । मन नै चसक्क हुने निबन्ध र संस्मरण, मन छुने गीत कविता पनि पढेकै हुँ । गणेश रसिकलाई निरन्तर चार दशकदेखि देख्दै आएँ, पढ्दै आएँ, भेट्दै आएँ र त भन्न सक्छु एउटा सफल साधक, सशक्त सर्जक भएर पनि शालीनता र भद्रताको उत्तम उदाहरण बनेर चिनिनुभएको उहाँ । पहिले आक्कल झुक्कल देखिने, भेटिने मान्छे यता तीन दशकदेखि भेटिने र देखिने क्रम बाक्लिएको थियो । साझा प्रकाशनको अध्यक्ष, महाप्रबन्धक उहाँ हुँदा संयोगले सञ्चालक समितिको सदस्य भएकाले पनि होला नेपालभित्र र बाहिर धेरै ठाउँमा उहाँसँग हिँड्ने अवसर पनि पाइयो । उहाँ अध्यक्ष बन्नुभएको वासुशशि स्मृति परिषद्सँग नजिकको साइनो भएकाले पनि होला आदरणीय गणेश रसिकसँग पछिल्ला वर्ष बढी निकट हुने समय जुर्‍यो । परिषद्का सचिव एवं कवि प्रद्युम्न जोशीको फोन आउनासाथ मैले बुझिहाल्थेँ र हतपत उहाँको साथ लागेर गणेश रसिक भर्ना गरिनुभएका अस्पताल पुग्ने क्रम चलिरह्यो, उहाँको निवास बालकोट पनि पुग्ने क्रम बढिरह्यो । अस्पतालको शय्यामा पनि गणेश रसिक थाक्नुभएको देखिएन, योजना र भेटघाटका कार्यक्रम बन्थे । निकटकासँग बसेर गफ गर्ने, घुम्ने र क्रियाशील हुने उहाँको शोख र इच्छालाई रोगले साथ दिएन । यो क्रममै प्रद्युम्नजीको फोन आएपछि बुझिहालियो यस पटकको फोन नआएकै राम्रो भन्ने लागिहाल्यो । नराम्रो खबर छ... भन्नासाथ मैले भनिहालेँ, कति बजे...? यही समयबाट आरम्भ भयो नेपाली साहित्यले, सङ्गीत जगत्ले एक जना असल मान्छे गुमाएको दिन ।

विसं २००४ असोज ४ गते नौलागाउँ, भोजपुरमा जन्मिनुभएका गणेश रसिकले २० को दशकको आरम्भिक दिनमै कविता प्रकाशमा ल्याएर कविको छवि बनाउनुभयो । लेखनलाई फराकिलो पार्दै विविध विधा र क्षेत्रमा आफूलाई अगाडि बढाउनुभयो । उहाँले आफ्नै छविलाई उजिल्याउँदै लैजानुभयो । यही दशकको सुरुवाती दिनमा गीत सङ्गीतको क्षेत्रबाट अगाडि बढ्दै ‘क्षितिजलाई छुन खोज्दा’ कथासङ्ग्रह (२०२४) मा प्रकाशमा आयो उहाँको । ‘एउटा सारङ्गीभित्र’ कथासङ्ग्रह (२०२८), ‘बिलाउँदै गएको गीत’ कथासङ्ग्रह (२०५८), ‘रसिकका गीत’ गीतसङ्ग्रह (२०४५), ‘स्वाधीनताको पीडा’ गीतसङ्ग्रह (२०६८), ‘आकाशगङ्गाको ओतमुनि’ उपन्यास (२०४८) हुँदै अगाडि बढेको लेखन संस्मरण लेखन र त्यसको प्रकाशनसँगै चुलिन पुग्छ । ‘जब सिस्नुहरू टेक्दै हिँडे’ २०५५, ‘दसगजामा उभिएर’ २०६३, ‘पेरुङ्गो’ २०७८ जस्ता कृतिले गणेश रसिकलाई सफल निबन्धकारका रूपमा अझ व्यापक चर्चामा ल्याइदियो । लेकाली समूहसँग आबद्ध भएर गाउँदै हिँडेका दिन, पाँचौँ पिँढीसँग जोडिएर सक्रिय भएका दिन, चोइटा, छाया–हस्तलिखित, नेपाली संस्कृति, उपत्यका हुँदै सगरमाथा पाक्षिकसम्म सम्पादनको दायित्वले उहाँको व्यक्तित्वको अर्को पाटो झल्किन्छ ।



दुःख मात्र कहाँ हुन्छ र जीवनमा, यसबिच झुक्किएर भनौँ वा काकताली परेर सुखका शृङ्खला पनि त जोडिए । गाउँ ठाउँ, सहर बजार, देश विदेश जहाँ टेक्दा पनि मान्छेले देख्दा अदबका साथ भनेको सुनेको हुनु पर्छ, गणेश रसिक भनेको उहाँ नै हो । मान्छे देख्दा धारेहात लाउनेहरू बढ्दै गएको समाजमा अदबका साथ उठेका हात र झुकेका शिरले पक्कै पनि सुखद अनुभूति भएको हुनु पर्छ, उहाँलाई । अनि उहाँका गीत सुनेर वा पढेर उपन्यास र कथा पढेका अझ संस्मरणका कृति पढेर फ्यान भएकाहरूले आदर र सम्मान गर्दाका सुखद क्षण, प्राज्ञिक थलोमा अग्लो स्थानमा बसेर बिताएका वर्षहरू, लेकालीमा लाग्दै गाउँदै हिँड्दाका समय यतिखेर फिलिमका रिलझैँ रिबाइन्ड गर्दै सम्झने हो भने कम्ता रोमाञ्चक लाग्लान् र ? कुरा यति मात्र हो, कष्ट इष्ट बनेर पछि लाग्यो । सानै काँडाले बिझ्दाको दुःख त असहनीय हुन्छ, जीवनमा दुःखका धेरै काँडा बिझ्दै जाँदा पन्छाउँदै जाने आफ्नो वशको कुरो रहेन, सिवाय पीडा भोग्नुबाहेक –

*मेरो अतीतलाई कहाँ भेटूँ कहाँ ....*

उहाँकै गीत जस्तै गणेश रसिक विगत सम्झेर गुनगुनाइरहनु पनि भयो होला । जीवनका यी तमाम कुरालाई पन्छाएर हामीबाट ओझेल पर्नुभएका गणेश रसिक हाम्रा मन मस्तिष्कमा रहिरहनुहुने छ । आफ्ना कृति र सिर्जनामा पढिइरहने नाम बन्नुहुने छ, अनि मीठो स्वर र सङ्गीतमा गुञ्जिरहनुहुने छ । उहाँ त जानुभयो तर छाडेर जानुभएको छ यस्तै स्मृति र अनेकौँ कृति जसले उहाँलाई हामीमाझ सम्झाइरहने छ । हामी सम्झिरहने छौँ श्रद्धाका साथ । उहाँको गीतले भने जस्तै –

*धेरै सम्झे धेरै हुन्छ थोरै सम्झे थोरै हुन्छ*
*नसम्झेमा केही पनि छैन तिमीलाई दिएको मेरो माया ।*

## पाठक आवाज

gopafeature@gmail.com
(प्रतिक्रियाका लागि)

### आइसिटीको प्रयोग सम्भावना र चुनौती

आजको २१ औँ शताब्दी सूचना तथा सञ्चार प्रविधि (आइसिटी) को युग हो । यो सूचना प्रवाह र सञ्चारको तीव्रता, पहुँच र प्रभावकारिता यसअघिका कुनै पनि युगभन्दा असाधारण छ । सूचना प्रविधिले अहिले विश्वमा छलाङ मार्दै विश्वलाई नै एउटा गाउँ (ग्लोबल भिलेज) मा रूपान्तरण गरेको छ । यसको प्रयोगले पृथ्वी मात्र होइन, अन्य ग्रह, वायुमण्डल, सौर्यमण्डल, तारापुन्जबारे समेत छिनभरमा जानकारी प्राप्त गर्न सकिने छ । कम्प्युटर, इन्टरनेट, मोबाइल फोन, स्मार्ट उपकरण, क्लाउड कम्प्युटिङ, कृत्रिम बौद्धिकता (एआई), ब्लकचेन, इन्टरनेट अफ थिङ्स (आइओटी) आदि यस्ता प्रविधि हुन्, जसले संसारलाई पूर्ण रूपमा बदल्दै लगेको छ । नेपालको सन्दर्भमा पनि आइसिटीको प्रयोग तीव्र गतिमा बढिरहेको छ । यद्यपि यससँगै केही चुनौती पनि छन्, जसलाई सम्बोधन गर्दै अघि बढ्नु अपरिहार्य छ ।

#### आइसिटीको प्रयोगका क्षेत्र

विज्ञान र प्रविधिको प्रयोग लगभग सबै क्षेत्रमा भइरहेको छ । यसको प्रयोगले शिक्षामा गुणात्मक सुधार ल्याएको छ । अनलाइन कक्षा, डिजिटल पुस्तक, स्मार्ट बोर्ड, इलर्निङ प्लेटफर्म (जस्तै : गुगल क्लास रुम मोडल) ले विद्यार्थीलाई नयाँ तरिकाले सिक्ने अवसर दिएका छन् । कोभिड–१९ महामारीका बेला अनलाइन शिक्षाले यसको प्रभावकारिता प्रमाणितसमेत गरिसकेको छ ।

स्वास्थ्य क्षेत्रमा पनि आइसिटीको प्रयोग आजकल व्यापक मात्रामा हुँदै आएको छ । टेलिमेडिसिन, डिजिटल रिपोर्टिङ, अनलाइन स्वास्थ्य परामर्श, इएमआर (इलेक्ट्रोनिक मेडिकल रेकर्ड) जस्ता प्रविधिले स्वास्थ्य सेवालाई पहुँचयोग्य, छिटो र प्रभावकारी बनाएको छ । दुर्गम क्षेत्रका बासिन्दाले समेत आइसिटीका माध्यमबाट विशेषज्ञ परामर्श प्राप्त गर्न सक्ने अवस्थाको विकास भएको छ ।

नेपालको प्रशासन प्रणालीलाई प्रभावकारी, चुस्त र जनउत्तरदायी बनाउन पनि आइसिटीको प्रयोग हुन थालेको धेरै वर्ष भइसकेको छ । डिजिटल नेपाल अभियान अन्तर्गत धेरै सरकारी सेवा अनलाइन माध्यमबाट उपलब्ध हुँदै आएका छन् । सूचना प्रवाहको स्वतन्त्रता र डिजिटल रेकर्डिङ प्रणालीले पारदर्शी शासन प्रणाली निर्माण गर्न सहयोग पुर्‍याएको छ । नागरिकता सिफारिस, जग्गाधनी प्रमाणपत्र, जन्म–मृत्यु प्रमाणपत्र, इसेवा, इबैङ्किङ आदिले जनताका काम छिटो छरितो एवं प्रभावकारी ढङ्गबाट हुन थालेका छन् । यसले पारदर्शिता, उत्तरदायित्व र समयको बचत गराइदिएको छ । विशेष गरी युवा वर्गका लागि यसले रोजगारीको नयाँ ढोका भएको छ । अमेजन, फिभर, अपवर्क जस्ता प्लेटफर्ममा नेपाली युवाले अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न थालेका छन् ।

पछिल्लो समय आइसिटीले प्रत्यक्ष समेटेका क्षेत्रमध्ये कृषि पनि हो । स्मार्ट कृषि प्रणाली, मौसम पूर्वानुमान, बालीसम्बन्धी जानकारी, मलखाद व्यवस्थापन, बिमा तथा बजार मूल्य सूचनामा आइसिटीकै माध्यमले किसानलाई सजिलो बनाएको छ । नेपाल जस्तो विकासोन्मुख देशका लागि यसले ठुलो सम्भावना बोकेको छ । यसलाई सही रूपले प्रयोग गर्न भन्ने जान्नु पर्छ । होइन भने यो प्रविधि ‘बुझ्नेलाई श्रीखण्ड नबुझ्नेलाई खुर्पाको बिँड’ भन्ने उखान भने झैँ हुन सक्छ ।

आइसिटीका माध्यमबाट दुर्गम क्षेत्रका जनतालाई समेत शिक्षा, स्वास्थ्य, रोजगारी तथा प्रशासनिक सेवा दिन सकिन्छ । यसले सहरी–ग्रामीण विकासको अन्तर घटाउने सम्भावना बढ्दो छ । हिजोआज विद्यालय तहदेख विश्वविद्यालय तहसम्म नै कम्प्युटर, आइटी, आइसिटीबारे अध्ययन अध्यापन सुरु हुनुले पनि अहिलेका विद्यार्थी विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने, टिक्ने र बिक्ने खालका हुन थालेका छन् । आइटीको प्रयोगबाट फ्रिलान्सिङ, सफ्टवेयर विकास, डेटा इन्ट्री, अनलाइन टिचिङ, डिजिटल कन्टेन्ट क्रिएसन जस्ता माध्यमले युवालाई वैकल्पिक रोजगारी दिने सम्भावना बढाउनुका साथै नयाँ विचार, स्टार्टअप र प्रविधिमा आधारित व्यवसायलाई बढावा दिएको छ । यसले देश र व्यक्तिको दिगो आर्थिक विकासमा योगदान पुर्‍याउने विश्वास गर्न सकिन्छ । आइटीको डिजिटल प्रविधि प्रयोगले कागजको उपयोग घटाउने, अनलाइन मिटिङ गरी समय र इन्धन बचत गर्दै प्रदूषण न्यूनीकरणमा भूमिका निर्वाह गर्ने सम्भावना पनि उत्तिकै छन् ।

जसरी हामीलाई सास फेर्न स्वच्छ हावा (अक्सिन), बाँच्न खाना र जोडो र गर्मीबाट बच्न कपडा अनिवार्य छ, आइसिटी पनि हाम्रो जीवनमा उत्तिकै अत्यावश्यक बन्दै गएको छ । यद्यपि आइसिटीको प्रयोगले अनेक सकारात्मक परिणाम ल्याएको भए पनि यसको प्रयोगसँगै केही समस्या र चुनौती पनि छन् । सहरी क्षेत्रमा यसको पहुँच राम्रो भए पनि ग्रामीण र दुर्गम क्षेत्रमा अझै पनि इन्टरनेट, बिजुली, उपकरणको अभाव छ । डिजिटल डिभाइसले विकासमा असमानता ल्याउने खतरा पनि उत्तिकै देखिएको छ । डाटा चोरी, ह्याकिङ, अनलाइन ठगी, गोपनीयताको हनन जस्ता साइबर अपराध आज दिनानुदिन बढ्दो मात्रामा छन् । व्यक्तिगत तथा सरकारी जानकारीको सुरक्षा गम्भीर चुनौती बनेको छ । साइबर क्राइमका घटनामा वृद्धि भएको छ । नेपालको जनसङ्ख्याको ठुलो भाग अझै प्रविधिसँग अनभिज्ञ छ । आधारभूत कम्प्युटर ज्ञान, इन्टरनेट चलाउने सिप नहुनु आइसिटीको प्रभावकारिता घटाउने अर्को कारक बनेको छ । कृत्रिम बौद्धिकता (एआई) र अटोमेसनको प्रयोगले केही परम्परागत रोजगारीमा सङ्कट ल्याउने सम्भावना छ । यसले श्रमिक वर्गमा असुरक्षा बढाउनेतर्फ सरोकारवाला चिन्तित बनेका छन् ।

आइसिटीका माध्यमबाट सामाजिक सञ्जालको अत्यधिक प्रयोग, अनलाइन खेल, डिप्रेसन, साइबर बुलिङ जस्ता विषयले विशेष गरी किशोरकिशोरीको मानसिक स्वास्थ्यमा नकारात्मक प्रभाव पार्न थालेका रिपोर्ट पनि बेला बेलामा सार्वजनिक हुने गरेका छन् । तसर्थ आइसिटीको सम्भावनालाई उपयोग गर्न र चुनौतीलाई न्यूनीकरण तथा व्यवस्थापन गर्न सबै क्षेत्र र वर्गलाई समेट्ने डिजिटल साक्षरताको अभियान सञ्चालन गर्न जरुरी छ । ग्रामीण क्षेत्रमा तीव्र गतिका पूर्वाधार सुधार (इन्टरनेट, बिजुली, मोबाइल टावर) गर्न जरुरी छ भने साइबर सुरक्षा नीति पनि बलियो बनाउनु पर्छ । यसका लाखौँ प्रयोगकर्तालाई सुरक्षासम्बन्धी सचेतना दिन ढिला भइसकेको छ । प्रयोगकर्ताले आइसिटीमार्फत अनजानमा गरेका गल्तीले साइबर क्राइम आकर्षित भई झन्झट र हैरानी बेहोर्नु परिरहेको छ ।

प्रविधिले आजको समाज, शासन, अर्थतन्त्र र व्यक्तिगत जीवनमा आमूल परिवर्तन ल्याइरहेको छ । यसको प्रयोगले जीवन सहज, छरितो र प्रभावकारी बनाएको छ । यसलाई न्यायसङ्गत, सुरक्षित र सबैका लागि उपयोगी बनाउन रणनीतिक सोच, लगानी र जनचेतनाको खाँचो छ । सही नीति, प्रविधि साक्षरता, पूर्वाधार र साइबर सुरक्षाको संयोजनमार्फत आइसिटीको प्रयोगले नेपालको विकासमा क्रान्तिकारी परिवर्तन ल्याउने छ ।

**फणीन्द्र फुयाँल ‘ज्वाला’**, काठमाडौँ

# नीति तथा कार्यक्रम पारित



सभाको बैठकमा उपस्थित प्रदेश सभा सदस्य ।

**धनगढी समाचारदाता**
*धनगढी, जेठ २६ गते*

सुदूरपश्चिम प्रदेश सरकारको नीति तथा कार्यक्रम सर्वसम्मतले पारित भएको छ। सोमबार बसेको प्रदेश सभा बैठकले प्रदेश सरकारको नीति तथा कार्यक्रमलाई सर्वसम्मतले पारित गरेको हो। जेठ १६ गते प्रदेश प्रमुख नजिर मियाँले प्रदेश सरकारको आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम प्रदेश सभामा प्रस्तुत गर्नुभएको थियो।

सभामा तीन दिनसम्म छलफल गरेर नीति तथा कार्यक्रम पास गरिएको छ। नीति तथा कार्यक्रममा छलफलको क्रममा उठेको प्रश्नको जवाफ दिनुहुँदै मुख्यमन्त्री कमलबहादुर शाहले ९५ प्रतिशत प्रदेश सभा सदस्यले नीति तथा कार्यक्रममाथि सकारात्मक कोणबाट छलफल गरेको बताउनुभयो। उहाँले नीति तथा कार्यक्रमलाई बजेटमार्फत सम्बोधन गर्ने उल्लेख गर्नुभयो। छुटेको कुरालाई पनि बजेटमार्फत सम्बोधन गर्ने मुख्यमन्त्री शाहको भनाइ थियो। उहाँले सबैको सही सुझावलाई ग्रहण गरेर प्रदेश सरकार अगाडि बढाउने बताउनुभयो।

मुख्यमन्त्री शाहले राजधानी निर्माणमा ढिलाइ भइसकेको भन्दै अब राजधानी निर्माणको कुरालाई सदनमा छलफलको विषय बनाउनुपर्नेमा जोड दिनुभयो। शाहले भन्नुभयो, "राजधानीको सन्दर्भमा सङ्घीय सरकारलाई लिखित रूपमै आग्रह गरेका छौँ। वर्तमान प्रधानमन्त्रीले यसको विषयमा सकारात्मक कुरा राख्नुभएकाले म केही आशावादी छु।" सोमबारको बैठकमा नीति तथा कार्यक्रममाथिको छलफलमा नेकपा (एमाले) का संसदीय दलको नेता राजेन्द्रसिंह रावलले समग्रमा खँदिलो नीति तथा कार्यक्रम आएको बताउनुभयो।

नेकपा (माओवादी केन्द्र) का रमेशसिंह धामीले कार्यक्रम महत्त्वाकाङ्क्षी रहेको भन्दै बजेट विनियोजन र कार्यान्वयनमा चुनौती हुने उल्लेख गर्नुभयो। नागरिक उन्मुक्ति पार्टीका संसदीय दलका नेता घनश्याम चौधरीले थारू आलु र अनदीको चामलको प्याकेजिङ र बजारीकरण गर्न सके प्रदेशको समृद्धिमा सहयोग पुग्ने बताउनुभयो।

जानकी कुँवरले गाउँघरमा बन्ने मदिरा र ग्रामीण क्षेत्रमा उत्पादन हुने महलाई ब्रान्डिङ गरेर अगाडि बढ्न सके फाइदा हुने बताउनुभयो। चक्र मल्लले जनताको आवश्यकता र अपेक्षालाई ध्यानमा राखी नीति तथा कार्यक्रम आएको उल्लेख गर्नुभयो। नेकपा (माओवादी केन्द्र) का ओमविक्रम भाट सरलले नीति तथा कार्यक्रम रङ्गीचङ्गी भए पनि त्यसमा समृद्ध बनाउने केही पनि नरहेको टिप्पणी गर्नुभयो। नीति तथा कार्यक्रममा भिजन र मिसन नरहेको उहाँको जिकिर थियो।

# हुन सकेन कोरोना परीक्षण


**खलङ्गा समाचारदाता**
*दार्चुला, जेठ २६ गते*

सुदूरपश्चिम प्रदेशको दार्चुला जिल्लाका भारतसँग जोडिएका सीमानाकाबाट दैनिक नेपाल आइरहेका नागरिकको समेत किट अभावमा कोरोना परीक्षण गर्न समस्या भएको छ। छिमेकी राष्ट्र भारतमा पुनः कोरोनाको सङ्क्रमण फैलिरहेको अवस्थामा रोजगारीको सिलसिलामा त्यहाँ गएका नेपाली नागरिक र नेपाल घुम्न आउने भारतीय नागरिकमा कोरोना परीक्षण गर्न समस्या भएको स्वास्थ्य कार्यालय दार्चुलाका कार्यालय प्रमुख वीरेन्द्र भट्टले जानकारी दिनुभयो।

सीमानाकाबाट दैनिक रूपमा नेपाली तथा भारतीय नागरिक नेपाल प्रवेश गरिरहेको भए पनि किट अभावमा कोरोना परीक्षण गर्न नसकिएको उहाँले बताउनुभयो।

कोरोना सङ्क्रमण सकिएसँगै सकिएको कोरोना परीक्षण किट अहिले पुनः आवश्यक भएको बताइएको छ। उहाँले भन्नुभयो, "कोरोनाको सङ्क्रमण सकिएपछि किटको काम भएन, अहिले पुनः आवश्यक पर्‍यो अबको दुई/तीन दिनभित्रै किट खरिद गरेर परीक्षण सुरु गर्ने योजना छ।"

कोरोना परीक्षण अभावमा दार्चुलाका सीमानाकाबाट नेपाल प्रवेश गर्ने कुनै पनि नागरिकमा हालसम्म कोरोना परीक्षण भएको छैन। जिल्ला अस्पताल दार्चुलामा पनि किट अभावकै कारण शङ्कास्पद व्यक्तिमा कोरोना परीक्षण गर्न नसकिएको उहाँले बताउनुभयो। स्वास्थ्य कार्यालय दार्चुलाले प्रदेश र केन्द्र सरकार अन्तर्गतका स्वास्थ्य मन्त्रालय/ विभागसँग कोरोना परीक्षणका लागि किट माग गरेको स्वास्थ्य कार्यालय प्रमुख भट्टले बताउनुभयो। दार्चुला सदरमुकाम खलङ्गा पुलघाटस्थित नेपाल–भारत जोड्ने झोलुङ्गे पुल छेउमा हेल्थ डेस्क भए पनि किट अभावमा कोरोना परीक्षण गर्न नसकिएको त्यहाँ कार्यरत स्वास्थ्यकर्मीले बताउनुभएको छ।



तस्बिर : कृष्णबहादुर धामी

पुलघाटस्थित नेपालतर्फको हेल्थ डेस्क ।

# सहयोगको आग्रह

**टीकापुर समाचारदाता**
*टीकापुर, जेठ २६ गते*

टीकापुर नगरपालिका–७, बैदीका ४५ वर्षीय दलबहादुर सुनार विगत १० महिनादेखि दायाँ हात घाँटीमा झुन्ड्याएर भौँतारिरहनुभएको छ। विसं २०८१ भदौमा कामको सिलसिलामा भारतको गङ्गोत्रीबाट फर्किंदै गर्दा हरिद्वार आसपासमा दुर्घटना हुँदा दायाँ हात भाँचिएका सुनारको उपचार अझै सकिएको छैन। एक महिना दिल्लीमा उपचार गरेर घर फर्किएका सुनार त्यसयता नेपालका अस्पतालमा धाइरहनुभएको छ।

"घटना भएपछि आफन्तले अर्को दिन दिल्ली लगेर उपचार गराए। दिल्लीबाट घर फर्केपछि टीकापुर अस्पतालमा उपचार गराइरहेको छु, यहाँ घाउ सडेपछि हातको मासु र हड्डी काटेर फालेँ," खुट्टा चिरेको निसान देखाउँदै सुनारले भन्नुभयो, "कम्मर र खुट्टाको मासु र हड्डी काटेर हालेँ, कम्मरमा १८ टाँका लागेका छन्, सुतेपछि आफैँ उठ्न नसक्ने भएको छु।" सुनारको पाखुरामा रहेको घाउबाट तीन/तीन दिनमा घाउ फुटेर पिप आउने गरेको छ। "डाक्टरले अब शल्यक्रिया गरेर पाखुरामा रिङ राखेर विचार गरौँ, नत्र हात काटेर फाल्नु पर्छ भन्नुभएको छ," सुनार आफैँलाई प्रश्न गर्दै भन्नुहुन्छ, "गरिखाने दायाँ हात काटेर फाले म के गरेर खाउँला ?"

भारतका बैङ्गलुरु, नासिक, सुरत जस्ता सहरमा बसेर वेटर क्याप्टेनको काम गरेका दलबहादुर अझै पुराना दिन फर्किने आशामा सहयोगको याचना गरिरहनुभएको छ तर पाखुरामा रिङ राखे पनि त्यो सफल नभएपछि हात नै काट्नु परे पनि हरेक उपचारमा ६० हजारभन्दा बढी खर्च लाग्ने अनुमान छ।

# आगलागीपीडितलाई राहत

**कैलाली समाचारदाता**
*धनगढी, जेठ २६ गते*

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले बाजुराको बुढीगङ्गा नगरपालिका–६ स्थित बाम्काका आगलागीपीडितलाई तत्काल ४० लाख रुपियाँ आर्थिक सहयोग गर्ने निर्णय भएको बताउनुभएको छ। उहाँका अनुसार आइतबार बिहान मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा बसेको प्रदेश विपत् जोखिम न्यूनीकरण तथा नियन्त्रण परिषद्को बैठकले बाजुराका आगलागीपीडितका लागि तत्काल बुढीगङ्गा नगरपालिकामार्फत ४० लाख रुपियाँ सहयोग गर्ने निर्णय गरेको हो। उहाँका अनुसार आगलागीपीडितको थप विवरण प्राप्त भएपश्चात् प्रदेश सरकारले थप सहयोग गर्ने छ।

मुख्यमन्त्री शाहले प्रदेश सरकारसँग मौज्दातमा रहेका १५ वटा ठुला टेन्ट, ३४ वटा कम्बल र ३४ वटा त्रिपाल राहतस्वरूप उपलब्ध गराउने पनि बताउनुभयो। अहिले मानवीय सहायतास्वरूप तत्काललाई पालिकामार्फत पीडितलाई सो रकम उपलब्ध गराइने मुख्यमन्त्री शाहले बताउनुभयो। शुक्रबार दिउँसो बाम्का बजारमा रहेको नवदुर्गा होटेलमा ग्यास सिलिन्डर पट्किएर आगलागी भएको थियो। यसैबिच बुढीगङ्गा नगरपालिकाका प्रमुख रामबहादुर बानियाँले बुढीगङ्गा र त्रिवेणी नगरपालिकाको संयुक्त बैठकले विभिन्न सरकारी तथा गैरसरकारी क्षेत्रबाट एकद्वार प्रणालीबाट राहत सङ्कलन गरेर पीडितलाई दिने निर्णय भएको बताउनुभयो। उहाँका अनुसार ३४ पसलमा आगलागी हुँदा करिब २० करोड रुपियाँ बराबरको क्षति भएको छ।

# जग्गादाता चौधरी सम्मानित

**धनगढी समाचारदाता**
*धनगढी, जेठ २६ गते*

विद्यालयलाई दुई बिघा जग्गा दान गरेका चन्द्रसिंह चौधरी सम्मानित हुनुभएको छ। कैलारी गाउँपालिका–७, वसन्ता घर भई हाल धनगढी बस्दै आएका उहाँलाई वसन्तामा रहेको राष्ट्रिय चन्द्र आधारभूत विद्यालयले आइतबार सम्मान गरेको हो। एक कार्यक्रमबिच कैलारी गाउँपालिकाका अध्यक्ष राजसमझ चौधरीले दोसल्ला ओढाएर उहाँलाई सम्मान गर्नुभयो।

चौधरीले वसन्तामा रहेको आफ्नो सबै पैतृक सम्पत्ति (दुई बिघा जग्गा) सोही विद्यालयलाई दान गर्नुभएको थियो। विद्यालयको शैक्षिक सुधारका लागि २०७७ सालमा नै जग्गा दान गरेका चौधरीका नाम समेटेर विद्यालयको नयाँ नाम कायम गरिएको छ।

## भूलसुधार

मिति २०८२।२।२६ गते गोरखापत्रको पृष्ठ २० मा प्रकाशित श्री भक्तपुर जिल्ला अदालतबाट जारी भएको वादी विष्णु हरि शर्मा र प्रतिवादी नारायण प्रसाद नेपाल भएको म्याद सूचनामा **मुद्दा नं. ०८१-CP-०३५१** हुनुपर्नेमा मुद्दा नं. ०८१-C४-०३०८ र तपसिलको व्यहोरामा **परस्मुनी** नेपालको नाति हुनुपर्नेमा अन्यथा भई प्रकाशित भएकोले सच्याइएको छ।


**प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्**
**भरतपुर बहु प्राविधिक शिक्षालय**
**भरतपुर–२३, चितवन**

**सिलबन्दी दरभाउपत्र स्वीकृतीको आशयसम्बन्धी सूचना**

**मितिः२०८२/०२/२७**

यस शिक्षालयको कम्पाउन्ड वाल निर्माण कार्य विद्युतीय खरिद प्रणाली eBidding मार्फत शिलवन्दी दरभाउपत्र विधिबाट गर्न मिति : २०८२/०२/०८ गते गोरखापत्र राष्ट्रिय दैनिक तथा PPMO मा सार्वजनिक सूचना आह्वान गरी मिति २०८२/०२/२३ गते खोलिएको दरभाउपत्रमध्ये न्यूनतम रकम कवोल गर्ने श्री ड्रिमलाईन विल्डर्स प्रा. लि. भरतपुर १० चितवनले कवोल गरेको मुअकर बाहेकको रकम रु. १२४२९७५.३० (बाह्र लाख, बयालिस हजार, नौ सय पचहत्तर र पैसा तिस मात्र) को सिलवन्दी दरभाउपत्र न्यूनतम मूल्याङ्कित सारभूतरूपमा ग्राह्य दरभाउपत्र स्वीकृत गरी प्रचलित सार्वजनिक खरिद ऐनको दफा ४७ (१) को प्रयोजनार्थ सरोकारवालाको जानकारीका लागि यो सूचना प्रकाशित गरिन्छ।

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**
**सार्वजनिक ऋण व्यवस्थापन कार्यालय**
**त्रिपुरेश्वर, काठमाण्डौ**
**प्रकाशित मितिः २०८२/०२/२७**

**९ वर्षे विकास ऋणपत्र-२०९१ (NPDB09022091) को बोलकबोलसम्बन्धी सूचना !!!**

नेपाल सरकारको रु. ३८५ करोडको ९ वर्षे विकास ऋणपत्र–२०९१ (NPDB09022091) २०८२ जेष्ठ २८ गते बोलकबोल मार्फत बिक्री गरी २०८२ जेष्ठ २९ गते निष्काशन गरिने भएकोले इच्छुक खरिदकर्ताले यस कार्यालयको DOMS को URL https://doms.gov.np/csd/MainTree.do बाट बोलकबोल पेश गर्न सकिनेछ। उक्त ऋणपत्रको बोलकबोलमा बैंक तथा वित्तीय संस्था, गैर–बैंक वित्तीय संस्था, बीमा कम्पनी तथा नेपाली नागरिकहरूले भाग लिन सक्नेछन्। यस ऋणपत्रका विशेषता र बोलकबोल प्रक्रियासम्बन्धी विस्तृत जानकारीका लागि यस कार्यालयको वेबसाइट www.pdmo.gov.np को आन्तरिक ऋण सम्बन्धी सूचनामा हेर्न वा फोन नं. ०१–४५३८३५९ मा कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ।

**काठमाण्डौ इन्स्टिच्युट अफ चाइल्ड हेल्थ**
**बुढानिलकण्ठ नगरपालिका ७, हेपाली हाइट, काठमाण्डौ**
**फोन नंः ०१ ४३७०३७३, email: info@kioch.org.np**
KIOCH

**आ.व.०८१/८२ का लागि LAB Equipment खरीदसम्बन्धी बोलपत्र आह्वानको म्याद थप गरिएको सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०८२/०२/२७)**

यस इन्स्टिच्युटद्वारा मिति २०८२/०१/२४ गते गोरखापत्र राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरी आ.व.०८१/८२ का लागि किओच–काठमाण्डौ बाल अस्पताल, बुढानिलकण्ठ–७, काठमाण्डौमा आवश्यक LAB Equipment खरीदसम्बन्धी बोलपत्र (बोलपत्र नं.: २३–२०८१/२०८२ आह्वान गरिएकोमा बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय २०८२/०२/२३ गते अपरान्ह १२:०० बजेभित्र नियमानुसार आवश्यक संख्यामा बोलपत्र दाखिला नभएका हुनाले दाखिला भएका बोलपत्रलाई यथावत राखी ७ (सात) दिनको म्याद थप गरी पुनः सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ७ (सात) औं दिनको कार्यालय समयभित्र यस इन्स्टिच्युटको कार्यालय, बुढानिलकण्ठ–७, हेपाली हाइटबाट बोलपत्र फाराम खरिद गर्ने तथा ८ (आठ) औं दिनको १२:०० बजेभित्र यस इन्स्टिच्युटको कार्यालयमा आ–आफ्ना बोलपत्र पेश गर्न सूचित गरिन्छ।

**नापी कार्यालय भक्तपुरबाट प्रकाशन भएको हकदाबी सम्बन्धी सूचना।**
निवेदक निर्मला घिमिरे, सरिता घिमिरे, चेते तामाङ, उत्तरा कुमारी कटुवाल, संगीता पोखेल र रिता घिमिरेको नि.द.नं. ७२० मिति २०८२।०२।२० को मागदाबी र श्री मध्यपुर थिमी नगरपालिकाको न्यायिक समितिबाट भएको मिति २०८१।१२।२८ को निर्णय बमोजिम जिल्ला भक्तपुर, साविक भिमसेन गा.वि.स. वडा नं. २ कि.नं. १९९६ को जग्गा नेपाल सरकार बाटो आफ्नो जग्गामा घुसाई वाल कम्पाउन्ड लगाई सुन्दरी मैया व्बयजुले नक्साभन्दा बढी जमिन उपभोग गर्दा सार्वजनिक बाटो बन्द भएको प्रतिवादीको नाममा रहेको प्रमाण कागज अनुसारको जग्गालाई असर नपुग्ने गरी नेपाल सरकारको नाममा भएको सरकारी/सार्वजनिक बाटो यथावत् कायम गरी हाल साविक नापी तथा सिमाङ्कनलाई बाधा नपुग्ने मध्यपुर थिमी नगरपालिकाको न्यायिक समितिबाट ठहर भएको हुँदा बाटो म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र सक्कल प्रमाण लिई कार्यालयमा उपस्थित हुन सुन्दरी मैया व्बयजुको नाममा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ११४ बमोजिम यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ। कानून बमोजिम आफ्नो लिखितको प्रमाण समेत लिई हाजिर हुन आफैँ आउनु वा कानून बमोजिम वारिस वा कानून व्यवसायी पठाउनुहुन सूचित गरिएको छ। म्यादभित्र उपस्थित हुनुभएन भने जग्गा नाप जाँच नियमावली, २०५८ को नियम १४ को उपनियम ५ बमोजिम भइजाने र भविष्यमा त्यस विषयमा तपाईंको कुनै उजुर लाग्ने छैन।
**इति संवत् २०८२ साल जेठ २५ गते रोज १ शुभम् ....**

**अधिकृत विक्रेताको प्रमाण–पत्र नवीकरण गर्ने बारेको सूचना**

**सूचना प्रकाशित मिति २०८२।२।२७**

यस उद्योगबाट उत्पादित सिमेण्ट बिक्री वितरण गर्नका लागि नियुक्त अधिकृत विक्रेताहरूको प्रमाण–पत्रको म्याद २०८२ साल अषाढ मसान्तसम्म कायम रहेकोले "बिक्री निर्देशिका २०८०" को बुँदा नं ३ को प्रावधान बमोजिम सम्बन्धित अधिकृत विक्रेताहरूले यस उद्योगबाट प्राप्त अधिकृत विक्रेताको प्रमाण–पत्र आ.व. २०८२/०८३ को लागि नविकरण बापत लाग्ने शुल्क रु.१०००।– (अक्षरेपी रु. एक हजार) मात्र यस उद्योगको नाममा रकम जम्मा गरेको सक्कल बैंक भौचर/नगदी रसिद साथ नविकरण भएको फर्म दर्ता प्रमाण–पत्र, VAT/PAN दर्ता प्रमाण–पत्र र आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाण–पत्र संलग्न राखी अधिकृत विक्रेताको सक्कल प्रमाण–पत्र सहित २०८२ साल असार मसान्तसम्म वा सो दिन बिदा परेमा सो पछिको कार्यालय खुलेको पहिलो दिन अपराह्न ४:०० बजे भित्र उद्योगको केन्द्रीय कार्यालय लामसुरे, हेटौँडामा निवेदन दर्ता गराउन हुन यो सूचना प्रकाशित गरिएको छ। उक्त समयावधि भित्र नवीकरणको लागि निवेदन दर्ता नगराउने अधिकृत विक्रेताहरूले तोकिएको म्याद समाप्त भए पश्चात दोब्बर दस्तुर रु. २०००।– (दुई हजार) मात्र तिरी अधिकृत विक्रेताको प्रमाण–पत्र नवीकरणको लागि निवेदन दर्ता गराउन सकिनेछ। तोकिएको म्याद भित्र निवेदन दर्ता नगराउने अधिकृत विक्रेताहरूको निवेदन उपर कुनै कारबाही नगरिने र अधिकृत विक्रेताको प्रमाण–पत्र रद्द गर्न सकिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**हेटौंडा सिमेण्ट उद्योग लि.**
**केन्द्रीय कार्यालय, लामसुरे, हेटौंडा,**
**फोन नं. ०५७–४१२५९५**

**कोषको नाममा धितो पारित हुने सम्पत्तिको मूल्याङ्कन गर्न मूल्याङ्कनकर्ताको रूपमा सूचीकृत हुनको लागि आवेदन दिनेबारेको पुनः सूचना**

(दोश्रो पटक प्रकाशित मिति २०८२/०२/२७ गते)

कोषबाट प्रदान हुने संस्थागत कर्जाको धितो सुरक्षणबापत् कोषको नाममा पारित गराई लिनुपर्ने अचल सम्पत्तिको कोषले तोकेको मापदण्डको अधिनमा रही मूल्याङ्कन गर्ने प्रयोजनका लागि योग्य धितो मूल्याङ्कनकर्ता कम्पनीबाट धितो मूल्याङ्कनसम्बन्धी सेवा लिनका लागि बेग्लाबेग्लै सूची दर्ता गर्न मिति २०८१/१०/२९ मा प्रकाशित सूचनाबमोजिम पर्याप्त निवेदन पर्न नआएको हुँदा उक्त सूचनाबमोजिम प्राप्त निवेदनहरुलाई यथावत कायम गरी पुनः इच्छुक ईजाजत प्राप्त रजिष्टर्ड इन्जिनियरिङ कन्सल्टेन्सी कम्पनीले कोषको मूल्याङ्कनकर्ताको रूपमा सूचीकृत हुन कोषले तोकेको आवश्यक कागजातहरूसहित कोषको केन्द्रीय कार्यालयस्थित सम्पत्ति व्यवस्थापन विभागमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र प्राप्त हुने गरी दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**कर्मचारी सञ्चय कोष**
**सम्पत्ति व्यवस्थापन विभाग**
पुल्चोक, ललितपुर
फोन नं. ५०१००८३, ५०१०१६७

पुनश्चः यो सूचनाको बिस्तृत विवरण कोषको website: https://epf.org.np र सूचना पाटीमा हेर्न सकिन्छ।

**KATHMANDU UPATYAKA KHANEPANI LIMITED**
**MAHARAJGUNJ BRANCH**
Panipokhari, Kathmandu

**Invitation of Bids (Sealed Quotation)**

Notice Publication Date: 2082/02/27

| S.N. | Name/Description | Bid Submission Deadline | Bid Opening Date | Remarks |
|---|---|---|---|---|
| 1 | 110 mm Dia HDPE (PN-10, PE-100) Pipeline Extension Work from Balaju Pokhari to Boharatar (KUKL/MAHARAJGUNJ/ SQ/03/2081-82) | 2082-03-11, 12:00 PM | 2082-03-11, 01:00 PM | Seal Quotation |

For Details, Please **Visit** https://bolpatra.gov.np or contact at Tel No.:01-4511194

**मालपोत कार्यालय, मनमैंजु काठमाडौंबाट जारी हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**
काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १ बस्ने चिरन शम्शेर थापाको साधारण वारेस नारायण प्रसाद ढकालले निवेदकको पिता भुपेन्द्र शमशेर थापा भन्ने भुवन शमशेर थापाका नाममा साविक सर्भे नापीको समयमा नापनक्सा भई दर्ता बाँकी रहेको अवस्थामा ज.ध. भुपेन्द्र शमशेर भन्ने भुवन शमशेरको मिति २०४८/०२/१० मा, आमा जगत कुमारी थापाको मिति २०७२/१०/२८ मा, कान्छो छोरा कुमार शमशेर थापाको मिति २०५३/०८/०९ मा आ–आफ्नै कालगतिले परलोक भएकोले मृतक ज.ध.को शेष पछिको नजिकका हकदारमा हामी निवेदक छोराहरू चिरण शमशेर थापा–१, कल्याण शमशेर थापा–१ र बुहारी किरण राज्यवती थापा–१ समेत जम्मा ३ मात्र भएको हुँदा तपसिलमा उल्लिखित जग्गा पिता भुपेन्द्र शमशेरको नामको मौजा धर्मस्थली हा नं. ४७१ भिडी दर्ता हुने जग्गा भएकोले दर्ता/ना.सा. समेत गरिपाऊँ भनी माग निवेदन गर्नुभएको हुँदा उक्त जग्गा सरकारी, सार्वजनिक, गुठी, ऐलानी, पर्ती वा अन्य कसैको हक लाग्ने हो/होइन ? वा माग बमोजिम दर्ता/ना.सा. हुनुनपर्ने भए वा निवेदक बाहेक अन्य हकदार भए यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र स–प्रमाण दाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भइजानेछ।
**पुनश्चः** उल्लिखित सबै कित्ता जग्गामा मिति २०७२/०६/२४ मा छुट जग्गा दर्ता नामसारी र मि.नं. १७/०५४/५५ को निर्णयले तामेली भिडेको भनी मोठ भिडी आएकोले उल्लिखित मिसिल कोही कसैले भिडाई कारबाहीमा रहेको भए समेत स–प्रमाण दाबी गर्नुहुन। साथै भूमिसुधार तथा मालपोत कार्यालय डिल्लीबजारबाट ७ नं. फाँटवारी खोजतलास गर्दा फेला नपरेको भनी पत्र प्राप्त भएको। **तपसिलः–**

| क्र.सं. | गा.वि.स./न.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर, वतन | किसानको व्यहोरा |
|---|---|---|---|---|---|---|
| १. | धर्मस्थली | ३ख | ९० | ०–८–२–० | न्हुछे महर्जन | यो जग्गा का.ई. हात्तीसार बस्ने भुवन शमशेरको हो, मैले जोती आएको छु। |
| २. | धर्मस्थली | ३ख | ९१ | ०–०–२–० | कान्छा महर्जन | यो जग्गा का.ई. हात्तीसार बस्ने भुवन शमशेरको हो, मैले जोती आएको छु। |
| ३. | धर्मस्थली | ३ख | ९४ | ०–१–०–० | जब्रे महर्जन | यो जग्गा का.ई. हात्तीसार बस्ने भुवन शमशेरको हो, मैले जोती आएको छु। |

**मालपोत कार्यालय, मनमैंजु काठमाडौंबाट जारी हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**
काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १ बस्ने बिना थापाको साधारण वारेस नारायण प्रसाद ढकालले निवेदकको ससुरा अगम शमशेर भन्ने अगम्य शमशेरका नाममा साविक सर्भे नापीको समयमा नापनक्सा भई दर्ता बाँकी रहेको अवस्थामा ज.ध. अगम शमशेरको मिति २०५७/०३/२९ मा, सासू भुबनेश्वरी थापाको मृत्यु मिति २०६१/०९/२५ मा, पति ललित शमशेर थापाको मिति २०६४/०२/१७ मा, देवर सुनिल शमशेर थापाको मिति २०७५/०४/०४ मा आ–आफ्नै कालगतिले परलोक भएकोले मृतक ज.ध. को शेष पछिको नजिकका हकदारमा हामी निवेदक बुहारीहरू बिना थापा–१ र रचना सिंह थापा–१ समेत जना–२ मात्र भएको हुँदा तपसिलमा उल्लिखित जग्गा ससुरा अगम शमशेरको नामको मौजा धर्मस्थली हा.नं. ९९२ भिडी दर्ता हुने जग्गा भएकोले दर्ता/ना.सा. समेत गरिपाऊँ भनी माग निवेदन गर्नुभएको हुँदा उक्त जग्गा सरकारी, सार्वजनिक, गुठी, ऐलानी, पर्ती वा अन्य कसैको हक लाग्ने हो/होइन ? वा माग बमोजिम दर्ता/ना.सा. हुनु नपर्ने भए वा निवेदक बाहेक अन्य हकदार भए यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र स–प्रमाण दाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भइजानेछ। पुनश्चः उल्लिखित सबै कित्ता जग्गामा मि.नं. ५४/०६१/०६२ भिडेको भनी मोठ भिडी आएकोले उल्लिखित मिसिल कोही कसैले भिडाई कारबाहीमा रहेको भए समेत स–प्रमाण दाबी गर्नुहुन। साथै कि.नं.५ को हकमा मोठ/स्रेस्तामा ज.ध.को नाम सनमुखा श्रेष्ठ कायम भएको २ नं. अनुसूचीमा ज.ध. का.ई. हात्तीसार बस्ने अगम समसेर र फिल्डबुकमा ज.ध.अगम शमशेर र सनमुखा श्रेष्ठ बुझिने र अन्य विवरण अस्पष्ट भएको। साथै भूमिसुधार तथा मालपोत कार्यालय डिल्लीबजारबाट ७ नं. फाँटवारी खोजतलास गर्दा फेला नपरेको भनी पत्र प्राप्त भएको। **तपसिलः–**

| क्र. सं. | गा.वि.स. /न.पा | वडा नं. | कि. नं. | क्षेत्रफल | मोहीको नाम, थर, वतन | किसानको व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | फुटुङ्ग | ४क | ५ | ०–८–०–० | राम ब. खत्री का.इ.फुटुङ्ग | का.ई. हात्तीसार बस्ने अगम्य समसेर समेत पाँच जनालाई तिर्ने सही राम बाहदुर खत्री | द.नं. ३९ को नि. बमोजिम कित्ताकाट भई कायम हुन आएको। यो जग्गा अगम्य शम्सेरको हो। माहा भुइ बस्ने सनमुखा श्रेष्ठको मैले कुतमा जोती आएको छु। राम बहादुर खत्री का.इ. फुटुङ्ग (अस्पष्ट) |
| २. | फुटुङ्ग | ४क | १२९ | १–०–०–० | राम ब. खत्री का.इ.फुटुङ्ग | का.ई. हात्तीसार बस्ने अगम्य समसेर थापालाई तिर्ने सही राम बाहदुर खत्री | द.नं. ३९ को नि.बमोजिम कि.नं. ५ बाट कित्ता कटाई कायम हुन आएको। |

**मालपोत कार्यालय ढल्केबरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**
दमरी साह सुडीको नाति श्याम प्रशाद साह सुडीको छोरा जिल्ला धनुषा, सबैला नगरपालिका वडा नं. २ बस्ने वर्ष ७५ को झमना साह भन्ने रामवृक्ष साह सुडीले तपसिलमा उल्लिखित आफ्नो नामको जग्गा रामबृक्ष साह सुडीको नाममा छुट जग्गा दर्ता/छुट जग्गा नामसारी दर्ता गरिपाऊँ भनी द.नं. ६०१ मिति ०८१।०५।२४ को निवेदनबाट माग दाबी गरेकोले माग बमोजिम निवेदकको नाममा छुट जग्गा/छुट जग्गा नामसारी दर्ता गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए वा सरकारी सार्वजनिक सम्पत्तिको हानि नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित भएको यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिनभित्र आफ्ना सबुत प्रमाण सहित यस कार्यालयमा लिखित उजुरी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भइजाने व्यहोरा जानकारी गराइन्छ। **तपसिल**

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| धनुषा | तल्लो गोदार | ९।क | ९२ | १–४–८–० |

**मालपोत कार्यालय चावहिलबाट जारी भएको हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना।**
यसमा का.जि, चपली ७ बस्ने कान्छा नगरकोटी समेतले दिएको निवेदन अनुसार हाम्रा बुवा/हजुरबुबा सुकुचा खत्री नगरकोटीका नाममा सर्भे नापीका समयमा नापनक्सा भई निजका नाममा अप्रमाणित स्रेस्ता कायम रहेको साविक लगत मौजा बूढानीलकण्ठ रै.नं. १५५ बाट भिडी दर्तासम्म हुन बाँकी रहेको तपसिलको जग्गाका ज.ध. सुकुचा खत्री नगरकोटी र निजकी पत्नी प्याकुली नगरकोटीको क्रमशः २०३२ साल अगावै आ–आफ्नै कालगतिले मृत्यु भई शेष पछिका हकदारमा मृतकका २ छोराहरू कृष्ण बहादुर नगरकोटी र कान्छा नगरकोटी रहेकोमा कृष्ण बहादुर नगरकोटीको २०७५।११।२९ मा मृत्यु भएको, निजकी पत्नी सन्तमाया नगरकोटीको पहिले नै मृत्यु भएको निजहरूको शेष पछिका हकदारमा छोराहरू पुर्ण बहादुर नगरकोटी र बुद्धिलाल नगरकोटी रहेकोमा पुर्ण बहादुरको मिति २०७८।०७।२४ मा र बुद्धिलाल नगरकोटीको २०७४।०४।०७ मा मृत्यु भए पछिका जीवित हकदारहरूमा पुर्ण बहादुरकी पत्नी मंगलमाया–१, बुद्धिलालकी पत्नी तितरी नगरकोटी–१ र ज.ध. का छोरा कान्छा नगरकोटी–१ समेत जम्मा ३ रहेको भनी छुट दर्ता सहित नामसारीका लागि निवेदन माग गरेको हुँदा दर्ता ना.सा. गर्न नमिल्ने कुनै कारण भए वा उक्त जग्गा छुट जग्गा दर्ताका लागि यसअघि अरू कसैले निवेदन माग गरेको भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिनभित्र स–प्रमाण दाबी गर्न आउनुहोला अन्यथा कानून बमोजिम भइजानेछ। **तपसिल**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल | मोहीको नाम | किसानको व्यहोरा |
|---|---|---|---|---|---|
| चपली | ५ क | १४३ | ०–२–२–० | सुकुचा नगरकोटी भन्ने खत्री का.ई. वासिकु | यो जग्गा मेरो नामको दर्ता हो मालमा तिरो तिरी खाएको छु। |

# विज्ञापन रद्द गर्न कर्मचारीको आन्दोलन



तस्बिर : नेत्र शाही

**कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पतालमा आयोजित पत्रकार भेटघाट ।**

**नेत्र शाही**
*जुम्ला, जेठ २६ गते*

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पतालमा विज्ञापन गरेको भन्दै त्यहाँ कार्यरत कर्मचारी आन्दोलित भएका छन्। कर्मचारीले पत्रकार सम्मेलन गरी प्रतिष्ठानका रजिस्ट्रारको पदावधि कम भए पनि निरन्तर विज्ञापन खोलेर आसेपासेलाई जागिर दिन खोजेको आरोप लगाएका छन्।

प्रतिष्ठानको प्रणालीबाट बाहिर गएर विज्ञापन खोलेकोमा ध्यानाकर्षणसहित विरोध जनाएका छन्। प्रतिष्ठानका वरिष्ठ प्रशासकीय अधिकृत द्वन्द्वबहादुर शाहीले पत्रकार भेटघाटमा प्रस्तुत गर्नुभएको ध्यानाकर्षणपत्रमा यही जेठ २३ गते प्रतिष्ठानको वेबसाइटमा प्रकाशित भएको विज्ञापनमा सम्पूर्ण कर्मचारीको ध्यानाकर्षण भएको जनाइएको छ। विज्ञापनपछि निमित्त उपकुलपति डा. डबलबहादुर धामी र रजिस्ट्रार नृपेन्द्र महतलाई कर्मचारीले ध्यानाकर्षणपत्र पठाएका छन्। ध्यानाकर्षणपत्र प्रतिष्ठानका कुलपति तथा प्रधानमन्त्री केपी शर्मा ओली तथा सहकुलपति तथा स्वास्थ्यमन्त्रीलाई समेत बोधार्थ गराइएको छ। कर्मचारीका अनुसार प्रतिष्ठानको विज्ञापन कार्यकारी परिषद्बाट स्वीकृत गर्नुपर्नेमा रजिस्ट्रारको एकल निर्णयले गरिएको तथा स्वीकृत दरबन्दी किताबमा नभएको पदसमेत राखी विज्ञापन गरिएको छ।

प्रतिष्ठानको आर्थिक कार्यभारको ख्याल नगरी दरबन्दी किताबमा नभएका पदको विज्ञापन गरिनु संस्थाको हितमा नहुने वरिष्ठ प्रशासकीय अधिकृत शाहीले बताउनुभयो।

कर्मचारी सङ्गठनले पनि विज्ञापनको विरोध जनाएका छन्। कर्मचारी कल्याण समिति अध्यक्ष रमाकान्त उपाध्याय र कर्मचारी युनियन कर्णाली प्रतिष्ठानका कार्यवाहक अध्यक्ष हरिशचन्द्र रावतले पनि विज्ञप्ति जारी गरी सोमबारदेखि प्रतिष्ठानको आकस्मिकबाहेक शैक्षिक तथा प्रशासनिक काम बन्द गरिने जनाउनुभयो। प्रोफेसर, एसोसिएट प्रोफेसर, असिस्टेन्ट प्रोफेसर, लेक्चरसहितका पद, एमए इन सोसियोलोजीमा एक जना एसोसिएट प्रोफेसर, एक जना असिस्टेन्ट प्रोफेसर र तीन वर्ष अधिकृत तहमा अनुभव गरेको व्यक्ति सातौँ तहको खरिद अधिकृतमा विज्ञापन गरिएको छ।

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पतालका निमित्त उपकुलपति डा. डबलबहादुर धामीले रजिस्ट्रार नृपेन्द्र महतलाई उक्त विषयमा के भएको हो ? लिखित जानकारी माग गरिएको बताउनुभयो। कार्यकारी परिषद् सदस्य विवेक पुनमगरले एमए इन सोसियोलोजी एसोसिएट प्रोफेसर, मास्टर इन फार्माकोग्नोसी, नेचुरल प्रोडक्ट केमेस्ट्री, फिटोकेमेस्टी र तीन वर्ष अधिकृत तहको अनुभव भएको सातौं तहको खरिद अधिकृतको विषयमा कार्यकारी परिषद्मा निर्णय नभएको बताउनुभयो।

# भूकम्प प्रभावित बालबालिकालाई सहयोग

**मुसीकोट समाचारदाता**
*रुकुमपश्चिम, जेठ २६ गते*

रुकुमपश्चिमको सानीभेरी गाउँपालिकाले भूकम्प प्रभावित तथा विपन्न अवस्थाका बालबालिकालाई आर्थिक सहायता प्रदान गरेको छ।

गाउँपालिकाका बालअधिकार अधिकृत मानबिर ओलीका अनुसार गाउँपालिकाले विभिन्न साझेदार निकायसँगको समन्वयमा ५३ लाख ५६ हजार ३१० रुपियाँ आर्थिक सहायता गरिएको छ। ९३४ जना भूकम्प प्रभावित, विपन्न, अनाथ बालबालिकालाई सो सहयोग प्रदान गरिएको हो।

बाल अधिकार अधिकृत ओलीले २०८० कात्तिक १७ गते जाजरकोट केन्द्रविन्दु भएर गएको भूकम्पपछि प्रभावित बालबालिकामध्ये ३६१ जनालाई जनही चार हजार रुपियाँ र १२८ जनालाई जनही १० हजारका दरले २७ लाख २४ हजार रुपियाँ आर्थिक सहायता प्रदान गरिएको छ। त्यसै गरी छ जना अनाथ बालबालिकालाई दुई हजारका दरले गाउँपालिकाले मासिक भत्ता उपलब्ध गराउँदै आएको छ। गाउँपालिकाले आपत्कालीन बालउद्धार कोषबाट १० जनालाई ८४ हजार आर्थिक सहायता गरेको छ। उक्त रकम बालबालिकाको उपचारका लागि सहायता गरिएको हो। गणतन्त्र दिवसका अवसरमा २९ जना बालबालिकालाई शैक्षिक सहायता अन्तर्गत चार हजार ३१० रुपियाँ बराबरका शैक्षिक सामग्री पनि सहयोग भएको छ। विपन्नलक्षित छात्रवृत्ति कार्यक्रम अन्तर्गत कक्षा ६ देखि १२ सम्मका चार सय जना बालबालिकालाई छात्रवृत्ति प्रदान गर्दै आइरहेको प्रतिवर्ष छ हजारका दरले २४ लाख रुपियाँ प्रदान गर्दै आएको गाउँपालिकाले जनाएको छ।

# पालिकाकै डुब्यो पौने दुई करोड

**मुसीकोट समाचारदाता**
*रुकुमपश्चिम, जेठ २६ गते*

रुकुमपश्चिमको आठबिसकोट नगरपालिका–९ स्थित आठबिसकोट बचत तथा ऋण सहकारी संस्थामा स्थानीय सरकारले गरेको लगानी डुबेपछि असुल गर्न बारम्बार ताकिता गर्ने गरिएको छ। यो सहकारीमा आठबिसकोट नगरपालिकाले एक करोड ७२ लाख पाँच हजार रुपियाँ कर्जा उपलब्ध गराएको छ। नगरपालिकाका उपप्रमुख एवं न्यायिक समितिका संयोजक धनकुमारी शाहीका अनुसार नगरपालिकाबाट शैक्षिक कर्जाको एक करोड, घरेलु तथा साना उद्योगका लागि दिएको ३८ लाख ४० हजार र विपन्न नागरिक सेयर लगानी ३३ लाख ६५ हजार रुपियाँ सहकारीमा डुबेको छ। नगरपालिकाले सहकारीमा ६७३ जना विपन्न नागरिकको सेयर खरिदका लागि उक्त रकम दिएको थियो। सहकारीले एक व्यक्तिलाई पाँच हजारका दरले ५० कित्ता सेयर दिने गरी कर्जा लिएको बुझिएको छ।

स्थानीय सरकारबाट लिएको कर्जा फिर्ता गर्न नसकेपछि बन्द अवस्थामा रहेको सहकारीविरुद्ध उजुरी परेपछि नगरपालिकाले छानबिन गरेको थियो। वडा नं. १ का वडाध्यक्ष देवबहादुर घर्तीको संयोजकत्वमा गठित छानबिन समितिले नगरपालिकाबाट लिएको कर्जा र केही बचतकर्ताको समेत रकम फिर्ता नभएको निष्कर्षसहितको प्रतिवेदन तयार गरेको थियो। नगर कार्यपालिका बैठकले 'डुबेको' रकम असुलीका लागि न्यायिक समितिमार्फत पत्राचार गर्ने निर्णय गरेको थियो।

न्यायिक समितिले एक महिनाभित्र उक्त कर्जा बुझाउन गत माघ २३ गते पत्राचार गरेको थियो तर सहकारीले हालसम्म कर्जा फिर्ता नगरेपछि साँवा, ब्याज र जरिबानासहितको रकम सात दिनभित्र बुझाउन न्यायिक समितिले शुक्रबार पुनः पत्राचार गरेको उपप्रमुख शाहीले जानकारी दिनुभयो। उहाँका अनुसार अब रकम फिर्ता नगरेमा कानुनी कारबाहीका लागि अगाडि बढाइने छ। यसअघि सहकारीले समेत कर्जा असुलीका लागि ताकिता गर्दा पनि अटेरी गरेको जनाएको थियो। यो सहकारीमा सबैभन्दा बढी दुई युवालाई पाइलट पढ्नका लागि दिएको एक करोड, कर्णाली वेभरेज सञ्चालनका लागि दिएको २६ लाख कर्जा फिर्ता हुन सकेको छैन।

आठबिसकोट नगरपालिकाको सहकारी ऐन, २०७४ बमोजिम दर्ता नम्बर ४३ मा २०७४ चैत १८ गते यो सहकारी दर्ता भएको थियो। सुरुमा १०१ जना मात्र सेयर सदस्य रहेको यस सहकारीमा हाल ९५६ जना सेयर सदस्य रहेका छन् ।

# डिजाइन परिवर्तन गर्दा बढ्यो लागत



तस्बिर : रजनी योगी

**कर्णाली प्रदेशको मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय ।**

**बुलबुले समाचारदाता**
*सुर्खेत, जेठ २६ गते*

कर्णाली प्रदेशका मन्त्रालयको एकीकृत भवन निर्माणका लागि चार अर्ब लागत लाग्ने भएको छ। नयाँ डिजाइन अनुसार तयार गरिएको नयाँ विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) अनुसार साढे चार अर्ब रकम लाग्ने भएको पूर्वाधार विकास निर्देशनालय सुर्खेतले जनाएको छ।

निर्देशनालयका सूचना अधिकारी वीरेन्द्रजङ्ग शाहीले डिपिआर अनुसार चार अर्ब ६२ करोडको लागत स्वीकृत गरिएको बताउनुभयो। भवनको डिजाइन परिवर्तन भएसँगै डिपिआर पनि नयाँ बनाइएको छ। नयाँ डिपिआर अनुसार लागत अनुमान पनि बढेको छ। यसअघि निर्माण गरिएको डिपिआर अनुसार दुई अर्ब ४९ करोड लागत अनुमान रहेको थियो। पाँच हजार वर्गमिटरभन्दा बढी क्षेत्रमा भवन निर्माण हुने गरी डिपिआर बनेको थियो। नयाँ डिपिआर निर्माण गरेसँगै लागत बढेको छ।

आर्थिक वर्ष २०७७/७८ मा प्रदेश सरकारले एकीकृत सरकारी प्रशासनिक केन्द्र भवन योजना अघि सारेको थियो तर त्यसका लागि आवश्यक जग्गा प्राप्त नहुँदा योजना कार्यान्वयनमा आउन सकेको थिएन। अब भने जग्गा प्राप्तिसँगै योजना कार्यान्वयन हुने छ। कर्णाली प्रदेश सरकारका सबै मन्त्रालय एकै ठाउँ राख्ने गरी एकीकृत प्रशासनिक केन्द्र निर्माण गर्न लागिएको हो।

# सडक निर्माण अन्तिम चरणमा

**हुम्ला समाचारदाता**
*हुम्ला, जेठ २६ गते*

कर्णाली कोरिडोरको हुम्लामा पर्ने बोक्चेगौँडादेखि याङ्चुकुना सडकको स्तरोन्नति अन्तिम चरणमा पुगेको छ। सो सडकमा सेनाले विस्फोट गर्ने, जेसिभीबाट सफा गर्ने, विस्फोटका लागि होल खोप्ने कार्य धमाधम गरिरहेका कारण निर्माण अन्तिम चरणमा पुगेको हो।

उक्त क्षेत्रको सडकको स्तरोन्नति गर्ने कार्यको जिम्मेवारी पाएको नेपाली सेना विकासनिर्माण दलका गुल्मपति अम्रित पराजुलीका अनुसार बोक्चेगौँडामा पाँच मिटर कडा चट्टानलाई तल झार्ने कार्य पूरा भएको छ। अब तीनदेखि चार राउन्ड विस्फोट गर्नेबित्तिकै सो खण्डको सडकको निर्माण पूरा हुने उहाँले बताउनुभयो।

उहाँले याङ्चुकुनादेखि भिगौँडासम्मको चार सय मिटर सडकको स्तरोन्नति गर्ने कार्य पूरा भएको बताउनुभयो। सो सडक आठदेखि १० मिटर चौडा रहेको छ। यता भिगौँडामा पनि सिस्फोट गर्ने कार्य जारी रहेको छ। उक्त क्षेत्रमा सडक सिधा लिनुपर्ने भएका कारण केही समय लाग्ने छ। याङ्चुकुनाको काम सकिएको र बोक्चेगौँडाको काम अन्तिम चरणमा पुगेकाले अब सबै जनशक्ति र मेसिन पनि भिगौँडामा परिचालन गरिने उहाँले बताउनुभयो।

**मालपोत कार्यालय साँखुबाट जारी भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।**

काठमाडौँ जिल्ला, शंखरापुर न.पा. वडा नं. ४ (साविक लप्सेफेदी–३) बस्ने राम बहादुर घ्लान समेतले काका दिल बहादुर घ्लान तामाङ र काकी धनमाया घ्लान तामाङको नाममा छुट्टाछुट्टै नापनक्सा भई निज नापीवालाहरूकै नाममा हालसम्मै दर्ता बाँकी स्रेस्ता कायम रहेको तपसिलमा उल्लिखित जग्गा दर्ता नहुँदै नापीवाला मध्येका दिल बहादुर घ्लान तामाङको मिति २०१८ सालमा र निजकी पत्नी नापीवाला मध्येका धन माया घ्लान तामाङको मिति २०२३ सालमा निःसन्तान अवस्थामा नै मृत्यु भई हकदारमा नाता प्रमाणपत्र बमोजिम भतिजाहरू रामकृष्ण घ्लान तामाङ–१, राम बहादुर घ्लान–१, राम बहादुर घ्लान–१, सोम बहादुर घ्लान–१, इन्द्र बहादुर घ्लान–१ र विर बहादुर घ्लान–१ समेत जना ६ भएकोमा हकदार मध्येका भतिजा सोम बहादुर घ्लानको मिति २०७८/०५/०६ मा मृत्यु भई हकदारमा निजकी पत्नी तिर्थ माया घ्लान–१, छोराहरू दिल कुमार घ्लान–१, शम्भु घ्लान–१, छोरीहरू दिल कुमारी घ्लान–१ र विमला घ्लान–१ समेत जना ५ भएको, अर्को हकदार मध्येका विर बहादुर घ्लानको मिति २०७७/०८/०६ मा मृत्यु भई हकदारमा निजकी पत्नी कान्छी घ्लान–१, छोराहरू विजय कुमार घ्लान–१ र सोनाम कुमार घ्लान–१ समेत जना ३ भएको तथा अर्को हकदार मध्येका भतिजा इन्द्र बहादुर घ्लानको मिति २०७३/०७/१० मा र निजकी पत्नी कान्छी तामाङको मिति २०७७/१०/१२ मा मृत्यु भई हकदारमा छोराहरू यम बहादुर तामाङ–१, असलमान तामाङ–१ र ज्ञान बहादुर तामाङ–१ समेत जना ३ भई जीवित हकदारमा रामकृष्ण घ्लान तामाङ–१, राम बहादुर घ्लान–१, राम बहादुर घ्लान–१, तिर्थ माया घ्लान–१, कान्छी घ्लान–१, यम बहादुर तामाङ–१, असलमान तामाङ–१ र ज्ञान बहादुर तामाङ–१ समेत जना ८ भई तपसिल बमोजिमको जग्गा साबिक मौजा घुमारीचोक रै.नं. ३८०/१५०/२७ बाजे जिलाप सिंको नामको लगत भिडी हामी हकदारहरूको नाउँमा दर्ता/नामसारी गरिपाऊँ भनी माग निवेदन गरेको साथै उक्त जग्गामा अन्य हकदार कोही भए वा निवेदकको हक नलाग्ने कुनै कारण भए वा अन्य कसैको हक लाग्ने भए वा सरकारी, ऐलानी, पर्ती, बिर्ता, गुठी अधीनस्थ इत्यादि कुनै प्रकृतिको जग्गा भए वा अन्य कसैले कुनै कारबाही चलाएको भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफूसँग भएको प्रमाण सहित मालपोत कार्यालय साँखुमा स–प्रमाण दाबी गर्न/सूचना गर्न आउनुहोला। तोकिएको म्यादभित्र कोही कसैको दाबी विरोध नपरे निवेदकको माग दाबीलाई स्वीकार गरेको मानी कानून बमोजिम जग्गा दर्ता नामसारी समेत भइजानेछ र यस विषयमा पछि कसैको दाबी नलाग्ने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ। **फिल्डबुकको व्यहोरा तपसिल**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल | मोही | जग्गावालाको व्यहोरा | किसानको व्यहोरा |
|---|---|---|---|---|---|---|
| साल्खा | ८/घ | १९४ | १–१३–२–० | सेते घ्लान तमाङको हकमा सही गर्ने निजको काका शेर बहादुर घ्लान तमाङ घुमारी चोक | | यो जग्गा डाँडा कटेरी बस्ने दिल बहादुरको नामको नम्बरी हो मैले जोती खाई आएको छु। |
| साल्खा | ८/घ | २३२ | ०–८–२–० | कामि घ्लान तमाङ घुमारी चोक | दर्तावाला जीलाप सि मरी हक खाने बुहारी धन माया घ्लानती साँखु डाँडा कटेरी। | यो जग्गा डाँडा कटेरी बस्ने भालु मान बहादुरको नामको नंवरी हो। मैले जोती खाई आएको छु। |

**मालपोत कार्यालय, मनमैंजु काठमाडौंबाट जारी हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।**

काठमाडौँ जिल्ला, ता.न.पा. वडा नं. २ बस्ने तुलसीकान्त अधिकारी समेतले निवेदकको बाबु तथा बाजे तिर्थराज अधिकारीका नाममा साविक सर्भे नापीको समयमा नापनक्सा भई दर्ता बाँकी रहेको अवस्थामा ज.ध. तिर्थराज अधिकारीको मिति २०४७।०३।१६ मा, आमा तथा हजुर आमा मगंलकुमारी अधिकारीको मृत्यु मिति २०१४ सालमा, दाजु तथा बाबु बाल प्रसाद अधिकारीको मिति २०५६।०८।१० मा, आमा तथा भाउजु गंगा अधिकारीको मिति २०३९ सालमा आ–आफ्नै कालगतिले परलोक भएकोले मृतक ज.ध. को शेष पछिको नजिकका हकदारमा हामी निवेदक छोराहरू तोरणनाथ अधिकारी–१, तुलसीकान्त अधिकारी–१, इन्द्र प्रसाद अधिकारी–१ र नाति श्याम अधिकारी–१ समेत जना–४ मात्र भएको हुँदा तपसिलमा उल्लिखित जग्गा बाबु तथा हजुरबाबु तिर्थराज अधिकारीको नामको मौजा साङ्गला रै.नं. ३०४, ३०८, ३१९ र ३५३ को लगतमध्ये भिडी दर्ता हुने जग्गा भएकोले दर्ता/ना.सा. समेत गरिपाऊँ भनी माग निवेदन गर्नुभएको हुँदा उक्त जग्गा सरकारी, सार्वजनिक, गुठी, ऐलानी, पर्ती वा अन्य कसैको हक लाग्ने हो/होइन ? वा माग बमोजिम दर्ता/ना.सा. हुनु नपर्ने भए वा निवेदक बाहेक अन्य हकदार भए यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र स–प्रमाण दाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भइजानेछ।

**पुनश्चः** भूमिसुधार तथा मालपोत कार्यालय डिल्लीबजारबाट कि.नं. १४२ को ७ नं. फाँटवारी खोज तलास गर्दा फेला नपरेको र अन्य उल्लिखित कित्ता जग्गामा २ नं. अनुसूची र ७ नं. फाँटवारी खोजतलास गर्दा फेला नपरेको भनी पत्र प्राप्त भएको साथै कि.नं. ११० को फिल्डबुकको कैफियत महलमा का.ई. कुपण्डोल बस्ने आनन्द सम्शेरको हो भन्ने अक्षर नमिल्दो गरी थप गरिएको देखिएको। **तपसिलः–**

| क्र.सं. | गा.वि.स. / न.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर, वतन | किसानको व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | काभ्रेस्थली | ९ख | १४२ | ०–४–०–० | तिर्थराज अधिकारी का.ई. काभ्रे | यो जग्गा मेरो दाजु महेश्वर अधिकारीको नम्बरी हो, दाजु मरी मेरो हक हुन आएको हो। | नामसारी हुन वा दाखिला खारिज हुन बाँकी |
| २. | काभ्रेस्थली | ९ख | ७८ | १–५–२–० | पर्ती ज.ध.–तिर्थराज अधिकारी का.ई. थुम्की बस्नेको हस्ते भतिजा झंकनाथ अधिकारी का.ई., थुम्की | पर्ती | यो का.इ. काभ्रे बस्ने तिर्थराज अधिकारीको तिरो तिरान भित्रको हो भनी प्रमाणित गर्ने वडा सदस्य चिन्तामणि। मौजा साङ्गला रै. नं. ६३–३५३ को खेत १० को धान २/१० गहुँ ३/४ घ्यु ९/२ तेल सालको ले दर्ता। नामसारी हुन वा दाखिला खारेज हुन बाँकी। |
| ३. | काभ्रेस्थली | ९ख | २१ | १–१–०–० | पर्ती | पर्ती | यो जग्गा का.इ. काभ्रे बस्ने तिर्थराज अधिकारीको तिरो तिरान भित्रको हो भनी सही गर्ने व स चिन्तामणि। |
| ४. | काभ्रेस्थली | ९ख | ६८ | २–१४–०–० | पर्ती ज.ध.–तिर्थराज अधिकारी का.ई. थुम्की बस्नेको हस्ते भतिजा बेद प्रसाद अधिकारी | पर्ती | यो जग्गा का.इ. काभ्रे बस्ने तिर्थराज अधिकारीको तिरो तिरान भित्रको हो भनी सही गर्ने व स चिन्तामणि। कि.नं. ४७ को मध्येले दर्ता। नामसारी हुन वा दाखिला खारिज हुन बाँकी |
| ५. | काभ्रेस्थली | ९ख | ११० | ४–९–०–० | पर्ती | पर्ती | यो जग्गा का.इ. काभ्रे बस्ने तिर्थराज अधिकारीको हो। का.इ. कुपन्डोल बस्ने आनन्द सम्शेर तिरो तिरान भित्रको हो भनी सही गर्ने प्र.प. प्रेमनाथ शर्मा फयाल। |

**परवानीपुर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
लिपनीमाल, बारा
मधेस प्रदेश, नेपाल

**गुदरी बजारको नवनिर्मित सटर भाडामा दिने सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

(प्रथम पटक प्रकाशित मितिः– २०८२/०२/२७ गते, मङ्गलबार)

यस परवानीपुर गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय लिपनीमाल बाराको स्वामित्वमा रहेको वडा नं.३ गुदरी बजारमा नवनिर्मित देहाय बमोजिमका सटरहरू हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा बहाल बन्दोबस्त गर्न आवश्यक भएकोले यो सूचना प्रकाशित गरिएको छ। उक्त सटरहरू बहालमा लिन इच्छुक नेपाल सरकारबाट इजाजत प्राप्त व्यक्ति/फर्म/कम्पनी/वित्तीय संस्था/सहकारीहरूले तपसिल बमोजिम तोकिएका शर्त, नियम तथा प्रावधानहरूको परिधिभित्र रही रीतपूर्वकको सिलबन्दी दरभाउपत्र पेस गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

| सि.नं. | ठेक्का नं. | किसिम | सदर नं. | संख्या | प्रतिशत सटर न्यूनतम मासिक बहाल | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | PRM/002/2082/083 | गुदरी बजारमा नवनिर्मित सटरहरू भाडामा | १ देखि १२ सम्म (पश्चिमतिर ढोका भएको) | १२ | ५,०००/– | |
| २. | | गुदरी बजारमा नवनिर्मित सटरहरू भाडामा | १३ देखि २४ सम्म (पूर्वतिर ढोका भएको) | १२ | ३,०००/– | |

**शर्तहरूः–**

१) यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र इच्छुक व्यक्ति, फर्म, कम्पनीले फर्म दर्ता प्रमाणपत्र, फर्म नवीकरणका प्रतिलिपि, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि, व्यवसाय दर्ता प्रमाणपत्र र सोको नवीकरणको प्रतिलिपिसहितको निवेदन साथ बोलपत्र फाराम दस्तुर रु.५००/–(पाँच सय मात्र) फिर्ता नहुने गरी रकम बुझाई दरभाउपत्र फाराम यस कार्यालयबाट खरिद गर्न सकिनेछ।

२) दरभाउपत्र फाराममा आफूले भाडामा लिन चाहेको सटर नम्बरमा आफूले कबोल गर्ने दररेट अंक र अक्षरमा स्पष्ट भरि प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औँ दिन दिनको १२:०० बजेभित्र सिलबन्दी खाममा राखी समितिमा दर्ता गरिसक्नुपर्ने छ। रीतपूर्वकभरि समयभित्र दर्ता भएका दरभाउपत्रहरू सोही दिनको २:०० बजे प्रतिनिधिहरूको रोहवरमा यस कार्यालयमा खोलिनेछ। दरभाउपत्र खरिद,दर्ता र खोल्ने दिनमा सार्वजनिक बिदा पर्न गएमा सो कार्य त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन हुनेछ।

३) नेपाल सरकार तथा यस पालिकाको कुनै पनि दस्तुर, कर र भाडा हालसम्म तिर्न बाँकी रहेका निवेदकको हकमा निजको निवेदनउपर कुनै कारवाही हुनेछैन।

४) सिलबन्दी दरभाउपत्रदाताले रु ५०००/– धरौटी वापत यस गाउँपालिकाको नबिल बैंक लिमिटेड शाखा कार्यालय परवानीपुरको धरौटी खाता नम्बर २१९०१०१७५०००२६ मा जम्मा गरेको सक्कल भौचर दरभाउपत्र साथ संलग्न राखी पेस गर्नुपर्नेछ। दरभाउपत्र स्वीकृत भई सम्झौता गर्न नआएमा निजले राखेको धरौटी जफत हुनेछ।

५) तोकिएको समयभित्र दर्ता गरिएका दरभाउपत्रहरूको मूल्यांकन यस परवानीपुर गाउँपालिकाको घर, जग्गा, भवन, कोठा, टहरा बहालमा लगाउने सम्बन्धी कार्यविधि, २०७९ को दफा ३ को उपदफा ३ अनुसारको मानकको आधारमा प्राथमिकीकरण गरिनेछ।

६) दरभाउपत्र स्वीकृत भएपछि सम्झौता गर्न आउने व्यक्ति, फर्म तथा कम्पनीहरूले सम्झौतामा सहीछाप गर्नुपूर्व आफूले कबोल गरेको अंकको ६ महिना बराबरको हुनआउने रकम अग्रीम भाडा यस गाउँपालिकाको नबिल बैंक लिमिटेड शाखा कार्यालय परवानीपुरको धरौटी खाता नम्बर २१९०१०१७५०००२६ मा दाखिला गरी सक्कल भौचर पेश गर्नुपर्नेछ।

७) सम्झौता भएको मितिदेखि प्रत्येक दुई/दुई वर्षमा समय र परिस्थिति हेरी कार्यालयको निर्णयअनुसार भाडा दर समायोजन तथा पुनरावलोकन गरी सम्झौता नवीकरण गरिनेछ।

८) रीतपूर्वक पर्न आएको सबैभन्दा बढी रकम कबोल गर्ने दरभाउपत्रदाताले मासिक कबोल अंक स्वीकार गरिनेछ।

९) खानेपानी तथा विद्युत् महसुल सम्बन्धित बहालवालाले नै तिर्नु पर्नेछ।

१०) बिजुलीको महसुल रकम मिटरबाट देखाए बमोजिम प्रत्येक महिना मिटर जाँच भएको सात दिन भित्र दोस्रो पक्षले आफैंले तिर्नु पर्नेछ।

११) बन्द, हडताल लगायत जस्ता कुनै पनि कारणबाट बहालवालालाई क्षति पुग्न गएमा बहालवाला स्वयमले जिम्मेवार हुनुपर्ने र त्यस वापत यस कार्यालयबाट कुनै क्षतिपूर्ति तथा मिनाहा दिइने छैन।

१२) दरखास्त दिँदा एउटै दरभाउपत्रमा आफूले चाहेको सटर नं.अनुसार कबोल अंक भरी फाराम भरी पेस गर्नु पर्नेछ।

१३) नेपाल सरकार तथा प्रचलित कानुनले निषेध गरिएका सामानहरु राखी पसल खोल्न तथा बिक्रीबितरण गर्न पाइनेछैन।

१४) दरभाउपत्र दाताले घर बहालकर बाहेक कानुन बमोजिम अन्य कुनै कर तिर्नुपर्ने भएमा स्वयम् बहालवालाले नै तिर्नु पर्नेछ।

१५) दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

१६) दरभाउपत्रदाता वा निजहरूको प्रतिनिधि उपस्थित नभएता पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

१७) कार्यालयबाट बिक्री नभएको, दरभाउपत्रदाताको दस्तखत नभएको र शर्त राखी पेस भएको बोलपत्र मान्य हुने छैन।

१८) रीत नपुगी वा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।

१९) दरभाउपत्र फारम भर्दा आफूले कबुल गरेको रकम अंक र अक्षर दुबैमा स्पष्ट हुने गरी उल्लेख भएको हुनु पर्नेछ।अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

२०) दरभाउपत्र स्वीकृत भएपछि सूचना पाएको वा घरदैलोमा टाँस भएको मितिले ७ (सात) दिन भित्र नियमानुसार सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ। सो अवधिभित्र सम्झौता गरी पट्टा नउठाएमा धरौटी रकम जफत गरी दोस्रो दरभाउपत्र दाताको दरभाउ स्वीकृत गर्ने वा नगर्ने वा पुनः दरभाउ आह्वान गर्ने अधिकार गाउँपालिकाको कार्यालयमा सुरक्षित रहनेछ।

२१) यस सूचनामा उल्लेख नभएका अन्य कुराहरूको हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र परवानीपुर गाउँपालिकाको घर, जग्गा, भवन, कोठा, टहरा बहालमा लगाउने सम्बन्धी कार्यविधि, २०७९ लगायत अन्य प्रचलित ऐन, नियम बमोजिम हुनेछ।

२२) यस सम्बन्धमा अन्य थप केही कुरा बुझ्नु परेमा यस कार्यालयको राजस्व शाखामा सम्पर्क गर्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

# सडक तीन किलोमिटर, समय नौ वर्ष

**बुटवल समाचारदाता**
*बुटवल, जेठ २६ गते*

साढे तीन किलोमिटर सडक कालोपत्रे गर्न कति समय लाग्ला ? धेरै समय लागे छ महिनादेखि वर्ष दिनमा सकिन्छ भन्ने धेरैको अनुमान हुन सक्छ तर यो अनुमानविपरीत बुटवलको राजमार्ग चौराहादेखि गोलपार्कसम्मको साढे तीन किलोमिटर लामो सडक नौ वर्ष हुँदा पनि अझै पूरा भएको छैन।

समयमा निर्माण सम्पन्न नगर्ने निर्माण व्यवसायीको ठेक्का रद्द गरी नयाँ निर्माण व्यवसायीलाई कामको जिम्मा दिएपछि पछिल्लो समय भने बल्ल यो सडक निर्माणको कामले गति लिएको छ। गत असोजमा एक वर्षभित्रैमा निर्माण सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भएको थियो। निर्माण सुरु भएको नौ महिनाको अवधिमा २५ प्रतिशत निर्माणको काम सम्पन्न भएको छ।

सडक डिभिजन कार्यालय बुटवलका सूचना अधिकारी महेश्वर लम्सालले बिचमा केही समय काम सुस्ताए पनि पछिल्लो समय भने कामले गति लिएको बताउनुभयो। उहाँका अनुसार सडकको नालीतर्फको काम भने ७० प्रतिशतभन्दा धेरै सम्पन्न भइसकेको छ।

बुटवलको मुख्य सडक निर्माणका लागि कञ्चनजङ्घा बिरुवा जेभीसँग २०७३ साल चैत १७ गते ५३ करोड ९७ लाख ९९ हजार चार सय रुपियाँमा २०७६ सालसम्ममा सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भएको थियो। तर साढे तीन किलोमिटर सडक निर्माणको काम आठ वर्षमा पनि सम्पन्न नभएपछि सडक डिभिजन कार्यालयले ठेक्का तोडेको थियो।

गत वर्ष असोजमा बाबुल दर्शन मालिका जेभी भैरहवाले २०८१ असोज १८ गते एक वर्षभित्रमा काम सम्पन्न गर्ने गरी ३३ करोड रुपियाँमा ठेक्का लिएको हो। अहिले सर्भिस लेनको कालोपत्रे गर्ने काम धमाधम सुरु भएको छ भने राजमार्ग चौराहादेखि मिलनचोकसम्मको एकातर्फको सर्भिस लेनको कालोपत्रेको कामसमेत सुरु भएको छ।



सडक डिभिजन कार्यालय बुटवलका अनुसार सडकको फुटपाथ तीन मिटर, सर्भिस लेन सात मिटर, ग्रिनबेल्ट र स्टल साढे दुई मिटर र मुख्य लेन साढे १० मिटरको हुने छ। बुटवल उपमहानगरपालिका प्रमुख खेलराज पाण्डेयले लामो समयदेखि निर्माण नभएका कारण बुटवलवासीले सास्ती पाइरहेको अवस्थामा अब यो सडक निर्माणले गति लिएकाले चाँडै सम्पन्न हुने विश्वास बढेको बताउनुभयो। सडक डिभिजन कार्यालय बुटवलका सूचना अधिकारी लम्सालले अबको तीन महिनाभित्रमा निर्माणको काम सम्पन्न हुने अवस्था नरहेको बताउँदै म्याद थप गर्नुपर्ने अवस्था आउने बताउनुभयो।

सडक डिभिजन कार्यालय बुटवलले भने निर्धारित एक वर्षको समयभित्रै निर्माणको काम नसकिए पनि यही अवस्थामा निर्माण भए ९० प्रतिशत काम सम्पन्न हुने जनाएको छ। उद्योग वाणिज्य सङ्घ बुटवलका अध्यक्ष हरि अर्यालले बुटवलको मुख्य बजार छुने चौराहदेखि गोलपार्क चिडियाखोलासम्मको सडक लामो समय अलपत्र हुँदा व्यवसाय गर्न समस्या देखिएको, धुलो धुवाँका कारण स्वास्थ्यमा पनि समस्या परेको बताउनुभयो।

# मान्छे मरिरहने, मोही मुद्दा चलिरहने

**देउखुरी समाचारदाता**
*देउखुरी, जेठ २६ गते*

भूमिसम्बन्धी ऐन लागु भएको पाँच दशकभन्दा बढी भइसक्दासमेत दाङको भूमिसुधार तथा मालपोत कार्यालयमा मोहीसम्बन्धी मुद्दा पुस्तौँदेखि चल्दै आएका छन्। साबिक गाविसमा भएको जग्गा बिक्री, मोही बाँडफाँट, हकदाबी जस्ता विषयलाई लिएर सुरु भएका यस्ता मुद्दा अहिले दोस्रो र तेस्रो पुस्तासम्म पुगेका छन्।

राजपुर गाउँपालिका–२ साबिक दुलैया–२ मा धर्मबहादुर थापाको नाममा रहेको कित्ता नम्बर ९४ र ९५ को जग्गा २०४५ साल जेठ ५ गतेको सरकारी निर्णय अनुसार दयाराम अहिरलाई बिक्री गरिएको थियो तर त्यही जग्गामा मोही हकवाला अझै कायम छन्। मोहीको हकमा सुरू भएको कानुनी लडाइँ २०७४ सालदेखि मानसिंह कामीले थाल्नुभएको थियो। उहाँको २०७१ मा निधन भएपछिको लडाइँ उहाँकी पत्नी बाटुली कामीले समाल्नुभयो। २०७६ मा उहाँको पनि निधन भएपछि अहिले भीमलाल कामीले तारेख धाउँदै आउनुभएको छ।

जग्गाधनीको तर्फबाट समेत रामबहादुर अहिरले मुद्दा समाल्दै आउनुभएको छ। साविक बेला गाविस–५ की भगवती चौधरीले २०७५ मा निवेदन दिएर मोही खण्ड माग गर्नुभएको थियो तर उहाँको २०८१ मा निधन भएपछि अहिले छोरा शिउप्रसाद चौधरी तारेख बोक्दै आउनुभएको छ। कार्यालयका अनुसार धेरै जसो मुद्दा मृतकका हकवालाले बोकिरहेका छन्।

कार्यालयका खरिदार मीनबहादुर केसीका अनुसार मिलापत्र नहुनु, आवश्यक प्रमाण नपाइने वा जग्गाधनी–मोहीबिच भेट नहुनुले गर्दा मुद्दा लम्बिएका हुन्। मोही प्रमाणपत्र बनाउँदा नक्सा, कित्ता नम्बर तथा क्षेत्रफलमा फरक देखिने, श्रेस्ता अद्यावधिक नभएको, दोहोरो मोही कायम भएको, मोही बाँडफाँड नगरी जग्गा बिक्री गरिएको जस्ता समस्याले पनि प्रक्रियागत जटिलता बढाएको छ।

स्वर्गद्वारी गुठी, गोरक्ष गुठी र नेपाल संस्कृत विश्वविद्यालयको नाममा रहेको करिब एक हजार पाँच सय बिघा जग्गामा पनि मोही समस्या ज्यूँका त्युँ छ। अदालतको आदेश अनुसार गुठी जग्गा खण्डीकृत नगर्न भनिए पनि मोही कायम देखिने, रेकर्ड फेला नपर्ने, जोतभोग अर्कैले गर्ने, प्रमाणपत्र नभएको वा किनबेच अनौपचारिक रूपमा भएको तथ्य भेटिएको बताइएको छ।

भूमिसुधार तथा मालपोत कार्यालय दाङका अनुसार हालसम्म दुई हजार ५३ वटा मोहीसम्बन्धी मुद्दा दर्ता भएका छन्। तीमध्ये एक हजार ६१७ पुराना र ४३६ चालु आर्थिक वर्षका हुन्। कुल मुद्दामध्ये हालसम्म ३५० मात्र फर्स्योट भएका छन् भने एक हजार सात सय बाँकी छन्।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
कृषि पुर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र
**कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र**
नक्टाझिज, धनुषा

## पुराना बेकम्मा सम्पत्ति तथा मालसामानको लिलाम बिक्री सम्बन्धी बोलपत्र आह्वानको सूचना

सूचना नं.:- AMPC /2081/082/LILAM
प्रथम पटक प्रकाशित मितिः २०८२/०२/२७ (गोरखापत्र दैनिक तथा www.bolpatra.gov.np)

यस केन्द्रमा रहेका प्रयोगमा आउन नसक्ने भई लिलाम बिक्री गर्ने निर्णय भएको सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छ सोही अवस्थामा बोलपत्रको माध्यमद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई बोलपत्र आह्वानका लागि यो सूचना प्रकाशित गरिएको छ। बोलपत्र e–GP मार्फत वा यस कार्यालय वा कोष तथा लेखा नियन्त्रक कार्यालय धनुषा, जनकपुरधामबाट बोलपत्र फाराम (Hard copy) खरिद गरी नियमानुसार कुनै एक माध्यमबाट पेश गर्न सकिनेछ। यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरी २२ औ दिनमा दिनको १२.०० बजे भित्र पेश गरी सक्नुपर्नेछ। यस सम्बन्धमा विस्तृत जानकारी बोलपत्र फाराम तथा कार्यालयको वेवसाईटमा (www.ampcnaktajhij.gov.np) प्रेषित सूचनाबाट प्राप्त गर्न सकिनेछ। यस अतिरिक्त अन्य कुरा बुझ्नु परेमा केन्द्रको जिन्सी शाखा वा मो.नं. ९८४६२८५२१८ मा सम्पर्क राख्न अनुरोध छ।

**लिलाम बिक्री सम्बन्धी विवरण**

| सि.नं | लिलाम हुने मालसामानको विवरण | न्यूनतम कायम भएको मूल्य (भ्याट वाहेक) रु. | बोलपत्र दस्तुर (रु.) | कैफियत |
|---|---|---|---|---|
| १. | पम्प, जेनेटर, कम्प्रेसर, ड्रिलिङ्ग रड, ड्रिलिङ्ग टुल्स, स्पेयर्स पार्टस, कम्प्यूटर, प्रिन्टर, दराज, कुर्सि, टेवल लगायतका सबै फलाम, विद्युतीय तथा फर्निचर जन्य मालसामानहरु एकमुष्ठ | ८४,७७,२९२।५० (अक्षरेपीः चौरासी लाख सतहत्तर हजार दुई सय बयानब्बे रुपैयाँ पचास पैसा मात्र) | २,०००।- (दुई हजार मात्र) | |

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
**प्रधान कार्यालय, कर्जा असुली विभाग**

## भोटेकोशी हेली रिसोर्ट एण्ड स्पा लि.लाई कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सूचना

**(प्रकाशित मिति : २०८२/०२/२७)**

यस बैंकका तपसिलका ऋणीले निम्न शाखाबाट लिएको कर्जा/सुविधा अन्तर्गतको साँवा, ब्याज नियमित रूपमा नतिरेको हुँदा, उक्त कर्जा/सुविधा असुलीका लागि पटक-पटक तर-ताकेता, सम्पर्क, पत्राचार गर्दा पनि बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा चुक्ता नगरेकोले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिन भित्रमा कर्जा/सुविधा बापतको रकम भुक्तान गर्नका लागि सरोकारवालाले सम्बन्धित शाखामा सम्पर्क राखी कर्जा चुक्ता गर्न/गराउनुहुन यो अन्तिम मौका दिइएको छ। उक्त म्यादभित्र पनि कर्जा चुक्ता नगरेमा तपसिलमा उल्लिखित ऋणी (फर्म/कम्पनीको हकमा साझेदार/सञ्चालक र शेयरधनीहरू समेत) लाई कालोसूचीमा नाम समावेश गर्नका लागि दिने ३५ दिने सूचनाको म्याद आजैबाट प्रारम्भ भएको व्यहोरा अनुरोध गरिन्छ। साथै ऋणी, प्रोप्राइटर तथा सञ्चालकले ३५ दिनभित्र कर्जा/सुविधा बापतको रकम भुक्तान नगरेमा सो पश्चात् व्यक्तिगत/संस्थागत धनजमानीकर्ताहरूलाई ९० दिनभित्र जमानत बापतको रकम भुक्तान गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, ब्याज र किस्ता रकम चुक्ता/भुक्तानी गर्नुहुन अनुरोध छ। अन्यथा, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकबाट “क”, “ख” र “ग” वर्गका इजाजत पत्र प्राप्त संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन इ.प्रा. निर्देशन नं. १२/०८१ को बुँदा ११ मा भएको व्यवस्था अनुसार तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी ऋणीको घरघराना तथा अन्य जायजेथा खोजी असुल गर्ने, सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको **कालोसूचीमा** नाम समावेश गर्न लेखी पठाउने तथा अन्य कानूनी प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना असुल गर्नेतर्फ आवश्यक कारबाही अगाडि बढाइने तथा ऋणी, प्रोप्राइटर तथा सञ्चालकले सूचना बमोजिम तोकिएको अवधिभित्र कर्जा भुक्तान नगरेमा सो पश्चात् ९० दिनभित्र जमानत दाताहरूले समेत जमानत बापतको रकम भुक्तानी नगरेको अवस्थामा नेपाल राष्ट्र बैंकबाट “क”, “ख” र “ग” वर्गका इजाजत पत्र प्राप्त संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन इ.प्रा.निर्देशन नं. १२/०८१ को बुँदा ९ को उपबुँदा ३ (घ) मा भएको व्यवस्था अनुसार व्यक्तिगत/संस्थागत धनजमानीकर्ताहरू समेतको नाम कालो सूचीमा समावेश गरिने व्यहोरा यसै सूचना मार्फत सूचित गरिन्छ।

**तपसिल**

**काठमाडौं बैंकिङ अफिस**

| १. | ऋणी फर्म/कम्पनीको विवरण | अध्यक्ष सञ्चालक | सञ्चालकहरूको विवरण | | |
|---|---|---|---|---|---|
| व्यापारिक आवधिक कर्जा/ चालु पूँजी कर्जा | **भोटेकोशी हेली रिसोर्ट एण्ड स्पा लि.** **(साविकः भोटेकोशी हेली रिसोर्ट एण्ड स्पा प्रा.लि.)** ठेगानाः भोटेकोशी गाउँपालिका–५, सिन्धुपाल्चोक (साविकः गोकर्णेश्वर नगरपालिका वडा नं. ८, काठमाडौँ) दर्ता नं.: ३१५१९९/०७९/०८०, कम्पनी रजिस्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौँ, मितिः २०८०/०३/२९ साविक दर्ता नं.: २०१९१५/०७५/०७६, मिति : २०७५/०७/१८ पान नं. : ६०६५५४५७४, चाबहिल मिति : २०७५।०७।२० | **चिन वहादुर रानाभाट** ठेगाना : थुमाकोडाँडा–२, कास्की बाबु : डिल वहादुर रानाभाट बाजे : विष्णु रानाभाट ना.प्र.नं.: ४६–०१–७१–०४११६, कास्की मिति : २०७१/०४/१२ | **छिरीङ शेर्पा** ठेगाना : साविक मार्मिङ–४, सिन्धुपाल्चोक बाबु : निमा ग्याल्जेन शेर्पा बाजे : सोनाम शेर्पा ना.प्र.नं.: ४१६०७०७, सिन्धुपाल्चोक मितिः २०४९/१२/०३ प्रतिलिपिः २०७३/०४/०६ | **सुबास प्रधान** ठेगानाः सामरी–२ नुवाकोट बाबु : भिमकुमार प्रधान बाजे : शंकरलाल प्रधान ना.प्र.नं.: २६०६०, नुवाकोट मिति : २०४०/०४/३१ प्रतिलिपिः २०६१/०२/०२ | **समिर कुमार नेपाल** ठेगानाः विराटनगर उपमहानगरपालिका–२०, मोरङ बाबु : दिब्य कुमार उपाध्याय नेपाल बाजे : सूर्यकुमार उपाध्याय ना.प्र.नं.: ८४२, मोरङ मिति : २०४२/०७/१९ प्रतिलिपिः १४८७१/द्रो.प्र., २०६५/०१/०३ |

## सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति – २०८२/०२/२७

यस निर्देशनालय अन्तर्गत FTTH Network विस्तार प्रयोजनार्थ आवश्यक पर्ने Optical Accessories को खरिद प्रक्रिया अघि बढाउने कार्यका लागि मिति २०८१/११/२९ र २०८२/१२/१८ मा राष्ट्रिय दैनिक गोरखापत्रमा प्रकाशित सूचना अनुसार प्राप्त हुन आएका सिलबन्दी दरभाउपत्रहरू मध्येबाट तपसिल बमोजिमको दरभाउपत्र छनौट गर्ने निर्णय भएकाले नेपाल दुरसञ्चार कम्पनी लि.को आर्थिक विनियमावली २०७१ को विनियम ५६ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल :**

| सि.नं. | सिलबन्दी दरभाउपत्र नं. | सारभुतरुपमा प्रभावग्राही सबैभन्दा न्युनतम मूल्याङ्कित सिलबन्दी दरभाउपत्रदाता | खरिद कार्यको बिवरण | कबोल रकम ने.रु. |
|---|---|---|---|---|
| १. | NDCL/PD-BRT/SQ/04/081-82 | M/S PROFESSIONAL BUSINESS NETWORK (P) LTD., Kathmandu, Nepal | Optical Distribution Network Installation, Testing & Handover Works for **FTTH**FTTH in Jhapa District | 23,68,727.42 |

**नेपाल टेलिकम**
**प्रादेशिक निर्देशनालय, बिराटनगर**
**कोशी प्रदेश**

**मधेश प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**जनकपुरधाम, धनुषा**

## स्तरवृद्दि सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : २०८२।०२।२७)

भौतिक पूर्वाधार विकास मन्त्रालय, मधेश प्रदेशबाट मिति २०८१।०९।२५ गते प्रकाशित स्तरवृद्दिको लागि निवेदन दर्ता गर्ने सम्बन्धी सूचना उपर परेका दर्खास्त आवेदनको आवश्यक कार्वाहीको लागि प्रदेश निजामती सेवा नियमावली २०७९ को नियम ७६ को उपनियम (२) बमोजिमको स्तरवृद्धि समितिको मिति २०८२।२।२६ गतेको निर्णयानुसार मिति २०८१।१०।०१ गते देखि ज्येष्ठता कायम हुने गरी ईन्जिनियरिङग सेवा, सिभिल समूह, जनरल उपसमूहको अधिकृत सातौँ (प्राविधिक) बाट ईन्जिनियरिङग सेवा, सिभिल समूह, जनरल उपसमूहको अधिकृत आठौँ (प्राविधिक) तहमा भएको स्तरबृद्धिको लागि देहाय बमोजिम सिफारिस भएको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**देहाय**

| क्र.सं | कर्मचारी संकेत नम्बर | कर्मचारीको नाम | सेवा | समूह | उपसमूह | हाल कार्यरत कार्यालयको नाम र ठेगाना | हालको तह | स्तरवृद्दि गरिएको तह |
|---|---|---|---|---|---|---|---|---|
| १ | २१६९१३ | संजिव कुमार साह | ईन्जिनियरिङग | सिभिल | जनरल | पूर्वाधार विकास कार्यालय, सप्तरी | सातौँ | आठौँ |
| २ | २२५६० | राहुल झा | ईन्जिनियरिङग | सिभिल | जनरल | पूर्वाधार विकास कार्यालय, सप्तरी | सातौँ | आठौँ |
| ३ | २३१५४२ | संतोष कुमार यादव | ईन्जिनियरिङग | सिभिल | जनरल | पूर्वाधार विकास कार्यालय, धनुषा | सातौँ | आठौँ |

**नेपाल सरकार**
**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय**
**बुद्धनगर, काठमाण्डौ।**

## समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय, बुद्धनगर, काठमाण्डौको ३५ दिने लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

**प्रकाशित मिति : २०८२/०२/२७**

सहकारी ऐन २०७४ को दफा १०४ को उपदफा (२) बमोजिम नेपाल सरकारबाट मिति २०७९/०७/०६ मा ओरेन्टल को-अपरेटिभ लिमिटेड मैतिदेविलाई समस्याग्रस्त घोषणा गरी सो संस्थाको सम्पत्ति तथा दायित्व व्यवस्थापन गर्ने जिम्मा सोही ऐनको दफा १०५ अनुसार गठित यस समिति समक्ष लेखि आएको संस्थाका ऋणि सदस्य एवं सञ्चालकहरुबाट संस्थालाइ बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना, जरिवाना तिर्न बुझाउनको लागि सहकारी नियमावली २०७५ को परिच्छेद ८ को नियम ३० को उपनियम (१) देहाय (क) र (ख) बमोजिम पत्राचार गर्दा, पत्रपत्रिकामा सूचना प्रकाशित गर्दा समेत आफ्नो दायित्व फरफारक नगरेकाले ऋणिहरुको नाममा रहेको यस समितिबाट रोक्का राखिएका तपशिल बमोजिमका जग्गाहरु सहकारी नियमावली २०७५ को परिच्छेद ८ को नियम ३० को उपनियम २ को खण्ड च बमोजिम चलनचल्तीको मूल्य कायम गरी सोहि नियम बमोजिमको राष्ट्रिय स्तरको पत्रिकामा लेना रकम असुलीको लागि तपशिल बमोजिमको शर्तको अधिनमा रहि ३५ पैंतीस दिनभित्र गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको छ। इच्छुक बचतकर्ता, संस्था तथा व्यक्तिले सकार्न चाहेमा गोप्य शिलबन्दी निवेदन पेश गर्नु हुन सरोकारवाला सबैको लागि यो सूचना प्रकाशित गरिएको छ। विस्तृत जानकारीको लागि यस समितिको **Website: www.coopmc.gov.np** मा गई हेर्न सक्नु हुनेछ।

**(क) लिलाम बिक्री हुने सम्पत्ति र मूल्य :**

| सि. नं. | ज.ध.नाम थर | ठेगाना | जग्गाको विवरण | | | हालको ठेगाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | वडा नं. | कि.नं. | क्षेत्रफल | | |
| १. | ओरेन्टल को-अपरेटिभ लिमिटेड | बिराटनगर शाखा, मोरङ | बखरी -५ क | ७०६ | ०-२-१०-० | बि.म.न.पा. - १२ | प्रति कठ्ठा दुई लाख। |
| २. | “ “ “ | “ “ “ | बखरी- ६ ख | २४४० | ०-०-१०-० | बि.म.न.पा. - १२ | प्रति कठ्ठा चार लाख। |
| ३. | “ “ “ | इटहरी शाखा, सुनसरी | इटहरी - ५ क | ४८७ | ०-०-१०-० | इ.उ.म.न.पा. -५ | प्रति कठ्ठा रु.चालीस लाख। |
| ४. | ओरेन्टल को-अपरेटिभ लिमिटेड | इटहरी शाखा, सुनसरी | सुनसरी डुम्राहा-५-ग | १५४ | ०-२-९-० | रामधुनी न.पा. ९ | प्रति गठ्ठा रु. पाँच लाख। |
| ५. | ओरेन्टल को-अपरेटिभ लिमिटेड | इटहरी शाखा, सुनसरी | सुनसरी डुम्राहा-५-ग | १५६ | ०-२-२-० | सुनसरी डुम्राहा-५-ग | प्रति गठ्ठा रु. पाँच लाख। |
| ६. | ओरेन्टल को-अपरेटिभ लिमिटेड | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | कावासोती-१ | ४-च-४२, ४-च-४४ | ०-३-०-० | कावासोती-४ | प्रति कठ्ठा पाँच लाख पचास हचार। |

**(ख) शर्तहरुः**

१. माथि उल्लेखित जग्गा जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा खरिद गर्न बोलपत्र पेश गर्नु पर्नेछ।
२. ईच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कार्यालय समयमा रु.२,०००।- बुझाइ बोलपत्र फाराम खरिद गर्न सकिनेछ।
३. यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन अपरान्ह १:०० बजे सम्म बोलपत्र पेश गरि सक्नु पर्नेछ। यसरी पेश भएका बोलपत्रहरु सोही दिन १:३० बजे यसै समितिको कार्यालयमा बोलपत्रवाला वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ।
४. शिलबन्दी बोलपत्र फाराममा आफुले बोलकबोल गरेको रकम केरमेट नगरी अङ्क र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। बोलपत्र दाखिल गरेपछि त्यसमा कुनै किसिमको हेरफेर केरमेट गर्न पाइने छैन र बोलपत्र शर्त रहित हुनु पर्नेछ।
५. बोलपत्र पेश गर्ने व्यक्तिको हकमा निजले नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र फर्म, संगठित संस्था वा कम्पनीले इजाजतपत्र, दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर र आयकर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सहित स्वयं उपस्थित हुनु पर्नेछ।
६. इच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले कबुल गरेको अङ्कको १० (दश) प्रतिशत रकम कृषि विकास बैंक लिमिटेड पुतलीसडकमा रहेको यस समितिको बैंक खाता सहकारी व्यवस्थापन समिति ओरेण्टल (Sahakari Byabasthapan Samiti Oriental) खाता नं. ०२०९९०१३०८७९८०२४ मा जम्मा गरि सो को सक्कलै भौचर बोलपत्र साथ पेश गर्नु पर्नेछ।
७. इच्छुक व्यक्ति, फर्म, संगठित सस्था वा कम्पनीको नाममा खरिद भएको बोलपत्र अर्को व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीको नामबाट पेश गर्न पाइने छैन।
८. इच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले एक्लै वा संयुक्त उपक्रम मार्फत बोलपत्र प्रक्रियामा सहभागी हुनु पर्नेछ। यसरी सहभागी हुन चाहने वढिमा ३ (तीन) व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीको मात्र संयुक्त उपक्रममा सम्झौता मान्य हुनेछ, साथै सो उपक्रममा सम्झौताको प्रति बोलपत्रसाथ अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ।
९. बोलपत्र पेश गर्दा प्रत्येक कित्ताको छुट्टा-छुट्टै बोलपत्र पेश गर्नु पर्नेछ।
१०. बोलपत्रको बाहिर खाममा कुन कित्ताको लागि बोलपत्र पेश गरेको हो स्पष्ट उल्लेख गर्नु पर्नेछ।
११. बोलपत्र प्रत्येक कित्ताको छुट्टा-छुट्टै दर्ता गरि सोहि अनुसार खोलिनेछ।
१२. जग्गा सकार गर्ने पक्षले नेपाल सरकारलाई तिर्न बुझाउनु पर्ने कर तथा दायित्व सम्पूर्ण भुक्तान गर्नु पर्नेछ।
१३ बोलपत्र स्वीकृत गर्ने नगर्ने अधिकार यस समिति समक्ष रहने छ।

धूमपान स्वास्थ्यका लागि हानिकारक छ।

गोरखापत्र
gorkhapatraonline.com

समावेशीकरणको दिशामा एउटा फड्को : गोरखापत्रद्वारा प्रकाशित


राजवंशी भाषा पृष्ठ

नयाँ नेपाल

२०८२ साल जेठ २७ गते मङ्गलबार
2025 June 10 Tuesday



# आस्वार आर्थिक बच्छरेर बजेट १९ खर्ब ७४ अर्ब ११ करोड टाका



नेपाल सरकारटा आस्वार आर्थिक बच्छर २०८२/८३ ताने १९ खर्ब ५३ अर्ब ११ करोड टाकार बजेट आनिचे। उप प्रधानमन्त्रि बिष्णुप्रसाद पौडेलरा जावार जेठ १५ गते संघिय संसदएर संयुक्त बैठकत आस्वार आर्थिक बच्छरेर आय–व्ययर अनुमान पेस करिस्ले।

आस्वार आर्थिक बच्छरेर बजेटत चालुतर्फत ११ खर्ब ८० अर्ब ९८ करोड मतलब ६० दसमलव एक प्रतिसत पुजिगत तर्फत आर चार खर्ब ७ अर्ब ८९ करोड अर्थात २० दसमलव ८ प्रतिशत आर बित्तिय व्यवस्थापनत कहे ३ खर्ब ७५ अर्ब २४ करोड अर्थात १९ दसमलव १ प्रतिशत विनियोजन करिचे कहे अर्थमन्त्रि पौडेलरा बजेटत कहिचे। आस्वार आर्थिक बच्छर व्ययर अनुमान चालु आर्थिक बच्छरेर विनियोजन हुवाल तुलनात पाँच दसमलव ६ प्रतिसत आर संसोधित अनुमानेर तुलनात १८ दसमलव २ प्रतिसतसे बेसि हए।

कुल विनियोजनत प्रदेस आर स्थानिय तहर ताने वित्तिय हस्तान्तरनत चार खर्ब १७ अर्ब ८३ करोड विनियोजन करागिछे। आस्वार आर्थिक बच्छरएर ताने अनुमान कराल खर्चा व्यवहरिवार स्रोतलार मइधे आन्तरिक राजस्वसे १३ खर्ब १५ अर्ब टाका आर बैदेसिक अनुदानसे ५३ अर्ब ४५ करोड टाका उठावार कहे अनुमान करागिछे। बाँकि रहाल पाँच खर्ब १५ अर्ब, ६६ अर्ब बराबरत न्युन रहबे। ताहारताने आन्तरिक रिनसे तिन खर्ब ६२ अर्ब आर बाहिरि रिनसे दुइ खर्ब ३३ अर्ब ६६ करोड टाकार व्यवस्थापन कराजावे कहे अर्थमन्त्रि पौडेलरा बताइचे।

### ४ खर्ब १७ अब टाका अनुदान

आस्वार आर्थिक बच्छर २०८२/८३ रात संघिय सरकारसे स्थानिय आर प्रदेस सरकारक ४ खर्ब १७ अर्ब ८२ करोड ५० लाख टाका अनुदान देचे। इरा अनुदानला चारटा विभिन्न नामलात तलकार सरकारटाक जावार अनुदान बजेट हए।

अर्थ मन्त्रालयर अनुरुप आस्वार आर्थिक बच्छरत सातटा प्रदेस सरकारटा कुल ९७ अर्ब ५६ करोड ४ लाख टाका अनुदान पाचे। ७५३ स्थानिय तहत कहिले ३ खर्ब २० अर्ब २६ करोड ४६ लाख टाका अनुदान पावे कहे अर्थमन्त्रालयरा जानाइचे। स्थानिय तहलार मइधे महानगरपालिकात ११ अर्ब ७५ करोड टाका, उपमाहानगरपालिकात ११ अर्ब ३८ करोड टाका, नगरपालिकात १ खर्ब ४३ अर्ब १० करोड टाका अनुदानेर रुपत जावार कहेने विनियोजन करागिछे। गाँउपालिकात १ खर्ब ५४ अर्ब २ करोड टाका बजेट जाछे।

## मन्त्रालयसे बजेट कार्यान्वियनेर काम सुरु

अर्थमन्त्रालयरा आस्वार बच्छरेर बजेट कार्यान्वियनेर ताने गृहकार्य सुरु करिचे। अर्थमन्त्रालयत आयोजित बैठकत निति आर कार्यक्रम, बजेट आर माइलस्टोन बिचत सन्तुलन कायम कर्वार ताने कार्य योजना बेनाएने कार्यान्वियन कर्वार ताने गृहकार्य सुरु करागिछे।

उप-प्रधानमन्त्रि साथे अर्थमन्त्रि विस्नुप्रसाद पौडेलरा बजेट व्यक्तव्यत सामावेस हुवाल कार्यक्रम आर आयोजनालार ताने खरिद सम्बन्धत तयारि कार्य आगुत बाढावार ताने निर्देसन दिचे। बजेट स्वकृत हवार लगते सम्झौता कर्वार हिसाबेर तयारि करिले चटकरे काम कर्वारताने सहज हवार अम्हार कहना छे। मुख्य सचिव एकनारायण आर्यालरा खरिद प्रकिया आगुत बढावार ताने थप ऐन कानुन जरुरि निहुवाल उल्लेख करिते बजेटत उल्लेख हुवाल अनुरुप खरिदएर ताने तयारि प्रकिया आगुत बढावार ठिक हए कहिते आपनार धारना व्यक्त करिस्ले जेठ २२ गते बसाल बैठकत चालु आर्थिक बच्छरेर पुजिगत खर्चत वृद्धित विसेस ध्यान दिवार ताने समेत विसेस छलफल करागिस्ले।

बैठकत अर्थ सचिव घनश्याम उपाध्यायरा स्रोतला सुनिश्चित हुवाल आर आवस्यक कागजात पुरा हुवाल योजना आर कार्यक्रमेर सम्बन्धत रकमान्तर लगायत आर्ह विसयलात अर्थमन्त्रालयरा तत्काल सहजिकरन कर्वार कहे बाताइचे। अम्हा स्रोतरा सहमति हइले आर कागाजत पुरा हुवाल आयोजना आर कार्यक्रमेर सम्बन्धत सहजिकरनेर ताने आवस्यक परिले बिदार साथे सइन्चरबारेर दिन समेत काम कर्वार बाताइते प्रकिया पुगाल आर हवा सक्वार कामलाक मात्र अर्थमन्त्रालयत पठावार ताने सम्बन्धित मन्त्रालयर सचिवलाक नेहरा करिस्ले। बैठकत भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय, जल स्रोत तथा सिचाई मन्त्रालय, खानेपानि मन्त्रालय लगायतेर सचिवलार उपस्थिति रहाल छिले।

# दुर्घटनात ससस्त्र प्रहरिर सइ राजबंसिर मरन



जेठ २४ गते सइन्चरबारेर दिना झापार कमल गाँउपालिकात हुवाल मोटरसाइकल दुर्घटनात ससस्त्र प्रहरिर एकझन सइ पुरनलाल राजबंसि आपनार जन गुमाइचे। सानकार करिब ७ बजिएने ५५ मिनेटत कमल गाँउपालिका वडा नम्बर ३ सानो केर्खात रहाल पुर्वपश्चिम लोकमार्गत प्र. १–०२–००५२ प. ७०२९ नम्बरेर मोटरसाइकल आपने आपने नियन्त्रन गुमाइस्ले जाहार कारनत दुर्घटना घटिस्ले। अम्हा पुरनलाल राजबंसि आपनार घर विदा पुरा करिएने व्यारेकेरति घुर्वार क्रमत उरा घटना घटिस्ले।

दुर्घटनात मोटरसाइक चलावार चालक मोरंग कानेपोखरि गाँउपालिका वडा नम्बर ४ बसिते आस्वार इलाम बिओपि समालबुङ पोस्टत कार्यरत ४८ बच्छरेर ससस्त्र प्रहरि नायव निरिक्छक पुरनलाल राजबंसि गम्भिर रुपत नक्सान हइस्ले। ताहारबाद अम्हाक उपचारेर ताने झापा बिर्तामोड रहाल विएन्डसि अस्पताल लेगागिस्ले। रातकार ९ बजे अस्पताल पुगावार साथे डाक्टरला अम्हाक मृत घोसना करिस्ले। घटनात रहाल मोटरसाइकल आल्हा प्रहरि चौकि केरखार नियन्त्रनत रहाल छे कहे जिल्ला ट्राफिक प्रहरि कार्यालय झापारा बाताइचे।

अनंगेकरे केवा दिन आगुत जेठ १५ गते मोरंगेर उर्लाबारित मोटरसाइकलेर ठक्करसे झापा बितामोड वडा नम्बर १ बस्वार ५८ बच्छरेर लक्ष्मिनारायन राजबंसिर समेत मरन हइस्ले। रातकार अन्दाजि साढे नौ बाजेकार समयत उर्लाबारिर सोल्टि पुलेर बगलत उर्लाबारिसे पथरि तर्फ जाइते कर्वार प्रदेस १–०२–०५३ प. २५०५ नम्बरेर मोटरसाइकलरा अम्हाक ठक्कर दिस्ले। ठक्करेर कारनत गम्भिर रुपत चोट लाग्वार बाद अम्हाक उपचारेर ताने न्युरो हस्पिटल विराटनगर लेगागिस्ले माने उपचारेर क्रमते अम्हार मरन होल कहे इलाका प्रहरि कार्यालय उर्लाबारिर प्रहरि निरिक्छक रन्जन बरालरा बाताइस्ले।

# कतारत कोच गाभुर परिवार समितिर गठन



जावार जेठ महिनार १६ गते शुकरबारेर दिना कतारत कोचिला गाभुर परिवारला मिलिएने समितिर गठन करिचे। शुकरबारेर दिना कतारत श्रवण कुमार राजबंसिर संयोजकतात कतारेर रसलाफानत रहाल भिन्ना भिन्नि कम्पनित काम कर्वार आदिवासि कोच राजबंसि, माझि, गणेस, मालि लगायतकार समुदायेर लोकला मिलिए कोच गाभुर परिवार कतार समिति गठन करिस्ले।

श्रवण कुमार राजबंसिर अध्यक्छतात ४१ झनकार सदस्य समितिर गठन करागिछे। समितित उपाध्यक्छ रुपत मनिक माझि सचिवत हर्कलाल राजबंसि, सह सचिवत बिराज राजबंसि, कोसाध्यक्छत विजय राजबंसि लगायत समितिर सदस्यलात कुलदेव राजबंसि, भोटलाल राजबंसि, धनलाल राजबंसि, श्यामलाल गणेस, धन बहादुर राजबंसि, देवलाल राजबंसि, रजगुण राजबंसि, धने राजबंसि, जितेन राजबंसि, सन्जय राजबंसि, अनन्त राजबंसि, कमल राजबंसि, मंगल प्रसाद राजबंसि, अमर राजबंसि, चैतु ठाकुर, विजय राजबंसि, भिमेसर राजबंसि, गया राजबंसि, खड्ग नारायण राजबंसि, राना बहादुर राजबंसि, जिगेन सिंह राजबंसि, सुरेस माझि, दुनलाल राजबंसि, लिला प्रसाद राजबंसि, अभिलाल राजबंसि, जय नारायण राजबंसि, गुलाब प्रसाद राजबंसि, जितेन्द्र माझि, माघुलाल राजबंसि, प्रदिप राजबंसि, कुसल राजबंसि, जिवन राजबंसि, प्रेम राजबंसि, सुवास राजबंसि, भिम राजबंसि आर सन्जुक कर्मकार करिए छत्तिस झन सदस्य रहाल छे। अम्हाला नेपालेर झापा मोंरग आर सुनसरिर विभिन्न ठाइलासे रोजगारि सिलसिलात कतारत भेलेला बच्छरसे काम करिते आसिचे।

अनगेंकरे कोच गाभुर परिवार कतार समितिर ताने प्रमुख सल्लाहकारत केदार राजबंसि, सह प्रमुख सल्लाहकारत रहन बहादुर राजबंसि समेत करिएने सल्लाहकार समितिर सदस्य रुपत सुबल राजबंसि, जितेन मालि आर सुबल गणेस करिए पाँच झनकार सल्लाहकार समिति समेत गठन करागिछे ते समितिर संरक्छकेर रुपत टेक बहादुर राजबंसि रहाल छे।

## चर्चात 'तोर संगे माया'



पाछिल्कार समयर राजबंसि भासात म्युजिक भिडियोला सार्वजनिक हवार होडबाजि चल्वार लाखाति अवस्थात सांगितिक बाजारत उदयमान कलाकार दिनेस राजबंसिर 'तोर संगे माया' बोलेर म्युजिक भिडियो आल्हा एकदमे चर्चात छे। राजबंसि भासार उरा बोलेर गितत दिनेस राजबंसि आर सुस्मिता पान्डेरा मुख्य अभिनय करिचे ते गितत राष्ट्रिय गायक बलबहादुर राजबंसि आर अनु चौधरिरा आपनार सुमधुर स्वर प्रदान करिचे। तुलसि राजबंसिर सब्द आर बलबहादुर राजबंसिर संगित रहाल उरा म्युजिक भिडियोर एरेन्ज सरिता राइरा करिचे ते गितेर मिक्सिङ्ग चन्द्रा चौधरिरा करिचे।

आर.आर. म्युजिक प्रोडक्सनेर युट्युब च्यानलत सार्वजनिक हुवाल तोर संगे माया बोलेर म्युजिक भिडियोर डाइरेक्सन आर सम्पादन कार्तिक राजबंसिरा करिचे ते क्यामेरात धिरेन साहरा भिडियो सुट करिस्ले। इरा म्युजिक भिडियोत झापा, मोरंग आर सुनसरित रहाल विभिन्न ठाई मुलघाट, धनकुटा, भेडेटार आर तरहरात भिडियो सुट करागिछे कहे कलाकार दिनेस राजबंसिरा जानकारि कराइचे। इरा म्युजिक भिडियोत सागर साह, कार्तिक राजबंसि, अनिल राजबंसि, सत्यनारायन राजबंसि, रमेस राजबंसि, सुनकुमार राजबंसि, असोक राजबंसि, मिथुन राजबंसि लगायतकार कलाकरला आपनार अभिनय प्रस्तुत करिचे। अल्हातक बिसहाजारसे बेसिबार इरा भिडियोक युट्युबत देखागिछे ते राजबंसि समुदाय लगायत आर्ह राजबंसि भासा प्रेमिलार बिचत इरा गित एकदमे पसिन कराजावार संगे चर्चा समेत पावार ताने सफल हइचे।

अनगेकरे एक महिना आगुत २०८१ सालेर डोल पावनिर अवसरत 'फागुवा' बोलेर कोच राजबंसि गित समेत युट्युबत राखागिस्ले उरा गितक समेत एक महिनार छट समयते तिस हाजारसे बेसि बार देखागिछे आर लोकजनला पसिन करिचे। बलराम राजबंसि, प्रमोद राजबंसि आर निकिता राजबंसिर स्वरत रहाल उरा गितेर रचना रुपक राजबंसि करिचे ते संगित आर एरेन्जेर काम बलरम राजबंसिरा आपने करिचे।

# देसभरत ७१ जिल्लालात डेंगुर संक्रमितला देखागिछे




देसत मनसुन केवादिन आगुत मात्र सुरु हवा धइचे जाहार संगे देसभरत डेंगुर संक्रमनेर संख्या बाढिते जावार स्थिति बनिचे। इपिडिमियोलोजि साथे रोग नियन्त्रण महासाखा इडिसिडि अनुसार जावार बच्छर पुस महिनासे आल्हातक ७१ जिल्लालात डेंगुर संक्रमितला देखागिछे। आल्हातक एक हाजार एकासि झन संक्रमित हइचे जाहात सभारसे बेसि कोसि प्रदेसत २३९ झन, बागमति प्रदेसत २९७ झन, गण्डकि प्रदेसत १८२ झन, लुम्बीनि प्रदेसत १६३ झन सुरुरपश्चिीम प्रदेसत १५६ झन, कर्णालि प्रदेसत ३० झन आर मधेस प्रदेसत १४ झनक डेंगुर संक्रमन हुवाल देखागिछे।

इपिडिमियोलोजि महासाखार निर्देसक डा. चन्द्रभाल झार अनुसार एक दसकएर तथ्याङ्क देखिले डेंगु सभारसे बेसि आसार, साउन, भादर आर असोज महिनातक रहवार देखाजाछे। भर्खरे मात्र मनसुन सुरु हइचे, आब आस्वार आगेकार दिनलात डेंगुर बेमारि बाढिते जावार काथा डाक्टर झारा बाताचे, 'आब आस्वार चार महिनार समयत डेंगु कुन्ह भि ठाइत फैलिवा सकेचे' अम्हा बाताचे। अम्हार अनुसार अल्हातककार तथ्याङ्कलाक देखिले आघिल्ला बच्छरेर तुलनात कम रुपत डेंगु फैलिचे माने आब आस्वार चार महिना आसार, साउन, भादर आर असोज डेंगु फैलिवार ताने अतिक जोखिम महिना हए।

# सप्तकोसिर गर्भत समाहित हरदेव राजबंसिक अन्तिम बिदाइ

जेठ २३ गते सप्तकोसि लदि छालेर कारनत गर्जनत छिले उरादिन, जैरा गर्जन एकझन विरता गुमावार अवाजत परिनत होल। उद्धारेर अभ्यासएर क्रमत सप्तकोसि लदित बहेने बेपत्ता हुवाल ससस्त्र प्रहरि जवान हरदेव राजबंसिर सव २३ गते सुकरबारेर दिना लागाल मिलिस्ले।

गौरादह नगरपालिका वडानम्बर ८ जुरोपानिर ३२ बच्छरिया हरदेव राजबंसि जावार डेढ महिना आगुत से मात्र मधेस प्रदेस कार्यालयत काजेर रुपत सरुवा हएने गिस्ले। पाँच दिन आगुत सप्तकोसित उद्धारेर अभ्यास कर्वार क्रमत अम्हा डुबानत परिस्ले ताहारबाद जेठ २३ गतेकार दिन पाँचदिन बाद सप्तकोसिर व्यारेजसे दुइ किलोमिटर दखिनति अम्हार सव लागाल मिलिस्ले कहे जिल्ला प्रहरि कार्यालय सुनसरिर डिएसपि योगराज खतिवडारा जानकारि कराइस्ले। हरदेव राजबंसिर संगे डुबानत परिएने बेपत्ता हुवाल डोटि जिल्लार सुरज साउदएर माने आल्हातक अवस्था पत्ता लागावार ताने खोजिर टोलिरा सफल हवा निसके।



चितवनेर कुरिनटारत रहाल ससस्त्र प्रहरि तालिम केन्द्रसे गोताखोरएर तालिम लिएने आपनाक अब्बल सावित करिएफिलाल हरदेव राजबंसिर जिवन एहिर अभ्यास कर्ते कर्ते समाप्त हएगेल। जावार चैत महिनार १८ गते बराह वाहिनि पकलिर स्थापना दिवसत अम्हा दौड, पौडि आर अनुसासन तिनटाए विधात उत्कृस्टता देखाएने पुरस्कार समेत प्राप्त करिस्ले। अहिरा दिन अम्हाक ससस्त्र प्रहरि बलेर महानिरिक्छक आइजिपि राजु आर्यालरा 'उत्कृस्ट अनुसासित कर्मचारि'र रुपत सम्मान समेत करिस्ले।


> हरदेव राजबंसिर संगे अभ्यासेर क्रमत लदित बहेने हाराल दस्रा जवान सुरज साउदेर खजिर ताने आल्हा ७० झनकार विसेस गोताखोर टोलिराक परिचालन करागिछे।

हरदेव राजबंसिर सबटाक पोस्टमार्टमेर बाद परिवारक जिम्मा लागागिछे कहे मधेस प्रदेस प्रहरि प्रमुख डिआइजि कृष्ण ढकालरा जानकारि कराइचे। गौरादह आनाल हरदेव राजबंसिराक गाँउर नजिके रहाल लदित लेगाएने सदगदेल काम करागिछे। अन्तिम संस्कारत प्रहरिर एकटा डुकडिरा राष्ट्रिय धुनेर सहित सम्मानेर साथ अम्हाक सलामि अर्पन करिस्ले। घरत बेर्छानि आर तिन बच्छरेर बेटिराक एख्लाए बेनाएने सप्तकोसिर गर्भत समाहित हुवाल हरदेव राजबंसिर अकल्पनिय मरन परिवारेर लोकलाक मात्र निहएने गौरादह नगरवासि, ससस्त्र प्रहरि बल आर गटे समाजटाके सोकत डुबावार काम करिचे। गाँउर सभारे चखुत लोए छिले ते अम्हार सहकर्मि आर आफन्तला भक्कानिएने कान्दिवार दृस्य उबेला देखागिस्ले।

हरदेव राजबंसिर संगे अभ्यासेर क्रमत लदित बहेने हाराल दस्रा जवान सुरज साउदेर खजिर ताने आल्हा ७० झनकार विसेस गोताखोर टोलिराक परिचालन करागिछे। आसङ्का करागिछे कि सप्तकोसि ब्यारेजेत बिछाल ह्युम पाइपएर भित्रत अम्हाला फसिस्ले जाहारकारनत हतिनासे निक्लिवार सम्भव निहले। हरदेव राजबंसि आप घुरिए निआस्बे। माने, अम्हार अनुसासन, समर्पन आर साहास ससस्त्र प्रहरि बलेर भित्रत अमिट छाप छोड्वे। सप्तकोसिर छालरा एकटा विर बेटराक गुमाइचे जाहार सोक अल्हा गटे राष्ट्राते परिचे।

**पृष्ठ संयोजक** : योगेश राजवंशी, **सह संयोजक** : अन्जु राजवंशी, **पत्राचार ठेगाना** : नयाँ नेपाल, **गोरखापत्र दैनिक**, पो.ब.नं.२३, काठमाडौं। Email : rajbanshi.nayanepal@gmail.com

नयाँ नेपाल



गोरखापत्र
gorkhapatraonline.com

समावेशीकरणको दिशामा एउटा फड्को : गोरखापत्रद्वारा प्रकाशित

मेचे भाषा पृष्ठ

# सरकारआ दिहुन्बाइ देग्लाइनि बजेट



■ रोश्नी मेचे



सरकारआ जेठ १५ आव बछर्फम्ब बछरआव खोर्छा सामग्रा बजेटनि अनुमानित बजेट दिहुन्नागौ जायो। सइरोखोम् सरकारआ देग्लाइ सरकारआ माबे माबे खामानिआव माब्रैथो रां खोर्छा सामनाय। माबे माबे खामानिया सरकारनि प्राथमिकताहाइ लगाइदं हन्नानै थांनाइ जेठ १५ आव १९ खर्ब ६४ अर्ब आरो ११ करोडनि बजेट दिहुन्दं।

रांखान्थियारि मोन्थ्रिया देग्लाइनि बजेटनाव मुलुगनि आधुनिक पूर्वाधारनि विकास सामनो थाखाइ जोखार्नो बजेट छुट्यानाइनि नुयो। इसान् बे बजेटना मनबा थांखि लानाइनि नुयो। गुबुन हन्नाइने जउथाइ, दिगो अफ्रान गुवार आर्थिक वृद्धि सामनानै गरिबिखौ फजब्नाइ। नैथिआव फैगन आर्थिक बछर्आव ६ प्रतिशतनि आर्थिक वृद्धिदरनि थांखि लादं।

इसान् नैथि थांखि हन्नाइने उद्यमशीलताहाइ विकास सामनाय आरो सरकारी, नीजि लगानीखौ बांहनाय बिनिफ्राइ रोजगारी सिर्जना सामनाय हन्दं। सरकार गाव हासिङबां विकासनि खामानि मावनानै हाया। बिनिगुनै सार्वजनिक लगानी आरो नीजि क्षेत्रखौबो प्रोत्साहन हनागौ। बजेटनि थाम्थि थांखि हन्नाइने आधुनिक प्रविधिखौ बाहाइनानै आर्थिक दक्षता बांहनो अंगउ। सूचना आरो प्रविधि बाइदि आधुनिक प्रविधिखौ अर्थतन्त्रनि मन्थाम् क्षेत्र आबादारि, उद्योग आरो सेवा हनाइहाइ परम्परागत आयदानिफ्राइ सिगाङनो हानाय अवोस्थाखौ बजेटना समेटिनाइनि नुयो।

इसान विकासनि खामानि मावनानै सोमाजारि न्याय हनाइ खथाखौ बजेटना ब्रैथि थांखि बनाइनाइनि नुयो। बजेटनि बाथि थांखि हन्नाइने हायुंसाफरखौ मजाङ गुणस्तरनि सेवा आरो सुशासनखौ प्रवर्द्धन सामनो अंगउ। बे सोमआव सार्वजनिक सेवा हग्रा जाइगाहाइ हायुंसानि गेदेद गुनासो दोङ। बि खथाखौ सम्बोधन सामनो थाखाइ सरकारआ सार्वजनिक सेवा हनाय जाइगाहाइ आरो सुशासन प्रवर्द्धन साम्आ माअ्लेङ आधुनि राइजनि जग गाइना हानाय अङा बिनिगुनै दानि सरकारआ बे गाछेन खथाखौ नाइनानै देग्लाइनि बजेट दिहुन्नाइनि नुयो।

इसान् देग्लाइनि बजेटना जहलाव उद्यमशीलताखौ प्रवर्द्धन सामनो थाखाइ विशेष योजना लाबनाइनि नुयो। ३ प्रतिशत ब्याज लानानै ७३ करोडनि बजेट छुट्नानै हदङ। सरकारआ फैगन आर्थिक बछरनि बजेटनिफ्राइ हिन्जावसानि नाममाहाइ कम्पनी खेउला, दर्ता खछामला, नवीकरण सामला रां दानाङग्रा व्यवस्था रांखान्थियारि मोन्थ्रिया खछामदङ। इसान् हिन्जावसाफरनि श्रमखौ सोन्मान हनाय आरो बिछरनि आखाइनि सिपखौ गल्लै घरेलु उद्योगफराहाइ जोराइनो थाखाइ हिन्जावसाफरनि क्षमता विकासनि हाबाफारिफर छोलाइनाइ थांखि सरकारआ लादङ। सरकारआ फालांगिरि खामानि मावग्राफरा गुबुन मुलुगनिफ्राइ मङाफर् लाबला आरो मङाफर् मुलुग बाइराव होडलाबो एक्जिम कोड लानाइ सोमआव ३ लाखसिम रां बैंकआव ग्यारेन्टी दन्नागौमोन बिखौ सरकारआ दन्न नाङ्ले बनाइबाइ। बिनिगुनै फालांगिरिफरा बि फैसानि गावनि फालांगिरिखौ बांहनोबो मन्नाइछै। इसान् नेपाल सिङाव थाङ्लाय फैलाय सामला रुटनि दस्तुर हनागौमोन। बेफरखौ दानि बजेटहाइ दस्तुर दानाग्रा बनाइबाइ। फालांगिरिफरा बैंकहाइ कर्जा हनाय सोमखौ हन्नाइनि दिनाव तिरनो हायाबला गुबुन दिनाव हनो मनग्रा व्यवस्था सरकारआ बे बजेटनाव सामदं। मुलुगआव गुबुन मुलुगनिफ्राइ जौ लाबला आगोडनिसलाइ करखौ बांहदं आरो चिनीहाइ खोमाइहदं। मुलुगनि चिनी उद्योगफरखौ प्रोत्साहन सामनो सरकारआ चिनीहाइ करनि फैसाखौ खोमाइ हनाइनि अंगउ।

आथिखालनि सोम हन्नाइने डिजिटल आरो प्रविधिनि सोम अंगउ। बे सोमआव गाछेन मानसिफरा मङा बाइदिब्रङ बाइला मोबाइल बैंकिङनिफ्राइ फैसा तिरियो। बै सोमआव मुल्यबृद्धि कर हनागौमोन बे बजेटनिफ्राइ सरकारआ इसाबाइदि डिजिटल भुत्तानी हला नांनाइ करखौ हटाइबाइ। सरकारआ काठमाण्डौनि बारहाइ जानाइनि प्रदुषणखौ खोमाइ हनाइ थांखि लानानै साझा यातायातनो १०० ठा बिद्युतीय बस हनाइ जादङ। इसान् सरकारआ बेनिसलाइ आगोड बराइबुरैनि बैसआ ६८ बछर् छोइला बराइबुरै भत्ता मन्नमोन। खिन्थु सरकारआ देग्लाइनिफ्राइ बराइबुरै भत्ताखौ ७० बछर् छोइलाबाङ मन्नाइनि व्यस्था सामबाय। देग्लाइ माउथिहान्जानि तलबखो सरकारआ बांहयाख्छै। खिन्थु महंगी भत्ता हन्नानै रजा बा हदं। सरकारआ गुबुन मुलुगहाइ खामानि मावनो थांग्रा हिन्जावसाफरनि थाखाइ खामानि मावग्रा जाइगाहाइ सुरक्षा आरो सेवा सुविदाखौ सुनिश्चित जाग्रा व्यवस्था मिलाइनाइ जादङ।

जंनि मुलुग हन्नाइने आबादारिआव विकास सामनो हाग्रा मुलुग अंगउ। बिनिगुनै सरकारआ आबादारिनि क्षेत्रखौ विकास सामनाइ थांखि लानानै सामुदायिक हाग्रा आरो राष्ट्रिय राजमार्गनि आग्डा आग्छै फाअ्नैबो बिथाइसान्थाइ लगाइनाइ, डोम्फाङ लाइफाङ गाइनो मन्नाइ आरो बिखौ समुदायखौनो रैखा सामनो जिम्मा हनाइ नीति लादं। इसान् सरकारआ बछर् नैहाइ मुलुगङा माइरोङहाइ आत्मनिर्भर जानाइ। गुबुन मुलुगनिफ्राइ बाइनानै लाबनागौ अवोस्थाखौ फजब्नाइ थांखि लादङ। सरकारआ थाख बा सिमनि फराइसाफरखौ सान्नाहाइ खाजा जाहग्रा व्यवस्था दोङमोन देग्लाइबो सरकार बिनि थाखाइ रां छुट्याइदङ। सरकारआ हुनि हदबन्दीहाइ इछि आल्थुवा बनाइनाइ जादं। मान हन्ला गबाङ हु लानाने फालांगिरि सामनाइ मानसिफरनि थाखाइ लोअ्ओन हु लानानै व्यफार सामनो मन्नामोन बिनिगुनै मानसिफरा गावहा फैसा दोंलाबो खोर्छा सामनानै व्यवसायिक रुपमआव हु मावनो हायामोन। बे व्यवस्थाखौ सरकार आल्थुवा बनाइनानै हनाइ जादङ।

इयुनाव, जब्था सोमआव हन्ला सरकारआ देग्लाइ गाछेन नेपाली हायुंसानि जिउ खुंनाइ, फालांगिरि खामानि मावनाइ, हिन्जावसा गाछेन हायुंसानि थाखाइ मजाङ, व्यवहारआव नांगौ आरो व्यवहारआव बाहाइनो हाग्रा, सरकारआ खोर्छा सामनागौ जाइगाहाइ रां छुट्यानाइनि नुयो। देग्लाइनि बजेटना समग्रहाइ मजाङ लाबदं बिखौ व्यवहारआव बाहाइनो बैनिबो हेफाजाब नांगौ जायो। सरकारआ बे खथाहाइ ध्यान हनानै खामानि मावनो हाबला गावनि लानाइनि थांखिहाइ छोइनो हानाइ नुयो।

# साछे छेङ्ग्रानि सोलोग

मनछे फाराहाइ साछे छेङ्ग्रा थायोमोन। बि छेङ्ग्राया फराइनो जबद गस हग्रा अंगउमोन। खिन्थु बि छेङ्ग्राया फराइनो मन्नामोन। मान हन्ला बि छेङ्ग्राया गावनि नोखोर्बो नाइनागौमोन। बि बिलि फुङ जाग्रमोन्नो गावनि हुआव थाङोमोन। अफ्रान सानछेमाइनि खामानि मावनानै बिलि फुङाव नोअ् हाइ फिन्नोमोन। खामानि मावखांनानै थानाइनि सोमआवबां छेंग्राया फराइनो मन्नोमान। जेब्ला छेंग्राया थाख-१२ छोइयो। बै सोमआव फारानि मानसिफरा बे छेंग्रायानो थाख-१२ आव सेथि जानाय हन्दाङ। मान हन्ला फारानि मानसिफरखौ बे खथाहाइ फथ्थाइनाइ दोङमोन। छेंग्राया फराइनाहाइ जबद गस होयो। छेंग्रानि फरिखा छोफैयो अफ्रान छेंग्राया फरिखाबो होयो।

खन्थु जेब्ला फरिखानि रिजल्ट फैयो। छेंग्राया मनछे आयदाहाइ फेल जायो। जेब्ला फारानि मानसिफरखौ छेंग्राया फेल जाबाइ हन्नाइनि बाथ्रा मिथियो बै सोमआव फारानि मानसिफरा छेंग्राखौ छंखारिनो होम्ओ। जेब्ला-जेब्ला छेंग्राया हुआव खामानि मावनो थाङओ लामाहाइ गलै गलाम, गरङ गेदेद बैइबो बिखौ फराइनाहाइ फेल जाबाइ हन्नानै छंखारियो। बिनिफ्राइ सानछेखालि छेंग्राया गावनि गुरुनिहाइ थांनानै जेब्लाबो हुआव खामानि मावनो थाङला लामाहाइ लगमन्नाइ मानसि माइनि आङ्खौ छंखारियो। बिनिफ्राइ गुरुआ फिनहोबाइ-छेंग्रा नङ् इसा खछाम् मनछे लोठाखौ खाइखेर बुङ् जाछे दन्। अफ्रान जेब्ला सोमआव नङ् खामानि मावनो हुआव थाङ्नाइ बि सोमआव मानसिफरा नंखौ छंखारिनाइ सोमआव थोप्छे खाइखेर हाउहाइ गलाइनो दाहो। सइरोखोम् छेंग्राहाइ सानछेखालि इसान् हुआव खामानि मावनो थांनाइ सोमआव लोठाछे खाइखेर लानानै थांनाइनि जायो। जेब्ला छेंग्राया लोठाहाइ खाइखेर लानानै थांनाइनि जायो गुबुन दिननिबाइदि फारानि मानसिफरा छेंग्राखौ बाइदिब्रं सदब्जङ् छंखारिनाइनि जायो खिन्थु छेंग्रा लामाहाइ बि मानसिफरा बुंनाइ खथाहाइ धियान हयामाअ्लेङ गावनि लोठानि खाइखेरा थोप्छेबो दागलायथङ हन्नानै गावनि लामा थाबाइनाइनि जायो बिनिगुनै छेंग्राखौ लामाहाइ मानसिफरा बुंनाइनि मंबो खनाया।

बै दिननिफ्राइ बि छेंग्राया सानफ्रम्बो गावनि खामानि मावनो थांनाइ। बिनिफ्राइ आग्लाइनाइनि सोमआव फराइनाइ साम्ओमोन। सानछेखालि छेंग्राया गावनि थांखिहाइ छोइनो हायो। बे सोलोगआ हनाइनि सिख्खाया मा हन्ला मानसिया जेब्लाइबो गावनि थांखिहाइ छोइनो थाखाइ फारानि मानसिफरा बाइदिब्रङ हन्लाबो गावनि लामाहाइ थाबाइबाइ थाब्ला जाइगाहाइ छोइनो हायो हन्नाइनि अंगउ।

# आमलाइआ जङ्नि बेगेंनि थाखाइ गबाङ मुलाम्फा गनाङ

व्यामनि आंखाल आरो गाज्रि मेटाबोलिजमआ देहाआव इउरिक एसिडनि जेंनाआव बिहोमा होयो। बेयो गुबैयै मोनछे गाज्रि दिहुन्थाय, जाय जोमा जानाया बेगेंफोरखौ गोहोम खोख्लैनो हागौ। बेबाइदि थासारिआव आमलाइ फिथाइफोरखौ जानांगौ, जाय भिटामिन-सि, साइट्रिक एसिड आरो डाइयुरेटिक गुनफोरजों बुंफबनाय।

बेबाइदिनो मोनछे फिथाइया जाबाय इन्डियन गुसबेरी (आमलाइ)। बेजों लोगछे, आमलाइ जेंनाखौ बाङाष खालामनाआव मदत होनो हागौ। गजउ इउरिक एसिडनि थाखाइ आमलाइ जानाइनि मुलाम्फाया जाबाय - क) आमलाइआ प्युरिन मेटाबोलिजमखौ गख्रै खालामो : आमलाया प्युरिन मेटाबोलिमखौ गख्रै खालामनाआव हेफाजाब होयो। बेयो गुबैयै भिटामिन सि आरो फाइबारजों बुंफबनाय, जाय प्युरिननि हजम खालामनायखौ देहानिफ्राइ प्युरिनफोरखौ फ्लस खालामनाआव मदट खालामो। बेबाइदि प्रोटिननिफ्राइ अंखारनाइ गाज्रि बेसाद प्युरिखौ हजम खामामनो हायो आरो देहाआव जमा जाया। ख) अन्थाइनि थाखाइ : आमलाइआ अन्थाइफोरखौ गलिनायनि थाखाइ गोबां रोखोमनि मुलाम्फा गनाङ। बेनि साइट्रिक एसिडआ अन्थाइफरखौ गलिहोनो हानाय गोहो दोङ आरो बेफरखौ बेगेंफोरनि गेजेराव बायफ्लेनाआव मदत खालामो। बेनि इयुनाव बेखौ हासुदैनि गेजेरजों देहानिफ्राय फैफायो, जाय अन्थाइनि जेंनाखौ बाडाय खालामनाआव हेफाजाब होयो। ग) एन्टि इनफ्लेमेटरी गनफरजों बुंफबनाय : आमलाइआ एन्टि इन्फ्लेमेटरी गुनफरजों बुंफबनाय आरो गजउ इउरिक एसिडनि जोंनाव सानायखौ बाडाय खालामनो हानाय गोहा दों। बेनिखाइयनो बेफोर गाछेनबो जाहोनफरनि थाखाइ इउरिक एसिडजों सोमोन्द थानाय जेंनाफोरनिफ्राय बारगोनो थाखाइ आमलाइ जानांगौ। बेजों लगछे बेयो मोनछे होबथानो हानाय गोहो आरो सावस्रिननि थाखाइ गबाङ बिथिङाव मुलाम्फा गोनां।

# सिवियारि आफातनि मावखुलिआव बोडो बिजों सान



थांनाय मे १८ आव मिरु मेचे समाज सिवियारी आफातनि मावखुलि नोअनि छिथ्लाहाइ ६३ थि बोडो बिजों सान मानियामोन। बोरो रेबग्रा जथुम आरो मेचे समाज सिवियारि आफात मिलाइनानै बे हाबाफारिखौ हांख्राइनाइनि अंगउ। हाबाफारिआव बोडो राव आयदा बिजाब लिरजेनगिरि सन्तालाल मेचे, मेचे समाज सुधार समितिनि गाइसंजेनगिरि सोद्रोमा कन्यालाल मेचे, गाइसंजेनगिरि सन्तवीर मेचे, बोडो राव गिबिसिन राव फरंगिरि सुनिता मेचे आरो गाहाइ मोन्थ्रिनि थिसन जाजेननाय गाव-नेहाथारि राश्नी मेचेखौ हाबाफारिआव मान बिलाइजं सोन्मान् होयामोन।

हाबाफारिआव मेचीनगरनि मानिनां मेयर गोपालचन्द्र बुढाथोकीया गाहाइ आलासि मोहोरै बाहाग लाफैयामोन। इसान् हाबाफारिआव जरखा आलासिहाइ मिना पोख्रेल, बोडो आइजो एम.पि. मानिनां कुमारी मेचे बाहाग लाफैयामोन। हाबाफारिआव बोडो रेबग्रा जथुमनि आफादगिरि राजेन बसुमातारी आरो मेचे समाज सिवियारि आफातनि आफादगिरि बिरेन मेचेनि आखाइनिफ्राइ फिरफिला बिरहोनाय हाबाफारि जायामोन। इसान् हाबाफारिआव बाहाग लाफैनाइ राइजराजाफरखौ मेचे समाज सिवियारी आफातनि आफादगिरि बिरेन मेचेया बराय बिबुंथि दन्नामोन।

हाबाफारिआव बोडो बिजों साननि छाआव सावरायमा मेल दन्नामोन। भारत आसामआव बोडो बिजोंनिफ्राइ फराइनाइ आरो फराइहनाइ खामानि सुरु जानाइने बे सोमआव ६३ थि बछर् छोइयो। खिन्थु नेपाल हाददनि बोडो बिजोंनि जारिमिनखौ नायब्ला बोडो बिजोंनिफ्राइ फराइहनाइ हाबाफारिया खालार २०७४ निफ्राइ हल्दिबारी गाउँपालिकानि दिपेन्द्र प्राइमरि फराइसालिआव सुरु जानाइनि आरो रादाबहाइ नायबला खालार २०७३ आसार २८ निफ्राइ बोडो आयदानिफ्राइ रादाब छापाइनाइ खामानि सुरु जानाइनि अंगउ।

फैगन दिनाव नेपालआव बोडो बिजोंनि विकासनि थाखाइ बोरो रेबग्रा थजुमनि हेफाजाब आरो नेपाल हाददनि रावहाइ गियान गनाङ दइदेनगिरिफर, गेदेमाफरनि हेफाजाब लानानै आरो सावरायमा मेल दन्नानै बोडो बिजोंखौ थाख-५ सिम बनाइनाइ जादङ।

# गुबुन गुबुन हारि महारिखौ खौछे माला बनाइनागौ

- मुलुगआव ३७ प्रतिशत थागिबिफरा मुलुगनि गाइहाइना अंगउ। बिनिगुनै बिछरनि राउ, हारिमु रैखा सामहलाङ, बिछर्नि छिनाइथिखौ दन्नानै लाङनागौ बुङमोन।
- मुलुगनि गुबुन ६३ प्रतिशत हायुंसाखोबो मनछे खुन्डुङाव सुनानै सिगाङनागौ हन्नानै गाहाइ मोन्थ्रिया गावनि बिबुंथिआव थपिनानै बुङामोन।



थांनाय जेथ् १९ आव मुलुगनि गाहाइ मोन्थ्रि केपी शर्मा ओलीया आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठाननि २५ थि मिठिङखौ उदघाटन सामनाय दिनाव नेपाल मुलुगआव गुबुन-गुबुन हारिनि थासारि दोङ।

बि गुबुन-गुबुन थासारिखौ मुलुगनि खौछे जानाय अवोस्थाहाइ सिलाइना हानागौ। मुलुगनि हारि महारिफर् हन्नाइने मुलुगनि छिनाइथि अंगउ। प्रतिष्ठाननि २५ थि सञ्चालक परिषदनि मिठिङाव गावनि बिबुंथि दन्नाइ सोमआव गाहाइ मोन्थ्रिया बुङनाइनि अंगउ।

मुलुगआव ३७ प्रतिशत थागिबिफरा मुलुगनि गाइहाइना अंगउ। बिनिगुनै बिछरनि राउ, हारिमु रैखा सामहलाङ, बिछर्नि छिनाइथिखौ दन्नानै लाङनागौ बुङमोन। प्रतिष्ठाननि थांखियानो जात जातिनि उत्थान सामग्रा अंगउ। मुलुगनि गुबुन ६३ प्रतिशत हायुंसाखोबो मनछे खुन्डुङाव सुनानै सिगाङनागौ हन्नानै गाहाइ मोन्थ्रिया गावनि बिबुंथिआव थपिनानै बुङामोन। उत्थान हन्नाइने रंगउथिखौ बांहनो अंगउ। सरकारने मेगोनना प्रतिष्ठाननि रंगउथिखौ बांहनागौ हन्नाइ खथाहाइ नजर छोइनाइनि बाथ्रा दन्नामोन।

गायसननाइने एछे गलाउ जाबाय खिन्थु मनछे मावखुलि नोअ लुनो हायि बाथ्राया मजाङ जायाख्छ। बेनि थाखाइ सरकारनि खमाया खनाछोंबाइ थादं। मावखुलि नोअ लुनो थाखाइ सरकारआ पहल सामनाय बिबुंथि गाहाइ मोन्थ्रिया दन्नामोन। हारि, महारिनि हारिमुया मुलुगनि छिनाइथिखौ जौगा हदङ बे खथाहाइ बैइबो जेर्वा फुवारग्रा सामनाइनि मन्न। जङ्नि हारिमुखौ थैनान थांहनो अन्दाइया, नुग्रा आरो नादुग्रा हारिमुखौ रैखा सामनानै दन्नागौ। बेजं जंनि छिनाइथिखौ दन्नानै लानो हादं।

जंनि गड गडानि फुर्ना दामनाय, डेनाय, हारिमु दोङ। बिफरखौ रैखा सामनो जंनि कर्तव्य अंगउ। हारिफरा गावछर् आरो सरकारआबो रैखा सामनाय खामानिहाइ नांनागौ। गाहाइ मोन्थ्रिया बुंअ- नेपाल मुलुगआव बे सोमआव राजखान्थि, रांखान्थियारि, सोमाजारि आरो हारिमुआरि खामानि मावनाहाइ जागरण फैदङ। बे खथा हन्नाइने बैनिबो थाखाइ गेदेद उपलब्धि अंगउ। बे गाछेन मुलुगआव बहुदलीय व्यवस्था फैनानैबां जानो हानाइनि अंगउ। बेछे मानसिफरा व्यवस्था सिलाइबाइ खिन्थु अवस्थाया सिलाइनो हायाख्छै हन्नानै बुंबाबाइनाइनि नुयो खिन्थु बि खथाया सत्य अंङा। हायुंसानि अवस्थाहाइ गेदेद परिवर्तन जादङ मानिनां गाहाइ मोन्थ्रिया गावनि बिबुंथिआव दन्नामोन।

इसान् आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठाननि लेङाइ आफादगिरि रेशम गुरुङा बे सोमआव प्रतिष्ठानाइ ६० थागिबिफर् सूचिकृत जानाइनि बाथ्रा दन्नामोन। इसान् गुबुन थागिबिफराबो गावछर्नि हारिखौ सूचिकृत सामनो थाखाइ ओर्जि हनाइनि बाथ्रा बुंङामोन। प्रतिष्ठानआ थागिबिफरनि छिनाइथि, हारिमुनि रैखा सामनाइ, लोकसेवानि निःशुल्क फरंनाइ, हारिनि छिनाइथि आरो जारिमिन नुग्रा किसिमनि बिजाब् दिहुन्नाइ खामानि मावबनाइनि बाथ्रा दन्नमोन।

लेङाइ आफादगिरि गुरुङा गावनि बिबुंथिहाइ दन्नामोन। सिगाङाव प्रतिष्ठानआ रान्नाबनाइनि छिनाइथि बिलाइखौ जहलावफरा खामानि मावनो थाखाइ हन्नानै हबनाइनि सिफारिसखौ बे सोमआव फैनानै मान्याता हनो नागारनाइनि खथाहाइ दुःखो नांनाइनि बाथ्रा दन्नमोन। हाबाफारिआव प्रतिष्ठाननि लेङाइ आफादगिरि मोन्थ्रि राजकुमार गुप्ता, नेपाल आदिवासी जनजाति महासंघनि आफादगिरि गेल्जे लामा शेर्पा, लोकतान्कि आदिवासी जनजाति महासंघनि आफादगिरि पासाङ शेर्पा, आदिवासी जनजाति आयोगनि आरो थारु आयोगनि बिबानगिरिफर् हाबाफारिआव बाहाग लाफैयामोन। हाबाफारिखौ प्रतिष्ठाननि गाहाइ नेहाथारि ज्ञानेन्द्र पुनआ छोलाइयामोन।

# ‘राइड सेयरिङ नियमावली कार्यान्वयनमा जान्छ’



**गुणबहादुर रोका**
*सुलीकोट, जेठ २६ गते*

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले राइड सेयरिङसम्बन्धी नियमावली गण्डकी प्रदेश सरकारले एक महिनापछि कार्यान्वयन प्रक्रियामा लैजाने बताउनुभएको छ। सोमबार गण्डकी प्रदेशस्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिताको उद्घाटन समारोहमा बोल्दै मुख्यमन्त्री पाण्डेले सो कुरा बताउनुभएको हो।

राइड सेयरिङ विषयमा गण्डकी प्रदेश सरकारले नियमावली बनाइसकेकाले पछि नहट्ने दाबी गर्नुभयो। एक महिनाको समय अवधिमा मुख्यमन्त्री पाण्डेले यातायात व्यवसायीको कुरा सुन्न र वार्ताका लागि एक महिनाको समय लिएकाले त्यसपछि कार्यान्वयनमा जाने उहाँको भनाइ छ।

मुख्यमन्त्री पाण्डेले भन्नुभयो, “गण्डकी प्रदेश सरकारले राइड सेयरिङ नियमावली ल्याइसकेको छ। नियमावलीभित्र सरोकारका केही विषय छुटेका छन् भने त्यसलाई यातायात व्यवसायीको माग अनुसार सम्बोधन गर्न सकिने भएकाले पनि वार्ता र संवादबाट निष्कर्षमा पुग्न प्रदेश सरकार तयार छ।”

गण्डकी प्रदेश सरकारले अवैध तवरबाट सञ्चालनमा आएका दुईपाङ्ग्रे तथा चारपाङ्ग्रे सवारीसाधनलाई नियम अनुसार चलाएर राज्यलाई आम्दानीको स्रोत बढाउनका लागि पनि नियमावली अघि बढाइएको मुख्यमन्त्री पाण्डेले बताउनुभयो।

उहाँले भन्नुभयो, “प्रदेश सरकारले यातायात व्यवसायीको माग सम्बोधन गर्न सक्ने अवस्था छ भने सम्बोधन गर्छौं, होइन भने राइड सेयरिङ नियमावली एक महिनापछि जसरी पनि कार्यान्वयनको प्रक्रियामा जान्छ।”

# पढ्दै, सिक्दै र कमाउँदै

**गलकोट समाचारदाता**
*बागलुङ (गलकोट), जेठ २६ गते*

विद्यार्थी निकै उत्साहका साथ टनेलभित्र काम गरिरहेका छन्। यस मौसममा टनेलभित्र गोलभेँडा उत्पादन गरिएको छ। यहाँ मौसम अनुसारका तरकारी उत्पादन गरिन्छ। यहाँ लटरम्म फलेका गोलभेँडा यहीँ अध्ययनरत विद्यार्थीद्वारा उत्पादन गरिएको हो।

बागलुङको बरेङ गाउँपालिका–२, हुग्दीशिरमा रहेको पुरुषोदय माध्यमिक विद्यालय प्राविधिक शिक्षाका लागि परिचित छ। कृषि पढाइ हुने यस विद्यालयमा विभिन्न जातका तरकारी, माछा, कुखुरा, बङ्गुर, कागतीलगायतका कृषि सामग्री उत्पादन गरिन्छ। पढ्दै, सिक्दै र कमाउँदै कार्यक्रम अन्तर्गत यहाँ अध्ययनरत विद्यार्थीले कृषि सामग्री उत्पादन गरी बिक्री गर्दछन्। यसले विद्यार्थीमा सिकाइसँगै व्यवसायी बन्न सहयोग पुर्‍याएको छ।

विद्यालयमा अध्ययनरत सविन क्षेत्रीले पढ्दै कृषि सिक्न पाउँदा खुसी लागेको बताउनुभयो। “हामीले यहाँ पढ्दै कृषिबारे सिक्न पाएका छौँ। जसले गर्दा हामीलाई खुसी लागेको छ,” उहाँले भन्नुभयो, “पढ्दै गर्दा सिप पनि सिकेका छौँ, यसले राम्रो भविष्यका लागि सहयोग पुर्‍याएको छ भन्ने लाग्छ।”

यहाँ बिउ बैङ्क पनि सञ्चालनमा ल्याइएको छ। लोपोन्मुख अवस्थामा रहेका बालीको बिउ संरक्षण गर्ने उद्देश्यले बिउ बैङ्क सञ्चालनमा ल्याइएको हो। कृषितर्फका सहायक प्रशिक्षक सुमन ओलीले कृषि बैङ्क देखाउँदै भन्नुभयो, “यहाँ लोपोन्मुख अवस्थामा रहेका बिउको संरक्षण गरिएको छ। हाम्रा पुराना कृषि उत्पादन नहराऊन् भन्ने उद्देश्यले बिउ बैङ्क सञ्चालनमा ल्याएका हौँ। यसले हाम्रा पुराना कृषि उत्पादन संरक्षणमा सघाउ पुर्‍याउने विश्वास गरिएको छ।”

यहाँ उत्पादित कृषिजन्य सामग्री बिक्रीका लागि बजारको अभाव नभएको शिक्षकको भनाइ छ। विद्यालयले कृषि प्राविधिक शिक्षालाई समुदायसँग पनि जोड्ने प्रयत्न गरेको छ। वरिष्ठ कृषि प्रशिक्षक विमल खड्काले प्राविधिक शिक्षालाई समुदायसँग जोड्न प्रत्येक घरपरिवारलाई टनेलको व्यवस्था गर्ने बताउनुभयो। यसले कृषितर्फ विद्यार्थी र अभिभावकलाई आकर्षित गरेको बताउनुभयो।

विद्यार्थीले बङ्गुरपालनसम्बन्धी ज्ञान सिप हासिल गरिरहेका छन्। विद्यार्थी डोलबहादुर थापाले बङ्गुरपालन गर्दा ध्यान दिनुपर्ने विषय, बङ्गुरमा लाग्न सक्ने रोग, यसको बजारको अवस्थाबारे जानकारी भएको र विद्यार्थीको सिकाइलाई गुणस्तरीय बनाउन बरेङ गाउँपालिकाले पनि राम्रो सहयोग पुर्‍याउँदै आएको बताउनुभयो। उहाँले भन्नुभयो, “विद्यालयमा आर्थिक रूपमा विपन्न र टाढाबाट आउने विद्यार्थीलाई होस्टेलको व्यवस्था गरिएको छ। यसले पढाइमा ठुलो सहयोग पुर्‍याएको छ।” यसबाट विद्यार्थीले कृषि, पशुपालनसम्बन्धी ज्ञान सिप हासिल गर्नुका साथै विद्यालयबाट पढाइ सकिनासाथ उद्यमी र व्यवसायी बन्ने शिक्षकको विश्वास छ।

शिक्षक ढाचानन्द बर्माका अनुसार यहाँ सैद्धान्तिकभन्दा बढी प्रयोगात्मक सिकाइ हुने गरेको छ। उहाँका अनुसार यस विद्यालयमा सैद्धान्तिकभन्दा बढी प्रयोगात्मक सिकाइ भएकाले नतिजामा पनि अब्बल आउने गरेको छ। विद्यालयले विभिन्न तहको परीक्षामा उत्कृष्ट नतिजा हासिल गर्दै आएको छ। विद्यालयका प्रधानाध्यापक मनबहादुर श्रीसले विद्यालयले पाँच रोपनी जग्गा भाडामा र आफ्नै चार रोपनी गरी नौ रोपनीमा कृषि गर्दै आएको बताउनुभयो। उहाँले भन्नुभयो, “हामीले बिउका रूपमा केही पैसा राख्छौँ, बाँकी विद्यार्थीका लागि हुन्छ।”



टनेलभित्र उत्पादन गरिएको गोलभेँडा खेतीबारे छलफल गर्दै विद्यार्थी।

# बढेको भत्तालाई पेन्सनमा गाभ्न माग

**बागलुङ समाचारदाता**
*बागलुङ, जेठ २६ गते*

पूर्वराष्ट्रसेवक सङ्गठन राष्ट्रिय समन्वय परिषद् नेपाल जिल्ला शाखा बागलुङले बढेको भत्तालाई तलबमा गाभेर पेन्सन सुविधा बढाउन माग गर्दै सरकारको ध्यानाकर्षण गराएको छ।

हालै बजेट भाषणमा कर्मचारीको भत्ता मात्रै तीन हजार रुपियाँ बढाएकाले त्यसबाट निवृत्त भएका कर्मचारीको सेवा सुविधामा कुनै प्रभाव नपरेकाले महँगी भत्ताको अनुपातमा पेन्सन सेवा बढाउन माग गर्दै सरकारको ध्यानाकर्षण गराएका हुन्। पूर्वराष्ट्रसेवक सङ्गठन राष्ट्रिय समन्वय परिषद् नेपाल बागलुङका अध्यक्ष चिरञ्जीवीकुमार श्रेष्ठ, पूर्वकर्मचारी सेवा परिषद्का अध्यक्ष महेन्द्रसिंह रायमाझी, सेवानिवृत्त राष्ट्रसेवक समाजका अध्यक्ष लक्ष्मण श्रेष्ठ, निवृत्त शिक्षक समाजका अध्यक्ष टीकाराम सापकोटा, नेपाल राष्ट्रिय भूतपूर्व प्रहरी सङ्गठनका अध्यक्ष टीकाबहादुर कार्की, नेपाल राष्ट्रिय भूतपूर्व सैनिक सङ्घका अध्यक्ष तिलकबहादुर थापाक्षेत्री र नेपाल पूर्वसशस्त्र प्रहरी बल बागलुङका अध्यक्ष हिमनाथ कँडेलले संयुक्त हस्ताक्षर गरेर प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको पनि ध्यानाकर्षण गराएका हुन्।

प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्री कार्यालयमा ध्यानाकर्षणपत्र पठाएको सोमबार पत्रकार सम्मेलन गरेर जानकारी दिइएको थियो। जेठ १५ गते प्रस्तुत गरेको बजेटमा बहालवाला राष्ट्रसेवकको हकमा तलब स्केल नबढाई वृद्धि भएको बजार मूल्यलाई थोरै मात्रामा भए पनि सम्बोधन गरेको तर निवृत्त राष्ट्रसेवक कर्मचारीलाई सम्बोधन नगरेको हुँदा सरकारको ध्यानाकर्षण गराएको पत्रकार सम्मेलनमा बताइयो।

# पहिचान हुन नसक्दा शव उठेन

**तनहुँ समाचारदाता**
*तनहुँ, जेठ २६ गते*

तनहुँको आँबुखैरेनी गाउँपालिका–४, पुलजिपमा त्रिशूली नदीको किनारमा फेला परेको शवको पहिचान हुन नसक्दा चार दिनसम्म पनि शव उठ्न सकेको छैन।

गत जेठ २२ गते बिहीबार बिहान अन्दाजी वर्ष ६०/६५ को जस्तो देखिने पुरुषको शव फेला परेको तर सनाखत हुन नसक्दा शव उठ्न नसकेको जिल्ला प्रहरी कार्यालय तनहुँका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक अशोक थापाले जानकारी दिनुभयो।


## त्रिभुवन विश्वविद्यालय
## व्यवस्थापन संकाय, डीनको कार्यालय
त्रि.वि. कीर्तिपुर।

### सहायक डीन छनौट समितिको सूचना

**प्रकाशन मिति २०८२/०२/२७**

यस व्यवस्थापन संकाय, डीनको कार्यालयमा मिति २०८२/०३/२० गते देखि रिक्त हुन लागेको सहायक डीन पद संख्या एक (१) का लागि त्रि.वि. संगठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम २०५० (२०८०/०३/१२ सम्मको संशोधन सहित) को परिच्छेद ५१ को नियम १८२ (१) बमोजिम योग्य उम्मेदवारहरुले मिति २०८२/०३/०२ गते बेलुकी ५:०० बजे भित्र त्रिभुवन विश्वविद्यालय सावधिक पदमा नियुक्तिका आधार र मापदण्डसम्बन्धी विनियम २०८१ मा उल्लेखित कागजातहरु क्रमानुसार संलग्न गरी लाहाछाप सहित व्यवस्थापन संकाय, डीनको कार्यालयमा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैलाई सूचित गरिन्छ।

❖ विस्तृत विवरणका लागि त्रिभुवन विश्वविद्यालय सावधिक पदमा नियुक्तिका आधार र मापदण्ड सम्बन्धी विनियम, २०८१ Website: tu.edu.np मा उपलब्ध छ।

## त्रिभुवन विश्वविद्यालय
## कानून संकाय, डीनको कार्यालय,
बल्खु, काठमाडौं।
प्रकाशित मितिः २०८२।०२।२७

### बी.ए.एलएल.बी.(B.A.LL.B.) तह प्रथम सिमेष्टर (२०८२) मा नयाँ विद्यार्थी भर्नाका लागि लिइने प्रवेश परीक्षा फाराम अनलाईन भर्ने सम्बन्धी सूचना

त्रि.वि.कानून संकाय अन्तर्गतका आंगिक क्याम्पसहरु **नेपाल ल क्याम्पस, प्रदर्शनीमार्ग, काठमाडौंमा १६० सिट, पृथ्वीनारायण क्याम्पस, पोखरामा ८० सिट, बुटवल बहुमूखी क्याम्पस, बुटवलमा ७० सिट, महेन्द्र बहुमूखी क्याम्पस, बाँके, नेपालगञ्जमा ७० सिट, महेन्द्र बहुमूखी क्याम्पस, धरानमा ७० सिट र सम्बन्धन प्राप्त नेशनल ल कलेज, ललितपुरमा १२० सिट गरी जम्मा ५७० सिटका** लागी त्रि.वि.सिमेष्टर प्रणाली संचालन विनियम, २०७४ अनुसार बी.ए.एलएल.बी. तहमा सिमेष्टर प्रणालीद्वारा दश सिमेष्टर (५ वर्षे) कार्यक्रम अन्तर्गत प्रथम सिमेष्टरमा भर्ना हुन इच्छुक विद्यार्थीहरुको निमित्त शैक्षिक सत्र २०८२।०८३ का लागि **मिति २०८२।०३।०१ गतेदेखि** अनलाईन मार्फत प्रवेश परीक्षाको फाराम भर्न सकिने व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ। यस सम्बन्धी अन्य विस्तृत विवरण यस संकायको सूचना पाटी वा वेवसाईट www.fol.edu.np बाट प्राप्त गर्न सकिनेछ।

**सहायक डीन, कानून संकाय**

मधेश प्रदेश सरकार
## गृह, सञ्चार तथा कानुन मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति :– २०८२।०२।२७ गते**

यस मन्त्रालयबाट मिति २०८१/१२/१४ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार देहायको CCTV जडान कार्यको सम्बन्धमा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(१) बमोजिम छनोट भएकोले ऐ. ऐनको दफा २७(२) को प्रयोजनार्थ यो आशयको सूचना प्रकाशित गरिएको छ।

**तपसिलः–**

| क्र.सं. | ठेक्का नं. | ठेक्काको कार्य विवरण | छनोट भएको बोलपत्र दाताको नाम/ठेगाना | कबोल रकम रु. (मू.अ.क. बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १ | MoHCL/NCB/CCTV1/2081-082/34 | रौतहट जिल्लाको गढीमाई न.पा. भित्र CCTV जडान कार्य | M/S DNB Trading and Enterprises, Babarmahal, Kathmandu | १९,८०,०००।०० | |

Madhesh Province Government
## Ministry of Health & Population
## Province Public Health Laboratory
Janakpurdham, Dhanusha

### Invitation for E-Sealed Quotation

**First Date of Publication : 10 June 2025**

1. The Province Public Health Laboratory, Madhesh Pradesh invites E-sealed quotations from eligible bidders for the following goods Under Sealed Quotation.

| S. N. | Contract Identification No. | Description of Items | Cost of Bidding document (NRs) | Amount of BidSecurity (NRs) | Bid Validity |
|---|---|---|---|---|---|
| 1. | MP/PPHL/SQ/G-2/ 2081-82 | The procurement of supply and delivery of PCR kits and consumables for HPV DNA screening program | 1,000.00 | 72,000.00 | 45 days |

2. For details; bidders are advised to visit Website: **www.bolpatra.gov.np/egp**

**Act. Director**

नेपाल सरकार
## भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
## समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय
बुद्धनगर, काठमाण्डौ

### दायित्व फरफराक सम्बन्धी अत्यन्त जरुरी सूचना

**प्रकाशित मिति : २०८२/०२/२७**

नेपाल सरकार, भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट सहकारी ऐन, २०७४ को दफा १०४ बमोजिम समस्याग्रस्त घोषणा भई सोहि ऐनको दफा १०५ बमोजिम सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीको लागि यस समिति समक्ष प्राप्त भएका तपशिल बमोजिमका सहकारी संस्थाका संचालक, ऋणी सदस्य, व्यवस्थापक, कर्मचारीहरु, जमानिकर्ताको नाउँमा सहकारी संस्थालाई तिर्न बुझाउनु पर्ने दायित्व समयमा बुझाउनका लागि पटक पटक सूचना जारी गर्दा समेत आफूले तिर्न बुझाउनु पर्ने दायित्व रकम बुझाउन आलटाल गर्नु भएकोले ३५ दिनको सार्वजनिक सूचना प्रकाशन गरिएको छ। संस्थाको दायित्व भूक्तानी गर्नु पर्ने पक्षहरुले उल्लेखित समयावधिभित्र यस समितिको कार्यालयमा उपस्थित भई आफूले तिर्नु पर्ने दायित्व राफसाफ गर्नु होला, अन्यथा संस्था सम्बद्ध संचालक, ऋणी सदस्यहरु, व्यवस्थापकहरु, कर्मचारीहरु, जमानिकर्ताहरु र आफन्तको समेत बैंक खाता रोक्का, राहदानी रोक्का, अचल सम्पत्ति रोक्का र कालो सूचीमा राख्ने कार्य, सरकारी सेवाबाट बञ्चित गर्ने तथा बचतकर्ताको रकम हिनामिना, अपचलन मुद्दा लगायत कानुनी कारवाही समेत अगाडि बढाईने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ।

| क्र.सं. | सहकारी संस्थाहरुको नाम |
|---|---|
| १. | आईडल यमुना हाम्रो बहुउद्देश्यीय सहकारी संस्था लि. (हाम्रो सगरमाथा बहुउद्देश्यीय सहकारी संस्था, नागरिक कल्याण बहुउद्देश्यीय संस्था, तपाई हाम्रो बहुउद्देश्यीय सहकारी संस्था, आइडियल यमुना बहुउद्देश्यीय सहकारी संस्था, घेदुङ्ग बहुउद्देश्यीय सहकारी संस्था) |

### श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौँबाट जारी भएको तपसिलका व्यक्तिका नाउँको १५ (पन्ध्र) दिने म्याद (सूचना)।

**प्रकाशित मिति : २०८२।०२।२७** — **मुद्दा शाखा,मुद्दा नं.०८१-DR-०४१६**

वादी **एनएमबी बैंक लिमिटेड** प्रतिवादी तपाईं निम्न बमोजिमका व्यक्तिबाट ऋण असुल उपर गराई पाऊँ भनी मिति २०८१।१०।२१ मा यस न्यायाधिकरणमा उजुरी निवेदन परी जारी भएको १५ (पन्ध्र) दिने म्याद (सूचना) बेपत्ते तामेली भई मिति २०८१।१२।१७ मा भएको आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले बाटाको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र नेपाली युनिकोडमा टाइप गरी सोको सफ्टकपी सहित प्रतिउत्तर पत्र र कानून बमोजिम आफ्नो लिखितको प्रमाण समेत लिई हाजिर हुन आउनु वा कानून बमोजिम वारेस वा कानून व्यवसायी मुकरर गरी पठाउनुहोला। सो म्यादभित्र प्रतिउत्तर पत्र पेश गर्न तपाईं आफैं वा वारेस वा कानून व्यवसायी मार्फत उपस्थित हुनुभएन भने ऐन बमोजिम मुद्दाको निर्णय हुनेछ र भविष्यमा त्यस विषयमा तपाईंको कुनै उजुर लाग्ने छैन।

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिस्ट्रारको कार्यालय, काठमाडौंमा मिति २०६९/११/१३ मा दर्ता नं. ११००१५/०६९/०७० मा दर्ता भई कर दाता सेवा कार्यालय कोटेश्वरबाट स्थायी लेखा नं. ६००९९७८१० प्राप्त गरी काठमाडौँ जिल्ला, काठमाडौँ महानगरपालिका वडा नं. ३२ को परिवर्तित ऐ जिल्ला, काठमाडौँ महानगरपालिका वडा नं. २९ स्थित रजिस्टर्ड कार्यालय रहेको **शिवम् ट्रेड एण्ड सप्लायर्स प्रा.लि.** (ऋणी) ........................................१

Government of Nepal
## Ministry of Health & Population
## Department of Health Services
## Management Division
Pachali, Teku, Kathmandu, Nepal

### Notice of Intention to Award

**Date of Notice : 10 June 2025**

Pursuant to clause 27(2) and 47(3) of Public Procurement Act 2063, this is to notify all the bidders that the following substantially responsive lowest bidders have been selected to award the contract as per the Invitation for Bids published on Gorkhapatra DOHS intends to award the contract to the same.

| S. N. | IFB No. | Name of Successful Bidder | Total Amount NPR (Exclusive VAT) |
|---|---|---|---|
| 1 | DOHS/G/NCB-16/FWD/208-82/Procurement of Syringes | M/S National Biomedical Suppliers, Tripureshwor, Kathmandu | 61,89,100.00 |
| 2 | DOHS/G/NCB-17/FWD/208-82/Procurement of Equipment for CB-IMNCI | M/S Krishna International, Lalitpur | 19,22,000.00 |

### श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौँबाट जारी भएको तपसिलका व्यक्तिका नाउँको १५ (पन्ध्र) दिने म्याद (सूचना)।

**प्रकाशित मिति : २०८२।०२।२७** — **मुद्दा शाखा,मुद्दा नं.०८१-DR-०४८८**

वादी **गोर्खाज फाइनान्स लिमिटेड** प्रतिवादी तपाईं निम्न बमोजिमका व्यक्तिबाट ऋण असुल उपर गराई पाऊँ भनी मिति २०८१।१०।२१ मा यस न्यायाधिकरणमा उजुरी निवेदन परी जारी भएको १५ (पन्ध्र) दिने म्याद (सूचना) बेपत्ते तामेली भई मिति २०८२।०२।०२ मा भएको आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले बाटाको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र नेपाली युनिकोडमा टाइप गरी सोको सफ्टकपी सहित प्रतिउत्तर पत्र र कानून बमोजिम आफ्नो लिखितको प्रमाण समेत लिई हाजिर हुन आउनु वा कानून बमोजिम वारेस वा कानून व्यवसायी मुकरर गरी पठाउनुहोला। सो म्यादभित्र प्रतिउत्तर पत्र पेश गर्न तपाईं आफैं वा वारेस वा कानून व्यवसायी मार्फत उपस्थित हुनुभएन भने ऐन बमोजिम मुद्दाको निर्णय हुनेछ र भविष्यमा त्यस विषयमा तपाईंको कुनै उजुर लाग्ने छैन।

बजीमान कार्कीको नाति गंजबहादुर कार्कीको छोरा, तेह्रथुम जिल्ला, ओयाकजुंग गा.वि.स. वडा नं. ७, हाल परिवर्तित ऐ. जिल्ला, फेदाप गाउँपालिका वडा नं. २ बस्ने अं. वर्ष ५३ को **प्रेमबहादुर कार्की** (ऋणी) (ना.प्र.नं. २१३६३/६१५३/४२६ जारी मिति २०४६।०१।१५ जि.प्र.का. तेह्रथुम, सम्पर्क नं. ९८५१०२०९९७) ........१

## लुम्बिनी प्रदेश सरकार
## वन तथा वातावरण मन्त्रालय
(बढुवा समितिको सचिवालय)
राप्ती उपत्यका (देउखुरी), नेपाल

### बढुवा सिफारिस सम्बन्धी सूचना

सूचना प्रकाशन मिति :– २०८२।०२।२७

प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेश, बुटवलको मिति २०८१।०२।०७ मा प्रकाशित सूचना नम्बर ५०५/०८०–०८१ बमोजिम बढुवा सूचना नं. २१/०८०–०८१, प्रदेश वन सेवा, जनरल फरेष्ट्री समूह, सहायकस्तर पाँचौं तहको रिक्त रेन्जर पदमा कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाबाट पदपूर्ति गर्ने सम्बन्धमा बढुवा समितिको मिति २०८२।०२।२६ को निर्णयानुसार देहाय बमोजिमको योग्यताक्रमका उम्मेदवारहरूलाई बढुवाको लागि सिफारिस गरिएकाले निजामती सेवा ऐन, २०४९ को दफा २० को उपदफा (४) बमोजिम दफा २४च. को उपदफा (१) को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ।

**कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाका उम्मेदवारहरूको योग्यताक्रम नामावली:**

| बढुवा सूचना नं. | सेवा/समूह | पद/तह | पदपूर्ति हुने संख्या | योग्यता क्रम | क.सं.नं. | कर्मचारीको नाम थर | कूल प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|---|
| २१/०८०–०८१ | प्रदेश वन / जनरल फरेष्ट्री | रेन्जर / सहायकस्तर पाचौं | ५ (पाँच) | १ | २१६२४४ | प्रकाश भट्टराई | १००.००० |
| | | | | २ | २०७३७४ | महेन्द्र बुढापृथी | १००.००० |
| | | | | ३ | २१६१०६ | नवल कुमार | १००.००० |
| | | | | ४ | २०७५५० | बीर जंग ओली | ९७.५४२ |
| | | | | ५ | २०९९५२ | एलिना राना | ९७.००० |

## काठमाडौं महानगरपालिका
## यँ महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खरिद एकाइ
काठमाडौँ प्लाजा, कमलादी, काठमाडौँ

### बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना

**प्रकाशित मिति : २०८२।०२।२७ (नेपाल संवत् ११४५ तछलाथ्व चतुर्दसि)**

काठमाडौँ महानगरपालिका खरिद एकाइले तपसिलको कार्यका लागि गोरखापत्र (राष्ट्रिय) दैनिकमा सार्वजनिक सूचना प्रकाशन गरेको, तोकिएको समयभित्र रीतपूर्वक दर्ता भएका बोलपत्रहरूमध्ये तपसिलमा उल्लिखित बोलपत्र दाता न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही पाइएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(१) र २७(२) को प्रयोजनार्थ सम्बन्धित बोलपत्र दाता एवं सबै सरोकारवालाहरूका लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्र स्वीकृत हुने फर्मको नाम | कबोल अङ्क (रु.) |
|---|---|---|---|---|
| 1. | IFB NO. 02-02-081-082-NCBG-PGPP-KMC | Procurement of Plants and necessities | Gautam Nursery | 16,25,000.00 (मू.अ. कर बाहेक) |

**खरिद एकाइ**

नेपाल सरकार
## खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजना
## वीरेन्द्रनगर आयोजना कार्यान्वयन एकाइ
वीरेन्द्रनगर नगरपालिका, सुर्खेत

### जग्गा सट्टाभर्ना उपलब्ध गराउने सम्बन्धी १५ दिने सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२।०२।२७**

चालु आर्थिक वर्ष २०८१/०८२ बाट यस आयोजना कार्यालय मार्फत निर्माण हुने भेरी पम्पिङ्ग उप–आयोजनाको पहुँच मार्ग निर्माणका लागि लेकवेशी नगरपालिकाको वडा नं. १० मा रहेको १.१५ हेक्टर राष्ट्रिय वनको जग्गा प्रयोग गर्न र सो जग्गामा रहेको ३४० गोटा रुख/पोल हटाउन स्वीकृति दिने विषयमा नेपाल सरकार म.प.बै.सं. ८/०८२, मिति २०८२/०२/१२ मा निर्णय भएको छ। यस भेरी पम्पिङ्ग उप–आयोजनाको पहुँच मार्गका लागि वन नियमावली, २०७९ को नियम ९१ बमोजिम जग्गा सट्टाभर्ना उपलब्ध गराउने प्रयोजनका निमित्त यस उप–आयोजनाको नजिक पर्ने राष्ट्रिय वन क्षेत्रसँग जोडिएको समान भौगोलिक र पारिस्थितिकीय प्रणाली रहेको, वन विकास गर्न सकिने भू–बनोट भएको जग्गा प्राप्ति गर्नुपर्ने भएकोले जग्गा उपलब्ध गराउन चाहने जग्गाधनीहरूले प्रस्तावित जग्गाको जग्गाधनी पुर्जा, जग्गाधनीको नागरिकताको प्रतिलिपि र तिरो तिरेको रसिद समेत संलग्न राखी जग्गाधनीले खाम बाहिर “**जग्गा उपलब्ध गराउने सम्बन्धी प्रस्ताव**” भनी स्पष्ट लेखी र सम्पर्क व्यक्ति तथा सम्पर्क नं. अनिवार्य उल्लेख गरी यस आयोजनाको कार्यालयमा प्रस्ताव पेश गर्न सम्बन्धित सबैमा यो सूचना प्रकाशन गरिएको छ।

**वीरेन्द्रनगर आयोजना कार्यान्वयन एकाइ, सम्पर्क नं.: ०८३–५९०५७२**

# खानेपानी योजना निर्माण हुने

**मकवानपुर समाचारदाता**
*मकवानपुर, जेठ २६ गते*

हेटौँडा उपमहानगरपालिका र सङ्घीय सरकारको सहलगानीमा हेटौँडामा २० करोड रुपियाँभन्दा बढीको खानेपानी योजना निर्माण हुने भएको छ । उपमहानगरको वडा नं. ९, १४ र १५ का बासिन्दालाई लक्षित गर्दै सिमलटार–रातोमाटे सहलगानी खानेपानी योजना निर्माण हुने भएको हो ।

हेटौँडा उपमहानगरपालिका, सङ्घीय खानेपानी योजना र निर्माण पक्षबिच शुक्रबार हेटौँडामा त्रिपक्षीय सहमतिपत्रमा हस्ताक्षर भएको छ । हेटौँडा उपमहानगरपालिका खानेपानी बोर्डले तयार पारेको वातावरणीय प्रभाव मूल्याङ्कन अन्तर्गत रहेर सङ्घीय सरकारले हेटौँडा उपमहानगरपालिकालाई लक्षित गर्दै आह्वान गरेको बोलपत्र अनुसार निर्माण पक्षले २० करोड ५६ लाख रुपियाँमा दुई वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी सम्झौता भएको छ ।

सम्झौतापत्रमा नगरप्रमुख मीनाकुमारी लामा, सङ्घीय खानेपानी योजना प्रमुख पूर्णप्रसाद उपाध्याय, हेटौँडा खानेपानी बोर्डका अध्यक्ष प्रताप विष्ट र निर्माण पक्षका जयमाता सुप्रिम जेभीका कृष्णहरि चौलागाईंले सम्झौतापत्रमा हस्ताक्षर गर्नुभएको हो । सम्झौता अनुसार आयोजनामा उपमहानगरको ३० र सङ्घीय योजनाको ७० प्रतिशत लगानी रहने छ । हेटौँडा–९ को वेदखोल्सीमा छ लाख लिटर, हेटौँडा–१५, पिसपार्कमा दुई लाख लिटर र हेटौँडा–१४ मा दुई लाख लिटरको खानेपानी ट्याङ्की निर्माण गरिने छ । योजना अनुसार खानेपानी व्यवस्थापन बोर्डले प्रयोगमा ल्याएको सामरीको समवेलको पानीलाई तीन करोड रुपियाँ खर्चेर यही योजनामा समावेश गरिने भएको छ । योजना सम्झौता कार्यक्रममा प्रमुख लामाले निर्माण कार्यलाई गुणस्तरीय बनाउँदै नगरवासीलाई चाँडै खानेपानीको व्यवस्थापन गर्न निर्माण कम्पनीलाई आग्रह गर्नुभयो ।

योजना निर्माण हुने क्षेत्रमध्ये दुई वटा वडा १४ र १५ पछि उपमहानगरपालिकामा समावेश भएको क्षेत्र भएकाले त्यहाँका जनतालाई खानेपानीको सुविधा दिने काममा उपमहानगर अघि बढ्ने उहाँले बताउनुभयो ।

# खाँडादेवीमा दर्शनार्थीको घुइँचो

**रामेछाप समाचारदाता**
*रामेछाप, जेठ २६ गते*

रामेछापको खाँडादेवी गाउँपालिका–२ र ७ को सिमानामा रहेको ऐतिहासिक खाँडादेवी मन्दिरको पुनर्निर्माण गरिएको छ । यो मन्दिरको २०७० सालबाट खाँडादेवी विकास कोषले संरक्षणको काम सुरु गरेपछि पुरातत्त्व विभागलगायतका निकायसँग सहकार्य गरी पुनर्निर्माण गरिएको हो ।

पुरातत्त्व विभागले पुरातात्त्विक हिसाबले खाँडादेवीको मन्दिर, पाटी, मन्दिरपरिसर पुनर्निर्माण गरेपछि खाँडादेवी मन्दिर चिटिक्क देखिएको छ । निर्माणको धेरै काम सकिएको भए पनि केही काम बाँकी रहेको र त्यसका लागि पहल भइरहेको खाँडादेवी विकास कोषका अध्यक्ष शेरबहादुर तामाङले बताउनुभयो ।

मन्दिर पुनर्निर्माणपश्चात् दर्शनार्थीको भिड लाग्न थालेको अध्यक्ष तामाङले बताउनुभयो । उहाँले भन्नुभयो, "खाँडादेवी मन्दिरको २०७० सालबाट पुरातात्त्विक हिसाबले पुनर्निर्माण थालिएको हो । हालसम्म पनि पुनर्निर्माण सकिएको छैन तर अधिकांश काम सकिएकाले दर्शनार्थीको सङ्ख्या बढ्न थालेको छ ।"

विगतमा दसैँ र चैते दसैँका बेलामा मात्र दर्शनार्थीको भिड लाग्ने खाँडादेवी मन्दिरमा अहिले दैनिक दर्शन गर्न आउनेको भिड देखिन्छ । अन्य दिनको तुलनामा शनिबार भिड हुने गरेको खाँडादेवी विकास कोषका कोषाध्यक्ष प्रकाश बुढाथोकीले बताउनुभयो ।

मन्दिरमा विसं १५७३ मा चढाइएको घन्ट तथा त्यसअघि चढाएको चाँदीको जन्तरलगायतका गहना अहिले पनि सुरक्षित रहेको खाँडादेवी गाउँपालिका अध्यक्ष ज्ञानकुमार श्रेष्ठले बताउनुभयो । उहाँका अनुसार त्यतिबेला दरबारले चढाएको सुन र चाँदीको जन्तर पनि सुरक्षित छन् ।

नेपाल एकीकरण गर्ने क्रममा पृथ्वीनारायण शाहले पूर्वी किल्लालाई बलियो बनाउन सिन्धुलीगढीपछि खाँडादेवीमा सहायक गढीका रूपमा किल्ला बनाएका र लडाइँ जित्न पृथ्वीनारायण शाहले खाँडादेवीसँग आशीर्वाद लिएको भनाइ छ ।

युद्ध जितेपछि खाँडादेवीको शिला दरबार लैजान तीन पटकसम्म प्रयास गर्दा पनि बाटोबाटै अलप भएर खाँडादेवीमै आएपछि पृथ्वीनारायण शाहले त्यही बेलादेखि खाँडादेवीमा रहेको कमलामाईलाई परेवा, मङ्गलादेवीलाई भाले, भैरवदेवीलाई राँगो, खाँडादेवीलाई हाँस र बोको बलि दिनू भनी आदेश दिनुभएको र बडादसैँमा सो बलि दिने गरिएको छ । अहिले खाँडादेवी विकास कोषले सबै काम गर्दै आएको छ ।


## प्रदेश लोक सेवा आयोग
**सुदूरपश्चिम प्रदेश**
**धनगढी, कैलाली**
**(प्रशासन, योजना तथा सूचना प्रकाशन शाखा)**

### प्रदेश निजामती सेवाका पाँचौँ तहका अप्राविधिक पदहरूको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. ३९/२०८१-०८२** **मितिः- २०८२।०२।२७**

ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाबाट पदपूर्ति गर्नु पर्ने भएकोले सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९ को दफा ३२, ३७ र ३७क. बमोजिम हुने बढुवाका लागि सम्भाव्य उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०८२।०३।३० गते सम्ममा दरखास्त पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । ज्येष्ठताको गणना सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९को दफा ३४,३७ र ३७क. बमोजिम हुनेछ । दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेबसाइट https://psc.sudurpashchim.gov.np बाट डाउनलोड गर्न सकिनेछ । सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्ट रूपमा भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र प्रदेश लोक सेवा आयोगको कार्यालयमा बुझाइसक्नुपर्नेछ । प्राप्त हुन आएका दरखास्तलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रूपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाइनेछ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिनेछैन ।

**उम्मेदवारहरूले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरूः**

१. सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९ को दफा १७ र दफा ३० बमोजिम बढुवाका लागि अयोग्य नभएको हुनुपर्ने ।
२. दरखास्त फाराम भर्दा निजामती किताबखाना वा प्रदेश निजामती किताबखानाबाट आफूले पाएको सङ्केत नम्बर अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने ।
३. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नुपर्ने ।
४. दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनुपर्नेछ । दरखास्त फाराम भर्दा मूल्याङ्कनका लागि गणना हुने पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्याङ्कन फाराम पेश गरेको कार्यालयको नाम, हालको तहमा अध्ययन बिदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण पेश गर्नुपर्ने र सुदूरपश्चिम प्रदेश तहमा समायोजन भएको पत्र पेश गर्नुपर्ने ।
५. ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाका आधारहरू सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९ को दफा ३७ र ३७क बमोजिम र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाका आधारहरू सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९ को दफा ३२ बमोजिम हुनेछ ।
६. बढुवाका लागि न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९को दफा २९ बमोजिम हुनुपर्ने ।
७. बढुवा सम्बन्धी अन्य व्यवस्था सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९ बमोजिम हुनेछ ।

**क) ज्येष्ठता र कार्यसम्पादनको मूल्याङ्कनद्वारा हुने बढुवा**

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह | पद सङ्ख्या |
|---|---|---|---|
| १ | १३३/०८१-८२ | वरिष्ठ प्रशासन सहायक, प्रशासन, सा.प्र | ६ |
| २ | १३४/०८१-८२ | लेखापाल, प्रशासन, लेखा | २ |

**ख) कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा**

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह | पद सङ्ख्या |
|---|---|---|---|
| १ | १४१/०८१-८२ | वरिष्ठ प्रशासन सहायक,प्रशासन,सा.प्र | ७ |
| २ | १४२/०८१-८२ | लेखापाल,प्रशासन,लेखा | ३ |

**दरखास्त दस्तुरः** पाँचौँ तहका लागि रु. ४०० (चार सय रुपैयाँ)
**दरखास्त दस्तुर बुझाउने स्थानः** राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड, खाता नं. १०००१००२०००१००००
**कार्यालय कोडः** २१०००७७०१७ (प्रदेश लोक सेवा आयोग, सुदूरपश्चिम प्रदेश)
**राजस्व शीर्षक नं.** १४२२४ मा दरखास्त दस्तुर बुझाएको बैङ्क भौचरको सक्कल प्रति संलग्न गरी दरखास्त पेश गर्नुपर्ने ।

## प्रदेश लोक सेवा आयोग
**सुदूरपश्चिम प्रदेश**
**धनगढी, कैलाली**
**(प्रशासन, योजना तथा सूचना प्रकाशन शाखा)**

### प्रदेश निजामती सेवाका पाँचौँ तहका अप्राविधिक पदहरूको आ.प्र., अन्तर तह, खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापन

सूचना नं. ४०/२०८१-०८२ प्रकाशन मितिः-२०८२।०२।२७

सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९ बमोजिम प्रदेश निजामती सेवाका देहायका सेवा, समूह, उपसमूह र तहका पदको आ.प्र., अन्तर तह र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकाले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरूबाट दरखास्त आह्वान गरिन्छ । तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले आयोगको अनलाइन दरखास्त प्रणाली http://ppsconline.sudurpashchim.gov.np बाट अनलाइन दरखास्त दिनुपर्नेछ । प्रदेश निजामती सेवाका आ.प्र., अन्तर तह र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षा एकीकृत रूपमा एकै पटक सञ्चालन हुनेछ र प्रतियोगितात्मक परीक्षाबाट छनोट भएका उम्मेदवारहरूको प्राथमिकता क्रम अनुसार नियुक्तिका लागि सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।

| क्र.सं. | विज्ञापन नं. ...०८१-८२ | पद, सेवा, समूह, उपसमूह | प्रदेश/ स्थानीय | किसिम/ समूह | पद सङ्ख्या | लिखित परीक्षा कार्यक्रम |
|---|---|---|---|---|---|---|
| १ | १२०/०८१-८२ | वरिष्ठ प्रशासन सहायक, प्रशासन, सा.प्र. | प्रदेश | आ.प्र. | २ | लिखित परीक्षा कार्यक्रम पछि प्रकाशन गरिनेछ । |
| | | लेखापाल, प्रशासन, लेखा | प्रदेश | | १ | |
| २ | १२१/०८१-८२ | वरिष्ठ प्रशासन सहायक, प्रशासन, सा.प्र. | प्रदेश | अन्तर तह | २ | |
| | | लेखापाल, प्रशासन, लेखा | प्रदेश | | १ | |
| ३ | १२२/०८१-८२ | वरिष्ठ प्रशासन सहायक, प्रशासन, सा.प्र. | प्रदेश | खुला | ९ | |
| | | लेखापाल, प्रशासन, लेखा | प्रदेश | | ३ | |
| ४ | १२३/०८१-८२ | वरिष्ठ प्रशासन सहायक, प्रशासन, सा.प्र. | प्रदेश | महिला | ३ | |
| | | लेखापाल, प्रशासन, लेखा | प्रदेश | | १ | |
| ५ | १२४/०८१-८२ | वरिष्ठ प्रशासन सहायक, प्रशासन, सा.प्र. | प्रदेश | दलित | १ | |
| | | लेखापाल, प्रशासन, लेखा | प्रदेश | | १ | |
| ६ | १२५/०८१-८२ | वरिष्ठ प्रशासन सहायक, प्रशासन, सा.प्र. | प्रदेश | थारु/राना थारु | १ | |
| | | लेखापाल, प्रशासन, लेखा | प्रदेश | | १ | |
| ७ | १२६/०८१-८२ | वरिष्ठ प्रशासन सहायक, प्रशासन, सा.प्र. | प्रदेश | आ.वि.खस आर्य | १ | |
| ८ | १२७/०८१-८२ | वरिष्ठ प्रशासन सहायक, प्रशासन, सा.प्र. | प्रदेश | पि.क्षे. | १ | |
| ९ | १२८/०८१-८२ | वरिष्ठ प्रशासन सहायक, प्रशासन, सा.प्र. | प्रदेश | आ.ज. | १ | |

**परीक्षाको किसिमः-** लिखित परीक्षा, कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ता (पाठ्यक्रममा तोकिए बमोजिम)
**परीक्षा केन्द्रः-** धनगढी, कैलाली
**परीक्षाको माध्यमः-** परीक्षाको माध्यम (भाषा) नेपाली वा अङ्ग्रेजी अथवा नेपाली र अङ्ग्रेजी दुवै हुन सक्नेछ ।
**दरखास्तको माध्यमः-** विज्ञापित सबै पदहरूमा अनलाइन दरखास्त प्रणाली मार्फत दरखास्त बुझाउनुपर्नेछ । आयोगको अनलाइन दरखास्त प्रणाली http://ppsconline.sudurpashchim.gov.np मार्फत दरखास्त पेश गर्न सकिनेछ र दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण https://psc.sudurpashchim.gov.np/ बाट हेर्न सकिनेछ ।
**दरखास्त दिने अन्तिम मितिः-** २०८२/०३/१६ सम्म र दोब्बर दस्तुर तिरी २०८२/०३/२३ सम्म ।
**उम्मेदवारको उमेरको हदः-** २०८२/०३/१६ सम्म पुरुष उम्मेदवारको हकमा १८ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको साथै महिला र अपाङ्ग उम्मेदवारको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ । साथै संघीय निजामती सेवा, जुनसुकै प्रदेशको प्रदेश निजामती सेवा र स्थानीय सेवाका बहालवाला स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्नेछैन । तर सम्बन्धित कार्यालयको कार्यालय प्रमुखबाट कार्यरत रहेको व्यहोरा प्रमाणित गराई पेश गर्नुपर्नेछ ।
**दरखास्त दस्तुरः-** पाँचौँ तहको हकमा दरखास्त दस्तुर रु. ४००/- आ.प्र.,अन्तरतह र समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारले थप समूहको प्रत्येकका लागि २००/- र थप पत्रका लागि प्रति पत्र थप २००/- बुझाउनुपर्नेछ ।
**दरखास्त दस्तुर बुझाउने विधि र स्थानः-** आयोगको अनलाइन दरखास्त प्रणालीबाट फर्म Submit गरेपछि My Application मा गएर All Application मा Click गर्ने, त्यसपछि आफूले Apply गरेको विज्ञापनको Pay Button मा Click गर्नुहोस त्यस पछि बैंक छानी Online Payment छान्नुहोस् र तोकिएको वालेटहरू छानी Username, Password राखी भुक्तानी गर्नुहोस् ।
Offline Payment का लागि My Application मा गएर All Application मा Click गरेपछि आफूले Apply गरेको विज्ञापनको Pay Button मा Click गर्नुहोस त्यस पछि तोकिएको बैंक छानी Offlline Payment छान्नुहोस् र Click here मा Click गरी Voucher Generate गरी सोही भौचर सहित सम्बन्धित बैंकमा गई तोकिएको रकम बुझाउनुपर्नेछ । **कुनैपनि विज्ञापनमा एकपटक आवेदन दिइसकेपछि सोही विज्ञापनमा पुनः थप/घट गर्न वा दरखास्त सच्याउन सकिनेछैन ।**

**दरखास्त दस्तुर बुझाउने अवधिः-** अनलाइन माध्यमबाट दरखास्त पेश गरिसकेपछि उम्मेदवारले प्राप्त गरेको Master ID र कारोबार सङ्केत नम्बर उल्लेख भएको भौचर सहित ढिलोमा दोब्बर दस्तुर तिरी दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट कार्यालय समयभित्र (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन) तोकिएको परीक्षा दस्तुर/दोब्बर दस्तुर अनिवार्य रूपमा बुझाउनुपर्नेछ ।
**अपलोड गर्नुपर्ने कागजातहरूः-** विद्युतीय दरखास्त पेश गर्ने उम्मेदवारले माग गरिए अनुसारको सम्पूर्ण विवरण भरी शैक्षिक योग्यता, तालिम, अनुभव, व्यवसाय अनुमति (Council) प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाइन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारले आफ्नो नागरिकताको प्रमाणपत्रको अगाडि र पछाडिको भाग, हालसालै खिचेको पासपोर्ट साइजको फोटो, हस्ताक्षर JPG Format मा तोकिएको स्थानमा अपलोड गर्नुपर्नेछ । तोकिएको Format मा कागजात पेश नभएमा प्रवेश पत्र प्रिन्ट नहुने भएकाले तोकिएको Format मै कागजात अपलोड गर्नुपर्नेछ । प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका (पहिलो संशोधन), २०८० को दफा १४ बमोजिम दरखास्त पेश नभएमा वा लापरबाही तरिकाले पेश गरेमा दरखास्त रुजु गर्दाकै बखत रद्द हुने र पछि कुनै पनि बहानामा रद्द भएका दरखास्त उपर कुनै पनि सुनुवाइ नहुने भएकाले दरखास्त फाराम भर्दा विशेष ध्यान दिनुपर्नेछ ।
**अन्तर्वार्ता हुने मितिः-** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना प्रकाशन गरिनेछ ।
**पदमा रही गर्नुपर्ने कामको विवरणः-** सेवा, समूह सम्बन्धी प्रचलित कानूनले तोके बमोजिम
**सेवा, शर्त र सुविधाः-** प्रचलित कानूनले तोके बमोजिम हुनेछ ।

**खुला तथा अन्तर तह प्रतियोगिताका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यताः**

१. **वरिष्ठ प्रशासन सहायक, प्रशासन, सामान्य प्रशासनः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।
२. **लेखापाल, प्रशासन, लेखाः** -मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन वा वाणिज्य शास्त्रमा प्रवीणता प्रमाणपत्र वा अर्थशास्त्र, गणित, तथ्याङ्क शास्त्र वा जनप्रशासनमध्ये कुनै एक मूल विषय लिई प्रवीणता प्रमाणपत्र वा सो सरह उत्तीर्ण ।

**नोटः मिति २०७८।९।७ गते भन्दा पहिला जारी माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा ( *S.L.C.E)* प्रमाणपत्रको हकमा कक्षा ११ र १२ का प्रत्येक विषयहरू (सैद्धान्तिक एवं प्रयोगात्मक) मा न्यूनतम *D+* र *Cumulative Grade Point Average (C.G.P.A )* १.६ रहेको शैक्षिक प्रमाणपत्रलाई मान्यता दिइनेछ ।**

**आ.प्र., अन्तर तह, खुला तथा समावेशी परीक्षाका लागि सूचना**

(क) सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९ को दफा १७ र ३० बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।
(ख) प्रदेश निजामती सेवाको आन्तरिक प्रतियोगितातर्फ दरखास्त दिन सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९ को दफा ९ को उपदफा (७) बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ ।
(ग) प्रदेश निजामती सेवाको अन्तर तह प्रतियोगितातर्फ दरखास्त दिन सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९ को दफा ९ को उपदफा (८) बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ ।
(घ) आन्तरिक, अन्तर तह, खुला र समावेशी तर्फको लिखित परीक्षा एकै मिति र समयमा हुनेछ (प्रत्येक सेवा/समूह र आन्तरिक, अन्तर तह, खुला तथा समावेशी समूहका लागि छुट्टाछुट्टै परीक्षा दिनुपर्ने छैन) ।
(ङ) आन्तरिक, अन्तर तह, खुला तथा समावेशीतर्फको लिखित परीक्षाबाट छनोट भएका उम्मेदवारहरूको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा प्रकाशन गरिनेछ ।
(च) लिखित परीक्षाबाट छनोट भएका उम्मेदवारहरूले अन्तर्वार्तामा सम्मिलित हुनु अगाडि रोजाइको प्राथमिकताक्रम अनिवार्य रूपले भर्नुपर्नेछ । प्राथमिकता नभर्ने उम्मेदवारहरूलाई अन्तर्वार्तामा सहभागी गराइनेछैन ।
(छ) समावेशी समूहतर्फ लिखित परीक्षाबाट छनोट भएका उम्मेदवारहरूले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहहरूको आधारमा आयोगको प्रचलित व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ ।
(ज) खुला तथा समावेशी समूहतर्फ लिखित परीक्षाबाट खुला र समावेशी तथा एकभन्दा बढी समावेशी समूहमा छनोट भएका उम्मेदवारले एक पटक मात्र अन्तर्वार्तामा सम्मिलित हुने गरी कार्यक्रम तय हुनेछ । साथै अन्तर्वार्ताको प्राप्ताङ्क उम्मेदवार उत्तीर्ण भएको सबै समूह (खुला र समावेशी) मा गणना गरिनेछ ।
(झ) सबै चरणको परीक्षा पश्चात् प्राप्त हुन आएको योग्यता क्रम (Merit Order) अनुसार नियुक्तिका लागि सिफारिस गरिनेछ ।

**समावेशी समूहतर्फका विज्ञापनमा दरखास्त दिन चाहने उम्मेदवारहरूका लागि विशेष निर्देशन**

समावेशी समूह तर्फका पदहरूमा दरखास्त दिन चाहने उम्मेदवारहरूले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरू तयार गरी दरखास्त दिनुपर्नेछ । लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताका लागि छनोट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरूको सक्कल सहित आफैँले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनुपर्नेछ । उल्लेखित कागजातहरू दरखास्त दिने समयमा कायम रहेको नपाइएमा जुनसुकै बखत दरखास्त रद्द हुनसक्नेछ ।

क) **दलितका हकमा** राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ ।
ख) **थारु/राना थारुको हकमा** राष्ट्रिय थारु आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय थारु आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।
ग) **आर्थिक रूपले विपन्न खस आर्यको हकमा** प्रचलित कानून बमोजिम गरिब परिचय पत्र प्राप्त गरको भए सो परिचयपत्र वा परिचय पत्र नभएको हकमा सम्बन्धित स्थानीय तहले कानून बमोजिम तोकिए भन्दा कम वार्षिक आय भएको विपन्न खस आर्य समुदायको व्यक्ति भनि प्रदान गरेको सिफारिस पेश गर्नुपर्नेछ ।
घ) **पिछडिएको क्षेत्रका हकमा** निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) को स्पष्टीकरण खण्डको (१) मा उल्लेख भएका जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरेको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित स्थानीय तहबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात दरखास्त फाराम भर्ने दिन भन्दा ३ महिना अगाडि सम्मको सिफारिसको आधारमा स्थायी बसोबास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरिकता लिएको भएमा सो गर्नुपर्नाको कारण उल्लेख भएको पत्र नागरिकता जारी गर्ने जिल्ला प्रशासन कार्यालयबाट लिएको, निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) को स्पष्टीकरण खण्डको (१) मा उल्लेख भएको जिल्लामा विवाह गरी वा बसाइँसराइँ गरी गएको भएमा विवाहको हकमा विवाह दर्ता प्रमाणपत्र र बसाइँसराइको हकमा छाडेको र गएको स्थानीय तहको बसाइँसराइ गरेको खुल्ने कागजात पेश गर्नुपर्नेछ ।
ङ) **आदिवासी/जनजातिका हकमा** नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ ।

**द्रष्टव्य**

क) सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९ को दफा (१०) को उपदफा (२) बमोजिम आरक्षणको सुविधा एक व्यक्तिले सेवा अवधिभरमा एक पटक मात्र पाउनेछ ।
ख) सुदूरपश्चिम प्रदेश निजामती सेवा सेवा (पहिलो संशोधन) ऐन, २०७९ दफा १०क. मा समान तह/श्रेणीका पदमा उम्मेदवार बन्न पाउने व्यवस्था नभएकोले यस्ता उम्मेदवारले दरखास्त दिन पाउनेछैन ।
ग) अनुभवको अवधि आवश्यक पर्ने विज्ञापनहरूको हकमा सम्बन्धित पदका लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मिति सम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनुपर्नेछ ।
घ) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि, तालिम, समकक्षता, व्यवसायिक दर्ता र अन्य योग्यता गणना गरिनेछैन ।
च) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिनेछैन ।
छ) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनुभन्दा कम्तीमा ७ (सात) दिन अगावै आयोगको कार्यालयमा निवेदन दिनुपर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुनेछैन ।
ज) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनुभन्दा अगाडि शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता प्रमाण पत्र, आन्तरिक, अन्तरतह, समावेशी एवं खुलातर्फ दरखास्त दिने उम्मेदवारका लागि पेश गर्नुपर्ने भनी उल्लेख गरिएका कागजातहरूको सक्कलका साथै सो को १/१ प्रति प्रतिलिपि उम्मेदवार स्वयंले प्रमाणित गरी अनिवार्य रूपमा पेश गर्नुपर्नेछ ।
झ) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्नेछ ।
तर नेपालका विश्वविद्यालयहरूबाट निर्धारित शैक्षिक योग्यता पूरा गरी निर्धारित पदमा आवेदन दिने उम्मेदवारहरूले सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनसम्म दरखास्त साथ पेश गर्नुपर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क विवरण पत्र (ट्रान्सक्रिप्ट) समयावधिको कारणले पेश गर्न नसक्ने उम्मेदवारहरूको हकमा, यदि उक्त सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनभित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भइसकेको रहेछ र सो पुष्ट्याइँ हुने गरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सो अविधि भित्र उक्त उपाधिको सबै परीक्षाहरू उत्तीर्ण गरिसकेको (सबै वर्ष/सेमेस्टरका परीक्षा, थेसिस, प्राक्टिकल र अन्य आवश्यकता पूरा गरिसकेको व्यहोरा) भन्ने विवरण सहितको पत्र र सबै सेमेस्टरको लब्धाङ्क पत्र पेश गरेमा त्यस्ता उम्मेदवारको न्यूनतम योग्यता पूरा भएको मानिनेछ ।
ञ) उम्मेदवारले अनलाइन मार्फत फाराम भर्दा आफ्नो मोबाइल नम्बर अद्यावधिक गर्नुपर्नेछ । उम्मेदवारको फाराम स्वीकृत/अस्वीकृत सम्बन्धी विवरण सीधै मोबाइल मार्फत जानकारी गराइने हुँदा गलत मोबाइल नम्बर उल्लेख गरेको कारणबाट सम्बन्धित उम्मेदवारले परीक्षामा सहभागी हुन नपाएमा सोको जिम्मेवार सम्बन्धित उम्मेदवार नै हुनुपर्नेछ ।
ट) विज्ञापन नम्बर एक पटक छनोट गरिसकेपछि पुनः संशोधन नहुने हुँदा विश्वस्त भई विज्ञापन नं. छनोट गर्नुपर्नेछ ।
ठ) परीक्षामा परीक्षार्थीले अनिवार्य रूपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।
ड) सूचनामा उल्लिखित विषय बाहेक अन्य विषयहरू प्रदेश लोक सेवा आयोग ऐन, नियमावली तथा निर्देशिका बमोजिम हुनेछ ।
ढ) दरखास्त दिने पदका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता सम्बन्धी विवरण अनलाइन फाराम भर्ने क्रममा हेर्न सकिनेछ ।
ण) पदपूर्ति सम्बन्धी अन्य व्यवस्था सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९ बमोजिम हुने ।
त) पाठ्यक्रम आयोगको वेबसाइट www.psc.sudurpashchim.gov.np बाट प्राप्त गर्न सकिनेछ ।
थ) दरखास्त भर्ने तरिका सम्बन्धी जानकारीका लागि वेबसाइटमा राखिएको User Manual हेर्न सकिनेछ ।

**थप जानकारीका लागिः ०९१-५२७६००, Website:- http://psc.sudurpashchim.gov.np E-mail:- ppsc.p7@gmail.com**

# प्रदेश लोक सेवा आयोग
## सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली
(प्रशासन, योजना तथा सूचना प्रकाशन शाखा)

## प्रदेश निजामती सेवाका पाँचौं तहका प्राविधिक पदहरूको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. ४१/२०८१-०८२** **मितिः- २०८२।०२।२७**

ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाबाट पदपूर्ति गर्नुपर्ने भएकोले सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९ को दफा ३२, ३७ र ३७क. बमोजिम हुने बढुवाका लागि सम्भाव्य उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०८२।०३।३० गते सम्ममा दरखास्त पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। ज्येष्ठताको गणना सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९को दफा ३४,३७ र ३७क. बमोजिम हुनेछ। दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेबसाइट https://psc.sudurpashchim.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्ट रूपमा भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र प्रदेश लोक सेवा आयोगको कार्यालयमा बुझाइसक्नुपर्नेछ। प्राप्त हुन आएका दरखास्तलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रूपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाइनेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिनेछैन।

**उम्मेदवारहरूले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरूः**

१. सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९ को दफा १७ र दफा ३० बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनुपर्ने।
२. दरखास्त फाराम भर्दा निजामती किताबखाना वा प्रदेश निजामती किताबखानाबाट आफूले पाएको सङ्केत नम्बर अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने।
३. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नुपर्ने।
४. दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनुपर्नेछ। दरखास्त फाराम भर्दा मूल्याङ्कनका लागि गणना हुने पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्याङ्कन फाराम पेश गरेको कार्यालयको नाम, हालको तहमा अध्ययन बिदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण पेश गर्नुपर्ने र सुदूरपश्चिम प्रदेश तहमा समायोजन भएको पत्र पेश गर्नुपर्ने।
५. ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाका आधारहरू सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९ को दफा ३७ र ३७क बमोजिम र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाका आधारहरू सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९ को दफा ३२ बमोजिम हुनेछ।
६. बढुवाका लागि न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९को दफा २९ बमोजिम हुनुपर्ने।
७. बढुवा सम्बन्धी अन्य व्यवस्था सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९ बमोजिम हुनेछ।
८. स्वास्थ्य सेवाका पदमा दरखास्त दिने उम्मेदवारहरू अनिवार्य रूपमा आफ्नो सेवा, समूह सम्बन्धी व्यावसायिक परिषद्मा दर्ता भई म्याद कायम रहेको हुनुपर्नेछ।

**क) ज्येष्ठता र कार्यसम्पादनको मूल्याङ्कनद्वारा हुने बढुवा**

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह | पद सङ्ख्या |
|---|---|---|---|
| १ | १३५/०८१-८२ | सब-ईन्जिनियर, ईन्जि, सिभिल, जनरल | १ |
| २ | १३६/०८१-८२ | सब ईन्जिनियर, ईन्जि, सिभिल स्यानिटरी | १ |
| ३ | १३७/०८१-८२ | सब-ईन्जिनियर, ईन्जि, सिभिल, इरिगेशन | १ |
| ४ | १३८/०८१-८२ | रेन्जर, वन, ज.फ | ४ |
| ५ | १३९/०८१-८२ | पब्लिक हेल्थ नर्स, स्वास्थ्य,क.न | १ |
| ६ | १४०/०८१-८२ | कम्प्युटर अपरेटर, विविध | १ |

**ख) कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा**

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह | पद सङ्ख्या |
|---|---|---|---|
| १ | १४३/०८१-८२ | सब-ईन्जिनियर, ईन्जि, सिभिल, जनरल | १ |
| २ | १४४/०८१-८२ | सब ईन्जिनियर, ईन्जि, सिभिल स्यानिटरी | २ |
| ३ | १४५/०८१-८२ | सब-ईन्जिनियर, ईन्जि, सिभिल, इरिगेशन | १ |
| ४ | १४६/०८१-८२ | बागवानी प्राविधिक, कृषि, बागवानी | १ |
| ५ | १४७/०८१-८२ | पशु सेवा प्राविधिक, कृषि, ला.पो.एण्ड.डे.डे | १ |
| ६ | १४८/०८१-८२ | रेन्जर, वन, ज.फ | ४ |
| ७ | १४९/०८१-८२ | पब्लिक हेल्थ नर्स, स्वास्थ्य, क.न | १ |
| ८ | १५०/०८१-८२ | कविराज, स्वास्थ्य, आर्युवेद, जनरल आयुर्वेद | १ |
| ९ | १५१/०८१-८२ | ल्याब टेक्निसियन, स्वास्थ्य, मे.ल्या.टे., ज.मे.ल्या.टे. | १ |
| १० | १५२/०८१-८२ | कम्प्युटर अपरेटर, विविध | १ |

**दरखास्त दस्तुरः** पाँचौं तहका लागि रु. ४०० (चार सय रुपैयाँ)
**दरखास्त दस्तुर बुझाउने स्थानः** राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड, खाता नं. १०००१००२०००१००००
**कार्यालय कोड,** २१०००७७०१७ (प्रदेश लोक सेवा आयोग, सुदूरपश्चिम प्रदेश)
**राजस्व शीर्षक नं.** १४२२४ मा दरखास्त दस्तुर बुझाएको बैङ्क भौचरको सक्कल प्रति संलग्न गरी दरखास्त पेश गर्नुपर्ने।

# प्रदेश लोक सेवा आयोग
## सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली
(प्रशासन, योजना तथा सूचना प्रकाशन शाखा)

## प्रदेश निजामती सेवाका पाँचौं तहका प्राविधिक पदहरूको आ.प्र., अन्तर तह, खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापन

**सूचना नं. ४२/२०८१-०८२** **प्रकाशन मिति,-२०८२।०२।२७**

सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९ बमोजिम प्रदेश निजामती सेवाका देहायका सेवा, समूह, उपसमूह र तहका पदको आ.प्र., अन्तर तह र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकाले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरूबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले आयोगको अनलाइन दरखास्त प्रणाली http://ppsconline.sudurpashchim.gov.np बाट अनलाइन दरखास्त दिनुपर्नेछ। प्रदेश निजामती सेवाका आ.प्र.,अन्तर तह र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षा एकीकृत रूपमा एकै पटक सञ्चालन हुनेछ र प्रतियोगितात्मक परीक्षाबाट छनोट भएका उम्मेदवारहरूको प्राथमिकता क्रम अनुसार नियुक्तिको लागि सम्बन्धित निकायमा सिफारिस गरिनेछ।

| क्र. सं. | विज्ञापन नं. ...०८१-८२ | पद, सेवा, समूह, उपसमूह | प्रदेश/ स्थानीय | किसिम/ समूह | पद सङ्ख्या | लिखित परीक्षा कार्यक्रम |
|---|---|---|---|---|---|---|
| १ | ६२३/०८१-८२ | सब ईन्जिनियर, ईन्जि, सिभिल स्यानिटरी | प्रदेश | आ.प्र. | १ | लिखित परीक्षा कार्यक्रम पछि प्रकाशन गरिनेछ। |
| २ | ६२४/०८१-८२ | सब-ईन्जिनियर, ईन्जि, सिभिल, जनरल | प्रदेश | खुला | १ | |
| | | सब ईन्जिनियर, ईन्जि, सिभिल स्यानिटरी | प्रदेश | | २ | |
| | | सब-ईन्जिनियर, ईन्जि, सिभिल, इरिगेशन | प्रदेश | | १ | |
| ३ | ६२५/०८१-८२ | सब-ईन्जिनियर, ईन्जि, सिभिल, जनरल | प्रदेश | महिला | १ | |
| | | सब ईन्जिनियर, ईन्जि, सिभिल स्यानिटरी | प्रदेश | | १ | |
| | | सब-ईन्जिनियर, ईन्जि, सिभिल, इरिगेशन | प्रदेश | | १ | |
| ४ | ६२६/०८१-८२ | सब ईन्जिनियर, ईन्जि, सिभिल स्यानिटरी | प्रदेश | दलित | १ | |
| ५ | ६२७/०८१-८२ | कृषि प्राविधिक, कृषि, कृषि प्रसार | प्रदेश | खुला | १ | |
| | | बागवानी प्राविधिक, कृषि, बागवानी | प्रदेश | | १ | |
| | | प्राविधिक सहायक,कृषि,एग्री.इको.एण्ड मार्केटिङ्ग | प्रदेश | | १ | |
| ६ | ६२८/०८१-८२ | मत्स्य प्राविधिक, कृषि, मत्स्य | प्रदेश | खुला | १ | |
| | | पशु सेवा प्राविधिक, कृषि,ला.पो.एण्ड डे.डे. | प्रदेश | | १ | |
| ७ | ६२९/०८१-८२ | रेन्जर,वन,ज.फ. | प्रदेश | आ.प्र. | १ | |
| ८ | ६३०/०८१-८२ | रेन्जर,वन,ज.फ. | प्रदेश | अन्तर तह | १ | |
| ९ | ६३१/०८१-८२ | रेन्जर,वन,ज.फ. | प्रदेश | खुला | ६ | |
| | | भू-संरक्षण सहायक, वन, स्वायल एण्ड वाटर कन्जरभेसन | प्रदेश | | १ | |
| १० | ६३२/०८१-८२ | रेन्जर, वन, ज.फ. | प्रदेश | महिला | १ | |
| ११ | ६३३/०८१-८२ | रेन्जर,वन,ज.फ. | प्रदेश | दलित | १ | |
| १२ | ६३४/०८१-८२ | रेन्जर,वन,ज.फ. | प्रदेश | थारु/राना थारु | १ | |
| १३ | ६३५/०८१-८२ | रेन्जर,वन,ज.फ. | प्रदेश | आ.वि.खस आर्य | १ | |
| १४ | ६३६/०८१-८२ | स्टाफ नर्स, स्वास्थ्य,ज.न. | प्रदेश | खुला | १ | |
| १५ | ६३७/०८१-८२ | स्टाफ नर्स, स्वास्थ्य,ज.न. | प्रदेश | महिला | १ | |
| १६ | ६३८/०८१-८२ | पब्लिक हेल्थ नर्स, स्वास्थ्य, क.न. | प्रदेश | खुला | २ | |
| १७ | ६३९/०८१-८२ | पब्लिक हेल्थ नर्स, स्वास्थ्य, क.न. | प्रदेश | महिला | १ | |
| १८ | ६४०/०८१-८२ | कविराज,स्वास्थ्य, आर्युवेद, जनरल आयुर्वेद | प्रदेश | खुला | १ | |
| १९ | ६४१/०८१-८२ | ल्याब टेक्निसियन, स्वास्थ्य, मे.ल्या.टे., ज.मे.ल्या.टे. | प्रदेश | खुला | १ | |
| २० | ६४२/०८१-८२ | फार्मेसी सुपरभाइजर,स्वास्थ्य,फार्मेसी | प्रदेश | खुला | १ | |
| २१ | ६४३/०८१-८२ | कम्प्युटर अपरेटर, विविध | प्रदेश | आ.प्र. | १ | |
| २२ | ६४४/०८१-८२ | कम्प्युटर अपरेटर, विविध | प्रदेश | खुला | २ | |
| २३ | ६४५/०८१-८२ | कम्प्युटर अपरेटर, विविध | प्रदेश | महिला | १ | |
| २४ | ६४६/०८१-८२ | कम्प्युटर अपरेटर, विविध | प्रदेश | दलित | १ | |

**परीक्षाको किसिमः-** लिखित परीक्षा, कम्प्युटर प्रयोगात्मक, सीप परीक्षण र अन्तर्वार्ता (पाठ्यक्रममा तोकिए बमोजिम)
**परीक्षा केन्द्रः-** धनगढी, कैलाली
**परीक्षाको माध्यमः-** परीक्षाको माध्यम (भाषा) नेपाली वा अङ्ग्रेजी अथवा नेपाली र अङ्ग्रेजी दुवै हुनसक्नेछ।
**दरखास्तको माध्यमः-** विज्ञापित सबै पदहरूमा अनलाइन दरखास्त प्रणाली मार्फत दरखास्त बुझाउनुपर्नेछ। आयोगको अनलाइन दरखास्त प्रणाली http://ppsconline.sudurpashchim.gov.np मार्फत दरखास्त पेश गर्न सकिनेछ र दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण https://psc.sudurpashchim.gov.np/ बाट हेर्न सकिनेछ।
**दरखास्त दिने अन्तिम मितिः-** २०८२/०३/१६ सम्म र दोब्बर दस्तुर तिरी २०८२/०३/२३ सम्म।
**उम्मेदवारको उमेरको हदः-** २०८२/०३/१६ सम्म पुरुष उम्मेदवारको हकमा १८ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको साथै महिला र अपाङ्ग उम्मेदवारको हकमा ४० वर्ष ननाघेको र स्वास्थ्य सेवाको हकमा १८ वर्ष उमेर पूरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ। साथै संघीय निजामती सेवा, जुनसुकै प्रदेशको प्रदेश निजामती सेवा र स्थानीय सेवाका बहालवाला स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्नेछैन। तर सम्बन्धित कार्यालयको कार्यालय प्रमुखबाट कार्यरत रहेको व्यहोरा प्रमाणित गराई पेश गर्नुपर्नेछ।

**दरखास्त दस्तुरः-** पाँचौं तहको हकमा दरखास्त दस्तुर रु. ४००/- आ.प्र.,अन्तरतह र समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारले थप समूहको प्रत्येकका लागि २००/- र थप पत्रका लागि प्रति पत्र थप २००/- बुझाउनुपर्नेछ।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थानः-** आयोगको अनलाइन दरखास्त प्रणालीबाट फर्म Submit गरेपछि My Application मा गएर All Application मा Click गर्ने, त्यस पछि आफूले Apply गरेको विज्ञापनको Pay Button मा Click गर्नुहोस् त्यस पछि बैंक छानी Online Payment छान्नुहोस् र तोकिएको वालेटहरू छानी Username, Password राखि भुक्तानी गर्नुहोस्।

Offline Payment को लागि My Application मा गएर All Application मा Click गरेपछि आफूले Apply गरेको विज्ञापनको Pay Button मा Click गर्नुहोस् त्यस पछि तोकिएको बैंक छानी Offlline Payment छान्नुहोस् र Click here मा Click गरी Voucher Generate गरी सोही भौचर सहित सम्बन्धित बैंकमा गई तोकिएको रकम बुझाउनुपर्नेछ। ***कुनै पनि विज्ञापनमा एकपटक आवेदन दिईसकेपछि सोही विज्ञापनमा पुनः थप/घट गर्न वा दरखास्त सच्याउन सकिनेछैन।***

**दरखास्त दस्तुर बुझाउने अवधि,-** अनलाइन माध्यमबाट दरखास्त पेश गरिसकेपछि उम्मेदवारले प्राप्त गरेको Master ID र कारोबार सङ्केत नम्बर उल्लेख भएको भौचर सहित ढिलोमा दोब्बर दस्तुर तिरी दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट कार्यालय समयभित्र (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन) तोकिएको परीक्षा दस्तुर/दोब्बर दस्तुर अनिवार्य रूपमा बुझाउनुपर्नेछ।

**अपलोड गर्नुपर्ने कागजातहरूः-** विद्युतीय दरखास्त पेश गर्ने उम्मेदवारले माग गरिए अनुसारको सम्पूर्ण विवरण भरी शैक्षिक योग्यता, तालिम, अनुभव, व्यवसाय अनुमति (Council) प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाइन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अपलोड गर्नुपर्नेछ। सबै उम्मेदवारले आफ्नो नागरिकताको प्रमाणपत्रको अगाडि र पछाडिको भाग, हालसालै खिचेको पासपोर्ट साइजको फोटो, हस्ताक्षर JPG Format मा तोकिएको स्थानमा अपलोड गर्नुपर्नेछ। तोकिएको Format मा कागजात पेश नभएमा प्रवेश पत्र प्रिन्ट नहुने भएकाले तोकिएको Format मै कागजात अपलोड गर्नुपर्नेछ।

प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका (पहिलो संशोधन), २०८० को दफा १४ बमोजिम दरखास्त पेश नभएमा वा लापरवाही तरिकाले पेश गरेमा दरखास्त रुजु गर्दाकै बखत रद्द हुने र पछि कुनै पनि बहानामा रद्द भएका दरखास्त उपर कुनै पनि सुनुवाइ नहुने भएकाले दरखास्त फाराम भर्दा विशेष ध्यान दिनुपर्नेछ।

**अन्तर्वार्ता हुने मितिः-** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना प्रकाशन गरिनेछ।
**पदमा रही गर्नुपर्ने कामको विवरण,-** सेवा, समूह सम्वन्धी प्रचलित कानूनले तोके बमोजिम
**सेवा, शर्त र सुविधा,-** प्रचलित कानूनले तोके बमोजिम हुनेछ।

**खुला तथा अन्तर तह प्रतियोगिताका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यताः**

१. **सब-इञ्जिनियर, इञ्जि., सिभिल, जनरलः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।
२. **सब-इञ्जिनियर, इञ्जि., सिभिल, स्यानिटरीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।
३. **सब-इञ्जिनियर, इञ्जि.,सिभिल, इरिगेशनः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित इञ्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।
४. **कृषि प्राविधिक, कृषि, कृषि प्रसारः-**मान्यता प्राप्त शिक्षण संस्थाबाट आई. एस्सी. एग्री (कृषि विज्ञान) उत्तीर्ण वा एस.एल.सी./ टी.एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम तीन वर्ष अवधिको कृषि विषयको डिप्लोमा (Major in Plant Science) उत्तीर्ण वा जे.टी.ए. (कृषि विज्ञान) कोर्ष अध्ययन गरी १ वर्षे जे.टी. (कृषि विज्ञान) कोर्ष उत्तीर्ण।
५. **बागवानी प्राविधिक, कृषि, वागवानीः-**मान्यता प्राप्त शिक्षण संस्थाबाट आई. एस्सी. एग्री (कृषि विज्ञान)उत्तीर्ण वा एस.एल.सी./टी.एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम तीन वर्ष अवधिको कृषि विषयको डिप्लोमा (Major in Plant Science) उत्तीर्ण वा जे.टी.ए. (कृषि विज्ञान) कोर्ष अध्ययन गरी १ वर्षे जे.टी. (कृषि विज्ञान) कोर्ष उत्तीर्ण।
६. **प्राविधिक सहायक, एगृ.इको. एण्ड मार्केटिङ्ग-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञान विषय लिई प्रवीणता प्रमाणपत्र तह (आइ.एस्सी. एगृ.) उत्तीर्ण वा एस.एल.सी. वा टी.एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम ३ वर्ष अवधिको कृषि विषयको डिप्लोमा (Major in Plant Science) उत्तीर्ण वा जे.टी.ए. कोर्ष उत्तीर्ण गरी कृषि विज्ञानमा १ वर्षे जे.टी. कोर्ष (प्राविधिक प्रमाणपत्र) उत्तीर्ण।
७. **मत्स्य प्राविधिक, कृषि, मत्स्यः-**मान्यता प्राप्त शिक्षण संस्थाबाट आई. एस्सी. एग्री (पशुविज्ञान) उत्तीर्ण वा एस.एल.सी./टी.एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम तीन वर्ष अवधिको कृषि विषयको डिप्लोमा (Major in Animal Science) उत्तीर्ण वा जे.टी.ए. (पशु विज्ञान) कोर्ष अध्ययन गरी १ वर्षे जे.टी. (पशु विज्ञान) कोर्ष उत्तीर्ण।
८. **पशु सेवा प्राविधिक, कृषि, ला.पो.एण्ड डे.डेः-** मान्यताप्राप्त शिक्षण संस्थाबाट आई. एस्सी. एग्री (पशु विज्ञान) उत्तीर्ण वा एस.एल.सी./ टी.एस.एल.सी उत्तीर्ण गरी न्यूनतम तीन वर्ष अवधिको कृषि विषयको डिप्लोमा (Major in animal science) उत्तीर्ण वा जे.टी.ए. (पशु विज्ञान) कोर्ष अध्ययन गरी १ वर्षे जे.टी. (पशु विज्ञान) कोर्ष उत्तीर्ण।
९. **रेञ्जर, वन, जनरल फरेष्ट्रीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिल्भिकल्चर, वनस्रोत मापन (फरेष्ट मेन्सुरेशन) र वन व्यवस्थापन मूल विषय लिई वन विज्ञानमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।
१०. **भू-संरक्षण सहायक, वन, स्वायल एण्ड वाटर कन्जर्भेसनः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञानमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।
११. **स्टाफ नर्स, स्वास्थ्य, जनरल नर्सिङः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा प्रमाणपत्र तह उत्तीर्ण।
१२. **पब्लिक हेल्थ नर्स, स्वास्थ्य, क.न.,-** मान्यता प्राप्त शिक्षण संस्थाबाट प.हे.न. वा नर्सिङ विषयमा प्रमाणपत्र तह उत्तीर्ण।
१३. **कविराज, स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेदः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद विषयमा प्रमाणपत्र तह उत्तीर्ण।
१४. **ल्याब टेक्निसियन, स्वास्थ्य, मे.ल्या.टे, ज.मे.ल्या.टेः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ ल्याबमा प्रमाणपत्र तह उत्तीर्ण वा सो सरह उत्तीर्ण।
१५. **फार्मेसी सुपरभाइजर, स्वास्थ्य, फार्मेसीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी विषयमा प्रमाणपत्र तह उत्तीर्ण वा सो सरह उत्तीर्ण।
१६. **कम्प्युटर अपरेटर,विविधः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण। वा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी रजिस्टर्ड संस्थाबाट कम्तीमा ६ महिनाको कम्प्युटर तालिम प्राप्त। वा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी विज्ञान तथा प्रविधि मन्त्रालयबाट Skilled Manpower को लागि संचालित ६ महिनाको कम्प्युटर तालिम प्राप्त।

***नोटः मिति २०७८।९।७ गते भन्दा पहिला जारी माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा ( S.L.C.E) प्रमाणपत्रको हकमा कक्षा ११ र १२ का प्रत्येक विषयहरू (सैद्धान्तिक एवं प्रयोगात्मक) मा न्यूनतम D+ र Cumulative Grade Point Average (C.G.P.A ) १.६ रहेको शैक्षिक प्रमाणपत्रलाई मान्यता दिइनेछ।***

**आ.प्र., अन्तर तह, खुला तथा समावेशी परीक्षाको लागि सूचना**

(क) सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९ को दफा १७ र ३० बमोजिम अयोग्य नभएको हुनुपर्नेछ।
(ख) प्रदेश निजामती सेवाको आन्तरिक प्रतियोगितातर्फ दरखास्त दिन सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९ को दफा ९ को उपदफा (७) बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ।
(ग) प्रदेश निजामती सेवाको अन्तर तह प्रतियोगिता तर्फ दरखास्त दिन सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९ को दफा ९ को उपदफा (८) बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ।
(घ) आन्तरिक, अन्तर तह, खुला र समावेशी तर्फको लिखित परीक्षा एकै मिति र समयमा हुनेछ (प्रत्येक सेवा/समूह र आन्तरिक, अन्तर तह, खुला तथा समावेशी समूहको लागि छुट्टाछुट्टै परीक्षा दिनुपर्ने छैन)।
(ङ) आन्तरिक, अन्तर तह, खुला तथा समावेशी तर्फको लिखित परीक्षाबाट छनोट भएका उम्मेदवारहरूको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा प्रकाशन गरिनेछ।
(च) लिखित परीक्षाबाट छनोट भएका उम्मेदवारहरूले अन्तर्वार्तामा सम्मिलित हुनु अगाडि रोजाइको प्राथमिकताक्रम अनिवार्य रूपले भर्नु पर्नेछ। प्राथमिकता नभर्ने उम्मेदवारहरूलाई अन्तर्वार्तामा सहभागी गराइने छैन।
(छ) समावेशी समूहतर्फ लिखित परीक्षावाट छनोट भएका उम्मेदवारहरूले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहहरूको आधारमा आयोगको प्रचलित व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ।
(ज) खुला तथा समावेशी समूहतर्फ लिखित परीक्षाबाट खुला र समावेशी तथा एकभन्दा बढी समावेशी समूहमा छनोट भएका उम्मेदवारले एक पटक मात्र अन्तर्वार्तामा सम्मिलित हुने गरी कार्यक्रम तय हुनेछ। साथै अन्तर्वार्ताको प्राप्ताङ्क उम्मेदवार उत्तीर्ण भएको सबै समूह (खुला र समावेशी) मा गणना गरिनेछ।
(झ) सबै चरणको परीक्षा पश्चात प्राप्त हुन आएको योग्यताक्रम (Merit Order) अनुसार नियुक्तिको लागि सिफारिस गरिनेछ।

**समावेशी समूहतर्फका विज्ञापनमा दरखास्त दिन चाहने उम्मेदवारहरूका लागि विशेष निर्देशन**

समावेशी समूह तर्फका पदहरूमा दरखास्त दिन चाहने उम्मेदवारहरूले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरू तयार गरी दरखास्त दिनुपर्नेछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताका लागि छनोट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरूको सक्कल सहित आफैँले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनुपर्नेछ। उल्लिखित कागजातहरू दरखास्त दिने समयमा कायम रहेको नपाइएमा जुनसुकै बखत दरखास्त रद्द हुनसक्नेछ।

क) **दलितका हकमा** राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ।
ख) **थारु/राना थारुको हकमा** राष्ट्रिय थारु आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय थारु आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।
ग) **आर्थिक रूपले विपन्न खस आर्यको हकमा** प्रचलित कानून बमोजिम गरिब परिचयपत्र प्राप्त गरको भए सो परिचय पत्र वा परिचय पत्र नभएको हकमा सम्बन्धित स्थानीय तहले कानून बमोजिम तोकिए भन्दा कम वार्षिक आय भएको विपन्न खस आर्य समुदायको व्यक्ति भनि प्रदान गरेको सिफारिस पेश गर्नुपर्नेछ।

**द्रष्टव्य**

क) सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९ को दफा (१०) को उपदफा (२) बमोजिम आरक्षणको सुविधा एक व्यक्तिले सेवा अवधिभरमा एक पटक मात्र पाउनेछ।
ख) सुदूरपश्चिम प्रदेश निजामती सेवा सेवा (पहिलो संशोधन) ऐन, २०७९ दफा १०क. मा समान तह/श्रेणीका पदमा उम्मेदवार बन्न पाउने व्यवस्था नभएकोले यस्ता उम्मेदवारले दरखास्त दिन पाउनेछैन।
ग) अनुभवको अवधि आवश्यक पर्ने विज्ञापनहरूको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मिति सम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनुपर्नेछ।
घ) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि, तालिम, समकक्षता, व्यवसायिक दर्ता र अन्य योग्यता गणना गरिनेछैन।
ङ) स्वास्थ्य सेवाका पदमा दरखास्त दिने उम्मेदवारहरू अनिवार्य रूपमा आफ्नो सेवा,समूह सम्बन्धी व्यावसायिक परिषद्मा दर्ता भई म्याद कायम रहेको हुनुपर्नेछ।
च) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिनेछैन।
छ) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनुभन्दा कम्तीमा ७ (सात) दिन अगावै आयोगको कार्यालयमा निवेदन दिनुपर्नेछ अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुनेछैन।
ज) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनुभन्दा अगाडि शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता प्रमाण पत्र, आन्तरिक, अन्तरतह, समावेशी एवं खुलातर्फ दरखास्त दिने उम्मेदवारका लागि पेश गर्नुपर्ने भनी उल्लेख गरिएका कागजातहरूको सक्कलका साथै सो को १/१ प्रति प्रतिलिपि उम्मेदवार स्वयंले प्रमाणित गरी अनिवार्य रूपमा पेश गर्नुपर्नेछ।
झ) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्नेछ।
तर नेपालका विश्वविद्यालयहरूबाट निर्धारित शैक्षिक योग्यता पूरा गरी निर्धारित पदमा आवेदन दिने उम्मेदवारहरूले सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनसम्म दरखास्त साथ पेश गर्नुपर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क विवरण पत्र (ट्रान्सक्रिप्ट) समयावधिको कारणले पेश गर्न नसक्ने उम्मेदवारहरूको हकमा, यदि उक्त सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिन भित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भइसकेको रहेछ र सो पुष्ट्याइँ हुने गरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सो अविधिभित्र उक्त उपाधिको सबै परीक्षाहरू उत्तीर्ण गरिसकेको (सबै वर्ष/सेमेस्टरका परीक्षा, थेसिस, प्राक्टिकल र अन्य आवश्यकता पूरा गरिसकेको व्यहोरा) भन्ने विवरण सहितको पत्र र सबै सेमेस्टरको लब्धाङ्क पत्र पेश गरेमा त्यस्ता उम्मेदवारको न्यूनतम योग्यता पूरा भएको मानिनेछ।
ञ) उम्मेदवारले अनलाईन मार्फत फारम भर्दा आफ्नो मोबाइल नम्बर अद्यावधिक गर्नुपर्नेछ। उम्मेदवारको फाराम स्वीकृत/अस्वीकृत सम्बन्धी विवरण सीधै मोबाइल मार्फत जानकारी गराइने हुँदा गलत मोबाइल नम्बर उल्लेख गरेको कारणबाट सम्बन्धित उम्मेदवारले परीक्षामा सहभागी हुन नपाएमा सोको जिम्मेवार सम्बन्धित उम्मेदवार नै हुनुपर्नेछ।
ट) विज्ञापन नम्बर एक पटक छनोट गरिसकेपछि पुनः संशोधन नहुने हुँदा विश्वस्त भई विज्ञापन नं. छनोट गर्नुपर्नेछ।
ठ) परीक्षामा परीक्षार्थीले अनिवार्य रूपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।
ड) सूचनामा उल्लिखित विषय बाहेक अन्य विषयहरू प्रदेश लोक सेवा आयोग ऐन, नियमावली तथा निर्देशिका बमोजिम हुनेछ।
ढ) दरखास्त दिने पदका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता सम्बन्धी विवरण अनलाइन फाराम भर्ने क्रममा हेर्न सकिनेछ।
ण) पदपूर्ति सम्बन्धी अन्य व्यवस्था सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९ बमोजिम हुने।
त) पाठ्यक्रम आयोगको वेबसाइट www.psc.sudurpashchim.gov.np बाट प्राप्त गर्न सकिनेछ।
थ) दरखास्त भर्ने तरिका सम्बन्धी जानकारीको लागि वेबसाइटमा राखिएको User Manual हेर्न सकिनेछ।

**थप जानकारीका लागिः ०९१-५२७६००**
**Website:- http://psc.sudurpashchim.gov.np E-mail:- ppsc.p7@gmail.com**

### नीति तथा कार्यक्रममाथि छलफल

# कार्यान्वयन चुनौतीपूर्ण भएको टिप्पणी



**लक्ष्मी चौधरी**
*जनकपुरधाम, जेठ २६ गते*

मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि प्रदेश सभामा प्रस्तुत गरेको नीति तथा कार्यक्रममाथि चार जना सांसदले संशोधन प्रस्ताव दर्ता गर्नुभएको छ।

सोमबार बसेको मधेश प्रदेश सभाको पाँचौँ बैठकमा नीति तथा कार्यक्रममा समेटिएका विषयप्रति असहमति जनाउँदै जनता समाजवादी पार्टी (जसपा) नेपालका प्रमुख सचेतक रामआशिष यादव, सांसद सञ्जय यादव, सांसद किरण कुमारी तथा नेकपा (माओवादी केन्द्र) की सांसद मालाकुमारी कर्णले संशोधन प्रस्ताव दर्ता गराउनुभएको हो।

गत शुक्रबार प्रदेश प्रमुख सुमित्रा भण्डारीले प्रदेश सभा बैठकमा नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको थियो। कार्यक्रममा समेटिएका विषयप्रति असहमति जनाउँदै चार सांसदले नीति तथा कार्यक्रममा मधेश आन्दोलन र जनयुद्धको उल्लेख नभएकोप्रति आपत्ति जनाउँदै ती ऐतिहासिक आन्दोलनलाई सम्मान स्वरूप उल्लेख गर्न माग गर्नुभएको छ।

साथै मधेश आन्दोलनका सहिद परिवारलाई अघिल्लो सरकारले दिएका सुविधा निरन्तरता दिनुका साथै नयाँ सुविधा थप गर्नुपर्ने, अपाङ्गता भएका व्यक्तिका लागि रोजगारीका अवसर र अन्य सहुलियतको व्यवस्था गर्न, प्रदेशको सञ्चार क्षेत्रलाई चलायमान बनाउनेलगायत विषय समेट्न सरकारलाई आग्रह गर्नुभएको छ।

छलफलमा सांसद मञ्जुकुमारी थापामगरले नीति तथा कार्यक्रममा बाढीपहिरोबाट प्रभावित गाउँबस्तीको पुनर्निर्माण, राहत तथा पुनर्स्थापनाका लागि स्पष्ट योजना नसमेटिएको भन्दै आलोचना गर्नुभएको थियो। उहाँले मानव तथा भौतिक क्षतिको तथ्याङ्क समेट्नुपर्ने र बेरोजगारी नियन्त्रणका लागि 'कस्टम हायरिङ सेन्टर' स्थापना गर्नुपर्ने सुझाव दिनुभयो।

त्यसै गरी सांसद लखनदास तत्माले दलित समुदायका बालबालिकालाई विद्यालयसम्म ल्याउनका लागि विशेष कार्यक्रम नल्याइएको गुनासो गर्दै शिक्षा क्षेत्रमा समावेशी कार्यक्रम ल्याउनुपर्नेमा जोड दिनुभयो।

सांसद कुमारकान्त झाले गुठीसम्बन्धी ठोस नीति तथा माध्यमिक परिक्रमा समावेश नगरेकोप्रति असन्तुष्टि जनाउनुभएको थियो भने योजना छनोटमा जनप्रतिनिधिको सट्टा बिचौलियाको प्रभाव रहेको भन्दै यस्तो परिपाटी अन्त्य गर्नुपर्ने र सन्तुलित ढङ्गले बजेट विनियोजन गर्नुपर्ने मागसमेत राख्नुभयो।

छलफलमा सत्तापक्ष र विपक्षी दलका सांसदले विभिन्न सुझाव र गुनासासहित कार्यक्रमलाई सुधार गर्नुपर्ने माग राख्दै कार्यान्वयनमा चुनौतीपूर्ण हुने धारणासमेत राख्नुभएको छ। उहाँहरूले पर्यटन प्रवर्धनका लागि हेल्थ टुरिज्म र रिफ्रेस सेन्टरको व्यवस्था गर्नुपर्ने, गौरवका योजना सञ्चालन गर्नुपर्ने, पुँजीगत खर्च बढाउनुपर्ने, जलवायु परिवर्तनसँग जुध्ने नीति बनाउनुपर्ने र सबै समुदायलाई समेट्ने समावेशी नीति ल्याउनुपर्ने माग पनि राख्नुभएको छ।

# कृषि विकास र समृद्धितर्फ 'फुड फोरम'

**ढल्केबर समाचारदाता**
*ढल्केबर, जेठ २६ गते*

मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले मधेश 'फुड फोरम' कृषि विकास, खाद्य सुरक्षा र आर्थिक समृद्धिका लागि महत्त्वपूर्ण कडी बन्ने विश्वास व्यक्त गर्नुभएको छ। धनुषाको लालगढमा प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आयोजनामा सोमबार सुरु भएको दुइदिने 'मधेश फुड फोरम' को उद्घाटन गर्दै मुख्यमन्त्री सिंहले कृषि प्रधान मधेश प्रदेशको सम्भावनालाई पूर्ण रूपमा उपयोग गर्न अझै धेरै काम गर्न बाँकी रहेको बताउनुभयो।

उहाँले भन्नुभयो, "यहाँको माटो उर्वर छ। जलस्रोतको सम्भावना छ र मेहनति किसानको बाहुल्यता छ तर जलवायु परिवर्तन, परम्परागत कृषि प्रणाली, बजार पहुँचको अभाव र कृषिमा लगानीको कमीले गर्दा मधेशको कृषि क्षेत्रले आफ्नो पूर्ण क्षमता चल्न सकेको छैन।"

मुख्यमन्त्री सिंहले फोरमले यी समस्याको समाधान र नयाँ अवसर पहिचान गर्न साझा मञ्च तयार गर्ने अपेक्षा व्यक्त गर्नुभयो।

उहाँले भन्नुभयो, "यहाँ हुने छलफल, कार्यपत्र प्रस्तुत र अनुभव आदानप्रदानले मधेशको कृषि क्षेत्रलाई आधुनिकीकरण गर्ने, खाद्य उत्पादन बढाउने, रोजगारी सिर्जना गर्ने र किसानको जीवनस्तर उकास्ने दिशामा योगदान पुर्‍याउने छ।" उहाँले प्रदेश सरकारकातर्फबाट कृषि क्षेत्रको विकासका लागि नीतिगत पहल भइरहेको उल्लेख गर्नुभयो।

त्यसै गरी कार्यक्रममा मधेश प्रदेशका अर्थमन्त्री सुनिलकुमार यादवले कृषिमा आन्तरिक तथा बाह्य लगानी आकर्षण गर्न विविध कार्यक्रम ल्याइएको जानकारी दिनुभयो। उहाँका अनुसार कृषिमा विद्युतीकरण, दुई बाली उत्पादन, प्रत्येक जिल्लामा शीतभण्डार निर्माण, किसानका लागि वित्तीय तथा पूर्वाधार पहुँच वृद्धि गर्ने योजनामा सरकार अगाडि बढिरहेको छ।

उहाँले भन्नुभयो, "आधुनिक प्रविधि प्रयोग अपरिहार्य भएकाले स्मार्ट कृषि यान्त्रीकीकरण, उन्नत बिउबिजन र जैविक मल प्रयोगलाई प्रोत्साहन गरिरहेका छौँ। किसानले उत्पादन गरेको वस्तुले उचित मूल्य पाउन् भन्ने हाम्रो लक्ष्य छ। त्यसका लागि बजार व्यवस्थापन, शीतभण्डार निर्माण, प्रशोधन केन्द्र स्थापना र मूल्य श्रृङ्खला विकासमा काम गरिरहेका छौँ।"

मन्त्री यादवले खाद्य सुरक्षा र पोषणलाई प्रदेश सरकारको प्राथमिकतामा राखिएको जानकारी गराउँदै सबै नागरिकका लागि पर्याप्त तथा पौष्टिक आहारको सुनिश्चितका लागि काम भइरहेको पनि जानकारी दिनुभयो। कृषि पर्यटनको विकासका लागि प्रदेशमा ठुलो सम्भावना रहेको उल्लेख गर्दै उहाँले यस क्षेत्रको प्रवर्धनबाट स्थानीय अर्थतन्त्र सबल र रोजगारी सिर्जना हुने अपेक्षा व्यक्त गर्नुभयो।

## पार्क उद्घाटन

**पर्सा समाचारदाता**
*पर्सा, जेठ २६ गते*

खानेपानीमन्त्री प्रदीप यादवले शनिबार वीरगन्ज महानगरपालिका-४ मा राष्ट्रिय विभूति शङ्खधर साख्वा नामकरण गरिएको पार्क उद्घाटन गर्नुभएको छ। आइतबारदेखि प्रत्येक दिन बिहान ६ देखि ८ बजेसम्म र साँझ ५ देखि राति ८ बजेसम्म सर्वसाधारणका लागि पार्क खुला गरिएको छ।

वीरगन्ज महानगरपालिकाको स्वामित्वमा रहेको चार बिघा जग्गा स्थानीयले अतिक्रमण गरेपछि वीरगन्ज महानगरपालिकाका तत्कालीन नगरप्रमुख विजय सरावगीले १९ कट्ठा जग्गा अतिक्रमण मुक्त गराई चिल्ड्रेन पार्क नामकरण गरी २०७८ सालमा पहिलो पटक उद्घाटन गर्नुभएको थियो।

नगरप्रमुख राजेशमान सिंहले अतिक्रमित जग्गा मुक्त गराउने कामलाई निरन्तरता दिएपछि हाल दुई बिघा जग्गामा लगभग एक करोड २५ लाख रुपियाँको लागतमा बालबालिका तथा सर्वसाधारणका लागि पार्कको सौन्दर्यीकरण तथा बालबालिकाको मनोरञ्जनका लागि विभिन्न प्रकारका खेलकुदका साधनको व्यवस्था गरी खुला गरिएको नगरप्रमुख सिंहले बताउनुभयो। उहाँले अतिक्रमित जग्गा खाली गराउने कानुनी प्रयास अझै भइरहेको जानकारी दिनुभयो।

# चौध जनामा क्षयरोग पुष्टि

आइतबार थप १४ जनामा क्षयरोग पुष्टि भएसँगै वडाभित्र क्षयरोगीको सङ्ख्या ३३ पुगेको छ। स्वास्थ्यकर्मीले यो रिपोर्टका अनुसार पुनर्वास क्षेत्र क्षयरोगको 'हटस्पट' नै बनिसकेको बताएका छन्।

**सर्लाही समाचारदाता**
*सर्लाही, जेठ २६ गते*

सर्लाहीको लालबन्दी नगरपालिका-२, पुनर्वासमा १४५ जनाको स्वास्थ्य परीक्षण गर्दा १४ जनामा क्षयरोग (टिबी) देखा परेको छ। आधारभूत स्वास्थ्य सेवा केन्द्र पुनर्वासमा क्षयरोग जोखिमयुक्त समुदायमा क्षयरोग खोजपर्ताल घुम्ती शिविर अन्तर्गत एक्सरेसहित स्क्रिनिङ गर्दा १४ जना क्षयरोगी पत्ता लागेका हुन्। लालबन्दी २ मा गत साउनदेखि हालसम्म १९ जना क्षयरोगी फेला परेका थिए।

आइतबार थप १४ जनामा क्षयरोग पुष्टि भएसँगै वडाभित्र क्षयरोगीको सङ्ख्या ३३ पुगेको छ। स्वास्थ्यकर्मीले यो रिपोर्टका अनुसार पुनर्वास क्षेत्र क्षयरोगको 'हटस्पट' नै बनिसकेको बताएका छन्।

नयाँ फेला परेका क्षयरोगीको उपचार सुरु भइसकेको आधारभूत स्वास्थ्य सेवा केन्द्र पुनर्वासका प्रमुख सन्तोषकुमार साहले जानकारी दिनुभयो। साहका अनुसार एक्सरे गर्दा क्षयरोग पत्ता लागेका बिरामीको यसअघि खकार परीक्षण गरिएको थियो।

उनीहरूमा लक्षण अनुसार प्रदेश जनस्वाथ्य प्रयोगशाला जनकपुरधामसँग समन्वय गरी एक्सरे सुविधा रहेको भ्यान लिएर एक्सरे विधिबाट परीक्षण गर्दा क्षयरोग पुष्टि भएको हो। लालबन्दी नगर अस्पतालका डा. चन्दन चौधरी र डा. बोधराज बुढाथोकीसहितका स्वास्थ्यकर्मीको टोलीले स्वास्थ्य परीक्षण गर्दा थप १० जना बिरामीलाई खकार परीक्षणसहित विशेष जाँचका लागि नगर अस्पताल डुमडुमे रेफर गरेको छ।

खोकी लाग्नु, खोक्दा रगत वा खकार निस्कनु, ज्वरो आउनु, राति सुत्दा पसिना आउनु, शरीरको तौल घट्नु, थकाइ लाग्नु क्षयरोगको प्रमुख लक्षण हो। क्षयरोगबाट सङ्क्रमण भएको रोगी मानिसले खोक्दा, हाछ्यूँ गर्दा वा कुरा गर्दा उसको मुख वा नाकबाट हावामा क्षयरोगको ब्याक्टेरिया फैलने र अर्को व्यक्तिले श्वास फेर्दा आफ्नो फोक्सोमा त्यो ब्याक्टेरिया निलेमा रोग सर्ने चिकित्सकले बताएका छन्। क्षयरोगको उपचार र औषधि सरकारी स्वास्थ्य संस्थाबाट निःशुल्क प्रदान हुँदै आएको छ।

# सर्पदंशका बिरामी बढे

**ढल्केबर समाचारदाता**
*ढल्केबर, जेठ २६ गते*

पछिल्लो केही दिनयता बढेको अत्यधिक गर्मीसँगै वर्षाका कारण धनुषामा सर्पदंशका बिरामीको सङ्ख्या बढ्न थालेको छ। जिल्लाको धारापानीस्थित धनुषाधाम सर्पदंश उपचार केन्द्रमा बिरामीको चाप बढेको उपचार केन्द्रका चिकित्सक केशवबहादुर खत्रीले जानकारी दिनुभयो।

उहाँका अनुसार यस वर्षको सुरुवातमै सर्पदंशका बिरामी अघिल्ला वर्षको तुलनामा बढेका छन्। उहाँले भन्नुभयो, "पछिल्ला एक वर्षमा २१० जना बिरामीको उपचार गरिएको थियो भने २०८२ वैशाखदेखि अहिलेसम्म २४ जना सर्पदंशका बिरामी आइसकेका छन्।" उहाँले विशेष गरी ग्रामीण भेगबाट बिरामी उपचारका लागि आउने गरेका उल्लेख गर्नुभयो।

धनुषाधाम नगरपालिकाको व्यवस्थापनमा सञ्चालित अस्पतालमा पर्याप्त शय्या भए पनि अत्यावश्यक उपकरणको अभाव रहेको चिकित्सक खत्रीको भनाइ छ। उहाँले अस्पतालमा केवल एउटा 'भाइटल मोनिटर' रहेको र भेन्टिलेटरको चरम अभाव रहेको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "कहिलेकाहीँ एकै पटक दुई/तीन जना गम्भीर बिरामी आउँदा उपचारमा समस्या हुन्छ। विषालु सर्पले टोकेको अवस्थामा श्वासप्रश्वासमा समस्या हुने भएकाले भेन्टिलेटर र आइसियु आवश्यक पर्छ तर अस्पतालमा यी सुविधा उपलब्ध छैनन्।"

त्यस्तै धनुषाको सखुवा महेन्द्रनगरस्थित सर्पदंश उपचार केन्द्रमा पनि बिरामीको सङ्ख्या बढ्दै गएको छ। सो केन्द्रका चिकित्सक भुवन कुँवरका अनुसार २०८१ सालमा बिच्छी र सर्पदंश गरेर २७० जना बिरामीको उपचार भएको थियो। २०८२ को वैशाखदेखि हालसम्म ३८ जना सर्पदंशका बिरामी उपचारका लागि आएका छन्।

मिथिला वाइल्ड लाइफ ट्रस्टका अध्यक्ष तथा सर्प उद्धारकर्ता देवनारायण मण्डलले गर्मी र वर्षाको समय अझै बाँकी रहेकाले सर्पदंशका बिरामी थप बढ्न सक्ने बताउनुभयो। गर्मी सुरु भएसँगै वर्षा हुन थालेपछि सर्पहरू वासस्थानबाट बाहिर निस्किन थाल्दा सर्पदंशका घटना बढ्ने गरेको उहाँले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "चिसो मौसममा सर्पहरू दुलोभित्र लुकेर बस्छन् तर गर्मी बढेपछि खानाको खोजीमा र दुलोमा पानी भरिँदा बाहिर निस्कन थाल्छन्।"

# चुरे संरक्षणमा समस्या




**बर्दीबास समाचारदाता**
*बर्दीबास, जेठ २६ गते*

वन तथा वातावतरणमन्त्री सञ्जयकुमार यादवले सरकारको नीति र व्यवहारमा सामाञ्जस्य नमिल्दा चुरे क्षेत्रको अवस्था दयनीय बन्दै गएको बताउनुभएको छ।

उहाँले चुरे संरक्षणका नाममा अनेकन योजना परियोजना र कार्यक्रम कार्यान्वयनमा आएको देखिए पनि पर्याप्त लगानी र आवश्यक कानुन निर्माणमा तीनै तहका सरकार चुक्दै गएकाले चुरे संरक्षणमा आशातीत परिणाम देखा नपरेको धारणा व्यक्त गर्नुभयो।

चुरे उत्थानशील आयोजना केन्द्रीय कार्यालय काठमाडौँले चुरे सरक्षणको नीति, अभ्यास र सिकाइ उपलब्धिलाई समेटेर बर्दीबासमा आयोजना गरेको 'चुरे संवाद २०८२' लाई सोमबार सम्बोधन गर्दै मन्त्री यादवले यस्तो बताउनुभएको हो।

उहाँले भन्नुभयो, "एकातिर प्रदेश सरकारसँग पर्याप्त कानुनी अधिकार छैन। अर्कोतिर चुरे संरक्षणमा प्रदेशले के गर्ने ? नीतिगत स्पष्टता पनि छैन। यस्तो अवस्थामा वातावरणीय दृष्टिले अति संवेदनशील मानिने चुरे जोगाउन राजनीतिक ऐक्यबद्धता आवश्यक छ। साथै चुरेका मुद्दा सुनुवाइ गर्न जनस्तरबाटै दबाब सिर्जना गर्नु पनि उत्तिकै जरुरी छ।"

मन्त्री यादवले वन, वातावरण र जनजीविकाबिच अन्योन्याश्रित सम्बन्ध रहेकाले चुरे विनाशको चुरो कुरो पत्तो लगाई यसलाई समाधान गर्न तीनै तहका सरकार प्रतिबद्ध हुनुपर्ने आवश्यकता औँल्याउनुभयो। यसका लागि चुरेको उपल्लो क्षेत्रदेखि तल्लो तटमा बसोवास गर्ने समुदायबिच सामाञ्जस्यता कायम गरी यसको संरक्षणको दायित्व निर्वाह गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

उहाँले भन्नुभयो, "वन, वातावरण तथा चुरे संरक्षणमा कहाँ कहाँ त्रुटि, कमजोरी, कानुनी चुहावट र बाधा अड्चन छन्। चुरे निकटका जनताले सरकारलाई सजग गराउनु होला।"

यसअघि प्रदेश वन मन्त्रालयका सचिव उद्धव घिमिरेले चुरे मुलुकको दक्षिणवर्ती पहाडी श्रृङ्खला मात्र नभएर यो तराई मधेशसम्मको नदी प्रणाली, जलाधार क्षेत्र र जैविक विविधता एवं पारिस्थितिकीय प्रणाली सन्तुलनको आधार पनि भएकाले चुरे संवादबाट प्राप्त निश्कर्षले वन तथा वातावरण मन्त्रालयको भावी नीति तथा कार्यक्रम निर्माणका लागि मार्गदर्शन हुने बताउनुभयो।

चुरे संवादमा फुड एन्ड एग्रिकल्चर अर्गनाइजेसन (एफएओ) का डिजी डेनियल गुस्टाफसन, एफएओका नेपाल तथा भुटान प्रतिनिधि केन सिमिजुले चुरे संरक्षणमा राष्ट्रसङ्घ खाद्य तथा कृषि सङ्गठन र हरित जलवायु कोष (जिसिएफ) को योगदानको चर्चा गर्दै चुरे संरक्षणका लागि तीनै तहका सरकार, स्थानीय जनता तथा अन्तरर्ष्ट्रिय निकायको संयुक्त प्रयास आवश्यक रहेको बताउनुभयो।

कार्यक्रमको प्रारम्भमा चुरे विज्ञ डा. विजय सिंहले वतावरण तथा जलवायु अनुकूलनमा चुरेको महत्त्व, वर्तमान अवस्था, नीतिगत अभावलगायतका विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो।


त्रिभुवन विश्वविद्यालय
**शिक्षण अस्पताल, महाराजगञ्ज**
**(कर्मचारी प्रशासन शाखा)**
**पदपूर्ति सम्बन्धी सूचना**
**(गोरखापत्रमा प्रकाशित मिति : २०८२।०२।२७)**

यस अस्पतालका लागि आवश्यक चिकित्सा शास्त्र अध्ययन संस्थान कार्यान्वयन समितिको स्वीकृत अस्थायी दरबन्दीमा तपसिल बमोजिमका पदहरू करार सेवामा पूर्ति गर्नुपर्ने भएकोले सम्बन्धित विषयमा आवश्यक योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले मिति २०८२ साल असार १० गते कार्यालय समय ५ बजेभित्र त्रि.वि. शिक्षण अस्पतालको हिमालयन बैंक महाराजगञ्जको खाता नं. ००२००५५३६५००१८ मा परीक्षा दस्तुर जम्मा गरेको सक्कल भौचर सहित आवेदन फाराम भर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। रीत नपुगी प्राप्त हुन आएका दरखास्त फारामहरू उपर कुनै कारबाही हुने छैन। विस्तृत जानकारीका लागि यस अस्पतालको कर्मचारी प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ।

**तपसिल**

| सि.नं. | पद | योग्यता | सङ्ख्या |
|---|---|---|---|
| १ | कानुनी सल्लाहकार (शाखा अधिकृत वा सो सरह) | कानुन विषयमा स्नातक तह उत्तीर्ण गरी नेपाल वार एसोसिएसनको लाइसेन्स प्राप्त गरेको | १ (एक) |
| २ | प्राविधिक अधिकृत (क्लिनिकल इम्ब्रायोलोजिस्ट) | एम.एस्सी.इन मेडिकल क्लिनिकल इम्ब्रायोलोजी गरी एनएचपीसीमा दर्ता भएको प्रमाणपत्र प्राप्त गरेको | १ (एक) |
| ३ | क्लिनिकल एडमिनिस्ट्रेटर (शाखा अधिकृत वा सो सरह) | एम.बी.बी.एस.उत्तीर्ण गरी एम.एच.सी.एम. वा मास्टर अफ हेल्थ एडमिनिस्ट्रेसन वा एम.डी.इन हस्पिटल एडमिनिस्ट्रेसन उत्तीर्ण गरेको | १ (एक) |
| ४ | प्राविधिक अधिकृत (फुड एन्ड न्युट्रिसन) | एम.एस्सी.इन मेडिकल न्युट्रिसन थेरापी | १ (एक) |
| ५ | प्राविधिक अधिकृत (बायोमेडिकल) | बायोमेडिकल इन्जिनियरिङ विषयमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्र प्राप्त गरेको | १ (एक) |
| ६ | मुख्य प्राविधिक सहायक (सूचना प्रविधि) | प्राविधिक धारको कम्प्युटर इन्जिनियरिङ विषय लिई १०+२ वा सूचना प्रविधि, कम्प्युटर विज्ञान, कम्प्युटर इन्जिनियरिङ, सूचना प्रविधि शिक्षामध्ये कुनै विषयमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण | २ (दुई) |
| ७ | मुख्य प्राविधिक सहायक (फार्मेसी) | प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी नेपाल फार्मेसी काउन्सिलमा दर्ता भएको प्रमाणपत्र प्राप्त गरेको | ५ (पाँच) |
| ८ | मुख्य प्राविधिक सहायक (प्याथोलोजी) | प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता भएको प्रमाणपत्र प्राप्त गरेको | २ (दुई) |
| ९ | मुख्य प्राविधिक सहायक (रेडियोग्राफी) | प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता भएको प्रमाणपत्र प्राप्त गरेको | २ (दुई) |
| १० | मुख्य प्राविधिक सहायक (डेन्टल हाइजेनिस्ट) | प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता भएको प्रमाणपत्र प्राप्त गरेको | २ (दुई) |

**आवेदन फारामसँग संलग्न हुनुपर्ने कागजातहरू:**
१. एस.एल.सी. लगायत सो भन्दा माथिका सम्पूर्ण शैक्षिक योग्यताको प्रमाण पत्रहरूको प्रतिलिपि।
२. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि।
३. सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र/लाइसेन्सको प्रतिलिपि।
४. विदेशमा अध्ययन गरेकाहरूले शैक्षिक योग्यताको समकक्षता (Equivalence) निर्धारण गरिएको प्रमाण पत्रको प्रतिलिपि।
५. **आवेदन दस्तुर** : अधिकृत स्तर सि.नं.१ देखि ५ सम्म रु.२,५००।- (दुई हजार पाँच सय) र सि.नं.६ देखि ९ सम्मका लागि रु.२,०००। (दुई हजार)।
६. **उमेरको हद** : अधिकृत स्तरका लागि २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको र मुख्य प्राविधिक सहायक स्तरका लागि १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको साथै महिलाको हकमा ४५ वर्ष ननाघेको।
७. पासपोर्ट साइजको फोटो २ प्रति।

**सम्पर्क मिति : २०८२।०३।१५ गते।**
**परीक्षाको किसिम : लिखित।**
**परीक्षा मिति : सम्पर्क मितिमा तोकिनेछ।**

**अस्पताल प्रशासन**



**श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौँको**
**जग्गा लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना**
**दोस्रो पटक प्रकाशित मिति : २०८२।०२।२७**

वादी **एनआइसी एशिया बैंक लिमिटेड** र प्रतिवादी **राजकुमार चौधरी** समेत भएको मु.नं. २७२/०७४/३५ को ऋण असुली मुद्दामा यस न्यायाधिकरणको मिति २०८२।०२।२५ को आदेशानुसार वादी बैंकको नाउँमा धितोमा रहेको तपसिलमा उल्लिखित घर,जग्गा/सम्पत्ति जहाँ जे-जस्तो अवस्थामा छन्, सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले बैक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र बैक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ तथा अन्य प्रचलित कानूनको अधीनमा रही देहायका सर्तहरू पालना गर्ने/गराउनेगरी यो सिलबन्दी बोलपत्र आह्वान गरिएको छ।

**(क) लिलाम बिक्री हुने सम्पत्ति र मूल्य :**
१. प्रस्तुत मुद्दामा जग्गाधनी दिलिप महतो थारूका नाउँमा दर्ता कायम रहेको पर्सा जिल्ला, जीतपुर वडा नं.५ स्थित कि.नं. १२५ क्षे.फ. ०-०-६-० जग्गामा आसमन पजियार मोही रहेकोले मोही हक यथावत रहने गरी उक्त जग्गाको एकमुष्ट न्यूनतम मूल्य रु. ६७,५००।- (सतसठ्ठी हजार पाँच सय मात्र)।

**(ख) सर्तहरू :**
१. इच्छुक व्यक्ति, फर्म, सङ्गठित संस्था वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा रु. ३,०००/- बुझाई बोलपत्र फाराम खरिद गर्न सकिनेछ।
२. यो सूचना प्रकाशित भएको मितिले १६औं दिन अपराह्न १.०० बजेसम्म बोलपत्र पेश गर्नुपर्नेछ। यसरी पेश भएका बोलपत्रहरू सोही दिन १.३० बजे यसै न्यायाधिकरणमा बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्र दाता वा निजको प्रतिनिधिको उपस्थिति नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन। बोलपत्र फाराम बिक्री गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको भोलिपल्ट मध्याह्न १२:०० बजेसम्म तोकिएको शुल्क बुझाई बोलपत्र फाराम खरिद गर्न सकिने र बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा उक्त कार्य सोको भोलिपल्ट हुनेछ।
३. बोलपत्र पेश गर्ने व्यक्तिको हकमा निजले नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि र फर्म, सङ्गठित संस्था वा कम्पनीले इजाजत पत्र, दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर, आयकर दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरू बोलपत्र साथ पेश गर्नुपर्नेछ। बोलपत्र फाराममा बोलपत्र दाताले आफ्नो इमेल ठेगाना अनिवार्य रूपमा उपलब्ध गराउनुपर्नेछ। बोलपत्र फाराम लिन समेत सक्कल र प्रमाणित प्रतिलिपि सहित स्वयं उपस्थित हुनुपर्नेछ।
४. उपरोक्त जग्गाहरू भएको क्षेत्रमा हाल साविक लागू भई हाल साविक गरी दाखिल खारेज गर्नुपर्ने अवस्था आएमा सो समेत गर्नमा मन्जुर भई हाल साविकबाट क्षेत्रफल घटबढ भए सो समेतमा लिलाम सकार कर्ता मन्जुर हुनुपर्नेछ।
५. इच्छुक व्यक्ति, फर्म, सङ्गठित संस्था वा कम्पनीले कबुल गरेको अङ्कको १०(दस) प्रतिशत रकम धरौटी बापत कोष तथा लेखा नियन्त्रण कार्यालय, लैनचौर, काठमाडौँको भुक्तानी केन्द्र नं. ३ को नाउँमा राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, ठमेल शाखामा रहेको धरौटी खाता नं.११००१००१०२०३०००० कार्यालय कोड नं.३०५००३५०२ मा जम्मा गरी सोको सक्कलै भौचर बोलपत्र साथ पेश गर्नुपर्नेछ।
६. इच्छुक व्यक्ति, फर्म, सङ्गठित संस्था वा कम्पनीको नाममा खरिद भएको बोलपत्र अर्को व्यक्ति, फर्म, सङ्गठित संस्था वा कम्पनीको नामबाट पेश गर्न पाइने छैन।
७. इच्छुक व्यक्ति, फर्म, सङ्गठित संस्था वा कम्पनीले एक्लै वा संयुक्त उपक्रमा मार्फत बोलपत्र प्रक्रियामा सहभागी हुनुपर्नेछ। यसरी सहभागी हुन चाहने बढीमा ३ (तीन) व्यक्ति, फर्म, सङ्गठित संस्था वा कम्पनीको मात्र संयुक्त उपक्रमा सम्झौता मान्य हुनेछ साथै सो उपक्रमा सम्झौताको प्रति बोलपत्र साथ अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ।
८. रीतपूर्वक नभरिएको, म्याद नाघी प्राप्त भएको वा न्यूनतम मूल्यभन्दा घटी मूल्य अङ्कित भएको वा सर्तहरू राखी पेश भएका बोलपत्रहरू उपर कुनै कारबाही हुनेछैन।
९. न्यायाधिकरणले बोलपत्र खुलेको मितिले १५ (पन्ध्र) दिनभित्र उक्त बोलपत्र उपर निर्णय गर्नु पर्नेछ। बोलपत्र स्वीकृत वा अस्वीकृत भए नभएको बारे जानकारी लिन बोलपत्र दाता स्वयं लिखित पत्रसहित बोलपत्र खुलेको मितिले १५ दिनभित्र न्यायाधिकरणमा उपस्थित हुनुपर्नेछ र सोको जानकारी न्यायाधिकरणले सोही दिन लिखित रूपमा बोलपत्र दातालाई दिनुपर्नेछ।
१०. त्यसरी बोलपत्र स्वीकृत भएको जानकारी पाएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित व्यक्ति, फर्म, सङ्गठित संस्था वा कम्पनीले कबुल गरेको अङ्कको बाँकी सम्पूर्ण रकम दाखिला गरी सो घर, जग्गा/सम्पत्तिको रोक्का फुकुवा र दाखिल खारेज पत्र लिइसक्नुपर्नेछ, अन्यथा धरौटी बापत जम्मा गरेको रकम स्वतः जफत भएको मानिनेछ। यसरी जफत भई प्राप्त भएको धरौटी रकम न्यायाधिकरणले १५ (पन्ध्र) दिनभित्र राजस्व खातामा सदरस्याहा गर्नुपर्नेछ।
११. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस न्यायाधिकरणमा सुरक्षित रहनेछ।
१२. घर, जग्गा/सम्पत्ति नामसारी गर्दा लाग्ने सम्पूर्ण दै-दस्तुर लिलाम सकार गर्ने व्यक्ति, फर्म, सङ्गठित संस्था वा कम्पनीले व्यहोर्नुपर्नेछ।
१३. यस न्यायाधिकरणबाट लिलामी सूचना प्रकाशित भइसकेपछि वादी बैंक वा वित्तीय संस्था र ऋणीहरू बीच ऋण रकम चुक्ता सम्बन्धमा सहमति/मिलापत्र (Settle) को आधारमा ऋण चुक्ता गरी वा ऋण चुक्ता कार्यतालिका सहित लिलामी कारबाही स्थगित गरी पाऊँ भनी संयुक्त निवेदन प्राप्त भएको अवस्थामा वा ऋणिले फैसला बमोजिम तिर्नु बुझाउनुपर्ने सम्पूर्ण रकम यस न्यायाधिकरणमा दाखिला गरेमा लिलाम कारबाही स्थगित गर्न सकिनेछ।
१४. बोलपत्र स्वीकृत नभएमा सोको जानकारी प्राप्त भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित बोलपत्र दाताले धरौटी बापत बैंकमा दाखिला गरेको रकम सोही बोलपत्रमा उल्लेख गरिएको बैंक खातामा जम्मा हुने गरी फिर्ता गरिनेछ।
१५. लिलाम बिक्री हुने घर, जग्गा/सम्पत्तिको विस्तृत जानकारीका लागि वादी एनआइसी एशिया बैंक लिमिटेड र बोलपत्र सम्बन्धी अन्य थप जानकारीका लागि यस न्यायाधिकरणमा सम्पर्क राख्न सकिनेछ।
१६. बोलपत्र फाराम भर्दा बोलपत्र दाताको इमेल ठेगाना अनिवार्य उल्लेख गर्नुपर्नेछ र यस न्यायाधिकरण र बोलपत्र दाताबीच हुने जुनसुकै पत्राचार एवं अन्य आवश्यक सूचना इमेल मार्फतबाट मात्र हुनेछ।
१७. यो सूचना यस न्यायाधिकरणको **Website: www.drtribunal.gov.np** मा हेर्न सकिनेछ।

## बाढीले बगायो सीमास्तम्भ

**सुजन वज्राचार्य**
*खाँदबारी (सङ्खुवासभा), जेठ २६ गते*

जिल्लाको उत्तरी भेग भोटखोला गाउँपालिका–१, किमाथाङ्कामा आएको बाढीले नेपाल–चीन सिमानामा रहेको सीमास्तम्भ बगाएको छ। निरन्तरको वर्षापछि गत १८ गते दोङ्गोप्पाखोला र छोकाङखोलामा आएको बाढीले ७१ नम्बरको सीमास्तम्भ बगाएको जिल्ला प्रहरी कार्यालय सङ्खुवासभाका प्रमुख डिएसपी दक्षकुमार बस्नेतले जानकारी दिनुभयो।

बगाएको सीमास्तम्भ किमाथाङ्का नाकानजिकै रहेको प्रहरी चौकीबाट करिब १५ किलोमिटर उत्तरतर्फ पर्छ। प्रहरी वरिष्ठ नायब निरीक्षक टीकाराम सुनुवारको टोली गस्तीमा रहेको बेला सीमास्तम्भ बगाएको जानकारी प्राप्त भएको हो। वरिष्ठ नायब निरीक्षक सुनुवारका अनुसार निरन्तर वर्षाका कारण माथिल्लो भेगमा बाढीको जोखिम बढ्दो छ। यसले गर्दा सीमा क्षेत्रसमेत प्रभावित भएको हो। अहिले ७१ नम्बर सीमास्तम्भ पुरिएर हराएको छ। सङ्खुवासभामा हाल कुल २१ वटा सीमास्तम्भ छन्।

## पौडी खेल्दा किशोर बेपत्ता

**फिदिम समाचारदाता**
*फिदिम, जेठ २६ गते*

पाँचथरको फालेलुङ–७, सिदिनस्थित भालुखोपका १६ वर्षीय शिशिर राई तमोर नदीले बगाउँदा बेपत्ता हुनुभएको छ। उहाँलाई शनिबार दिउँसो फिदिम नगरपालिका–४ र हिलिहाङ गाउँपालिका–७ को सिमाना छुट्याएर बग्ने तमोर नदीले बगाएको थियो। राई सिद्धदेवी माध्यमिक सिदिनबाट २०८१ सालको एसइईमा सहभागी भएर नतिजाको प्रतीक्षामा रहनुभएको थियो। साथीहरूसँग पौडी खेल्न गएका उहाँ खेल्दाखेल्दै खोलाले बगाएर बेपत्ता हुनुभएको जिल्ला प्रहरी कार्यालय पाँचथरले जनाएको छ।

उहाँलाई तमोरले बगाएको जानकारी प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय पाँचथरबाट खटिएको प्रहरीको उद्धार टोली र स्थानीयले खोजी गरिरहे पनि फेला पार्न नसकेको जिल्ला प्रहरी कार्यालय पाँचथरका प्रमुख प्रहरी नायब उपरीक्षक कौशलकुमार बुढाथोकीले जानकारी दिनुभयो।

### विपत् व्यवस्थापन परिषद्को बैठक

# क्षति न्यूनीकरणका लागि बस्ती स्थानान्तरण

**सचिन पोखेल**
*विराटनगर, जेठ २६ गते*

कोशी प्रदेश विपत् व्यवस्थापन परिषद्को बैठक सोमबार सम्पन्न भएको छ। प्रदेश विपत् परिषद्को बैठकले कोशी प्रदेशमा क्षति न्यूनीकरणका लागि बस्ती स्थानान्तरण र विपत् बिमा गर्ने निर्णय गरेको हो। यो निर्णयले प्रदेशमा विपत् व्यवस्थापनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ। विगतको तुलनामा यस वर्ष मनसुन छिट्टै सुरु भएको र ढिलो समयसम्म रहने भएकाले आवश्यक तयारी गर्न बैठक बसेको हो।



कोशी प्रदेश विपत् व्यवस्थापन परिषद्को बैठकलाई सम्बोधन गर्नुहुँदै मुख्यमन्त्री हिक्मतकुमार कार्की।

बैठकलाई सम्बोधन गर्दै कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले विपत् बिमा र स्थानान्तरणको विषयमा प्राथमिकतासाथ काम गर्न निर्देशन दिनुभयो। उहाँले विभिन्न सङ्घ संस्थाको सहकार्यमा जोखिममा परेका घर निर्माण गर्न आन्तरिक मामिला तथा कानुन मन्त्रालयलाई निर्देशन दिनुभयो।

बैठकले विपत्को क्षति कम गर्न विभिन्न सात महत्त्वपूर्ण निर्णय गरेको छ। बैठकले चालु आर्थिक वर्षमा राहत सामग्री र रकमसमेत वितरण गरिएको ७५ लाख ८० हजार रुपियाँ बराबरको खर्चसमेत अनुमोदन गरेको छ। बैठकले प्रदेश विपत् व्यवस्थापन रणनीतिक कार्ययोजना, २०८२ र मनसुन पूर्वतयारी प्रतिकार्य प्रदेश कार्ययोजना, २०८२ लाई पारित गरेको छ। बजेट र कार्यक्षमता हेरेर विपत्को काममा तत्कालै जुट्न मुख्यमन्त्रीले आग्रह गर्नुभयो।

आन्तरिक मामिला तथा कानुन मन्त्रालयका अनुसार गत वर्ष आगलागी, बाढीपहिरो, चट्याङ र विस्फोटमा परी मृत्यु भएका ३४ जनाका परिवारलाई राहत रकम वितरण गरिएको छ। त्यस्तै निजी आवास बनाउन ८६ लाख ४० हजार रुपियाँ सहयोग गरिएको आन्तरिक मामिला तथा कानुन मन्त्रालयका उपसचिव कमल थापाले जानकारी दिनुभयो। कोशी प्रदेशमा तत्काले स्थानान्तरण गर्नुपर्ने करिब चार हजार १५१ परिवार रहेका बताइएको छ। सो बैठकमा प्रदेश मन्त्रीपरिषद्का सदस्यहरू, प्रदेश योजना आयोगका उपाध्यक्ष, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका प्रमुख सचिवका साथै विभिन्न सुरक्षा निकायका प्रदेश प्रमुख र अन्य सरोकारवाला पदाधिकारीसमेतको उपस्थिति थियो।

## पूर्वी पृतनापतिमा सहायक रथी केसी

**सुनसरी समाचारदाता**
*इटहरी, जेठ २६ गते*

नेपाली सेनाको पूर्वी पृतना हेड क्वाटरमा पूर्वी पृतनापतिको जिम्मेवारी सहायक रथी गौरवकुमार केसीले समाल्नुभएको छ। यसअघि सेनाको प्रवक्ताको जिम्मेवारीमा रहेका सहायक रथी केसीले इटहरीस्थित पूर्वी पृतना हेड क्वाटरमा आयोजित कार्यक्रममा बुझबुझारथ गरी औपचारिक रूपमा जिम्मेवारी समाल्नुभएको हो।

पूर्वी पृतनापतिको जिम्मेवारी समाल्दै आएका उपरथी पवनराज घिमिरेको जङ्गी अड्डामा सरुवा भएको छ। उहाँले पूर्वी पृतना हेड क्वाटरमा १३ महिना जिम्मेवारी वहन गर्नुभएको छ।

यसैबिच नागरिक–सैनिक सम्बन्ध विस्तार अभियान इटहरीमा सञ्चालित सामुदायिक सर्पदंश उपचार केन्द्रका अध्यक्ष दिवस पोखेल तथा सचिव सचिन पोखेलले नयाँ पृतनापतिको जिम्मेवारी समाल्नुभएका सहायक रथी केसीलाई स्वागत गर्नुका साथै यसअघिका पृतनापति उपरथी पवनराज घिमिरेलाई मायाको चिनो प्रदान गर्नुभएको थियो। सेनाको पूर्वी पृतनापति इटहरीस्थित सामुदायिक सर्पदंश उपचार केन्द्रको प्रमुख संरक्षक रहने व्यवस्था छ।

## प्रभावकारी भएन ब्याज अनुदान कार्यक्रम

**पाख्रीबास समाचारदाता**
*पाख्रीबास, जेठ २६ गते*

धनकुटाका कृषकलाई राहत दिन ल्याइएको ब्याज अनुदान कार्यक्रम प्रभावकारी हुन नसकेको पाइएको छ। कोशी प्रदेश सरकारले ल्याएको ब्याज अनुदान कार्यक्रमबाट आर्थिक वर्ष सकिन लाग्दासमेत धनकुटाका किसानले रकम पाउन सकेका छैनन्।

प्रदेश सरकारले लामो समयदेखि पशुपालन, तरकारी खेती र नगदेबालीमा संलग्न कृषकलाई लक्ष्य गरी कृषि कर्जामा ब्याज अनुदान दिने नीति ल्याएको थियो। व्यावसायिक कृषकका लागि बैङ्कबाट लिइएको कर्जामा छ प्रतिशत, वित्तीय संस्थाबाट लिइएको कर्जामा सात प्रतिशत र सहकारी संस्थाबाट लिएको कर्जामा आठ प्रतिशत ब्याज अनुदानस्वरूप किसानलाई उपलब्ध गराउने जनाइएको छ। यो कार्यक्रम भने आर्थिक वर्ष सकिन लाग्दा पनि कार्यान्वयनमा नआएको धनकुटाको महालक्ष्मीका किसान नारद कटुवालले बताउनुभयो।

धनकुटाका विभिन्न क्षेत्रका किसान विगत लामो समयदेखि कृषि क्षेत्रमा आत्मनिर्भर छन्। गोठभरि गाईभैँसी, बारीमा तरकारी र नगदेबाली खेती गरिरहेकाले कोशी प्रदेश सरकारले ल्याएको ब्याज अनुदान कार्यक्रमबाट उत्साहित भए पनि अहिले निराश हुनु परेको कृषक कटुवालले गुनासो गर्नुभयो। कटुवाल मात्र नभई सोही ठाउँका कृषक पुष्प कार्की पनि यही गुनासो गर्नुहुन्छ। कृषि क्षेत्रमा वितरण हुँदै आएको नगद र जिन्सी अनुदानको दुरुपयोग भएको भन्दै यस वर्षबाट कोशी प्रदेश सरकारले कृषि कर्जामा ब्याज अनुदान दिने नीति ल्याएको थियो तर आव सकिन लाग्दा पनि किसान यो कार्यक्रमबारे बेखबर रहेका कार्कीले बताउनुभयो।

ब्याज अनुदान पशुपालन फार्म, फलफूल खेती, बजारीकरण, पशुपन्छीजन्य उपकरण, कृत्रिम गर्भाधान, पुष्प व्यवसायलगायत क्षेत्रमा केन्द्रित हुने जनाइएको छ। प्रदेश सरकारको कार्यविधि अनुसार किसानले पहिले नै बैङ्क वा वित्तीय संस्थालाई ब्याज भुक्तानी गर्नुपर्ने र त्यसपछि मात्रै प्रदेश सरकारबाट रकम फिर्ता हुने व्यवस्था रहिआएको छ। आव अन्त्य हुन लाग्दासमेत ब्याज अनुदान नपाउँदा धनकुटाका किसान यो कार्यक्रमबाट वञ्चित हुनु परेको छ।

कृषि ज्ञान केन्द्र धनकुटाले भर्खरै मात्र केही निवेदन आउन थालेको जनाएको छ। हालसम्म ब्याज अनुदान कार्यक्रमका लागि दुई वटा निवेदन परेको कृषि ज्ञान केन्द्र धनकुटा प्रमुख नगेन्द्र रानाले बताउनुभयो। उहाँका अनुसार प्रदेश सरकारले कार्यक्रम लागु गर्ने भनेपछि धनकुटामा विभिन्न कार्यक्रम गरेर किसानलाई जानकारी गराए पनि निवेदन नआएको बताउनुभयो।

यस्तै भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र धनकुटाकी प्रमुख हिमाकुमारी गौतमले केन्द्रमा पनि ब्याज अनुदानका लागि निवेदन नपरेको बताउनुभयो। उहाँले भन्नुभयो, "धेरै किसानले फोन गरेर जानकारी लिएको तर निवेदन भने आएको छैन। हामीले विभिन्न कार्यक्रम गरेर पनि किसानलाई जानकारी गराएका पनि छौँ।"

ब्याज अनुदानका लागि पशुपालन र फलफूल खेतीका लागि पाँच वर्ष अवधि तोकिएको छ। यस्तै पशुपन्छी, नर्सरी तथा पुष्प व्यवसायमा लाग्न चाहने किसानलाई तीन वर्षसम्म बैङ्कको ब्याज उपलब्ध गराउने भनिएको छ। प्रदेश सरकारले १० लाखदेखि तीन करोड रुपियाँसम्मको कृषि कर्जामा मात्र यो सुविधा लागु गर्ने कार्यविधिमा उल्लेख गरेको छ। यसले गर्दा साना किसानले यसबाट लाभ लिन नसक्ने भएका कारण पनि कार्यान्वयनमा समस्या आएको पाइन्छ। आव अन्त्य हुन लाग्दासमेत ब्याज अनुदान कार्यक्रम कार्यान्वयनमा नआउँदा यसको प्रभावकारितामाथि पनि प्रश्न उठेको किसानको भनाइ छ।

## लागुऔषध विरुद्धको अभियान

**इनरुवा समाचारदाता**
*इनरुवा, जेठ २६ गते*

युवा विद्यार्थीमा बढ्दो लागुऔषध दुर्व्यसनलाई न्यूनीकरण गर्ने र लतमा फसेकालाई बचाउने उद्देश्यका साथ सुनसरीको ७८ वटा विद्यालयमा सञ्चालन भएको लागुऔषध विरुद्धको अभियानलाई निरन्तरता दिने भएको छ। जिल्ला प्रहरी कार्यालय सुनसरीमा बसेको लागुपदार्थ दुर्व्यसनविरुद्धको अभियान जिल्ला कार्य सम्पादन समितिको बैठकले विद्यालयमा प्रभावकारी रुपमा कार्यक्रमलाई अगाडि बढाउने निणर्य गरेको हो।

बैठकले स्थानीय तहमा परिचयात्मक कार्यक्रम गर्दै अनुकूल समय मिलाई आवश्यकता अनुसार आगामी बैठक राख्ने, हालसम्म भएका गतिबिधिहरू प्रभावकारी रहेको समीक्षा गर्दै जिल्लाका ७८ वटा विद्यालयमा गठन भएको क्लबलाई नियमित गर्ने र कार्यक्रमलाई निरन्तरता दिने निर्णय भएको छ।

तालुक प्रहरी प्रदेश कार्यालयबाट भएका आदेश निर्देशन जिल्ला कार्यसम्पादन समितिलाई जानकारी गराई प्रभावकारी कार्यन्वयन गराउने, समितिका पदाधिकारीको सक्रियतामा सम्बन्धित पालिकामा पालिका कार्यसमिति र वडा कार्यसमिति गठन गर्ने निर्णय गरेको जनाएको छ।

अभियान सञ्चालनका लागि बजेट व्यवस्थापन सम्बन्धमा स्थानीय तहसँग माग गर्ने र जेठ २९ गते बराहक्षेत्रमा हुन लागेको कार्यक्रमलाई सफल पार्न आवश्यक सहयोग तथा सहजीकरण गर्ने निर्णय भएको छ। साथै कोशी गाउँपालिका र देवानगञ्ज गाउँपालिकामा लागुऔषध आयात न्यूनीकरणका लागि सरोकारवालाको भूमिका विषयक संवाद तथा सचेतनामूलक कार्यक्रम सञ्चालनको लागि आवश्यक तयारी गर्ने निर्णय गरेको प्रहरी निरीक्षक सविना लिम्बूले जानकारी दिनुभयो।

## चढाइयो दुई सय सोह्र किलोको घन्ट

**खाँदबारी समाचारदाता**
*खाँदवारी, जेठ २६ गते*

खाँदबारी नगरपालिका–९ मा अवस्थित पवित्र धार्मिक स्थल मनकामनाधाममा हालसम्मकै बढी तौल भएको ऐतिहासिक घन्ट चढाइएको छ। अमेरिकानिवासी सुरेन्द्र श्रेष्ठ र उहाँकी पत्नीले आफ्ना दिवङ्गत पितृको सम्झनामा २१६ किलोग्रामको घन्ट मन्दिरमा समर्पण गर्नुभएको हो।

खाँदबारीमै जन्मिएका उहाँहरूले काठमाडौँका प्रसिद्ध शिल्पकारमार्फत कलात्मकता झल्किने घन्टी तयार गराउनुभएको हो। घन्टीसँगै आकर्षक काठको घण्टाघरसमेत निर्माण गरिएको छ। करिब ३४ लाख रुपियाँको लागतमा निर्माण गरिएको उक्त घन्टी र घण्टाघर मनकामना मन्दिरपरिसरमा हालसम्म स्थापना गरिएका सामग्रीमध्ये सबैभन्दा ठुलो र भव्य मानिएको छ।

मन्दिरका पुजारी सूर्यप्रसाद कट्टेलले श्रेष्ठ दम्पतीले चढाएको घन्टी जिल्लाकै सबैभन्दा ठुलो रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "मन्दिरमा रहेको घन्टी महिलाको गहना जस्तै हो। यो घन्टी विशिष्ट आकार, कलात्मक निर्माण र आध्यात्मिक महत्त्वका कारण दर्शनार्थी तथा भक्तजनको आकर्षणको केन्द्र बन्ने छ।" हाल अमेरिकामा स्थायी बसोबास गर्दै आए पनि जन्मभूमिप्रतिको गहिरो श्रद्धा र धार्मिक आस्थाले प्रेरित भई यस्तो कार्यमा सहभागी भएको श्रेष्ठ दम्पतीले बताएको छ।

## खैरो हेरोइनसहित पाँच जना पक्राउ

**फिदिम समाचारदाता**
*फिदिम, जेठ २६ गते*

पाँचथर प्रहरीले फिदिम नगरपालिका–२ बाट प्रतिबन्धित खैरो हेरोइनसहित पाँच जनालाई पक्राउ गरेको छ। फिदिम–२ को एउटा घरमा प्रतिबन्धित लागुऔषध कारोबार हुने गरेको गोप्य सूचनाका आधारमा छापा मार्दा तीन ग्राम ५१० मिलिग्राम खैरो हेरोइनसहित नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय पाँचथरका सूचना अधिकारी ख्यामराज घिमिरेले जानकारी दिनुभयो।

अनुसन्धानमा प्रभाव पर्ने भन्दै पक्राउ परेकाको नाम प्रहरीले सार्वजनिक गरेको छैन। उनीहरूलाई जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखी अनुसन्धान सुरु गरिएको घिमिरेको भनाइ छ। पाँचथर प्रहरी पछिल्लो समय लागुऔषध नियन्त्रणमा सक्रियतासाथ लागिपरेको छ।


त्रिभुवन विश्वविद्यालय
**शिक्षण अस्पताल, महाराजगञ्ज**
**(कर्मचारी प्रशासन शाखा)**

**पदपूर्ति सम्बन्धी सूचना**

**(गोरखापत्रमा प्रकाशित मिति : २०८२।०२।२७)**

यस अस्पतालका लागि चिकित्सा शास्त्र अध्ययन संस्थान कार्यान्वियन समितिको स्वीकृत अस्थायी दरबन्दीमा **क्लिनिकल रजिस्ट्रार** पद करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले तपसिल बमोजिमको योग्यता पुगेका २१ वर्ष पूरा भई ४५ वर्ष उमेर ननाघेका इच्छुक नेपाली नागरिकहरूले मिति २०८२ साल असार २ गते कार्यालय समय ५ बजेभित्र त्रि.वि.शिक्षण अस्पतालको हिमालयन बैंक महाराजगञ्जको खाता नं.००२००५५३६५००१८ मा परीक्षा दस्तुर बापत रु.२,५००।– (दुई हजार पाँच सय) जम्मा गरेको सक्कल भौचर सहित आवेदन फाराम भर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। रीत नपुगी प्राप्त हुन आएका दरखास्त फारामहरू उपर कुनै कारबाही हुनेछैन। विस्तृत जानकारीका लागि यस अस्पतालको कर्मचारी प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ।

**तपसिल**

| सि.नं. | विभाग | योग्यता | सङ्ख्या |
|---|---|---|---|
| १ | हाडजोर्नी | एम.एस.वा सो सरह उत्तीर्ण गरी कम्तीमा १ वर्षको स्पाइन फेलोसिप गरेको | २ (दुई) |
| २ | युरोलोजी | जनरल सर्जरी विषयमा एम.एस. वा सो सरह उत्तीर्ण | २ (दुई) |
| ३ | एनेस्थेसियोलोजी | एनेस्थेसियोलोजी विषयमा एम.डी. वा सो सरह उत्तीर्ण | २ (दुई) |
| ४ | क्रिटिकल केयर मेडिसिन | एनेस्थेसियोलोजी विषयमा एम.डी. वा सो सरह उत्तीर्ण | २ (दुई) |
| ५ | रेडयोलोजी | रेडियोलोजी विषयमा एम.डी.गरी इन्टरभेन्सनल रेडियोलोजीमा १ वर्ष फेलोसिप गरेको | १ (एक) |

**आवेदन फारामसँग संलग्न हुनु पर्ने कागजातहरू :**
१. एस.एल.सी.लगायत सोभन्दा माथिका सम्पूर्ण शैक्षिक योग्यताको प्रमाण पत्रहरूको प्रतिलिपि।
२. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि।
३. नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको रजिस्ट्रेसनको प्रतिलिपि।
४. विदेशमा अध्ययन गरेकाहरूले शैक्षिक योग्यताको समकक्षता (Equivalence) निर्धारण गरिएको प्रमाणपत्रको प्रतिलिपि।
५. पासपोर्ट साइजको फोटो २ प्रति।

**सम्पर्क मिति : २०८२।०३।०८ गते।**
**परीक्षाको किसिम : लिखित।**
**परीक्षा मिति : सम्पर्क मितिमा तोकिनेछ।**

**अस्पताल प्रशासन**



**Patan Academy of Health Sciences**
**Lagankhel, Lalitpur**
**Tel No. : 01-5545112, Fax No. : 977-1-5545114**

**Invitation for Bids**

**First Date of publication : 10 June 2025.**
**Invitation for Bids No. : PAHS/NCB/ICT/20/081/082**

1. ***Patan Academy of Health Sciences*** has received grant from ***the Government of Nepal (GON)*** towards the cost of ***ICT Capital Items*** and intends to apply part of the funds to cover eligible payments under the Contract for ***PAHS/NCB/ICT/20/081/082***. Bidding is open to all eligible Bidders.
2. Patan Academy of Health Sciences invites ***electronic*** bids from eligible bidders for the procurement of ***ICT Capital Items*** under National competitive bidding-Single Stage Two Envelope procedures.
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate bids, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both as per the provision of ITB 23 of the Bidding Document.
4. Bidder may download the bidding documents for e-submission from PPMO's e-GP system **www.bolpatra.gov.np/egp**. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document as mentioned below in the Account Number 01811000295 maintained in the name of Patan Academy of Health Sciences at Laxmi Sunrise Bank Ltd., Lagankhel Branch.
5. Pre-bid meeting shall be held on 11:00, 30 June 2025.
6. Electronic bids must be submitted through PPMO's e-GP system **www.bolpatra.gov.np/egp** on or before ***12:00*** on ***July 10 2025***. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***14:00*** July 10 2025 at the office of ***Patan Academy of Health Sciences***. Bids must be valid for a period of ***90 days*** from the date of bid opening and must be accompanied by a bid security amounting to as mentioned below which shall be valid for 30 days beyond the validity period of the bid (i.e. ***November 07 2025).***
8. The cost of bid document and bid security is mentioned as follows:

| Package Number | Name of Package | Bid Document Cost | Bid Security |
|---|---|---|---|
| 1 | Computer and Related Accessories | 3,000 | 5,25,000 |
| 2 | Virtualization Software | 3,000 | 65,500 |
| 3 | Infrastructure Related ICT Items | 3,000 | 3,30,000 |

9. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.



**श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौँको**

**जग्गा लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८२।०२।२७**

वादी **हिमालयन बैंक लिमिटेड (साविक सिभिल बैंक लि.)** र प्रतिवादी **अन्नपूर्ण मल्टि इण्डष्ट्रिज प्रा.लि.** समेत भएको मु.नं. २५५/०७३/७४ को ऋण असुली मुद्दामा यस न्यायाधिकरणको मिति २०८२।०२।२५ को आदेशानुसार वादी बैंकको नाउँमा धितोमा रहेको तपसिलमा उल्लिखित घर,जग्गा/सम्पत्ति जहाँ जे–जस्तो अवस्थामा छन्, सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र बैक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ तथा अन्य प्रचलित कानूनको अधीनमा रही देहायका सर्तहरू पालना गर्ने/गराउनेगरी यो सिलबन्दी बोलपत्र आह्वान गरिएको छ।

**(क) लिलाम बिक्री हुने सम्पत्ति र मूल्य :**
१. प्रस्तुत मुद्दामा जग्गाधनी अन्नपूर्ण मल्टि इण्डष्ट्रिजका नाउँमा दर्ता कायम रहेको पर्सा जिल्ला, लालपर्सा वडा नं.७ स्थित कि.नं. ३७४ क्षे.फ. ०–१–७.५–० जग्गाको एकमुष्ट न्यूनतम मूल्य रु.८,२५,०००।– (आठ लाख पच्चीस हजार मात्र), ऐ.ऐ. कि.नं. १८६ को क्षे.फ. ०–६–५–० जग्गाको एकमुष्ट न्यूनतम मूल्य रु. ७५,००,०००।– (पचहत्तर लाख रुपियाँ मात्र) र ऐ.ऐ. कि.नं. १८५ को क्षे.फ. ०–४–५–० को जग्गाको न्यूनतम मूल्य रु. ५१,००,०००।–(एकाउन्न लाख मात्र) गरी जम्मा एकमुष्ट न्यूनतम मूल्य रु. १,३४,२५,०००।– (एक करोड चौँतीस लाख पच्चीस हजार रुपियाँ मात्र)।

**(ख) सर्तहरू :**
१. इच्छुक व्यक्ति, फर्म, सङ्गठित संस्था वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा रु. ३,०००/– बुझाई बोलपत्र फाराम खरिद गर्न सकिनेछ।
२. यो सूचना प्रकाशित भएको मितिले १६औँ दिन अपराह्न १.०० बजेसम्म बोलपत्र पेश गर्नुपर्नेछ। यसरी पेश भएका बोलपत्रहरू सोही दिन १.३० बजे यसै न्यायाधिकरणमा बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्र दाता वा निजको प्रतिनिधिको उपस्थिति नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन। बोलपत्र फाराम बिक्री गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको भोलिपल्ट मध्याह्न १२:०० बजेसम्म तोकिएको शुल्क बुझाई बोलपत्र फाराम खरिद गर्न सकिने र बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा उक्त कार्य सोको भोलिपल्ट हुनेछ।
३. बोलपत्र पेश गर्ने व्यक्तिको हकमा निजले नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि र फर्म, सङ्गठित संस्था वा कम्पनीले इजाजत पत्र, दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर, आयकर दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरू बोलपत्र साथ पेश गर्नुपर्नेछ। बोलपत्र फाराममा बोलपत्र दाताले आफ्नो इमेल ठेगाना अनिवार्य रूपमा उपलब्ध गराउनुपर्नेछ। बोलपत्र फाराम लिन समेत सक्कल र प्रमाणित प्रतिलिपि सहित स्वयं उपस्थित हुनुपर्नेछ।
४. उपरोक्त जग्गाहरू भएको क्षेत्रमा हाल साविक लागू भई हाल साविक गरी दाखिल खारेज गर्नुपर्ने अवस्था आएमा सो समेत गर्नमा मन्जुर भई हाल साविकबाट क्षेत्रफल घटबढ भए सो समेतमा लिलाम सकार कर्ता मन्जुर हुनुपर्नेछ।
५. इच्छुक व्यक्ति, फर्म, सङ्गठित संस्था वा कम्पनीले कबुल गरेको अङ्कको १० (दस) प्रतिशत रकम धरौटी बापत कोष तथा लेखा नियन्त्रण कार्यालय, लैनचौर, काठमाडौँको भुक्तानी केन्द्र नं. ३ को नाउँमा राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, ठमेल शाखामा रहेको धरौटी खाता नं. ११००१००१०२०३०००० कार्यालय कोड नं.३०५००३५०२ मा जम्मा गरी सोको सक्कलै भौचर बोलपत्र साथ पेश गर्नुपर्नेछ।
६. इच्छुक व्यक्ति, फर्म, सङ्गठित संस्था वा कम्पनीको नाममा खरिद भएको बोलपत्र अर्को व्यक्ति, फर्म, सङ्गठित संस्था वा कम्पनीको नामबाट पेश गर्न पाइने छैन।
७. इच्छुक व्यक्ति, फर्म, सङ्गठित संस्था वा कम्पनीले एक्लै वा संयुक्त उपक्रमा मार्फत बोलपत्र प्रक्रियामा सहभागी हुनुपर्नेछ। यसरी सहभागी हुन चाहने बढीमा ३ (तीन) व्यक्ति, फर्म, सङ्गठित संस्था वा कम्पनीको मात्र संयुक्त उपक्रमा सम्झौता मान्य हुनेछ साथै सो उपक्रमा सम्झौताको प्रति बोलपत्र साथ अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ।
८. रीतपूर्वक नभरिएको, म्याद नाघी प्राप्त भएको वा न्यूनतम मूल्यभन्दा घटी मूल्य अङ्कित भएको वा सर्तहरू राखी पेश भएका बोलपत्रहरू उपर कुनै कारबाही हुनेछैन।
९. न्यायाधिकरणले बोलपत्र खुलेको मितिले १५ (पन्ध्र) दिनभित्र उक्त बोलपत्र उपर निर्णय गर्नुपर्नेछ। बोलपत्र स्वीकृत वा अस्वीकृत भए नभएको बारे जानकारी लिन बोलपत्र दाता स्वयं लिखित पत्र सहित बोलपत्र खुलेको मितिले १५ दिनभित्र न्यायाधिकरणमा उपस्थित हुनुपर्नेछ र सोको जानकारी न्यायाधिकरणले सोही दिन लिखित रूपमा बोलपत्र दातालाई दिनुपर्नेछ।
१०. त्यसरी बोलपत्र स्वीकृत भएको जानकारी पाएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित व्यक्ति, फर्म, सङ्गठित संस्था वा कम्पनीले कबुल गरेको अङ्कको बाँकी सम्पूर्ण रकम दाखिला गरी सो घर, जग्गा/सम्पत्तिको रोक्का फुकुवा र दाखिल खारेज पत्र लिइसक्नुपर्नेछ, अन्यथा धरौटी बापत जम्मा गरेको रकम स्वतः जफत भएको मानिनेछ। यसरी जफत भई प्राप्त भएको धरौटी रकम न्यायाधिकरणले १५ (पन्ध्र) दिनभित्र राजस्व खातामा सदरस्याहा गर्नुपर्नेछ।
११. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस न्यायाधिकरणमा सुरक्षित रहनेछ।
१२. घर, जग्गा/सम्पत्ति नामसारी गर्दा लाग्ने सम्पूर्ण दै–दस्तुर लिलाम सकार गर्ने व्यक्ति, फर्म, सङ्गठित संस्था वा कम्पनीले व्यहोर्नु पर्नेछ।
१३. यस न्यायाधिकरणबाट लिलामी सूचना प्रकाशित भइसकेपछि वादी बैंक वा वित्तीय संस्था र ऋणीहरू बीच ऋण रकम चुक्ता सम्बन्धमा सहमति/मिलापत्र (Settle) को आधारमा ऋण चुक्ता गरी वा ऋण चुक्ता कार्यतालिका सहित लिलामी कारबाही स्थगित गरी पाऊँ भनी संयुक्त निवेदन प्राप्त भएको अवस्थामा वा ऋणिले फैसला बमोजिम तिर्नु बुझाउनुपर्ने सम्पूर्ण रकम यस न्यायाधिकरणमा दाखिला गरेमा लिलाम कारबाही स्थगित गर्न सकिनेछ।
१४. बोलपत्र स्वीकृत नभएमा सोको जानकारी प्राप्त भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित बोलपत्र दाताले धरौटी बापत बैंकमा दाखिला गरेको रकम सोही बोलपत्रमा उल्लेख गरिएको बैंक खातामा जम्मा हुने गरी फिर्ता गरिनेछ।
१५. लिलाम बिक्री हुने घर, जग्गा/सम्पत्तिको विस्तृत जानकारीका लागि हिमालयन बैंक लिमिटेड र बोलपत्र सम्बन्धी अन्य थप जानकारीका लागि यस न्यायाधिकरणमा सम्पर्क राख्न सकिनेछ।
१६. बोलपत्र फाराम भर्दा बोलपत्र दाताको इमेल ठेगाना अनिवार्य उल्लेख गर्नुपर्नेछ र यस न्यायाधिकरण र बोलपत्र दाताबीच हुने जुनसुकै पत्राचार एवं अन्य आवश्यक सूचना इमेल मार्फतबाट मात्र हुनेछ।
१७. यो सूचना यस न्यायाधिकरणको **Website: www.drtribunal.gov.np** मा हेर्न सकिनेछ।

गोरखापत्र
gorkhapatraonline.com

# अर्थबजार

सुनचाँदी
(प्रतितोला रुपियाँमा)

| | | |
|---|---|---|
| छापावाल सुन | : | १९०६०० ▼ |
| चाँदी | : | २१५० ▲ |

सेयर बजार

| | | |
|---|---|---|
| नेप्से इन्डेक्स | : | २६५३.०९ (+२३.१९) ▲ |
| कारोबार रकम | : | ८,६८९,३५०,३१९ ▼ |
| कारोबार भएका सेयर | : | १७,५०१,८०२ |
| कारोबार सङ्ख्या | : | ७८,८४८ |
| कारोबार भएका कम्पनी | : | ३२४ |

# मर्यादित र सुरक्षित श्रमप्रति नेपाल प्रतिबद्ध : श्रममन्त्री



**अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ) द्वारा आयोजित अन्तर्राष्ट्रिय श्रम सम्मेलन २०२५ को प्लेनरी सेसनलाई सम्बोधन गर्नुहुँदै श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्‌सिंह भण्डारी ।**

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २६ गते*

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्‌सिंह भण्डारीले नेपाल मर्यादित श्रमको एजेन्डाप्रति पूर्ण रूपमा प्रतिबद्ध रहेको बताउनुभएको छ । अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ) द्वारा आयोजित अन्तर्राष्ट्रिय श्रम सम्मेलन २०२५ को प्लेनरी सेसनलाई सम्बोधनका क्रममा श्रममन्त्री भण्डारीले सो कुरा बताउनुभएको हो।

सोमबार जेनेभा, स्विट्जरल्यान्डमा आयोजित अन्तर्राष्ट्रिय श्रम सम्मेलन २०२५ को प्लेनरी सेसनलाई सम्बोधनका क्रममा श्रममन्त्री भण्डारीले सुरक्षित, मर्यादित र नैतिक श्रमको सर्तसहित निजी क्षेत्र, नागरिक समाज र विकास साझेदारको सहकार्यमा स्वदेश तथा वैदेशिक रोजगारीका लागि श्रमशक्ति तयार गरेको पनि जानकारी दिनुभयो।

नेपालले द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय सहकार्यलाई निरन्तर सुदृढ गर्न प्रतिबद्धता व्यक्त गर्दै उहाँले भन्नुभयो, "हामी न्यायोचित र नैतिक आपूर्ति शृङ्खला, सिप मान्यता र श्रम गतिशील प्रशासनका लागि सक्रिय छौँ। अन्तर्राष्ट्रिय सहकार्यलाई हामी विकल्प नभई, साझा समृद्धि, समानता र शान्तितर्फको हाम्रो उत्तरदायित्वका रूपमा हेर्छौं।"

नेपालले समावेशी आर्थिक वृद्धि, गरिबी न्यूनीकरण र सामाजिक सुरक्षामा पहुँच विस्तारमा पछिल्ला केही वर्षदेखि उल्लेखनीय प्रगति गरेको उहाँले दाबी गर्नुभयो।

प्राकृतिक प्रकोप, कोभिड महामारीको दीर्घकालीन प्रभाव, संरचनागत श्रम बजारको समस्या र जलवायु परिवर्तनजन्य जोखिमबिच पनि यी उपलब्धि हासिल भएको उहाँले जानकारी गराउनुभयो।

"विकास केवल वृद्धि मात्र होइन, न्याय र समानताको साथमा हुनु पर्छ । त्यसैले हाम्रो दृष्टिकोण 'अधिकारसहितको रोजगारी, समावेशी विकास र गरिमायुक्त समृद्धि' मा आधारित छ," उहाँले भन्नुभयो।

सरकारले रोजगारी सिर्जनालाई विकासको मूल आधारका रूपमा स्थापना गरेको बताउँदै उहाँले यस दशकलाई 'आन्तरिक रोजगारी प्रवर्धन दशक' घोषणा गरेको पनि जानकारी गराउनुभयो । सार्वजनिक-निजी साझेदारी तथा विकास सहकार्यमार्फत रोजगारप्रधान क्षेत्रमा लगानी वृद्धि गरिरहेको उहाँको भनाइ छ । "यसलाई सहयोग पुर्‍याउन हामीले राष्ट्रिय व्यावसायिक तालिम प्रतिष्ठानलाई पुनर्संरचना गर्दै भविष्य उन्मुख सिप विकास केन्द्र बनाएका छौँ," श्रममन्त्री भण्डारीले भन्नुभयो, "डिजिटल, हरित र उद्यमशीलतामा आधारित सिपमा विशेष ध्यान दिइएको छ।"

उहाँका अनुसार नेपालले औपचारिक रोजगारी र योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आधारित समग्र सुधार एजेन्डा अघि बढाइरहेको बताउँदै श्रम निरीक्षण, रोजगारी मिलान, सिप प्रोफाइलिङ, उद्योग दर्ता र श्रम विवाद समाधानका लागि एकीकृत प्रणाली स्थापना गरेको छ।

श्रम आप्रवासन नेपालको विकास र अन्तर्राष्ट्रिय सहभागिताको एक महत्त्वपूर्ण पक्ष भएको बताउँदै उहाँले भन्नुभयो, "अब हामी आवश्यकताबाट प्रेरित श्रम आप्रवासनभन्दा अघि बढेर, सचेत, सशक्त र सम्मानजनक विकल्पको मोडेलतर्फ अगाडि बढ्न चाहन्छौँ।"

मन्त्री भण्डारीले योगदानमा आधारित सामाजिक सुरक्षा योजना अन्तर्गत स्वास्थ्य, प्रसूति, उद्धार तथा राहत, व्यावसायिक चोट, अपाङ्गता र पेन्सन सुविधा समेटिएको पनि जानकारी गराउनुभयो। सामाजिक न्यायको यात्रामा कसैलाई पनि पछाडि नछोड्ने सरकारको सङ्कल्प अनुसार असङ्गठित क्षेत्रका श्रमिक र फर्केका आप्रवासी श्रमिकलाई पनि समेट्न थालेको उहाँको भनाइ छ।

सङ्घीय संरचना अनुरूप सरकार, श्रमिक र रोजगारदाता सबैको प्रतिनिधित्व रहने श्रम प्रशासन प्रणालीलाई प्रदेश र स्थानीय तहसम्म विस्तार गर्ने कार्य भइरहेको उहाँले बताउनुभयो।

जेठ १९ देखि सुरु भएको सम्मेलन ३० गतेसम्म चल्ने छ। यसअघिका जारी सेसनमा मन्त्रालयका तर्फबाट सचिव डा. कृष्णहरि पुष्करले सहभागिता जनाउनुभएको थियो।

सोही अवसरमा अन्तर्राष्ट्रिय श्रम सङ्गठनका महानिर्देशक गिल्बर्लट एफ. हाउङ्वो र मन्त्री भण्डारीबिच नेपालको श्रम बजार र श्रमशक्तिको विषयमा छलफल भएको छ। साउदी अरेबियाको अन्तर्राष्ट्रिय मामिला उपमन्त्री डा. तारिक अल हमदसँग नेपाल र साउदी अरबको श्रमसम्बन्धी विषयमा द्विपक्षीय छलफल गर्ने कार्यक्रम छ।

## 'औपचारिक अर्थतन्त्र विस्तारमा सुधार'

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २६ गते*

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले लगानी सहजीकरण र औपचारिक अर्थतन्त्र विस्तारमा नेपालले उल्लेख्य सुधार गरेको बताउनुभएको छ।

स्विट्जरल्यान्डको जेनेभामा आयोजित ११३ औँ अन्तर्राष्ट्रिय श्रम सम्मेलनलाई सम्बोधन गर्दै अध्यक्ष ढकालले नेपालले गरेको पछिल्ला सुधार प्रस्तुत गर्नुभयो । अध्यक्ष ढकालले लगानीका लागि भएका कानुनी सुधार र नेपालमा रहेका अवसरबारे विश्व समुदायलाई जानकारी गराउनुभयो।

नेपालमा रोजगारदाताको संस्थाका रूपमा रहेको महासङ्घका अध्यक्ष ढकालले नीतिगत सुधारसँगै नेपालको भौगर्भिक विविधता एवं भौगोलिक अवस्थितिले लगानीको पर्याप्त अवसर रहेको जानकारी गराउनुभयो।

महासङ्घको आग्रहमा करिब ३० वटा लगानी सम्बद्ध कानुनमा परिमार्जन गरिएको र द्विपक्षीय लगानी सम्झौताको खाका तयार भएको जानकारी गराउँदै अध्यक्ष ढकालले नेपालमा अवसर खोज्न सहभागीलाई आग्रह गर्नुभयो।



"नेपाल अति कम विकसित मुलुकबाट स्तरोन्नति हुन गइरहेको छ," उहाँले भन्नुभयो, "तर पनि भारत, चीनलगायतका मुलुकमा नेपाली उत्पादनको भन्साररहित सुविधा कायमै रहने हुँदा नेपालमा थप अवसर कायमै रहने छ।" उहाँले नेपालको भौगोलिक अवस्थितिका कारण कृषिजन्य उत्पादन, जलविद्युत्, पर्यटन क्षेत्रमा लगानीको प्रशस्त सम्भावना र अवसर रहेको बताउनुभयो।

नेपालको अर्थतन्त्रको औचारिकीकरणका लागि महासङ्घ, ट्रेड युनियन र सरकारले समिति बनाएर काम गरिरहेको अध्यक्ष ढकालले बताउनुभयो। यस्तै अध्यक्ष ढकालले प्राइभेट इक्विटी, भेन्चर क्यापिटल र जलवायु वित्तमा अन्तर्राष्ट्रिय सहभागिताका लागि आग्रह गर्नुभयो।

सम्मेलनमा विश्वका करिब १८७ मुलुकका सरकार, रोजगारदाता एवं ट्रेड युनियनका प्रतिनिधि सहभागी छन्।

# बैङ्क र व्यवसायीबिच सम्बन्ध सुधारमा जोड

**फूलबारी समाचारदाता**
*धनगढी, जेठ २६ गते*

नेपाल राष्ट्र बैङ्कका गभर्नर डा. विश्वनाथ पौडेलले बैङ्क तथा वित्तीय संस्था र व्यवसायीबिचको सम्बन्ध सुधारमा जोड दिनुभएको छ । नेपाल राष्ट्र बैङ्क धनगढी कार्यालयले सोमबार धनगढीमा आयोजना गरेको उद्योगी, बैङ्क तथा वित्तीय संस्था र ऋणीसँगको छलफल कार्यक्रममा सहभागी गभर्नर पौडेलले आर्थिक गतिविधि चलायमान बनाउन र समस्याको समाधान गर्न बैङ्क तथा वित्तीय संस्था र व्यवसायीबिचको सम्बन्ध सुधारमा जोड दिनुभएको हो।

ऋणीप्रति बैङ्क तथा वित्तीय संस्थाका कर्मचारीको व्यवहार सुमधुर नभएको गुनासो सुन्दै आएको बताउनुहुँदै गभर्नर पौडेलले त्यस्तो व्यवहार परिवर्तन गर्न सुझाव दिनुभयो।

"ऋणीलाई गाली गर्ने, धम्काउने तथा विभिन्न प्रकारका डर देखाउने कार्य कदापि नगर्नुहोस्," पौडेलले भन्नुभयो।

कोभिडपछि अर्थतन्त्रमा केही समस्या देखा परेको भन्दै उहाँले आगामी मौद्रिक नीतिमार्फत सुधारको प्रयास गरिने जानकारी दिनुभयो। जनताको सल्लाह र समस्याका आधारमा आफूले मौद्रिक नीति बनाउने उहाँको भनाइ छ।

जनताका समस्याका आधारमा नीति बनाउने उद्देश्यसहित मध्यपहाडी लोकमार्ग हुँदै सरोकारवालाको गुनासो सुन्न गभर्नर पौडेल धनगढी आउनुभएको हो। "सरोकारवालका गुनासाका आधारमा आगामी मौद्रिक नीति बनाउँछु," उहाँले भन्नुभयो।

नेपाल-भारतको सीमाक्षेत्र र पहाडी जिल्लामा धितो मूल्याङ्कन नगर्ने र गरे पनि न्यून हुने भन्ने गुनासो आफूले पाएको भन्दै यसलाई विज्ञसँग छलफल गरेर सुधार गर्ने प्रतिबद्धता उहाँले जनाउनुभयो।

उहाँले सबै खाले व्यवसायी, लगानीकर्ता, बैङ्क तथा वित्तीय क्षेत्रका समस्या समाधानमा आफू क्रियाशील रहने बताउनुभयो।

कार्यक्रममा सहभागीले बैङ्क तथा वित्तीय संस्थाले पहुँचका आधारमा ऋण लगानी गर्ने, चर्को ब्याज, स्टार्टअप कर्जा, बैङ्क व्यवहार राम्रो नभएको, कृषि कर्जामा समस्या भएकोलगायतमा समस्या औँल्याएका थिए।

सहभागीका जिज्ञासाको जवाफ दिँदै नेपाल राष्ट्र बैङ्कका बैङ्क तथा वित्तीय संस्था नियमन विभागका निर्देशक गुरुप्रसाद पौडेलले सरोकारवालाका समस्या समाधान गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

# माथिल्लो मुगु कर्णालीको डिपिआरका लागि 'ड्रिलिङ'

**मुगु समाचारदाता**
*मुगु, जेठ २६ गते*

माथिल्लो मुगु कर्णाली जलविद्युत् आयोजनाको विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) तयार पार्न ड्रिलिङ थालिएको छ । एलिभेट इनर्जी प्रालिको प्रस्तावित आयोजनाका साइट भौगर्भिक इन्जिनियर सुरेन्द्र तिमिल्सिनाका अनुसार ३०६ मेगावाट बिजुली उत्पादन क्षमताको आयोजनाले स्थानीयलाई क्षमता अनुसारको रोजगार प्रदान गर्ने र आसपासमा सिँचाइका लागि ठुला परियोजना सञ्चालन गर्नेलगायतका लक्ष्य लिएको छ।

तीन वर्षभित्रै डिपिआरको तयारी गर्ने उद्देश्यले छायानाथ रारा नगरपालिका-१२, लुम्सको गाँठे स्थानमा ड्रिलिङ भइरहेको छ। उक्त ड्रिलिङको लम्बाइ ३८५ मिटर रहेको छ। अहिलेसम्म १९ मिटरको काम सम्पन्न भएको जानकारी उहाँले दिनुभयो । मुगुमा जलविद्युत्, जलमार्ग र पर्यटन क्षेत्रको विकासका लागि पनि नवीनतम परियोजनाका रूपमा रहेको प्रस्तावित आयोजना मुगुको मुगुमकार्मारोङ गाउँपालिका र छायानाथ रारा नगरपालिकाको लुम्समा पर्छ।

आयोजनालाई भविष्यमा बहुद्देश्यीय परियोजना रहने उहाँले बताउनुभयो । जलविद्युत् उत्पादनमा अनियन्त्रित पानीलाई नियन्त्रण गरी उपयोग गर्ने र सिँचाइको सुविधा उपलब्ध गराउन महत्त्वपूर्ण हुने उहाँको भनाइ छ।

तिमिल्सिनाका अनुसार जलाशयबाट पर्यटन, रोजगारी, माछापालन, स्थानीयलाई निर्माणका क्रममा र सम्पन्न भएपछि रोजगारी दिइने छ। समुदायलाई लाभान्वित हुने गरी कार्यक्रम गरिने र पुनर्बास र पुनर्स्थापनाको काम पनि हुने छ।



*तस्बिर : हरिकृष्ण ऐडी*
**माथिल्लो मुगु कर्णाली जलविद्युत् आयोजनाको प्रारम्भिक अध्ययनका लागि गरिएको ड्रिलिङ ।**

नेपाल विद्युत् प्राधिकरण शाखा मुगुका कार्यालय प्रमुख साजन ऐडीले माथिल्लो मुगु कर्णाली जलविद्युत् निर्माण गर्नु सकारात्मक रहेको बताउनुभयो। उहाँले परियोजनाका फाइदा बेफाइदाभन्दा पनि यसको व्यवस्थापन कसरी गर्ने भन्ने कुरा महत्त्वपूर्ण हुने बताउनुभयो। माथिल्लो मुगु कर्णाली जलविद्युत् योजना मुगुमकार्मारोङ गाउँपालिकाको रिउस अथवा पुलमा बाँध रहने प्रस्ताव छ। उक्त आयोजना बाँध आंशिक जलाशय (पिकिङ-आरओआर, पिआरओआर) का रूपमा निर्माण हुने छ। यो प्रकारको नदीमा बाँध निर्माण गरी दैनिक चार घण्टा पानी भण्डारण गरिन्छ। यसरी सञ्चित पानीबाट विद्युत्को उच्च माग भएको समयमा विद्युत् उत्पादनमा सञ्चालन गरी माग पूर्ति गर्ने प्रालिको योजना रहेको छ।

# 'जलवायु परिवर्तन र रसायनले कृषिमा सङ्कट'

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २६ गते*

नेपालको कृषि प्रणाली जलवायु परिवर्तन र रसायन तथा मेसिनमा आधारित प्रणालीले सङ्कटमा पुगेको सरोकारवालाले औँल्याएका छन् । पर्यावरणीय कृषिको मार्गचित्रको प्रारम्भिक मसौदामाथि छलफलमा विज्ञ सरोकारवालाले पर्यावरणमैत्री कृषि अनुसरण गर्नुपर्नेमा विज्ञ तथा सरोकारवालाले जोड दिए।

गैरसरकारी संस्था ली बर्डले सोमबार सङ्घीय संसद् अन्तर्गतको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिसँग गरेको छलफलमा यस्तो औँल्याइएको हो।

कार्यक्रममा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सहसचिव रामकृष्ण श्रेष्ठले मार्गचित्रबारे प्रस्तुति दिँदै जलवायु परिवर्तन र हरितक्रान्तिमा आधारित कृषि प्रणालीले नेपालको कृषिमा गम्भीर सङ्कट निम्त्याएको बताउनुभयो। जलवायु परिवर्तनका कारण प्रमुख १० खाद्य बालीमध्ये नौ वटा बालीको उत्पादन घट्ने प्रक्षेपण गरिएको उहाँले जानकारी दिनुभयो।

नेपालका ९० प्रतिशत बिउ किसानको हातबाट हराइसकेको, एक तिहाइ माटो क्षतिग्रस्त र दुई तिहाइ माटो अम्लीय भएको, रैथाने बिउ र खाद्य विविधता हराउँदै गएको, कृषकको ज्ञान र संस्कृतिको लोप भइरहेको, किसानको आय घट्दै गएको तथ्याङ्क उहाँले प्रस्तुत गर्नुभयो।

छलफलमा समितिका सभापति कुसुमदेवी थापाले मार्गचित्रले जलवायु सङ्कट, खाद्य सुरक्षाको चुनौती र साना किसानको संरक्षण जस्ता विषयलाई केन्द्रमा राखेकाले निरन्तर छलफल गरी प्रभावकारी कार्यान्वयन हुनुपर्ने धारणा राख्नुभयो।

सांसद सूर्य ढकालले समाजमा कृषिप्रति रहेको सामाजिक उपेक्षालाई हटाउनुपर्नेमा जोड दिँदै पसिना बगाउने किसानलाई सम्मान नदिएसम्म कृषि पेसामा युवाको आकर्षण नबढ्ने बताउनुभयो । सांसद बिजुला रायमाझीले वर्तमान कृषिमन्त्री जैविक खेतीको प्रवर्धनमा सकारात्मक दृष्टिकोण राख्ने भएकाले मार्गचित्र कार्यान्वयनको उचित अवसर भएको बताउनुभयो। ली बर्डका कार्यकारी निर्देशक भरत अधिकारीले कृषि, खाद्य र मानव अधिकारको विषय भएकाले कृषिलाई सम्मानित पेसा बनाउनुपर्ने बताउनुभयो । ली बर्डको सहजीकरण तथा वर्ल्ड फ्युचर काउन्सिल र आइएफओएम अर्गान्स इन्टरनेसनलको सहयोगमा सो मार्गचित्र तयार गरिएको हो।

Civil Aviation Authority of Nepal
Tribhuvan International Airport Civil Aviation Office
Procurement Section, Gauchar, Kathmandu

**Invitation to Electronic Bid (e-bid)**

**Publication Date: 10th June, 2025 (2082/02/27)**

Civil Aviation Authority of Nepal, Tribhuvan International Airport Civil Aviation Office, Procurement Section, Gauchar, Kathmandu hereby invites sealed bids from the eligible bidders for **"Supply, Delivery and Installation of Movement Area Guidance Signs and Associated Works at TIACAO, ICB/03/PROSEC/2081/82(2025)"**. Eligible bidders may obtain further information and get the bidding documents at PPMO's e-GP system www.bolpatra.gov.np/egp.

नेपाल सरकार
शहरी विकास मन्त्रालय
विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समिति
नयाँ वानेश्वर, काठमाडौँ

**मुद्दती खातामा रकम राख्ने सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८२/०२/२७**

यस कार्यालयको मौज्दात रकम मुद्दती खातामा राख्नु पर्ने भएकोले नेपाल राष्ट्र बैंकबाट अनुमति प्राप्त 'क' वर्गका वाणिज्य बैंकहरुले १ (एक) वर्षे मुद्दती खातामा दिने व्याजदर खुलाई यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र कार्यालय समयमा लेखा शाखामा वित्तीय विवरणहरु सहित सिलबन्दी प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । साथै अन्य थप जानकारीको लागि कार्यालय समय भित्र केन्द्रको फोन नं. ०१-५७१७०७२, ०१-५७१७०६० मा सम्पर्क गर्न सकिने छ। बैंकले प्रदान गर्ने व्याजदर, बैंकको निक्षेप, अनुभव, अनुत्पादक/खराब ऋण लगायतका विवरणलाई मूल्यांकनका आधारहरुको रुपमा लिइनेछ ।

**अनुरोध जानकारी (RFI) सूचना !**

**भूमिगत तथा ADSS Optical Fiber केबल बिछ्याउने परियोजना**

Ncell ले आगामी वर्षहरुमा भूमिगत तथा ADSS (All-Dielectric Self-Supporting) केबल बिछ्याउने परियोजनाको लागि योग्य तथा अनुभवी ठेकेदार/आपूर्तिकर्ताहरुलाई आफ्नो जानकारी पेश गर्न हार्दिक अनुरोध गर्दछ ।

**परियोजनाको कार्यक्षेत्र:**

- सर्वेक्षण र कार्यान्वयन योजना
- ट्रेन्चिङ, डक्टिङ, तथा भूमिगत केबल बिछ्याउने कार्य
- ADSS Optical Fiber केबल जडान गर्ने (भइरहेको पोल वा नयाँ पोलहरुमा)
- म्यानहोल, जोइन्टिङ पिट, र मार्ग चिन्ह निर्माण कार्य
- परीक्षण, कमिसनिङ, तथा मर्मतसम्भार सेवा
- Right Of Way को लागि नियमक निकायसँग आवश्यक समन्वय गर्ने

**योग्यता सम्बन्धी आवश्यकताहरु:**

- भूमिगत तथा एरियल फाइबर अप्टिक/ADSS केबल बिछ्याउने कार्यमा प्रमाणित अनुभव
- फर्म/कम्पनीको वैध लाइसेन्स, प्रमाणपत्रहरु तथा सुरक्षा मापदण्डको पालना
- परियोजना सञ्चालन गर्न आवश्यक वित्तीय तथा प्राविधिक क्षमता

इच्छुक फर्म/कम्पनीहरुले आफ्नो **कम्पनी प्रोफाइल, कार्य अनुभव विवरण, प्राविधिक क्षमता, तथा सम्बन्धित कागजातहरु २०८२ असार १० गते** भित्र पेश गर्नु पर्नेछ।

**सम्पर्क विवरण:**
**कार्यालय ठेगाना:** Ncell Icon Building, Lainchaur-Kathmandu
**फोन नम्बर:** +९७७ ९८० ५५५ ४४४४
Ncell ले प्राप्त प्रस्तावहरु स्वीकार वा अस्वीकार गर्ने पूर्ण अधिकार राख्दछ।

Ncell

# संस्थागतभन्दा व्यक्तिगत श्रम स्वीकृति लिने बढी

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २६ गते*

संस्थागतभन्दा व्यक्तिगत रूपमा श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जानेको सङ्ख्या बढेको छ। वैदेशिक रोजगार विभागको हालै सार्वजनिक चालु आर्थिक वर्ष २०८१/८२ को १० महिनाको प्रतिवेदन अनुसार यस अवधिमा वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएकामध्ये व्यक्तिगत रूपमा तीन लाख नौ हजार १५५ जना छन् भने संस्थागत रूपमा दुई लाख ८२ हजार ५३६ जना रहेका छन्।

नेपाली श्रम बजारमा वार्षिक आउने पाँच लाखभन्दा बढी श्रमयोग्य जनशक्तिमध्ये आधाभन्दा बढीलाई वैदेशिक रोजगार व्यवसायी (म्यानपावर) कम्पनीले रोजगारीमा सहजीकरण गर्दै आए पनि पछिल्लो वर्ष यो सङ्ख्या घट्न थालेको हो।

त्यसो त गत आव २०८०/८१ देखि नै संस्थागत अर्थात् म्यानपावरमार्फत वैदेशिक रोजगारीमा जाने युवाको सङ्ख्या घटेको थियो। व्यक्तिगत रूपमा दुई लाख ९१ हजार ५५५ युवा विदेश गएकोमा चालु आवको वैशाखसम्म सो सङ्ख्या बढेर तीन लाख नौ हजार १५५ पुगेको छ।

यस्तै गत आवको वैशाखसम्म म्यानपावरमार्फत वैदेशिक रोजगारीमा गएका नेपालीको सङ्ख्या दुई लाख ९४ हजार ५७७ रहेकामा चालु आवमा सो अवधिसम्म यो सङ्ख्या दुई लाख ८२ हजार ५३६ मा सीमित भएको छ, जुन गत आवभन्दा १२ हजार १४ ले कमी हो।

नेपाल वैदेशिक रोजगार व्यवसायी सङ्घका पूर्वअध्यक्ष राजेन्द्र भण्डारीले मलेसियाले विदेशी श्रमिक लिन कडाइ गर्नु, खाडी क्षेत्रमा युद्धको असर देखिएका कारण म्यानपावरमार्फत वैदेशिक रोजगारीमा जानेको सङ्ख्या घटेको बताउनुभयो।

व्यवसायीका अनुसार त्यसमा पनि मलेसियाले जुनदेखि अनिश्चित समयका लागि विदेशी कामदार नलिने घोषणा गरेका कारण




आगामी दिनमा संस्थागत रूपमा वैदेशिक रोजगारीमा जानेको सङ्ख्या अझ घट्ने सङ्केत देखिएको छ। नेपाली श्रम बजारमा वार्षिक पाँच लाखभन्दा बढी श्रमयोग्य जनशक्ति प्रवेश गर्दछ। यसरी प्रवेश गर्ने श्रमशक्तिलाई रोजगारी प्रदान गर्न नेपालको श्रम बजार सक्षम छैन।

न्यून आर्थिक वृद्धि, भौगोलिक जटिलता, सीमित उब्जाउयोग्य भूमि, सिपविहीन जनशक्ति र कमजोर संरचनात्मक आर्थिक प्रणालीका कारण देशमा रोजगारी उपलब्ध हुन नसकेर वैदेशिक रोजगारीमा जानु युवाको बाध्यता बनेको छ। यसरी श्रम बजारमा आउने युवालाई स्वदेशको रोजगारीको विकल्पमा म्यानपावरले सहजीकरण गर्दै आएका छन्।

वैदेशिक रोजगारीका लागि संस्थागत रूपमा श्रमिक पठाउन पाउने देशको सङ्ख्या ११० पुगे पनि नयाँ विकल्पको खोजी गर्न नसक्दा वैदेशिक रोजगारी पनि न्यून आम्दानी हुने खाडी तथा मलेसियामा मात्र केन्द्रित हुन पुगेको छ। कतार, मलेसिया, साउदी अरब, युएई, कुवेत, बहराइन, ओमान, दक्षिण कोरियालगायतका देश नेपाली युवाका लागि प्रमुख श्रम गन्तव्य छन्।

त्यसमध्ये कोरिया आम्दानीका हिसाबले राम्रो मानिन्छ। विगतमा कोभिडका कारण धेरै म्यानपावरले एक जना पनि श्रमिक विदेश पठाउन सकेका थिएन। अघिल्लो आवमा खाडी तथा मलेसियाको विकल्पमा नयाँ श्रम गन्तव्यको खोजी गर्न नसक्दा २५१ म्यानपावरको कारोबार नै शून्य भएको थियो। कोरोना सङ्क्रमणका कारण खुम्चिएको श्रम गन्तव्यको विस्तार गर्न नसक्दा विदेश जाने मात्र नभई म्यानपावरमा कार्यरत हजारौँ कर्मचारीसमेतले रोजगारी गुमाएका थिए।

## म्यानपावर नवीकरण गर्न डिजिटल ठेगाना अनिवार्य

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २६ गते*

वैदेशिक रोजगार विभागले अबदेखि इजाजत प्राप्त वैदेशिक रोजगार व्यवसायी संस्था (म्यानपावर) नवीकरण गर्दा संस्था रहेको डिजिटल ठेगाना खुल्ने गरी 'गुगल प्लस कोड' उपलब्ध गराउनुपर्ने जनाएको छ। विभागका अनुसार म्यानपावरको वेबसाइटमा समेत गुगल लोकेसन अनिवार्य राख्नुपर्ने प्रावधान गरेको हो।

विभागले म्यानपावर कम्पनी, अभिमुखीकरण तालिम प्रदान गर्ने संस्थाहरू, केयरगिभरसम्बन्धी सिप विकास तालिमप्रदायक संस्था, घरेलु श्रमिकसम्बन्धी सिप विकास तालिमप्रदायक संस्थालगायत सबैलाई तोकिएको समय अवधिभित्र इजाजतपत्र/अनुमतिपत्र नवीकरण गर्न आग्रह गरेको छ।

विभागका महानिर्देशक कमलप्रसाद भट्टराईले कानुनमा भएको व्यवस्था अनुसार प्रत्येक वर्ष असार महिनाभित्र इजाजत प्राप्त संस्था एवं अभिमुखीकरण तालिमप्रदायक संस्था नवीकरण गरिसक्नुपर्ने र असोज मसान्तभित्र म्यानपावरका शाखा कार्यालय नवीकरण गरिसक्नुपर्ने बताउनुभयो। उहाँका अनुसार विभागले एक हजार ४३ कानुनी रूपमा दर्ता भएका म्यानपावरलाई श्रम सम्झौता भएका देशमा कारोबार गर्न अनुमति दिइएको छ।

# क्षति कम गर्न टोली गठन

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २६ गते*

'लम्पी स्किन' र अफ्रिकन स्वाइन फिभरको सङ्क्रमण पशुमा देखिन थालेपछि पशुसेवा विभागले क्षति कम गराउन र समयमै वास्तविक तथ्याङ्क सम्बन्धित निकायसम्म ल्याउने संरचना बनाएको छ।

गाईभैँसीमा लाग्ने 'लम्पी स्किन' तथा सुँगुर, बङ्गुर र बँदेलमा अफ्रिकन स्वाइन फिभरको सङ्क्रमण देखिएको भन्दै विभागले सतर्कता अपनाउन आग्रह गरेको छ।

विभागले सूचना जारी गर्दै नेपालका विभिन्न स्थानमा यस्तो सङ्क्रमण देखा परेको र अफ्रिकन स्वाइन फिभरको औषधी हालसम्म नबनेकाले जैविक सुरक्षाका उपाय अपनाउन अनिवार्य हुने विगागले जनाएको छ।

"रोग नियन्त्रणका लागि नियमित रूपमा पशुसेवा विभागले काम गरिरहेको छ," विभागका महानिर्देशक डा. रामनन्दन तिवारीले भन्नुभयो। सम्भावित जोखिम कम गर्न सूचना प्रणालीलाई बलियो पारिएको उहाँले बताउनुभयो।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले सङ्क्रमणको वस्तुगत अवस्था अध्ययन गरी तत्काल नियन्त्रण गर्न र प्रभावकारी उपाय पहिचान गर्न मातहतका निकायलाई परिचालन गर्न निर्देशन दिएको छ। 'लम्पी स्किन' र अफ्रिकन स्वाइन फिभरको सङ्क्रमण बढेलगत्तै कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीको अध्यक्षतामा सोमबार मन्त्रालयमा बैठक बसेको छ।

विज्ञसहित बसेको बैठकले पशुसेवा विभाग अन्तर्गतका वरिष्ठ पशु चिकित्सकको नेतृत्वमा सङ्क्रमणको अवस्थाबारे जानकारी लिने टोली गठन भएको छ।

पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, प्रदेशको मन्त्रालय अन्तर्गतका सम्बन्धित अधिकृत र स्थानीय तहका अधिकृतसमेतको सहभागितामा टोली गठन गरी तत्काल रोग देखा परेका क्षेत्रमा परिचालन गर्ने निर्णय भएको पशुसेवा विभागका उपमहानिर्देशक डा. सुजन रानाले जानकारी दिनुभयो।

## सिन्धुलीलाई चार अर्ब अनुदान

**सिन्धुली समाचारदाता**
*सिन्धुलीमाढी, जेठ २६ गते*

सङ्घीय सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि अन्तरसरकारी वित्तीय हस्तान्तरण शीर्षक अन्तर्गत सिन्धुली जिल्लाका लागि चार अर्ब नौ करोड सात लाख रुपियाँ अनुदान वितरण गर्ने भएको छ। जिल्लाका नौ वटै स्थानीय तहलाई वित्तीय समानीकरण, ससर्त, विशेष र समपूरक अनुदानका लागि यो रकम विनियोजन गरिएको हो। उक्त रकममध्ये चालुतर्फ तीन अर्ब ७९ करोड ६० लाख रुपियाँ र पुँजीगततर्फ २९ करोड ४७ लाख रुपियाँ रहेको छ। पालिकालाई ससर्त अनुदानमा दुई अर्ब ८८ करोड ७१ लाख रुपियाँ विनियोजन भएको छ।

उक्त रकममध्ये चालुतर्फ दुई अर्ब ६९ करोड ७२ लाख रुपियाँ र पुँजीगततर्फ १८ करोड ९९ रुपियाँ रहेको छ।


**नेपाल सरकार**
**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय**
**बुद्धनगर, काठमाण्डौ।**

**समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय, बुद्धनगर, काठमाण्डौको १५ दिने लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आह्वानको दोश्रो सूचना**

**पुनः सूचना प्रकाशित मिति : २०८२/०२/२७**

सहकारी ऐन २०७४ को दफा १०४ को उपदफा (२) बमोजिम नेपाल सरकारबाट मिति २०७९/०६/०७ मा ओरेन्टल को-अपरेटिभ लिमिटेड मैतिदेबीलाई समस्याग्रस्त घोषणा गरी सो सस्थाको सम्पत्ति तथा दायित्व भुक्तानीको लागि गर्ने जिम्मा सोही ऐनको दफा १०५ अनुसार गठित यस समितिसमक्ष लेखि आएको, संस्थाका ऋणि सदस्य एवं सञ्चालकहरुबाट संस्थालाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना, जरिवाना तिर्न बुझाउनको लागि सहकारी नियमावली २०७५ को परिच्छेद ८ को नियम ३० को उपनियम (१) देहाय (क) र (ख) बमोजिम पत्राचार गर्दा, पत्रपत्रिकामा सूचना प्रकाशित गर्दा समेत आफ्नो दायित्व फरफारक नगरेकाले संस्थाको नाममा रहेको यस समितिबाट रोक्का राखिएका तपशिल बमोजिमका जग्गाहरु सहकारी नियमावली २०७५ को परिच्छेद ८ को नियम ३० को उपनियम २ को खण्ड (च) बमोजिम चलनचल्तीको मूल्य कायम गरी सोहि नियम बमोजिमको राष्ट्रिय स्तरको पत्रिकामा लेना रकम असुलीको लागि मिति २०८२/०१/१० मा प्रकाशित सूचनामा शिलबन्दी निवेदन प्राप्त हुन नआएकोले तपशिल बमोजिमको शर्तको अधिनमा रहि १५ (पन्ध्र) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको छ। इच्छुक बचतकर्ता, संस्था तथा व्यक्तिले सकार्न चाहेमा गोप्य शिलबन्दी निवेदन पेश गर्नु हुन सरोकारवाला सबैको लागि यो सूचना प्रकाशित गरिएको छ। विस्तृत जानकारीको लागि यस समितिको **Website: www.coopmc.gov.np** मा गई हेर्न सक्नु हुनेछ।

**(क) लिलाम बिक्री हुने सम्पति र मूल्य :**

| सि.नं. | ज.ध. नाम थर | ठेगाना | जग्गाको विवरण | | | हालको ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | वडा नं. | कि.नं. | क्षेत्रफल | | |
| १. | ओरेन्टल को-अपरेटिभ लिमिटेड | चितवन शाखा | भरतपुर-३ क | ३३३३ | ०-०-१०-० | भरतपुर म.न.पा- १२ | |
| २. | " " " | " " " | मंगलपुर-४ ख | ९३४ | ०-२-०-० | भरतपुर.म.न.पा- १६ | |
| ३. | " " " | " " " | मंगलपुर- ५ ख | ३७६ | ०-३-०-० | भरतपुर.म.न.पा -१६ | |
| ४. | " " " | " " " | पञ्चकन्या-९ क | ७५२ | ०-२-५-० | रत्ननगर न.पा.- १३ | |
| ५. | " " " | " " " | पञ्चकन्या-९ क | ५५५ | ०-१-९.५-० | रत्ननगर न.पा.- १३ | |
| ६. | " " " | " " " | चैनपुर-९क | २८० | ०-५-१०-० | खैरहनी न.पा.- ४ | |

**(ख) शर्तहरु:**
१. माथि उल्लेखित जग्गा जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा खरिद गर्न बोलपत्र पेश गर्नु पर्नेछ।
२. इच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा रु.२,०००।- बुझाई बोलपत्र फाराम खरिद गर्न सकिनेछ।
३. यो सूचना प्रकाशित भएको मितिले १६औं दिन अपरान्ह १:०० बजे सम्म बोलपत्र पेश गरि सक्नु पर्नेछ। यसरी पेश भएका बोलपत्रहरु सोही दिन १:३० बजे यसै समितिको कार्यालयमा बोलपत्रवाला वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ।
४. शिलबन्दी बोलपत्र फाराममा आफुले बोलकबोल गरेको रकम केरमेट नगरी अङ्क र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। बोलपत्र दाखिल गरे पछि त्यसमा कुनै किसिमको हेरफेर केरमेट गर्न पाइने छैन र बोलपत्र शर्त रहित हुनु पर्नेछ।
५. बोलपत्र पेश गर्ने व्यक्तिको हकमा निजले नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र फर्म, संगठित संस्था वा कम्पनीले इजाजतपत्र, दर्ता प्रमाणपत्र, मूल्य अभिवृध्दि कर र आयकर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सहित स्वयं उपस्थित हुनु पर्नेछ।
६. इच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले कबुल गरेको अङ्कको १० (दश) प्रतिशत रकम कृषि विकास बैंक लिमिटेड पुतलीसडकमा रहेको यस समितिको बैंक खाता सहकारी व्यवस्थापन समिति ओरेण्टल (Sahakari Byabasthapan Samiti Oriental) खाता नं. ०२०९९०१३०८७९८०२४ मा जम्मा गरि सो को सक्कलै भौचर बोलपत्र साथ पेश गर्नु पर्नेछ।
७. इच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीको नाममा खरिद भएको बोलपत्र अर्को व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीको नामबाट पेश गर्न पाइने छैन।
८. इच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले एक्लै वा संयुक्त उपक्रम मार्फत बोलपत्र प्रक्रियामा सहभागी हुनु पर्नेछ। यसरी सहभागी हुन चाहने वढिमा ३ (तीन) व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीको मात्र संयुक्त उपक्रममा सम्झौता मान्य हुनेछ, साथै सो उपक्रममा सम्झौताको प्रति बोलपत्रसाथ अनिवार्य रुपमा सलग्न गर्नु पर्नेछ।
९. बोलपत्र पेश गर्दा प्रत्येक कित्ताको छुट्टा-छुट्टै बोलपत्र पेश गर्नु पर्नेछ।
१०. बोलपत्रको बाहिर खाममा कुन कित्ताको लागि बोलपत्र पेश गरेको हो स्पष्ट उल्लेख गर्नु पर्नेछ।
११. बोलपत्र प्रत्येक कित्ताको छुट्टा-छुट्टै दर्ता गरि सोहि अनुसार खोलिनेछ।



**नेपाल बैंक लिमिटेड**
**NEPAL BANK LIMITED**

**प्रधान कार्यालय, कर्जा असुली विभाग**

**नेपाल बैंक लिमिटेडको सुरक्षणमा रहेको घरजग्गा लिलामीको ३५ (पैंतीस) दिने सूचना**

**(प्रथम पटक प्रकाशित मिति : २०८२/०२/२७)**

यस बैंकका तपसिलका ऋणीहरूले निम्न शाखाबाट लिएको कर्जा अन्तर्गतको साँवा ब्याज नियमित रूपमा नतिरेको हुँदा उक्त कर्जा असुलीका लागि पटक-पटक तर-ताकेता गर्दा पनि कर्जा चुक्ता नगरेकोले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिन (अर्थात् मिति २०८२/०३/३० गते) भित्रमा तपसिलमा उल्लिखित ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरूलाई सम्बन्धित शाखामा सम्पर्क राखी कर्जा चुक्ता गर्न/गराउनुहुन यो अन्तिम मौका दिइएको छ। उक्त म्यादभित्र पनि कर्जा चुक्ता नगरेमा तपसिलमा उल्लिखित ऋणी/सञ्चालक/साझेदार तथा अन्य सम्बन्धित पक्षलाई कालोसूचीमा नाम समावेश गर्नका लागि दिइने ३५ दिने सूचनाको म्याद समेत आजकै मितिबाट प्रारम्भ हुनेछ। साथै कर्जा सुरक्षणार्थ लेखिदिएको तपसिलमा उल्लिखित घर-जग्गा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी बैंक आफैंले लिलाम बिक्री गर्ने भएकोले उक्त लिलाममा डाँक बढाबढ गरिलिन चाहने इच्छुक महानुभावहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३६औँ दिन (अर्थात् मिति २०८२/०३/३१ गते) उक्त दिन बिदा परेमा सोको भोलिपल्ट वा लगत्तै कार्यालय खुलेको दिनको बिहान ११:०० बजे यस बैंकको तपसिलमा उल्लिखित शाखामा उपस्थित भई आफूले सकार गर्न चाहेको मूल्यमा बोल-कबोल गर्नुहुन यसै सूचनाद्वारा आह्वान गरिन्छ।

लिलाम बढाबढमा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिले कबोल गरेको रकमको १० प्रतिशत रकम नगदै धरौटी स्वरूप तत्कालै सोही दिन बैंकमा जम्मा गर्नुपर्नेछ। बोलकबोल स्वीकृत रकममै बैंकले धितो सुरक्षण दिने निर्णय गरेमा त्यसको सूचना दिएको ३५ दिनभित्र कबोल गरेको रकमको बाँकी सम्पूर्ण रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापतको रकम जफत हुनेछ। कबोल मूल्यमा लिलाम बिक्री गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ। उल्लिखित सुरक्षण घर-जग्गाको बारेमा थप जानकारी चाहिएमा कार्यालय समयभित्र सम्बन्धित शाखामा सम्पर्क राखी आवश्यक जानकारी लिन सकिनेछ। साथै, कर्जा सुरक्षणार्थ रहेको उल्लिखित घर-जग्गाबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा कर्जा सम्झौता र प्रचलित नियम कानून बमोजिम ऋणी, सञ्चालक तथा जमानीकर्ताहरूको अन्य चल अचल जायजेथा/श्रीसम्पत्तिबाट बाकी लेना रकम असुल उपर गरीने व्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरीन्छ।

तपसिल

**आदर्शनगर शाखा** (चालु पूँजी कर्जा)

| १ | ऋणी फर्म/कम्पनीको विवरण | प्रोप्राइटरको विवरण | व्यक्तिगत धनजमानीकर्ताहरूको विवरण | |
|---|---|---|---|---|
| | **जय सप्लायर्स**<br>ठेगाना : वीरगञ्ज-१७, गण्डक, पर्सा<br>दर्ता नं.: ३२८७७/०७१/०७२, वाणिज्य कार्यालय, वीरगञ्ज, पर्सा<br>मितिः २०७१/०९/२२<br>पान नं.: ६०२८९८७२६, वीरगञ्ज<br>मितिः २०७१/०९/२४ | **जय कुमार साह कानु**<br>ठेगानाः बहुअरी-१, बारा<br>बाबुः बासी साह कानु<br>बाजेः देव नारायण साह<br>ना.प्र.नं.: १३४०।०६१२, बारा<br>मिति : २०४५/०२/१६<br>प्रतिलिपिः २०७३/०२/२७ | **राजु कुमार साह**<br>ठेगानाः बहुअरी-१, बारा<br>बाबु : जय कुमार साह कानु<br>बाजे : बासी साह कानु<br>ना.प्र.नं.: ३३३०८९।१०,बारा<br>मिति : २०७०/०२/११ | **गिता देवी साह कानु**<br>ठेगाना : बहुअरी-१, बारा<br>पति : जय कुमार साह कानु<br>ससुरा : बासी साह कानु<br>ना.प्र.नं.: ४५०२, बारा<br>मिति : २०६२/१२/०९ |

| व्यक्तिगत धनजमानीकर्ताको विवरण | सुरक्षणको विवरण |
|---|---|
| **मिथिलेश कुमार साह**<br>ठेगानाः परवानीपुर-५, बारा<br>बाबुः जय कुमार साह कानु, बाजेः बासी साह कानु<br>ना.प्र.नं.: ३३-०१-७४-०८७५०, बारा<br>मिति : २०७४/०९/१३ | बासी साह कानुकी बुहारी, जय कुमार साह कानुकी पत्नी, गिता देवी साह कानुको नाममा मालपोत कार्यालय बारामा दर्ता स्रेस्ता कायम रहेको बारा जिल्ला, बहुअरी-१, स्थित कि.नं. १४७७ को क्षेत्रफल ०-१-० को जग्गा/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत |

**गोदार शाखा** (व्यक्तिगत अधिविकर्ष कर्जा)

| १ | ऋणी फर्म/कम्पनीको विवरण | प्रोप्राइटरको विवरण | व्यक्तिगत धनजमानीकर्ताहरूको विवरण | सुरक्षणको विवरण |
|---|---|---|---|---|
| | **राम प्रसाद मण्डल धानुक**<br>ठेगाना : सोनिगामा-४, धनुषा<br>बाबु : जगदिश मण्डल धानुक<br>बाजे : कारो मण्डल धानुक<br>ना.प्र.नं. १७८९९३४०६०, धनुषा<br>मिति :२०४६।१०।०२ | **रिता देबी मण्डल**<br>ठेगानाः सोनिगामा-४, धनुषा<br>पति : राम प्रसाद मण्डल<br>ससुरा : जगदिश मण्डल धानुक<br>ना.प्र.नं. ८९९४४६०७, धनुषा<br>मितिः २०५७।११।१६<br>प्रतिलिपिः २०७७/१२/१२ | **राम एकवाल मण्डल धानुक**<br>ठेगानाः सोनिगामा-४, धनुषा<br>बाबुः जगदिश मण्डल धानुक<br>बाजेः कारो मण्डल धानुक<br>ना.प्र.नं. ८९९३४७९६, धनुषा<br>मिति : २०४६/१०/०४ | जगदिश मण्डल धानुककी बुहारी, राम प्रसाद मण्डलकी पत्नी रिता देबी मण्डलको नाममा मालपोत कार्यालय धनुषामा दर्ता स्रेस्ता कायम रहेको धनुषा जिल्ला, साबिक सोनिगामा-१क, स्थित कि.नं. ५३९ को क्षेत्रफल ०-५-५ बिगाहाको जग्गा/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत। |

**झुम्का शाखा** (चालु पूँजी कर्जा, व्यक्तिगत आवधिक कर्जा)

| १ | ऋणी फर्म/कम्पनीको विवरण | ऋणी प्रोपाइटर | ऋणी/धनजमानीकर्ताको विवरण | व्यक्तिगत धनजमानीकर्ताको विवरण |
|---|---|---|---|---|
| | **रोजिना टुर्स एण्ड ट्राभल्स प्रा.लि.**<br>ठेगानाः विराटनगर म.न.पा.-३, मोरङ<br>दर्ता नं.: ३४२९०।०६१।६२, कम्पनी रजिस्ट्रारको कार्यालय, त्रिपुरेश्वर<br>मिति : २०६२।०१।२९<br>पान नं. : ३०१९२३२५५, विराटनगर<br>मिति : २०६२।०४।०५ | **विश्व बहादुर गुरुङ्ग**<br>ठेगाना : अमडुवा-५, सुनसरी<br>बाबु : परमेश्वर गुरुङ्ग<br>बाजे : अनुपलाल गुरुङ्ग<br>ना.प्र.नं.: ०६, सुनसरी<br>मिति : २०५२।०४।०८ | **सुनिता कुमारी गुरुङ्ग**<br>ठेगाना : अमडुवा-५, सुनसरी<br>पति : विश्व बहादुर गुरुङ्ग<br>ससुरा : परमेश्वर गुरुङ्ग<br>ना.प्र.नं.: ८४८।०६३०२७, सुनसरी<br>मिति : २०६३।११।०६ | **परमेश्वर गुरुङ्ग**<br>ठेगाना : अमडुवा-५, सुनसरी<br>बाबु : अनुपलाल गुरुङ्ग<br>बाजे : बच्चि बहादुर गुरुङ्ग<br>ना.प्र.नं.:८१क।१६,सुनसरी<br>मिति :२०३४।१०।२५ |

| व्यक्तिगत धनजमानीकर्ताहरूको विवरण | | सुरक्षणको विवरण |
|---|---|---|
| **अलखि गुरुङ्ग**<br>ठेगाना : अमडुवा-५, सुनसरी<br>पति : परमेश्वर गुरुङ्ग<br>ससुरा : अनुपलाल गुरुङ्ग<br>ना.प्र.नं.: ५९७।६६, सुनसरी<br>मिति : २०४६।१०।०१ | **रोजिना गुरुङ्ग**<br>ठेगाना : विराटनगर-३, मोरङ<br>बाबु : विश्व बहादुर गुरुङ्ग<br>बाजे : परमेश्वर गुरुङ्ग<br>ना.प्र.नं.: ०५-०१-७५-११130, मोरङ<br>मिति :२०७५।१२।१५ | १) परमेश्वर गुरुङ्गकी बुहारी, विश्व बहादुर गुरुङ्गकी पत्नी, सुनिता कुमारी गुरुङ्गको नाममा मालपोत कार्यालय विराटनगर मोरङमा दर्ता स्रेस्ता कायम रहेको मोरङ जिल्ला, साबिक कञ्चनबारी-५(ख), स्थित कि.नं. ७७२ को क्षेत्रफल ०-१-७-२ बिगाहाको जग्गा/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत।<br>२) बच्चि बहादुर गुरुङ्गको नाति, अनुपलाल गुरुङ्गको छोरा, परमेश्वर गुरुङ्गको नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीमा दर्ता स्रेस्ता कायम रहेको सुनसरी जिल्ला, साबिक इनरुवा-३(क), स्थित कि.नं. १९११ को क्षेत्रफल ०-०-१६-० बिगाहाको जग्गा/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत। |

**बालाजु शाखा** (८५औं एनिभर्सरी चालु पूँजी कर्जा, अटो लोन, डिमाण्ड लोन, महिला उद्यमशील कर्जा)

| १ | ऋणी फर्म/कम्पनीको विवरण | सझेदारहरूको विवरण | | ऋणी फर्म/कम्पनीको विवरण | प्रोपाइटरको विवरण |
|---|---|---|---|---|---|
| | **डि एण्ड टि गार्मेन्ट**<br>ठेगानाः टोखा न.पा.-९, काठमाडौँ<br>दर्ता नं.: ४२४२।१३७, घरेलु तथा साना उद्योग कार्यालय, काठमाडौँ<br>मिति : २०७०।०९।११<br>पान नं. : ६०२५९०२०२ बालाजु<br>मिति : २०७१।०६।२३ | **एविलाल भट्टराई**<br>ठेगानाः वाइसी विचवा-८ कञ्चनपुर<br>बाबु : छबिलाल भट्टराई<br>बाजे : हेमलाल भट्टराई<br>ना.प्र.नं.: २०२७/०४४<br>जारी जिल्लाः कञ्चनपुर<br>मिति : २०५४।०६।०२ | **डम्बर थापा**<br>ठेगानाःशनिश्चरे-४ झापा<br>बाबु : दिल बहादुर थापा<br>बाजे : भिम बहादुर थापा<br>ना.प्र.नं.: ८२३१३७८९, झापा<br>मिति : २०४४/१२/१९<br>प्रतिलिपि : २०६२/०१/२० | **मेची महाकाली ट्रेड एण्ड सप्लायर्स**<br>ठेगानाः का.म.न.पा.-२२, काठमाडौँ<br>दर्ता नं.: ५५८९, काठमाडौँ महानगरपालिकाको कार्यालय, वडा नं. २२<br>मिति : २०७७।०९।०२<br>पान नं.: ६१४५७२७२२ नयाँसडक<br>मिति : २०७७।०९।०७ | **प्रतिमा दाहाल**<br>ठेगानाः गरामनी-२, झापा<br>पति : एबिलाल भट्टराई<br>ससुरा : छबिलाल भट्टराइ ना.प्र.नं.: ३५७४४५५६<br>जारी जिल्ला : झापा<br>मिति : २०६१।१०।०६ |

| व्यक्तिगत धनजमानीकर्ताहरूको विवरण | | | |
|---|---|---|---|
| **एविलाल भट्टराई**<br>ठेगानाः वाइसी विचवा-८, कञ्चनपुर<br>बाबु : छबिलाल भट्टराई<br>बाजेः हेमलाल भट्टराई<br>ना.प्र.नं.: २०२७/०४४, कञ्चनपुर<br>मिति : २०५४।०६।०२ | **डम्बर थापा**<br>ठेगानाः शनिश्चरे-४,झापा<br>बाबु : दिल बहादुर थापा<br>बाजे : भिम बहादुर थापा<br>ना.प्र.नं.: ८२३१३७८९, झापा<br>मिति : २०४४/१२/१९<br>प्रतिलिपि : २०६२/०१/२० | **मेनुका देवी भट्टराई**<br>ठेगानाः वाइसी विचवा-८, कञ्चनपुर<br>पति : छबिलाल भट्टराइ<br>ससुरा : हेमलाल भट्टराई<br>ना.प्र.नं.: ०५६९१२१४, कञ्चनपुर<br>मिति : २०४५।०२।१३ | **प्रतिमा दाहाल**<br>ठेगानाः गरामनी-२, झापा<br>पति : एबिलाल भट्टराई<br>ससुरा : छबिलाल भट्टराई<br>ना.प्र.नं.: ३५७४४५५६, झापा<br>मिति : २०६१।१०।०६ |

| व्यक्तिगत धनजमानीकर्ताहरूको विवरण | | | |
|---|---|---|---|
| **मिना थापा**<br>ठेगानाः मेचिनगर न.पा-१०, झापा<br>पतिः डम्बर थापा<br>ससुराः दिल बहादुर थापा<br>ना.प्र.नं.: ६४३८५४९, झापा<br>मिति : २०६२।०२।०१<br>प्रथम प्रतिलिपि : २०७२।०१।२७ | **पार्वती देवी थापा क्षेत्री**<br>ठेगानाः शनिश्चरे-९,झापा<br>पतिः दिल बहादुर थापा<br>ससुराः भिम बहादुर थापा<br>ना.प्र.नं.: ८२३१३२८५, झापा<br>मिति : २०५१।०५।०२ | **दिल बहादुर थापा क्षेत्री**<br>ठेगानाः शनिश्चरे-२, झापा<br>बाजेः कबि राज थापा<br>बाबुः भिम बहादुर थापा<br>ना.प्र.नं.: ८२३१३२८४, झापा<br>मिति : २०२२।११।१४ | **मिराज थापा**<br>ठेगानाः मेचिनगर न.पा-६, झापा<br>बाजेः दिल बहादुर थापा<br>बाबुः डम्बर थापा<br>ना.प्र.नं.: ०४-०१-७५-०७३०८, झापा<br>मिति : २०७५।०७।१३ |

**सुरक्षणको विवरण**

१) दिल बहादुर थापाकी बुहारी, डम्बर थापाकी पत्नी, मिना थापाको नाममा भूमिसुधार तथा मालपोत कार्यालय, इनरुवा, सुनसरीमा दर्ता स्रेस्ता कायम रहेको सुनसरी जिल्ला, ईटहरी उ.प.न.पा.-८ख, स्थित कित्ता नं. ३७२२ क्षेत्रफल १६९.२९ वर्ग.मि.को जग्गा/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२) हेमलाल भट्टराईकी बुहारी, छबिलाल भट्टराईकी पत्नी मेनुका देवी भट्टराईको नाममा मालपोत कार्यालय बेलौरी, कञ्चनपुरमा दर्ता स्रेस्ता कायम रहेको कञ्चनपुर जिल्ला, साबिक वाइसी विचवा-८, स्थित कित्ता नं. ७५५ क्षेत्रफल ५६४५.९६ वर्ग मि.को जग्गा/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**नोट** : कित्ता नं. ३७२२ को लिलाम बढाबढ इटहरी शाखा मार्फत र कित्ता नं. ७५५ को लिलाम बढाबढ धनगढी शाखा मार्फत हुनेछ।

## अल्काराजलाई फ्रेन्च ओपन

**पेरिस**, जेठ २६ गते । स्पेनका कार्लोस अल्काराजले यानिक सिनरलाई आइतबार राति ४–६, ६–७ (४), ६–४, ७–६ (३), ७–६ (१०–२) ले हराएर फ्रेन्च ओपन पुरुष एकल उपाधि रक्षा गर्नुभएको छ। गत वर्ष अल्काराजले अलेक्ज्यान्डर जेरेभलाई हराएर उपाधि जित्नुभएको थियो।

अल्काराज र शीर्ष वरीयताका सिनरबिचको फाइनल पाँच घण्टा २९ मिनेट चलेको थियो। यो फ्रेन्च ओपनमा सबभन्दा लामो फाइनलको कीर्तिमान पनि हो। यसै गरी अल्काराज पाँचौँ पटक ग्रान्डस्लाम च्याम्पियन बन्नुभयो । अल्काराज अहिलेसम्म ग्रान्डस्लामको फाइनलमा हार्नुभएको छैन। सिनर भने पहिलो पटक ग्रान्डस्लामको फाइनलमा हार्नुभएको छ। एपी

## एमआइएस कप हुने

**काठमाडौँ** (गोरखापत्र), जेठ २६ गते । मोडर्न इन्डियन स्कुलको आयोजनामा एमआइएस कपको १३ औँ संस्करण हुने भएको छ।

विद्यालयस्तरीय एमआइएस कप–२०२५ असार ३ देखि ६ गतेसम्म हुने छ। प्रतियोगितामा १२ विद्यालयका छ सय भन्दा बढी विद्यार्थीको सहभागिता रहने आयोजकले जनाएको छ। प्रतियोगतामा क्रिकेट, टेबलटेनिस, ब्याडमिन्टन, फुटसल, बास्केटबल र चेस खेल समावेश गरिएको छ ।

एमआइएसका प्रिन्सिपल कर्नल (सेवानिवृत्त) राजु पिटरले प्रतियोगिता आयोजना गर्नुको उद्देश्य विद्यालयहरूबिच अन्तरक्रिया गर्नुका साथै विद्यार्थीलाई प्रतिस्पर्धा र उत्कृष्टता हासिल गर्न मञ्च प्रदान गर्नु हो भन्नुभयो।

## एनएसआरए राष्ट्रिय स्क्वासको तयारी

**काठमाडौँ** (गोरखापत्र), जेठ २६ गते । नेपाल स्क्वास र्‍याकेट्स सङ्घको आयोजनाा एनएसआरए राष्ट्रिय स्क्वास च्याम्पियनसिपको १३ औँ संस्करण हुने भएको छ। सो प्रतियोगिता सातदोबाटोस्थिति नेपाल स्क्वास सङ्घको एकेडेमी हलमा मङ्गलबार (आज) देखि जेठ ३१ सम्म हुने छ । आयोजकले यसपालि व्यक्तिगत र टिम इभेन्टमा प्रतिस्पर्धा हुने जनाएको छ।

प्रतियोगितामा पुरुषतर्फ छ प्रदेशको सहभागिता रहने छ। सहभागी छ प्रदेशलाई दुई समूहमा विभाजन गरिएको छ । पुल ‘ए’ मा गण्डकी, लुम्बिनी, मधेश तथा पुल ‘बी’ मा बागमती, कोशी र कर्णाली प्रदेश छन् । प्रतियोगिता लिग कम नकआउटका आधारमा हुने छ । हरेक पुलबाट शीर्ष दुई स्थानमा रहने टिम सेमिफाइनलमा पुग्ने छन् । टिम इभेन्टमा हरेक टिममा चार खेलाडी रहेका छन् । महिला टिम इभेन्ट्समा बागमती, गण्डकी र कोशी गरी तीन प्रदेशले भाग लिएका छन् । महिला टिम इभेन्ट्समा लिग चरणमा शीर्ष स्थानमा रहेको टिम च्याम्पियन बन्ने छ।

# एकदिवसीयमा नेपालको सर्वाधिक रन



तस्बिर सौजन्य : क्यान

**नेपालका दीपेन्द्र र सोमपाल स्कटल्यान्डविरुद्धको खेलमा रन लिने प्रयास गर्नुहुँदै ।**

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २६ गते*

जितको नजिक पुगेर प्राप्त हारले निराशा दिलाउँछ । अझ कीर्तिमान ‘रन चेज’ को अवसर आफ्नै हातमा भएर पनि असफल भएपछि नेपाली क्रिकेट टिम र समर्थकले आइतबार राति थप चोट पाएको अनुभव गरे।

आइसिसी विश्वकप लिग टुमा नेपाल स्कटल्यान्डसँग दुई रनले स्तब्ध भयो । स्कटल्यान्डको डन्डीस्थित फोर्थहिल क्रिकेट मैदानमा भएको खेलमा नेपाललाई कीर्तिमान खेल जित्न अन्तिम ओभरमा दुई विकेट बाँकी रहेको अवस्थामा मात्र सात रन जरुरी थियो। अझ अन्तिम बलमा तीन रन आवश्यक थियो तर स्कटल्यान्डका तिव्र गतिका बलर सफियान सरिफले मात्र चार रन खर्चेर ललित राजवंशी र करण केसीलाई आउट गरी नेपालको पक्षमा रहेको खेल उल्ट्याउनुभयो।

टस जितेर पहिले ब्याटिङ गरेको घरेलु टिमले निर्धारित ५० ओभरमा छ विकेट गुमाएर ३२३ रन बनाएको थियो । नेपाल अन्तिम बलमा ३२१ रनमा अलआउट भयो। खेल हारे पनि नेपाल अन्तर्राष्ट्रिय एकदिवसीय खेलमा सर्वाधिक स्कोर बनाउन सफल भयो। यसअघि ओमानविरुद्ध सन् २०२३ मा नेपालले बनाएको ३१० रन कीर्तिमानका रूपमा रहेको थियो। नेपालले एकदिवसीय अन्तर्राष्ट्रियमा तीन सयमाथि रन बनाएको दुई पटक मात्र हो।

भीम सार्की, दीपेन्द्रसिंह ऐरी र सोमपाल कामीले अर्धशतकीय पालि खेलेर नेपाललाई जितनजिक लग्नुभएको थियो । भीमले ८५ बलमा आठ चौकासहित सर्वाधिक ७३ रन बनाएर जितको आधार तयार गर्नुभयो। त्यसपछि उपकप्तान दीपेन्द्र र सोमपालले सातौँ विकेटका लागि गरेको १०५ रनको साझेदारीले नेपाललाई जित नजिक पुऱ्याएको थियो । दीपेन्द्रले ५१ बलमा ५६ रनको पालि खेल्दै एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेटमा एक हजार रन पनि पूरा गर्नुभयो।

सोमपालको पालि विशेष रह्यो । उहाँले ४४ बलमा तीन चौका र चार छक्कासहित ६७ रन बनाएपछि स्कटल्यान्ड ‘ब्याकफुट’ मा पुगेको थियो । आरिफ सेख (३९ रन) र (करण केसी १० बलमा १७ रन) को पालि पनि उल्लेख्य रह्यो। अन्य ब्याट्सम्यान कुशल भुर्तेलले १७, आसिफ शेखले आठ, कप्तान रोहित पौडेलले तीन र गुलसन झाले ११ रन बनाउनुभयो । सन्दीप लामिछाने तीन रनमा अविजित रहनुभयो।

तिव्र गतिका बलर म्याकेन्जी जोन्सले आसिफ, भीम र सोमपलको विकेट लिएर स्कटल्यान्डको जितमा महत्त्वपूर्ण भूमिका निर्वाह गरी अन्तर ष्ट्रिय क्रिकेटमा आफ्नो पदार्पण सम्झनलायक बनाउनुभयो। सरिफ, माइकल लिस्कले दुई/दुई तथा ब्रेन्डन म्यामुलेन र चार्ली केसलले एक/एक विकेट प्राप्त गर्नुभयो।

लिस्कले ब्याटबाट पनि ठुलो योगदान दिनुभयो। स्कटल्यान्ड ३० औँ ओभरमा १५४ रनमा चार विकेटको स्थितिमा छँदा क्रिजमा आउनुभएका लिस्कले १२ चौका र तीन छक्कासहित अविजित ९६ रन बनाएपछि स्कटल्यान्डले विशाल स्कोर खडा गरेको थियो । स्कटल्यान्डका लागि कप्तान रिची बेरिङ्टनले ११४ बलमा छ चौका र चार छक्कासहित १०२ रनको शतकीय पालि खेल्नुभयो । अलराउन्ड प्रदर्शन गर्ने लिस्क म्यान अफ दी म्याच बन्नुभयो।

नेपालका करण केसीले पहिलो स्पेलमै दुई विकेट लिएपछि स्कटल्यान्ड ५.४ ओभरमा २५ रनमा दुई विकेट गुमाएर सङ्कटमा थियो। कप्तान बेरिङ्टन र चार्ली टेयरले तेस्रो विकेटका लागि ९४ रनको साझेदारी गरेर घरेलु टिमलाई खेलमा फर्काउनुभयो। टेयरले ६५ बलमा नौ चौका प्रहार गर्दै ६८ रन बनाउनुभयो। त्यसपछि बेरिङ्टन र लिस्कले छैटौँ विकेटका लागि १२५ रन बनाएर नेपालको बलिङ आक्रमण छिन्नभिन्न पार्नुभयो । नेपालका लागि करण र दीपेन्द्रले दुई/दुई तथा ललितले एक विकेट लिनुभयो।

## पोर्चुगल नेसन्स लिग च्याम्पियन



तस्बिर : एपी

**पोर्चुगलका खेलाडी नेसन्स लिग ट्रफीका साथ ।**

**म्युनिख**, जेठ २६ गते । क्रिस्टियानो रोनाल्डोलाई अर्को ट्रफी, थप कीर्तिमान र प्रशंसाको ओइरो लागेको छ । पोर्चुगललाई नेसन्स लिगको उपाधि दिलाएपछि ४० वर्षीय रोनाल्डोको अहिले सबैतिर प्रशंसा भइरहेको छ। रोनाल्डोको नेतृत्वमा पोर्चुगलले सोमबार स्पेनलाई टाइब्रेकरमा ५–३ ले हराएर नेसन्स लिगको उपाधि जितेको छ। सो खेलमा रोनाल्डोले महत्त्वपूर्ण गोल पनि गर्नुभएको थियो।

पोर्चुगलका गोलरक्षक डिएगो कोस्टाले अल्भारो मोराटाले प्रहार गरेको चौथो पेनाल्टी जोगाएपछि पोर्चुगल च्याम्पियन बन्यो। टाइब्रेकरमा अन्य सबै खेलाडीले सफल प्रहार गरेका थिए।

निर्धारित र अतिरिक्त समयको खेल २–२ ले बराबरीमा सकिएको थियो । खेलको २१ औँ मिनेटमा लामिने यमालको पासमा मार्टिन जुबिमेन्डीको गोलबाट स्पेनले अग्रता बनाएको थियो। पाँच मिनेटपछि नै पोर्चुगलका २२ वर्षीय नुनो मेन्डिसले बराबरी गोल गर्नुभयो। खेलको ४५ औँ मिनेटमा मिकेल आयरजाबालले गोल गरेपछि स्पेन पुनः अगाडि भयो।

खेलको ६१ औँ मिनेटमा रोनाल्डोले गोल गरी पोर्चुगललाई जीवनदान दिलाउनुभयो । रोनाल्डोको यो कीर्तिमान १३८ औँ गोल भएको छ। पोर्चुगलका लागि पहिलो गोल गर्ने मेन्डिसको क्रसमा रोनाल्डोले गोल गर्नुभयो। दुवै गोलमा संलग्न भएपछि मेन्डिस म्यान अफ दी म्याच पनि बन्नुभयो।

यसै गरी किलियन एमबापेको गोलको सहयोगमा फ्रान्स आयोजक जर्मनीलाई २–० ले हराएर तेस्रो भयो। फ्रान्सका लागि ओलिसले पनि गोल गर्नुभयो। जर्मनीविरुद्ध गोल गरेर एमबापेले ५० अन्तर ष्ट्रिय गोलको कोसेढुङ्गा छुनुभएको छ । रोनाल्डोले आफ्नो खेल जीवनमा विभिन्न देशमा फरक फरक क्लबका लागि कैयौँ उपाधि जिते पनि पोर्चुगलका लागि जित्नु जस्तो ठुलो कुरा नभएको बताउनुभयो। एपी

## प्रदेशस्तरीय राष्ट्रपति रनिङ सिल्ड

**सुलीकोट समाचारदाता**
*सुलीकोट, जेठ २६ गते*

गण्डकी प्रदेशस्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता गोरखामा सुरु भएको छ। गण्डकी प्रदेश खेलकुद परिषद् पोखराको आयोजना तथा जिल्ला खेलकुद विकास समिति गोरखाको व्यवस्थापनमा सोमबारबाट प्रतियोगिता सुरु भएको गोरखा जिल्ला खेलकुद विकास समितिका अध्यक्ष राजन गुरुङले जानकारी दिनुभयो।

दुई दिनसम्म सञ्चालन हुने प्रतियोगिताको उद्घाटन गर्दै गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले स्रोतसाधनको अभावले गर्दा उत्कृष्ट खेलाडी तयार गर्न नसकेको बताउनुभयो। उहाँले गण्डकी प्रदेश सरकारले खेलाडीको सम्मानमा यो वर्ष खेल क्षेत्रमा बजेटको राम्रो व्यवस्था गर्ने बताउनुभयो । मुख्यमन्त्री पाण्डेले ओलम्पिक खेलहरूमा भाग लिने खेलाडीलाई मासिक रूपमा भत्ता दिने घोषणासमेत गर्नुभएको छ।

प्रतियोगिताको पहिलो दिनमा छात्रछात्राको तीन हजार, दुई सय, चार सय मिटर दौडका साथै लङजम्प खेलहरू भएको जिल्ला खेलकुद विकास समिति गोरखाले जनाएको छ । प्रतियोगितामा हाइजम्प, सटपुटलगायत ६५ खेल समावेश गरिएको पालुङटार नगरपालिकाका शिक्षा शाखाले जनाएको छ । प्रतियोगितामा गण्डकी प्रदेशभरिका ११ वटै जिल्लाले सहभागिता जनाएका छन्।

# कला / साहित्य

## सुनुवारको ‘ल्यान्डस्केपमा झुन्डिएको मौनता’

**काठमाडौँ** (गोरखापत्र), जेठ २६ गते । खुपेन सुनुवारको कवितासङ्ग्रह ‘ल्यान्डस्केपमा झुन्डिएको मौनता’ लन्डनमा विमोचन गरिएको छ । लेखकहरू गोपी सापकोटा, डा. सुमाया राई, काङमाङ नरेश राई, केदार सङ्केत, निर्भीकजङ्ग रायमाझी र लेखकले संयुक्त रूपमा पुस्तक सार्वजनिक गर्नुभयो।

‘नेपाली बुक्स युके’ तथा ‘साहित्य–सँगालो युके’ को संयुक्त आयोजनामा भएको कार्यक्रममा लेखक सापकोटाले कवि खुपेनले आफ्नो जीवन अनुभव र बाँचेको परिवेशलाई सरल भाषामा पस्किनुभएको बताउनुभयो। लेखक राईले खुपेनको एउटै कवितामा इतिहासदेखि आख्यानसम्म र भौतिकतादेखि दर्शनशास्त्रसम्म अटाएको उल्लेख बताउनुभयो । लेखक डा. राईले खुपेनका कविताहरूले मानवीय अस्तित्वको खोज गर्दै जीवनको सार्थकतामाथि जोड दिएको धारणा राख्नुभयो।

‘माया पब्लिकेसन’ काठमाडौँले प्रकाशित गरेको कवितासङ्ग्रहमा ६८ कविता समेटिएका छन्।

## डम्फु बाजाको प्रशिक्षण

**काठमाडौँ** (गोरखापत्र), जेठ २६ गते । तामाङ समुदायको हरेक चाडपर्वमा बजाइने डम्फु बाजा सिक्न चाहनेका लागि प्रशिक्षण आयोजना गरिएको छ। तामाङ डाजाङ (मञ्च) ले काठमाडौँ महानगरपालिका–१५ सँगको सहकार्यमा समुदायको मौलिक, सांस्कृतिक बाजा डम्फु प्रशिक्षण आयोजना गरेको हो। वडा नम्बर १५ का वडाध्यक्ष ईश्वरमान डङ्गोलले प्रशिक्षण उद्घाटन गर्दै वडाले मौलिक, सांस्कृतिक परम्पराको जगेर्नाका लागि सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।


तामाङ डाजाङका अध्यक्ष फूलकुमार बम्जनले तामाङ समुदायमा जन्मदेखि मृत्यु संस्कारमा समेत प्रयोग गरिने डम्फुको प्रवर्धनका लागि प्रशिक्षण आयोजना गरिएको बताउनुभयो । उहाँले समुदायको भाषा, वेशभूषासँगै सांस्कृतिक रीतिरिवाजको संरक्षण हुनुपर्ने मान्यतालाई व्यवहारमा उतार्न प्रशिक्षणले सहयोग गर्ने बताउनुभयो । प्रशिक्षणका सहभागीलाई तामाङ डाजाङका अध्यक्ष एवं गायक बम्जन र पवनवाङ लामाले प्रशिक्षण दिनुहुने छ।

## ‘सहीछाप’ सार्वजनिक

**काठमाडौँ** (गोरखापत्र), जेठ २६ गते। मुक्ता एन्ड विनय क्रिएसनको पहिलो प्रस्तुति ‘सहीछाप’ बोलको गीत सार्वजनिक गरिएको छ । डा. विनय दाहाल र मुक्ता पाण्डेको युगल स्वरमा रहेको गीतमा गीतकार डिपी खनालको शब्दरचना र देवेन्द्र बरालको सङ्गीत छ। गीत विश्व अधिकारीले एरेन्ज गर्नुभएको हो।

गीतमा सुरेश कोहली र सजना गुरुङको अभिनय छ भने गीतको भिडियोमा नवराज उप्रेतीको सिनेमाटोग्राफी र मनोज कार्कीको सम्पादन छ । गीत मौसम हिमालीले निर्देशन गर्नुभएको छ।

# सङ्गीत तथा नाट्यकलाको उत्सव



**प्रतिष्ठानकी कुलपति निशा पोखरेल उत्सवबारे जानकारी दिनुहुँदै ।**

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २६ गते*

नेपालको कला, संस्कृति, भाषा, साहित्य, गीतसङ्गीत, वेशभूषामार्फत सिङ्गो देशको चित्रण गरिने प्रदर्शनी, महोत्सव र उत्सवले ती क्षेत्रको विकास मात्र गर्दैन; संरक्षण र प्रवर्धनमा पनि ठुलो टेवा पुऱ्याउँछ। सातै प्रदेशको विविधतालाई एउटै मञ्चमा ल्याउँदा ती प्रदेशका लुकेका प्रतिभाको पहिचान मात्र भएको छैन, उनीहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चमा पाइला टेक्ने बाटो पनि खुलेको छ। यसै सिलसिलामा नेपाली लोकसङ्गीत, शास्त्रीय सङ्गीत, नाट्यकला र सांस्कृतिक विविधताको बहुआयामिक पक्षलाई समट्दै राष्ट्रिय सङ्गीत तथा नाट्य उत्सव–२०८२ आयोजना गरिने भएको छ।

उत्सवमा सातै प्रदेशका चर्चित तथा उदाउँदा कलाकारको सहभागिता रहने नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानकी कुलपति निशा पोखरेलले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, “यसले देशको सांस्कृतिक विविधतालाई एउटै मञ्चमा समेट्ने अमूल्य अवसर प्रदान गर्ने छ।” उहाँका अनुसार उत्सवको मूल उदेश्य नेपाली गीतसङ्गीत र नाट्यकला क्षेत्रको विकास, प्रवर्धन र मौलिकता संरक्षण गर्नु हो।

सातै प्रदेशका चर्चित तथा उदाउँदा कलाकारलाई एउटै मञ्चमा सहभागी गराइने यस उत्सवले नेपाली मौलिक धुन, वाद्ययन्त्र र नाट्य परम्पराको पुनरवलोकन गर्दै नवप्रवर्तनशील सिर्जनशीलता उजागर गर्न सहयोग पुग्ने उहाँले बताउनुभयो । उत्सवमा सङ्गीत, नाट्य र साहित्य विधाका बुद्धिजीवी, अनुसन्धाता, अग्रज स्रष्टा कलाकार, विद्यालय र क्याम्पसका विद्यार्थीलाई समेत सहभागी गराइने उत्सवका संयोजक उपकुलपति शम्भु राईले जानकारी दिनुभयो । बाह्य संस्कृतिको उपनिवेश एवं आन्तरिक सांस्कृतिक दबदबाका कारण अल्पसङ्ख्यक जाति–भाषी समुदायका लोकसंस्कृति लोपोन्मुख अवस्थामा पुगेकाले ती लोकसंस्कृतिको जगेर्नाका लागि पनि प्रज्ञा–प्रतिष्ठानले यस खाले उत्सव आयोजनाको रणनीति लिएको उपकुलपति राईले स्पष्ट पार्नुभयो । प्रतिष्ठानका सदस्यसचिव कुश्मा महराले उत्सवमा कोशी प्रदेशबाट आठपहरिया राई जातिको ढोल नाच, माखन्डासे गीत, मधेश प्रदेशबाट मिथिला सङ्गीत र भोजपुरी गीत, बागमती प्रदेशबाट घ्याङताङ निस्से नाच र फकन्दली नृत्य (नेपाल भाषा), गण्डकी प्रदेशबाट झाम्रे र यानीमाया नृत्य, लुम्बिनी प्रदेशबाट डिग्रे पैसरी र लस्के नृत्य, कर्णाली प्रदेशबाट टप्पा गीत र झ्याउरे नृत्य, सुदूरपश्चिमबाट देउडा र छलिया नृत्य प्रस्तुत हुने जानकारी दिनुभयो।

उत्सवमा सात प्रदेशका विभिन्न मौलिक गीतसङ्गीत तथा नृत्यको प्रस्तुतिका साथै लक्ष्मी मालीको कविता ‘आमा तिम्रो नाम के हो’ मा नाटक मञ्चन हुने छ। नाटकको निर्देशन तथा परिकल्पना वीरेन्द्र हमालले गर्नुहुने छ। नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानले सोमबार पत्रकार सम्मेलन गर्दै उत्सव जेठ ३० गते आयोजना हुने जानकारी दिएको छ।

## सम्पदा जोगाउन पदयात्रा



**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २६ गते*

नयाँ पुस्तालाई सम्पदाको पहिचानसहित सांस्कृतिक महत्त्व बुझाउने उद्देश्यले सोमबार काठमाडौँमा ‘सम्पदा पदयात्रा प्रतियोगिता–२०८२’ आयोजना गरिएको छ।

काठमाडौँ दरबार स्क्वायर पर्यटन प्रवर्धन सङ्घको आयोजना तथा बागमती प्रदेश सरकार संस्कृति तथा पर्यटन मन्त्रालयको सहयोगमा भएको प्रतियोगितामा स्काउट एकाइ सञ्चालन भइरहेका संस्थागत र सामुदायिक ३३ विद्यालयका ५०८ जनाको सहभागिता थियो । सङ्घका महासचिव पुरुषोत्तम डङ्गोलले सम्पदा यात्रा प्रतियागिता यो नै पहिलो भएको दाबी गर्नुभयो। कक्षा ८, ९ र १० मा अध्ययनरत छात्र र छात्राका आठ/आठ जनाको समूहले करिब आठ किलोमिटर दुरीका काठमाडौँको सम्पदा क्षेत्रहरूको यात्रा गरे।

महासचिव डङ्गोलले पदयात्रामा अवलोकन गरेका सम्पदाको नक्सा बनाउने, सम्पदाहरूका बारेमा दिइएको विवरणबारे प्रश्नोत्तर गरेपछि केही दिनमा विजेता घोषणा गरिने बताउनुभयो। सम्पदा पदयात्रा वसन्तपुरबाट सुरु भएर झोछेँ, फल्चासा चिलाछेँ, अट्कोनारायण, चिकंमुगल, भीमसेनस्थान, इलाछेँ, काष्ठमण्डप, गणेशस्थान, हनुमानढोका, मखन, इन्द्रचोक, बिजेश्वरी, धिमेल्वहँ स्वयम्भु हुँदै सरस्वती मन्दिरमा समापन गरिएको थियो।

प्रतियोगिताका संयोजक रञ्जनलाल श्रेष्ठले पुर्खाले छोडेर गएको नासो सम्पदालाई चिन्नु पर्छ, बुझ्नु पर्छ र जगेर्ना गर्नु पर्छ भनेर कार्यक्रम आयोजना गरिएको बताउनुभयो । बागमती प्रदेश सदस्य शैलेन्द्र वज्राचार्यले कार्यक्रमलाई पुस्तान्तरणका रूपमा लिएको बताउनुभयो।

## प्रदर्शनीमा कविता वाचन

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २६ गते*

‘राष्ट्रिय ललितकला प्रदर्शनी–२०८२’ को सन्दर्भ पारेर नेपाल ललितकला प्रज्ञा–प्रतिष्ठान र नेपाल प्रज्ञा–प्रतिष्ठानको संयुक्त आयोजनामा सोमबार ‘कविता वाचन कार्यक्रम’ सम्पन्न भएको छ।

नेपाल ललितकला प्रज्ञा–प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल ललितकला प्रज्ञा–प्रतिष्ठानका उपकुलपति लालकाजी लामा, नेपाल प्रज्ञा–प्रतिष्ठानका सदस्यसचिव डा. धनप्रसाद सुवेदी, नेपाल ललितकला प्रज्ञा–प्रतिष्ठानका सदस्यसचिव देवेन्द्रकुमार काफ्ले ‘थुम्केली’ तथा नेपाल ललितकला प्रज्ञा–प्रतिष्ठान र नेपाल प्रज्ञा–प्रतिष्ठानका प्राज्ञ परिषद् तथा प्राज्ञ सभा सदस्यहरूको सहभागिता थियो।

नेपाल प्रज्ञा–प्रतिष्ठानका कुलपति भूपाल राईले कविता वाचन गरेर सुरु गर्नुभएको कार्यक्रममा डा. रामप्रसाद ज्ञवाली, डा. विन्दु शर्मा, धीरेन्द्र प्रेमर्षि, स्नेह सायमी, अभय श्रेष्ठ, रूपक अलङ्कार, स्वप्निल स्मृति, चन्द्र रानाहँछा, लक्ष्मी रुम्बा, हिरा राना, प्रज्वल अधिकारी, प्रतिमा चौधरी, रेजिना खालिङ, तीर्थराज भट्ट, टङ्कराज सुनुवारले कविता वाचन गर्नुभएको थियो।

## थापाको गीतमा नाचे दर्शक

**गोरखापत्र समाचाचरदाता**
*काठमाडौँ, जेठ २६ गते*



**नारायण थापा**

काठमाडौँको नागार्जुन नगरपालिका–६ मा ‘कृषि सांस्कृतिक तथा व्यापार महोत्सव २०८२’ सम्पन्न भएको छ । लोकसंस्कृति प्रतिष्ठानले आयोजना गरेको महोत्सव अन्तर्गतको साङ्गीतिक कार्यक्रममा विभिन्न सङ्गीतकर्मीले आआफ्ना प्रस्तुति दिएका दिए । त्यस क्रममा गायक नारायण थापाले आफ्ना चर्चित गीत गाएर दर्शकलाई मन्त्रमुग्ध पार्नुभयो।

गायक थापाले ‘डबल पारेर’, ‘लेख्या माया पाइएन’, ‘माया जालैमा’, ‘मायाले’ लगायत आधा दर्जनभन्दा बढी आफ्ना चर्चित गीत गाउनुभएको थियो । गायक थापाका ‘बरपिपल’, ‘वनैमा फुल्ने’ जस्ता गीत चर्चित छन् । यसै गरी गायक प्रज्वलराज भट्ट, प्रतीक्षा काफ्लेलगायतले पनि आफ्नो प्रस्तुति दिनुभएको थियो।

### नेपाल राष्ट्र बैङ्क

केन्द्रीय कार्यालय, विदेशी विनिमय व्यवस्थापन विभाग

**नेपाल राष्ट्र बैङ्कले तोकेको विनिमय दर**

२०८२ साल जेठ २७ गते (जुन १०, २०२५) मङ्गलबारको विनिमय दर

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपियाँ | १०० को | रु १६०।०० | रु १६०।१५ |

खुला बजार विनिमय दर (नेपाल राष्ट्र बैङ्कको प्रयोजनका लागि)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| अमेरिकी डलर | १ को रु. | १३६।७० | १३७।३० |
| युरो | १ को रु. | १५६।०६ | १५६।७४ |
| पाउन्ड स्टर्लिङ | १ को रु. | १८५।३४ | १८६।१६ |
| स्विस फ्रैङ्क | १ को रु. | १६६।५९ | १६७।३२ |
| अस्ट्रेलियन डलर | १ को रु. | ८९।१८ | ८९।५७ |
| क्यानेडियन डलर | १ को रु. | ९९।९२ | १००।३६ |
| सिङ्गापुर डलर | १ को रु. | १०६।३३ | १०६।८० |
| जापानी येन | १० को रु. | ९।४७ | ९।५१ |
| चिनियाँ युआन | १ को रु. | १९।०४ | १९।१२ |
| साउदी अरब रियाल | १ को रु. | ३६।४५ | ३६।६१ |
| कतारी रियाल | १ को रु. | ३७।५१ | ३७।६८ |
| थाई भाट | १ को रु. | ४।१८ | ४।२० |
| संयुक्त अरब इमिरेट दिराम | १ को रु. | ३७।२२ | ३७।३८ |
| मलेसियन रिङ्गिट | १ को रु. | ३२।३१ | ३२।४५ |
| दक्षिण कोरियन वन | १०० को रु. | १०।०९ | १०।१३ |
| स्विडिस क्रोनर | १ को रु. | १४।२२ | १४।२८ |
| डेनिस क्रोनर | १ को रु. | २०।९२ | २१।०१ |
| हङ्कङ डलर | १ को रु. | १७।४२ | १७।४९ |
| कुवेती दिनार | १ को रु. | ४४६।०५ | ४४८।०१ |
| बहराइन दिनार | १ को रु. | ३६२।५५ | ३६४।१४ |
| ओमानी रियाल | १ को रु. | ३५५।०९ | ३५६।६५ |

**नोट**: यो विनिमय दरलाई बैङ्कले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ।
* वाणिज्य बैङ्कहरूले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ।
* अद्यावधिक विनिमय दर बैङ्कको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।

गोरखापत्र संस्थानका लागि कार्यकारी अध्यक्ष **विष्णुप्रसाद सुवेदी** तथा महाप्रबन्धक **लालबहादुर ऐरी**द्वारा गोरखापत्रको छापाखाना, धर्मपथ, काठमाडौँमा मुद्रित तथा प्रकाशित । पो.ब.नं. २३, काठमाडौँ, नेपाल । द.नं. ०२ । गो.हु.का.द.नं. ०९/०८१/०८२ । नि. प्रधान सम्पादक **जुनारबाबु बस्नेत**
सम्पादकीय : फोन नं. ०१–५३२२९२१, रिपोर्टिङ : ०१–५३४४४२९, डेस्क : ०१–५३५६०८४, **E-mail : gcreportin@gmail.com,** विज्ञापन शाखा : फोन नं. ०१–५३२७४९३, ०१–५३२६५२९, **E-mail : mgorkhapatra@gmail.com,** ग्राहक सेवा शाखा : ०१–५३२०६३८, टोल फ्री नं. १६६०–०१–९४४४४

१२५ वर्षमा

हाम्रो गौरव, राष्ट्रको पत्रिका

# गोरखापत्र

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः। gorkhapatraonline.com




विराटनगर संस्करण | अर्थबजार ▸ मर्यादित र सुरक्षित श्रमप्रति नेपाल प्रतिबद्ध : श्रममन्त्री | एकदिवसीयमा नेपालको सर्वाधिक रन १८

वर्ष १२५ | अङ्क ३५ | २०८२ साल जेठ २७ गते मङ्गलबार | ज्येष्ठ शुक्ल चतुर्दशी | नेपाल संवत् ११४५ तछलाथ्व १४ | 2025 June 10 Tuesday | पृष्ठ : १२+४+२ | मूल्य : दस रुपियाँ

## ‘ठाउँ अनुसार योजना बनाउनु पर्छ’



नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा

**गोरखापत्र समाचारदाता**
*ललितपुर, जेठ २६ गते*

पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले वैश्विक उष्णता (ग्लोबल वार्मिङ) ले नेपालमा ठुलो खतरा निम्त्याउन सक्ने बताउनुभएको छ।

कांग्रेसको आर्थिक नीति तथा योजना विभागले ‘बजेटमा समेटिएका आर्थिक नीति तथा योजनाको समीक्षा’ कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले अर्थतन्त्रमा सुधार गरी जलवायु परिवर्तनको सङ्कटसँग जुध्नुपर्ने पनि बताउनुभयो।

उहाँले जलवायु परिवर्तनले गर्दा समुद्री सतह बढेको, हिमाल नाङ्गिएको र हिमताल फुटेका उदाहरण प्रस्तुत गर्दै आगामी दिनमा त्यसले धेरै ठुलो असर पार्न सक्ने बताउनुभयो। उहाँले जलवायु परिवर्तनको असरको मारबाट जोगिनुपर्ने बताउनुभयो।

उहाँले भन्नुभयो, “ग्लोबल वार्मिङबाट नेपालमा सबैभन्दा ठुलो खतरा छ। नेपाल पीडित हुँदै छ। नेपालमा जङ्गल जोगाएकै छौँ। अब हिमाल जोगाउन लाग्नु पर्छ। विश्वव्यापी रूपमा नेपालले आवाज उठाउनु पर्छ।”


सभापति देउवाले नेपालको आर्थिक नीति र अवधारणा के हुने भन्ने कुरामा छलफल आवश्यक रहेको बताउनुभयो। उहाँले तराई/मधेश, पहाड, हिमालको भौगोलिक अवस्थिति अलग रहेकाले प्राथमिकता तोकेर विकासका काम अघि बढाउनुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, “भौगोलिक अवस्थालाई दृष्टिगत गरी ठाउँ अनुसार छुट्टै योजना बनाउनु पर्छ। बिपी कोइरालाले पनि गाउँकै कुरा गर्नुभएको थियो। गाउँकै समुन्नति र विकासले मात्रै देश समृद्ध हुन्छ भन्नुहुन्थ्यो। अहिले गाउँ रित्तिसके। गाउँ बस्न कोही तयार छैनन्। सहर र तराई/मधेश सरिसके। अब गाउँको विकासमा ध्यान दिनु पर्छ।”

पहाडमा हावापानी राम्रो छ, उत्पादनको हिसाबले पनि राम्रो छ। सुविधा पुऱ्याएर यहाँको सदुपयोग गर्नुपर्नेमा उहाँले जोड दिनुभयो। उहाँले भन्नुभयो, “गाउँका उत्पादित सामग्रीले बजार पाउनु पर्छ। सबै कुरालाई ध्यानमा राखेर योजना बनाउनु पर्छ।”

» बाँकी पृष्ठ २ मा

### काठमाडौँ-तराई/मधेश द्रुतमार्ग

# खोकना विवादमा प्रमको चासो



तस्बिर : प्रधानमन्त्रीको सचिवालय

**प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष सोमबार काठमाडौँ–तराई/मधेश द्रुतमार्गको सुरुविन्दु विवाद र समाधानका उपायबारे सुझावपत्र बुझाउँदै खोकना र बुङमतीका प्रतिनिधि।**

**भउचप्रसाद यादव**
*काठमाडौँ, जेठ २६ गते*

प्रधानमन्त्री केपी शर्मा ओलीले काठमाडौँ–तराई/मधेश द्रुतमार्गको प्रस्थानविन्दु विवाद र समाधानको उपायबारे ललितपुरको खोकना (प्रस्थान विन्दु) र बुङमतीका स्थानीयवासीसँग छलफल गर्नुभएको छ।

छलफलमा प्रधानमन्त्री ओलीले स्थानीय जनतालाई मर्का पर्ने गरी विकास गर्ने सरकारको ध्येय नभएको स्पष्ट गर्दै द्रुतमार्गको प्रस्थान विन्दुमा उठेका विवाद र यसको समाधानका लागि निर्णयमा पुग्नुपूर्व आफू एक पटक स्थलगत अवलोकनमा जाने जानकारी गराउनुभएको छ। सो अवसरमा रक्षा मन्त्रालयका सचिव रामेश्वर दङ्गाल, प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयका अधिकारी र नेपाली सेनाका प्रतिनिधिसमेत सहभागी हुनुहुन्थ्यो।

द्रुतमार्ग निर्माण भई सञ्चालनमा आएपछि खोकनाको जातीय तथा सांस्कृतिक सम्पदा नष्ट हुने, खोकना गाउँ नै विस्थापित हुने भन्दै खोकनावासीले सो क्षेत्र भएर द्रुतमार्ग निर्माणको विरोध गर्दै आएका छन् तर खोकना क्षेत्रमा ‘एलाइन्मेन्ट’ नै परिवर्तन गरिएकाले द्रुतमार्ग निर्माणले खोकनाको सिकाली मन्दिरलगायतका सम्पदामा कुनै असर नगर्ने द्रुतमार्ग आयोजनाले जनाएको छ। द्रुतमार्गको कुल लम्बाइ ललितपुरको खोकना (प्रस्थान विन्दु) देखि बाराको निजगढसम्म ७० दशमलव ९७७ किलोमिटर छ।

### डुकुछाप कायम गर्न सुझाव

स्थानीयवासीले खोकनामा द्रुतमार्गको सुरुविन्दु कायम गर्दा परम्परागत सभ्यता र संस्कृति मासिने भएकाले सो स्थलभन्दा साढे पाँच किलोमिटर तल डुकुछापमा प्रस्थानविन्दु कायम गर्न प्रधानमन्त्री ओलीलाई सुझाव दिएका छन्।

छलफलमा प्रधानमन्त्री ओलीलाई तत्कालीन खोकना गाविसका पूर्वअध्यक्ष मदनकृष्ण डङ्गोल, नेकपा (एमाले) ललितपुर महानगर कमिटीका अध्यक्ष ज्ञानेन्द्र शाक्य, स्थानीय जनसरोकार समितिका संयोजक नेपाल डङ्गोल, एमाले ललितपुर महानगर, वडा नम्बर २१ कमिटीका अध्यक्ष ज्ञानभक्त महर्जनसहितले द्रुतमार्गको प्रस्थानविन्दु विवाद र समाधानका लागि विभिन्न विकल्पसहितको सुझाव दिनुभएको छ।

### दुई वर्षमा पनि भएन समाधान

काठमाडौँ-तराई/मधेश द्रुतमार्ग आयोजनाको प्रस्थानविन्दु खोकना क्षेत्रको जग्गा प्राप्तिसम्बन्धी समस्या समाधानका लागि समिति गठन भएको दुई वर्ष बितिसक्दा पनि समस्या जस्ताको तस्तै रहेका छन्। खोकना क्षेत्रको जग्गा प्राप्तिसम्बन्धी समस्या समाधानको सम्बन्धमा विसं २०८० वैशाख ५ गते बसेको मन्त्रीपरिषद् बैठकले रक्षामन्त्रीको संयोजकत्वमा १५ सदस्यीय समिति गठन गर्ने निर्णय गरेको थियो। मन्त्रीपरिषद्को निर्णयपछि तत्कालीन उपप्रधानमन्त्री तथा रक्षामन्त्री

> द्रुतमार्गको प्रस्थानविन्दुमा उठेका विवाद र यसको समाधानका लागि निर्णयमा पुग्नुपूर्व प्रधानमन्त्रीले एक पटक स्थलगत अवलोकन गर्नुहुने।

पूर्णबहादुर खड्काको अध्यक्षतामा २०८० वैशाख १७ गते समितिको पहिलो बैठक बसी काम सुरु गरिएको थियो। समिति गठनपछि दुई जना रक्षामन्त्री फेरिनुभयो तर अहिलेसम्म समस्या समाधान हुन सकेको छैन। खोकनाको विवाद अझै टुङ्गिएको छैन। हाल तेस्रो रक्षामन्त्री कार्यरत हुनुहुन्छ।

खोकनाको जग्गा प्राप्ति विवाद समाधानका लागि त्रिभुवन विश्वविद्यालय, पुल्चोक इन्जिनियरिङ क्याम्पसले गरेको अध्ययन प्रतिवेदनले द्रुतमार्गको सुरुविन्दु खोकना नै उपयुक्त हुने सुझाव दिएको छ। नौ महिना लगाएर गरिएको अध्ययन प्रतिवेदन २०८० चैतमा रक्षा मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा बुझाइएको थियो। उक्त प्रतिवेदन बुझेपछि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले समेत सो क्षेत्रको अध्ययन गरेको थियो। मन्त्रालयले गरेको अध्ययन प्रतिवेदनले समेत आयोजनाको सुरुबिन्दु खोकना नै उपयुक्त हुने औँल्याएको थियो।

खोकनाको विवाद टुङ्गो नलाग्दा यस द्रुतमार्गको कुल लम्बाइ ७० दशमलव ९७७ किलोमिटरमध्ये ६.५ किलोमिटर खण्डमा अझै ठेक्का व्यवस्थापन हुन सकेको छैन। द्रुतमार्गको खोकना खण्डलाई आयोजनाको ‘प्याकेज नम्बर’ ११ मा राखिएको छ। समस्या समाधान हुन नसक्दा ठेक्कापट्टाको काम सुरु हुन सकेको छैन। सोसम्बन्धी केही काम अगाडि बढ्न सकेको छैन। पूरा ‘प्याकेज’ को काम नै सुरु हुन बाँकी छ। समस्या समाधान नभएसम्म काम सुरु गर्न नमिल्ने द्रुतमार्ग निर्माण व्यवस्थापनको जिम्मा पाएका नेपाली सेनाको भनाइ छ।

रक्षा मन्त्रालयका सहसचिव एवं प्रवक्ता मनोजकुमार आचार्यले समस्या समाधानका लागि गठित समितिले स्थानीयवासीसँग निरन्तर छलफल र संवाद गरी त्यहाँको समस्या समाधानका लागि काम गरिरहेको जानकारी दिनुभयो। उहाँका अनुसार खोकना खण्डमा कतिपय गुठीका जग्गा छन्, कति त भोगचलन गर्नेको नाममा जग्गा छैन। स्थानीय सरोकारका विषयलाई न्यायोचित रूपमा कसरी सम्बोधन गर्न सकिन्छ भनेर छलफल भइरहेको छ।

भारत र चीन जोड्ने त्रिदेशीय पारवहन मार्गका रूपमा विकसित हुने यस द्रुतमार्ग निर्माणपछि बाराको निजगढबाट एक घण्टा दुई मिनेटमा सङ्घीय राजधानी काठमाडौँ आइपुग्न सकिन्छ।

» बाँकी पृष्ठ २ मा

### अग्रलेख



## नीति-बहसको औचित्य

नीति एकातिर कार्यान्वयन गर्ने निकाय अर्कैतिर छन् भने लाभग्राही त कता हो कता। नीति कति सान्दर्भिक छन् भनेर नियमित रूपमा न पुनरवलोकन हुन सकेको छ, न कार्यान्वयन गर्ने निकायले नीति पल्टाएर हेर्छ न त नीतिबारे लाभग्राही नै सुसूचित छन्।

● डा. झमकुमार विश्वकर्मा

» विचार पृष्ठ ४

## ‘प्रतिक्रियावादीलाई परास्त गर्नु पर्छ’




माओवादी केन्द्र अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २६ गते*

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले परिवर्तन उल्ट्याउन खोज्ने प्रतिक्रियावादीलाई परास्त गर्नुपर्ने बताउनुभएको छ।

योङ कम्युनिस्ट लिग (वाइसिएल) नेपालको निर्वाचित कमिटीलाई सोमबार बधाई तथा शुभकामना दिने क्रममा अध्यक्ष प्रचण्डले सो कुरा बताउनुभएको हो। अध्यक्ष प्रचण्डले माओवादी, जनयुद्ध र वाइसिएललाई नकारात्मक रूपमा परिभाषित गर्न प्रतिक्रियावादी लागेकाले डटेर सामना गर्न निर्देशन दिनुभयो।

“देशको राजीतिक परिस्थिति सबैले बुझ्नुभएकै छ। विभिन्न कार्यक्रम र सभाहरूमा भनेकै छु। प्रतिक्रियावादी, प्रतिगमनकारीले जनयुद्ध र जनआन्दोलनबाट प्राप्त उपलब्धिलाई उल्ट्याउन सकिन्छ कि भनेर लाग्या छन्,” उहाँले भन्नुभयो, “वाइसिएलको निर्वाचित यो टिमले पार्टीको नेतृत्वमा सबै खाले प्रतिक्रियावाद, प्रतिगमनविरुद्ध आफूलाई खरो र दरो साबित गर्नुहुने छ भन्ने विश्वास छ।” महाधिवेशनबाट वाइसिएलको ७५ सदस्यीय पदाधिकारीसहित ३५१ सदस्यीय केन्द्रीय कमिटी घोषणा गरिएको छ।

# संवैधानिक परिषद्‌मा दुई जनाबाटै निर्णय हुन सक्ने प्रस्ताव

**इश्वरचन्द्र झा**
*काठमाडौँ, जेठ २६ गते*

राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९ मा अध्यक्ष र एक जना सदस्यसहित कम्तीमा दुई जनाको मतबाट समेत निर्णय गर्न सक्ने गरी प्रतिवेदन पारित गरेको छ। प्रतिनिधि सभाले गत चैत १८ गते पारित गरेको सो विधेयक राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले संशोधनसहित प्रतिवेदन तयार गरेको छ। समितिले राष्ट्रिय सभाको सोमबारको बैठकमा विधेयकको प्रतिवेदन प्रस्तुत गरेको छ।

समितिले अध्यक्ष र तत्काल बहाल रहेका कम्तीमा ५० प्रतिशत सदस्यको ‘मतबाट’ निर्णय गरिने सहमति गर्दै उदाहरण खण्डमा अध्यक्ष र दुई जना सदस्य बहाल रहेको अवस्थामा अध्यक्ष र कम्तीमा एक जना सदस्यसहित कम्तीमा दुई जनाको मतबाट निर्णय गरिने गरी संवैधानिक परिषद्को काम, कर्तव्य, अधिकार र कार्यविधिसम्बन्धी विधेयकको प्रतिवेदन पारित गरेको हो।

विधायन व्यवस्थापन समितिको बैठकमा रक्षामन्त्री मानवीर राईले अध्यक्ष र दुई जना सदस्य बहाल रहेको परिस्थिति आउन सक्ने बताउनुहुँदै त्यस्तो परिस्थितिलाई विचार गरी निर्णय गर्न आग्रह गर्नुभयो। समितिका सदस्यले सो प्रस्तावलाई स्वीकार गरेको छ, जस अनुसार परिषद्को बैठकमा कुनै विषयमा सर्वसम्मतिबाट निर्णय हुन नसकेमा अध्यक्ष र तत्काल बहाल रहेका कम्तीमा पचास प्रतिशत सदस्यको बहुमतबाट निर्णय गरिने

> संवैधानिक परिषद्को बैठकमा कुनै विषयमा सर्वसम्मतिबाट निर्णय हुन नसकेमा अध्यक्ष र दुई जना सदस्य बहाल रहेको अवस्थामा अध्यक्ष र कम्तीमा एक जना सदस्यसहित कम्तीमा दुई जनाको मतबाट निर्णय गरिने व्यवस्था राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले गरेको छ।

मूल विधेयकको व्यवस्थामा ‘बहुमत’ लाई हटाएर ‘मत’ राखेर उदाहरणसहित प्रस्ट्याइएको छ।

संविधानको धारा २८४ ले संवैधानिक परिषद्सम्बन्धी व्यवस्था गरेको छ। सो व्यवस्थाबमोजिम प्रधानमन्त्री परिषद्को अध्यक्ष रहने छन्। परिषद्मा प्रधान न्यायाधीश, प्रतिनिधि सभाको सभामुख, राष्ट्रिय सभाको अध्यक्ष, प्रतिनिधि सभाको विपक्षी दलको नेता र प्रतिनिधि सभाको उपसभामुख सदस्य रहने व्यवस्था छ। राष्ट्रिय सभाले गरेको सहमतिबमोजिम छ जनाको संवैधानिक परिषद्को बैठकमा विशेष परिस्थितिमा तीन जना मात्रै उपस्थित रहेमा अध्यक्ष र बहाल रहेको अर्को एक सदस्यको मत मिलेमा निर्णय लिन पाउने ढोका खुला गरेको छ।

समितिका सभापति तुलसाकुमारी दाहालले सभाको बैठकमा प्रतिवेदन प्रस्तुत गर्दै राष्ट्रिय सभाका १४ जना सदस्यले तीन वटा बुँदामा संशोधन दर्ता गराएकोमा सोमाथि गहन छलफल गरेर प्रतिवेदन तयार गरिएको बताउनुभयो।

» बाँकी पृष्ठ २ मा

### अमेरिकाबाट फिर्ता गरिएकाहरू

# फेरि तनावमा पर्न चाहँदैनन्

**चाँदनी हमाल**
*काठमाडौँ, जेठ २६ गते*

अवैध रूपमा अमेरिकामा बसोबास गर्ने र त्यहाँको कानुन उल्लङ्घन गरेपछि निष्कासित भई नेपाल फर्कने नेपालीको आँकडा बढ्दै छ। अमेरिकाबाट आइतबार राति ३७ जना निष्कासित भएर फर्केसँगै यो सङ्ख्या थप बढोत्तरी भएको हो। जति पटक फिर्ता गरिन्छन्, त्यति नै पटक उनीहरूलाई अध्यागमन विभागले मानव बेचबिखन ब्युरोको जिम्मा लगाउने गरेको अध्यागमन विभागका प्रवक्ता टीकाराम ढकालले जानकारी दिनुभयो। आइतबार राति फर्काइएका ३७ जनालाई पनि त्यसै गरी ब्युरोको जिम्मा लगाइएको छ।

सन् २०२५ लागेसँगै यसरी निष्कासित भएर स्वदेश फर्काएइको सङ्ख्या १७७ जना पुगेको त्रिभुवन विमानस्थलस्थित अध्यागमन कार्यालयका प्रवक्ता अञ्जन न्यौपानेले जानकारी दिनुभयो। अमेरिका सरकारले चार्टर विमानमार्फत आइतबार फिर्ता पठाएकामा ३२ जना पुरुष र पाँच जना महिला छन्। प्रवक्ता न्यौपानेले भन्नुभयो, “त्यसरी फिर्ता भएकाको सङ्ख्यामध्ये आइतबारको सङ्ख्या हालसम्मकै उच्च हो, नत्र एक वा दुई जना विभिन्न समयमा फिर्ता पठाइएका थिए।” चार्टर विमानमार्फत नै नेपाली फर्काएको यो दोस्रो पटक हो। यसअघि फागुन २१ गते एकै दिन नौ जना नेपालीलाई फिर्ता पठाइएको थियो।

सन् २०२५ सुरु भएसँगै जनवरी २० देखि गत मे महिनाभित्र यसरी फर्काइएका १४० जना थिए। यसरी फर्काइएकामा जनवरी महिनामा छ जना, फेब्रुअरीमा २० जना, मार्चमा ३० जना, अप्रिलमा २६ जना र मे महिनामा ५८ जना रहेका छन्। त्यसअघि पनि कानुन उल्लङ्घन गरेकाहरू निष्कासनमा पर्दै आएका थिए। अध्यागमनको पुरानो तथ्यले पनि त्यो बताउँछ, जस अनुसार सन् २०२१ मा ३५ जना, सन् २०२२ मा २२ जना, सन् २०२३ मा २४ जना र २०२४ मा ५२ जना नेपाली अमेरिकाबाट निष्कासनमा परेका थिए।



अमेरिकाको अध्यागमन तथा राष्ट्रियता कानुनले अवैध रूपमा बस्नेहरू कानुन उल्लङ्घनकर्ता हुने प्रस्ट्याएको छ। त्यहाँको कानुन अनुसार पहिले आफ्नो अवस्था आफैँ मूल्याङ्कन गरेर आफैँ अमेरिका छाड्ने अवसर दिइन्छ, त्यसलाई ‘सेल्फ डिपोर्ट’ (आफैँ फर्कने) भनिएको छ।

### फर्काइएका धेरै, मुद्दा न्यून

अमेरिकी सरकारले यसरी नेपाल फिर्ता पठाएकाहरू अधिकांश अवैध रूपमा त्यहाँ पुगेको पाइएको मानव बेचबिखन अनुसन्धान ब्युरोले जनाएको छ। ब्युरोका प्रवक्ता नरेन्द्र कुँवरले सबैलाई ब्युरोमा ल्याएर सोधपुछ गरिएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, “अधिकांश चिनजानका मानिसबाट अवैध बाटो हुँदै अमेरिका पुगेका छन्, जसमा कतिपयको घरखेत नै बन्धकी राखेर पनि गएको भेटिएका छन्।” त्यसरी जानु अवैध मात्र होइन। मानव बेचबिखनसँग जोडिएको मुद्दा पनि हो तर अहिलेसम्म फर्केर आएकाहरूले उनीहरूलाई लैजानेविरुद्ध मुद्दा दर्ता गराउन मानेका छैनन्।

> आफूखुसी जानाजान अवैध बाटो भएर अमेरिका पुगेको अधिकांशले स्वीकार गर्छन् तर उनीहरू कुनै मुद्दा दर्ता गराउन मान्दैनन्। कसरी गएको भन्ने सवालको जवाफ दिने गरे पनि लैजानेविरुद्ध मुद्दा गरेर फेरि तनावमा पर्न चाहँदैनन् उनीहरू।

कुँवरले थप्नुभयो, “आफूखुसी जानाजान अवैध बाटो भएर अमेरिका पुगेको अधिकांशले स्वीकार गर्छन्। त्यसैले उनीहरू कुनै मुद्दा दर्ता गराउन चाहनुहुन्न।” कसरी गएको भन्ने सवालको जवाफ दिने गरे पनि लैजानेविरुद्ध मुद्दा गरेर फेरि तनावमा पर्न नचाहने जवाफ उनीहरूले ब्युरोलाई दिने गरेका छन्। अहिलेसम्म कुनै मुद्दा नै नपरेको भने होइन। एकाधले उजुरी दर्ता गराएकाले अदालतमा मुद्दा पनि चलेका छन् तर अवैध रूपमा अमेरिका लैजानेहरू अहिलेसम्म पक्राउ पर्न नसकेको ब्युरोले जनाएको छ।

ब्युरोका अनुसार अवैध रूपमा कुनै पनि देश जानु भनेको मानव बेचबिखनमा पर्नु हो। त्यसैले कसैले पनि त्यस्तो यात्रा नगर्न जनचेतनामूलक कार्यक्रम गर्दै आएको छ। समुदायलाई सचेत बनाउन सामुदायिक अन्तर्क्रिया, अवैध रूपमा जाँदा हुने हानिनोक्सानीबारे जानकारी दिने, सूचनामूलक पोस्टर पम्प्लेट त्रिभुवन विमानस्थलका विभिन्न स्थानमा राखेर सजग गराउने, बाहिर जान लागेकालाई अध्यागमनमा राखेर सम्झाउनेलगायतका कार्य ब्युरोले गर्दै आएको प्रवक्ता नरेन्द्र कुँवर बताउनुहुन्छ।

# गोरखापत्र

१२५ वर्षमा

हाम्रो गौरव, राष्ट्रको पत्रिका

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः।

gorkhapatraonline.com








कोहलपुर संस्करण | अर्थबजार | मर्यादित र सुरक्षित श्रमप्रति नेपाल प्रतिबद्ध : श्रममन्त्री | एकदिवसीयमा नेपालको सर्वाधिक रन १८


वर्ष १२५ | अङ्क ३५ | २०८२ साल जेठ २७ गते मङ्गलबार | ज्येष्ठ शुक्ल चतुर्दशी | नेपाल संवत् ११४५ तछलाथ्व १४ | 2025 June 10 Tuesday | पृष्ठ : १२+४+२ | मूल्य : दस रुपियाँ


काठमाडौँ-तराई/मधेश द्रुतमार्ग

# खोकना विवादमा प्रमको चासो



तस्बिर : प्रधानमन्त्रीको सचिवालय

प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष सोमबार काठमाडौँ-तराई/मधेश द्रुतमार्गको सुरुविन्दु विवाद र समाधानका उपायबारे सुझावपत्र बुझाउँदै खोकना र बुङमतीका प्रतिनिधि ।

**भउचप्रसाद यादव**
*काठमाडौँ, जेठ २६ गते*

प्रधानमन्त्री केपी शर्मा ओलीले काठमाडौँ-तराई/मधेश द्रुतमार्गको प्रस्थानविन्दु विवाद र समाधानको उपायबारे ललितपुरको खोकना (प्रस्थान विन्दु) र बुङमतीका स्थानीयवासीसँग छलफल गर्नुभएको छ।

छलफलमा प्रधानमन्त्री ओलीले स्थानीय जनतालाई मर्का पर्ने गरी विकास गर्ने सरकारको ध्येय नभएको स्पष्ट गर्दै द्रुतमार्गको प्रस्थान विन्दुमा उठेका विवाद र यसको समाधानका लागि निर्णयमा पुग्नुपूर्व आफू एक पटक स्थलगत अवलोकनमा जाने जानकारी गराउनुभएको छ। सो अवसरमा रक्षा मन्त्रालयका सचिव रामेश्वर दङ्गाल, प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयका अधिकारी र नेपाली सेनाका प्रतिनिधिसमेत सहभागी हुनुहुन्थ्यो।

द्रुतमार्ग निर्माण भई सञ्चालनमा आएपछि खोकनाको जातीय तथा सांस्कृतिक सम्पदा नष्ट हुने, खोकना गाउँ नै विस्थापित हुने भन्दै खोकनावासीले सो क्षेत्र भएर द्रुतमार्ग निर्माणको विरोध गर्दै आएका छन् तर खोकना क्षेत्रमा 'एलाइन्मेन्ट' नै परिवर्तन गरिएकाले द्रुतमार्ग निर्माणले खोकनाको सिकाली मन्दिरलगायतका सम्पदामा कुनै असर नगर्ने द्रुतमार्ग आयोजनाले जनाएको छ। द्रुतमार्गको कुल लम्बाइ ललितपुरको खोकना (प्रस्थान विन्दु) देखि बाराको निजगढसम्म ७० दशमलव ९७७ किलोमिटर छ।

### डुकुछाप कायम गर्न सुझाव

स्थानीयवासीले खोकनामा द्रुतमार्गको सुरुविन्दु कायम गर्दा परम्परागत सभ्यता र संस्कृति मासिने भएकाले सो स्थलभन्दा साढे पाँच किलोमिटर तल डुकुछापमा प्रस्थानविन्दु कायम गर्न प्रधानमन्त्री ओलीलाई सुझाव दिएका छन्।

छलफलमा प्रधानमन्त्री ओलीलाई तत्कालीन खोकना गाविसका पूर्वअध्यक्ष मदनकृष्ण डङ्गोल, नेकपा (एमाले) ललितपुर महानगर कमिटीका अध्यक्ष ज्ञानेन्द्र शाक्य, स्थानीय जनसरोकार समितिका संयोजक नेपाल डङ्गोल, एमाले ललितपुर महानगर, वडा नम्बर २१ कमिटीका अध्यक्ष ज्ञानभक्त महर्जनसहितले द्रुतमार्गको प्रस्थानविन्दु विवाद र समाधानका लागि विभिन्न विकल्पसहितको सुझाव दिनुभएको छ।

### दुई वर्षमा पनि भएन समाधान

काठमाडौँ-तराई/मधेश द्रुतमार्ग आयोजनाको प्रस्थानविन्दु खोकना क्षेत्रको जग्गा प्राप्तिसम्बन्धी समस्या समाधानका लागि समिति गठन भएको दुई वर्ष बितिसक्दा पनि समस्या जस्ताको तस्तै रहेका छन्। खोकना क्षेत्रको जग्गा प्राप्तिसम्बन्धी समस्या समाधानको सम्बन्धमा विसं २०८० वैशाख ५ गते बसेको मन्त्रीपरिषद् बैठकले रक्षामन्त्रीको संयोजकत्वमा १५ सदस्यीय समिति गठन गर्ने निर्णय गरेको थियो। मन्त्रीपरिषद्को निर्णयपछि तत्कालीन उपप्रधानमन्त्री तथा रक्षामन्त्री

> द्रुतमार्गको प्रस्थानविन्दुमा उठेका विवाद र यसको समाधानका लागि निर्णयमा पुग्नुपूर्व प्रधानमन्त्रीले एक पटक स्थलगत अवलोकन गर्नुहुने।

पूर्णबहादुर खड्काको अध्यक्षतामा २०८० वैशाख १७ गते समितिको पहिलो बैठक बसी काम सुरु गरिएको थियो। समिति गठनपछि दुई जना रक्षामन्त्री फेरिनुभयो तर अहिलेसम्म समस्या समाधान हुन सकेको छैन। खोकनाको विवाद अझै टुङ्गिएको छैन। हाल तेस्रो रक्षामन्त्री कार्यरत हुनुहुन्छ।

खोकनाको जग्गा प्राप्ति विवाद समाधानका लागि त्रिभुवन विश्वविद्यालय, पुल्चोक इन्जिनियरिङ क्याम्पसले गरेको अध्ययन प्रतिवेदनले द्रुतमार्गको सुरुविन्दु खोकना नै उपयुक्त हुने सुझाव दिएको छ। नौ महिना लगाएर गरिएको अध्ययन प्रतिवेदन २०८० चैतमा रक्षा मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा बुझाइएको थियो। उक्त प्रतिवेदन बुझेपछि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले समेत सो क्षेत्रको अध्ययन गरेको थियो। मन्त्रालयले गरेको अध्ययन प्रतिवेदनले समेत आयोजनाको सुरुबिन्दु खोकना नै उपयुक्त हुने औँल्याएको थियो।

खोकनाको विवाद टुङ्गो नलाग्दा यस द्रुतमार्गको कुल लम्बाइ ७० दशमलव ९७७ किलोमिटरमध्ये ६.५ किलोमिटर खण्डमा अझै ठेक्का व्यवस्थापन हुन सकेको छैन। द्रुतमार्गको खोकना खण्डलाई आयोजनाको 'प्याकेज नम्बर' ११ मा राखिएको छ। समस्या समाधान हुन नसक्दा ठेक्कापट्टाको काम सुरु हुन सकेको छैन। सोसम्बन्धी केही काम अगाडि बढ्न सकेको छैन। पूरा 'प्याकेज' को काम नै सुरु हुन बाँकी छ। समस्या समाधान नभएसम्म काम सुरु गर्न नमिल्ने द्रुतमार्ग निर्माण व्यवस्थापनको जिम्मा पाएका नेपाली सेनाको भनाइ छ।

रक्षा मन्त्रालयका सहसचिव एवं प्रवक्ता मनोजकुमार आचार्यले समस्या समाधानका लागि गठित समितिले स्थानीयवासीसँग निरन्तर छलफल र संवाद गरी त्यहाँको समस्या समाधानका लागि काम गरिरहेको जानकारी दिनुभयो। उहाँका अनुसार खोकना खण्डमा कतिपय गुठीका जग्गा छन्, कति त भोगचलन गर्नेको नाममा जग्गा छैन। स्थानीय सरोकारका विषयलाई न्यायोचित रूपमा कसरी सम्बोधन गर्न सकिन्छ भनेर छलफल भइरहेको छ।

भारत र चीन जोड्ने त्रिदेशीय पारवहन मार्गका रूपमा विकसित हुने यस द्रुतमार्ग निर्माणपछि बाराको निजगढबाट एक घण्टा दुई मिनेटमा सङ्घीय राजधानी काठमाडौँ आइपुग्न सकिन्छ।


» बाँकी पृष्ठ २ मा


## 'ठाउँ अनुसार योजना बनाउनु पर्छ'



नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा

**गोरखापत्र समाचारदाता**
*ललितपुर, जेठ २६ गते*

पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले वैश्विक उष्णता (ग्लोबल वार्मिङ) ले नेपालमा ठुलो खतरा निम्त्याउन सक्ने बताउनुभएको छ।

कांग्रेसको आर्थिक नीति तथा योजना विभागले 'बजेटमा समेटिएका आर्थिक नीति तथा योजनाको समीक्षा' कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले अर्थतन्त्रमा सुधार गरी जलवायु परिवर्तनको सङ्कटसँग जुध्नुपर्ने पनि बताउनुभयो।

उहाँले जलवायु परिवर्तनले गर्दा समुद्री सतह बढेको, हिमाल नाङ्गिएको र हिमताल फुटेका उदाहरण प्रस्तुत गर्दै आगामी दिनमा त्यसले धेरै ठुलो असर पार्न सक्ने बताउनुभयो। उहाँले जलवायु परिवर्तनको असरको मारबाट जोगिनुपर्ने बताउनुभयो।

उहाँले भन्नुभयो, "ग्लोबल वार्मिङबाट नेपालमा सबैभन्दा ठुलो खतरा छ। नेपाल पीडित हुँदै छ। नेपालमा जङ्गल जोगाएकै छौँ। अब हिमाल जोगाउन लाग्नु पर्छ। विश्वव्यापी रूपमा नेपालले आवाज उठाउनु पर्छ।"

सभापति देउवाले नेपालको आर्थिक नीति र अवधारणा के हुने भन्ने कुरामा छलफल आवश्यक रहेको बताउनुभयो। उहाँले तराई/मधेश, पहाड, हिमालको भौगोलिक अवस्थिति अलग रहेकाले प्राथमिकता तोकेर विकासका काम अघि बढाउनुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "भौगोलिक अवस्थालाई दृष्टिगत गरी ठाउँ अनुसार छुट्टै योजना बनाउनु पर्छ। बिपी कोइरालाले पनि गाउँकै कुरा गर्नुभएको थियो। गाउँकै समुन्नति र विकासले मात्रै देश समृद्ध हुन्छ भन्नुहुन्थ्यो। अहिले गाउँ रित्तिसके। गाउँ बस्न कोही तयार छैनन्। सहर र तराई/मधेश सरिसके। अब गाउँको विकासमा ध्यान दिनु पर्छ।"

पहाडमा हावापानी राम्रो छ, उत्पादनको हिसाबले पनि राम्रो छ। सुविधा पुऱ्याएर यहाँको सदुपयोग गर्नुपर्नेमा उहाँले जोड दिनुभयो। उहाँले भन्नुभयो, "गाउँका उत्पादित सामग्रीले बजार पाउनु पर्छ। सबै कुरालाई ध्यानमा राखेर योजना बनाउनु पर्छ।"


» बाँकी पृष्ठ २ मा


### अग्रलेख



## नीति-बहसको औचित्य

नीति एकातिर कार्यान्वयन गर्ने निकाय अर्कैतिर छन् भने लाभग्राही त कता हो कता। नीति कति सान्दर्भिक छन् भनेर नियमित रूपमा न पुनरवलोकन हुन सकेको छ, न कार्यान्वयन गर्ने निकायले नीति पल्टाएर हेर्छ न त नीतिबारे लाभग्राही नै सुसूचित छन्।

● डा. झमकुमार विश्वकर्मा


» विचार पृष्ठ ४


## 'प्रतिक्रियावादीलाई परास्त गर्नु पर्छ'



माओवादी केन्द्र अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २६ गते*

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले परिवर्तन उल्ट्याउन खोज्ने प्रतिक्रियावादीलाई परास्त गर्नुपर्ने बताउनुभएको छ।

योङ कम्युनिस्ट लिग (वाइसिएल) नेपालको निर्वाचित कमिटीलाई सोमबार बधाई तथा शुभकामना दिने क्रममा अध्यक्ष प्रचण्डले सो कुरा बताउनुभएको हो। अध्यक्ष प्रचण्डले माओवादी, जनयुद्ध र वाइसिएललाई नकारात्मक रूपमा परिभाषित गर्न प्रतिक्रियावादी लागेकाले डटेर सामना गर्न निर्देशन दिनुभयो।

"देशको राजीतिक परिस्थिति सबैले बुझ्नुभएकै छ। विभिन्न कार्यक्रम र सभाहरूमा भनेकै छु। प्रतिक्रियावादी, प्रतिगमनकारीले जनयुद्ध र जनआन्दोलनबाट प्राप्त उपलब्धिलाई उल्ट्याउन सकिन्छ कि भनेर लाग्या छन्," उहाँले भन्नुभयो, "वाइसिएलको निर्वाचित यो टिमले पार्टीको नेतृत्वमा सबै खाले प्रतिक्रियावाद, प्रतिगमनविरुद्ध आफूलाई खरो र दरो साबित गर्नुहुने छ भन्ने विश्वास छ।" महाधिवेशनबाट वाइसिएलको ७५ सदस्यीय पदाधिकारीसहित ३५१ सदस्यीय केन्द्रीय कमिटी घोषणा गरिएको छ।

# संवैधानिक परिषद्मा दुई जनाबाटै निर्णय हुन सक्ने प्रस्ताव

**इश्वरचन्द्र झा**
*काठमाडौँ, जेठ २६ गते*

राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९ मा अध्यक्ष र एक जना सदस्यसहित कम्तीमा दुई जनाको मतबाट समेत निर्णय गर्न सक्ने गरी प्रतिवेदन पारित गरेको छ। प्रतिनिधि सभाले गत चैत १८ गते पारित गरेको सो विधेयक राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले संशोधनसहित प्रतिवेदन तयार गरेको छ। समितिले राष्ट्रिय सभाको सोमबारको बैठकमा विधेयकको प्रतिवेदन प्रस्तुत गरेको छ।

समितिले अध्यक्ष र तत्काल बहाल रहेका कम्तीमा ५० प्रतिशत सदस्यको 'मतबाट' निर्णय गरिने सहमति गर्दै उदाहरण खण्डमा अध्यक्ष र दुई जना सदस्य बहाल रहेको अवस्थामा अध्यक्ष र कम्तीमा एक जना सदस्यसहित कम्तीमा दुई जनाको मतबाट निर्णय गरिने गरी संवैधानिक परिषद्को काम, कर्तव्य, अधिकार र कार्यविधिसम्बन्धी विधेयकको प्रतिवेदन पारित गरेको हो।

विधायन व्यवस्थापन समितिको बैठकमा रक्षामन्त्री मानवीर राईले अध्यक्ष र दुई जना सदस्य बहाल रहेको परिस्थिति आउन सक्ने बताउनुहुँदै त्यस्तो परिस्थितिलाई विचार गरी निर्णय गर्न आग्रह गर्नुभयो। समितिका सदस्यले सो प्रस्तावलाई स्वीकार गरेको छ, जस अनुसार परिषद्को बैठकमा कुनै विषयमा सर्वसम्मतिबाट निर्णय हुन नसकेमा अध्यक्ष र तत्काल बहाल रहेका कम्तीमा पचास प्रतिशत सदस्यको बहुमतबाट निर्णय गरिने

> संवैधानिक परिषद्को बैठकमा कुनै विषयमा सर्वसम्मतिबाट निर्णय हुन नसकेमा अध्यक्ष र दुई जना सदस्य बहाल रहेको अवस्थामा अध्यक्ष र कम्तीमा एक जना सदस्यसहित कम्तीमा दुई जनाको मतबाट निर्णय गरिने व्यवस्था राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले गरेको छ।

मूल विधेयकको व्यवस्थामा 'बहुमत' लाई हटाएर 'मत' राखेर उदाहरणसहित प्रस्ट्याइएको छ।

संविधानको धारा २८४ ले संवैधानिक परिषद्सम्बन्धी व्यवस्था गरेको छ। सो व्यवस्थाबमोजिम प्रधानमन्त्री परिषद्को अध्यक्ष रहने छन्। परिषद्मा प्रधान न्यायाधीश, प्रतिनिधि सभाको सभामुख, राष्ट्रिय सभाको अध्यक्ष, प्रतिनिधि सभाको विपक्षी दलको नेता र प्रतिनिधि सभाको उपसभामुख सदस्य रहने व्यवस्था छ। राष्ट्रिय सभाले गरेको सहमतिबमोजिम छ जनाको संवैधानिक परिषद्को बैठकमा विशेष परिस्थितिमा तीन जना मात्रै उपस्थित रहेमा अध्यक्ष र बहाल रहेको अर्को एक सदस्यको मत मिलेमा निर्णय लिन पाउने ढोका खुला गरेको छ।

समितिका सभापति तुलसाकुमारी दाहालले सभाको बैठकमा प्रतिवेदन प्रस्तुत गर्दै राष्ट्रिय सभाका १४ जना सदस्यले तीन वटा बुँदामा संशोधन दर्ता गराएकोमा सोमाथि गहन छलफल गरेर प्रतिवेदन तयार गरिएको बताउनुभयो।


» बाँकी पृष्ठ २ मा


अमेरिकाबाट फिर्ता गरिएकाहरू

# फेरि तनावमा पर्न चाहँदैनन्

**चाँदनी हमाल**
*काठमाडौँ, जेठ २६ गते*

अवैध रूपमा अमेरिकामा बसोबास गर्ने र त्यहाँको कानुन उल्लङ्घन गरेपछि निष्कासित भई नेपाल फर्कने नेपालीको आँकडा बढ्दै छ। अमेरिकाबाट आइतबार राति ३७ जना निष्कासित भएर फर्केसँगै यो सङ्ख्या थप बढोत्तरी भएको हो। जति पटक फिर्ता गरिन्छन्, त्यति नै पटक उनीहरूलाई अध्यागमन विभागले मानव बेचबिखन ब्युरोको जिम्मा लगाउने गरेको अध्यागमन विभागका प्रवक्ता टीकाराम ढकालले जानकारी दिनुभयो। आइतबार राति फर्काइएका ३७ जनालाई पनि त्यसै गरी ब्युरोको जिम्मा लगाइएको छ।

सन् २०२५ लागेसँगै यसरी निष्कासित भएर स्वदेश फर्काएइको सङ्ख्या १७७ जना पुगेको त्रिभुवन विमानस्थलस्थित अध्यागमन कार्यालयका प्रवक्ता अञ्जन न्यौपानेले जानकारी दिनुभयो। अमेरिका सरकारले चार्टर विमानमार्फत आइतबार फिर्ता पठाएकामा ३२ जना पुरुष र पाँच जना महिला छन्। प्रवक्ता न्यौपानेले भन्नुभयो, "त्यसरी फिर्ता भएकाको सङ्ख्यामध्ये आइतबारको सङ्ख्या हालसम्मकै उच्च हो, नत्र एक वा दुई जना विभिन्न समयमा फिर्ता पठाइएका थिए।" चार्टर विमानमार्फत नै नेपाली फर्काएको यो दोस्रो पटक हो। यसअघि फागुन २१ गते एकै दिन नौ जना नेपालीलाई फिर्ता पठाइएको थियो।

सन् २०२५ सुरु भएसँगै जनवरी २० देखि गत मे महिनाभित्र यसरी फर्काइएका १४० जना थिए। यसरी फर्काइएकामा जनवरी महिनामा छ जना, फेब्रुअरीमा २० जना, मार्चमा ३० जना, अप्रिलमा २६ जना र मे महिनामा ५८ जना रहेका



छन्। त्यसअघि पनि कानुन उल्लङ्घन गरेकाहरू निष्कासनमा पर्दै आएका थिए। अध्यागमनको पुरानो तथ्यले पनि त्यो बताउँछ, जस अनुसार सन् २०२१ मा ३५ जना, सन् २०२२ मा २२ जना, सन् २०२३ मा २४ जना र २०२४ मा ५२ जना नेपाली अमेरिकाबाट निष्कासनमा परेका थिए।

अमेरिकाको अध्यागमन तथा राष्ट्रियता कानुनले अवैध रूपमा बस्नेहरू कानुन उल्लङ्घनकर्ता हुने प्रस्ट्याएको छ। त्यहाँको कानुन अनुसार पहिले आफ्नो अवस्था आफैँ मूल्याङ्कन गरेर आफैँ अमेरिका छाड्ने अवसर दिइन्छ, त्यसलाई 'सेल्फ डिपोर्ट' (आफैँ फर्कने) भनिएको छ।

### फर्काइएका धेरै, मुद्दा न्यून

अमेरिकी सरकारले यसरी नेपाल फिर्ता पठाएकाहरू अधिकांश अवैध रूपमा त्यहाँ पुगेको पाइएको मानव बेचबिखन अनुसन्धान ब्युरोले जनाएको छ। ब्युरोका प्रवक्ता नरेन्द्र कुँवरले सबैलाई ब्युरोमा ल्याएर सोधपुछ गरिएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "अधिकांश चिनजानका मानिसबाट अवैध बाटो हुँदै अमेरिका पुगेका छन्, जसमा कतिपयको घरखेत नै बन्धकी राखेर पनि गएको भेटिएका छन्।" त्यसरी जानु अवैध मात्र होइन। मानव बेचबिखनसँग जोडिएको मुद्दा पनि हो तर अहिलेसम्म फर्केर आएकाहरूले उनीहरूलाई लैजानेविरुद्ध मुद्दा दर्ता गराउन मानेका छैनन्।

> आफूखुसी जानाजान अवैध बाटो भएर अमेरिका पुगेको अधिकांशले स्वीकार गर्छन् तर उनीहरू कुनै मुद्दा दर्ता गराउन मान्दैनन्। कसरी गएको भन्ने सवालको जवाफ दिने गरे पनि लैजानेविरुद्ध मुद्दा गरेर फेरि तनावमा पर्न चाहँदैनन् उनीहरू।

कुँवरले थप्नुभयो, "आफूखुसी जानाजान अवैध बाटो भएर अमेरिका पुगेको अधिकांशले स्वीकार गर्छन्। त्यसैले उनीहरू कुनै मुद्दा दर्ता गराउन चाहनुहुन्न।" कसरी गएको भन्ने सवालको जवाफ दिने गरे पनि लैजानेविरुद्ध मुद्दा गरेर फेरि तनावमा पर्न नचाहने जवाफ उनीहरूले ब्युरोलाई दिने गरेका छन्। अहिलेसम्म कुनै मुद्दा नै नपरेको भने होइन। एकाधले उजुरी दर्ता गराएकाले अदालतमा मुद्दा पनि चलेका छन् तर अवैध रूपमा अमेरिका लैजानेहरू अहिलेसम्म पक्राउ पर्न नसकेको ब्युरोले जनाएको छ।

ब्युरोका अनुसार अवैध रूपमा कुनै पनि देश जानु भनेको मानव बेचबिखनमा पर्नु हो। त्यसैले कसैले पनि त्यस्तो यात्रा नगर्न जनचेतनामूलक कार्यक्रम गर्दै आएको छ। समुदायलाई सचेत बनाउन सामुदायिक अन्तर्क्रिया, अवैध रूपमा जाँदा हुने हानिनोक्सानीबारे जानकारी दिने, सूचनामूलक पोस्टर पम्प्लेट त्रिभुवन विमानस्थलका विभिन्न स्थानमा राखेर सजग गराउने, बाहिर जान लागेकालाई अध्यागमनमा राखेर सम्झाउनेलगायतका कार्य ब्युरोले गर्दै आएको प्रवक्ता नरेन्द्र कुँवर बताउनुहुन्छ।